मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्रान्ती

संचेतना द्वैमासिक

पूर्णाङ्क - ४१, जेठ - २०५९ (June 2002)

- संकटकालको आधा वर्ष
- संभावनाको ढोका खुलेको छ
- माओवादी गतिविधि, संकटकाल र महिला अधिकार

देश कसरी अगाडि बढ्ला ?

मानवका लागि मानवअधिकार
मानवअधिकार लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ११, पूर्णाङ्क ४१, जेठ २०५९

संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

सम्पादक
अग्निशिखा

आवरण तथा ले-आउट
गोविन्द त्रिपाठी

विशेष सहयोगी
गीता माली

फोटो
विमलचन्द्र शर्मा

व्यवस्थापन
प्रवल शर्मा

मुद्रक
नवयुग सहकारी छापाखाना
मदननगर, बल्खु, काठमाडौं

पत्राचार
पत्र मञ्जुषा : २७२६ काठमाडौं
टेलिफोन - २७८७७०

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

साथमा

- माओवादी गतिविधि, संकटकाल र महिलाअधिकार - १०
- सतवरिया स्थलगत अध्ययन प्रतिवेदनर- ५०
- लेन्स र लाश- ५२
- संकटकालको प्रभाव निर्भिक जनसमुदायमा परेको छ- ५३
- सरकारले हठ लिनु हुँदैन- ५४
- अन्तर्राष्टिय फौजदारी अदालत : एक दरिलो निकाय- ५५
- सूचनाको हक सिद्धान्त र व्यवहार- ५६
- संकटकालले बालबालिकामा पारेको असर- ५८
- मानवअधिकार रक्षकहरु स्वयं संकटकालको शिकार- ६०
- टाउकोको विवाद- ६२
- संकटकाल र मानवअधिकार- ६३

३

संसदीय व्यवस्थामा संसदले सरकारलाई निर्देशित गरेको हुन्छ। र, संसदको बनौट नागरिक समाजको चाहनाको आधारमा बनेको हुन्छ। संसद र नागरिक समाजको प्रयत्नलाई सरकारले मान्दैन र त्यस्तो अवस्थामा पनि संसदको अपहेलना गर्ने सरकारलाई विदेशीले सहयोग र समर्थन गरिरहे भने हामी सबैले बुझ्नुपर्छ, विदेशीहरूले हामीलाई दिने भनेको सहयोग, उनीहरूले भनेझैं संसदीय प्रजातन्त्रको रक्षाको निम्ति होइन, केबल उनीहरूको सामरिक स्वार्थका निम्ति मात्र रहेछ।

५

के माओवादी गम्भीर छ ? राष्ट्र डिलमा उभिएको छ। प्रतिगमनकारीहरू प्रजातन्त्रको चिरहरण गर्न हात लामा पार्दैछन्। राष्ट्रियता तन्कीएको डोरीमा ताती गर्दैछ। डोऱ्याउने लालच सहित हस्तक्षेपका औंला खडा छन्। यस्तो बेलामा ०४६ सालका तमाम उपलब्धीलाई डढेलो लगाइदिने की प्रजातान्त्रिक जगमा बलियोसंग टेकेर प्रगतिशील सम्भावनाहरूको निर्माण गर्ने ? न्यूनतम शर्तका रूपमा माओवादीले के गर्न सक्छ ? के गर्नु पर्छ ?

७

संकटकालको वस्तुनिष्ठता मापन गर्ने कार्य पूर्णतः कार्यपालिकाको क्षेत्राधिकारको विषय भएकोले यसको औचित्यकोबारेमा विवाद गरिनु उपयुक्त हुँदैन। संकटकालका समर्थकहरूले कतिपय अवस्थामा राज्यको अस्तित्व महत्वपूर्ण हुन्छ न कि जनताका अधिकारहरूको भन्ने धारणा व्यक्त गर्दै भन्दछन् - संकटकाल राज्यको लागि अति आवश्यक शत्रु हो। त्यसो भएपनि संकटकालको कारणबाट व्यक्तिका मानवअधिकार र मानवीय मर्यादाहरूको सम्मानमा आँच आउनु हुँदैन।

१५

संकटकालको आधा वर्ष

Digitized By : Bimal Chandra Sharma

सम्पादकीय

देश कसरी अगाडि बढ्ला ?

हिंसा र प्रतिहिंसाको चक्करमा मुलुकले पचहत्तर महिना व्यतित गरेको छ। यो पचहत्तर महिनाको कालखण्डमा करीब पाँचहजार व्यक्ति मारिइसकेका छन्। नेपालको इतिहासमा यो कालखण्ड कालो अध्यायको रुपमा दर्ता भैसकेको छ। यसको लागि कुशासन वा कुशासनको विरोधको नाममा प्रजातान्त्रिक संविधान र मूल्य-मान्यतालाई हतियारको बलमा चुनौति दिने पक्षहरुको हिस्सेदारी कति छ- भविष्यले फैसला गर्ने नै छ।

मानवीय समवेदना समेत मरेको छ अहिले। क्रुरता र निर्दयताको चरम रुपका कारण मानवीय समवेदना थिल्थिलो भएको छ। अब शायद मुटुको कुनै कुनामा पनि समवेदनशीलता बचेको छैन र त्यो दुख्दैन। सयौंको संख्यामा मान्छे मारिंदा पनि त्यो घटना फगत् समाचार बन्छ- भन्नेले भनिरहन्छ, सुन्नेले सुनिरहन्छ। अर्थात्, सिंगो मुलुक नै यतिखेर जड बनेको छ। यो खतरनाक स्थिति हो। मुलुक अब ब्युँझनै पर्छ र मुठभेडका पक्षधरहरुलाई खबरदारी गर्दै समस्या समाधानका खातिर आफू पनि लाग्नु पर्छ।

करीब तीन हजार व्यक्तिको मृत्युको अभिलेख सहित संकटकालको पहिलो अध्याय समाप्त भएको छ। संकटकालको त्यो पहिलो अध्याय- जसलाई संसदमा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलहरुले समर्थन जाहेर गरेका थिए। अर्थात्, समग्रमा प्रधानमन्त्री देउवा राजनीतिक विश्वास हासिल गर्न समर्थ हुनु भएको थियो। तर पनि, त्यस विश्वास अनुरुप मुलुक सकारात्मक दिशातर्फ उन्मुख हुन सकेन। संकटकालको ६ महिनामा समस्या ज्यूँका त्यूँ रह्यो। यसै परिप्रेक्ष्यमा सत्तारुढ दल लगायत प्रमुख राजनीतिक दलहरु संकटकाललाई फेरि पनि नबढाउने निष्कर्षमा जब पुगे र संसदबाटै पारित आतंककारी नियन्त्रण तथा सजाय ऐनबाटै माओवादी गतिविधि नियन्त्रण हुन सक्ने ठहर गरे तब प्रतिनिधि सभा नै शिकार बन्न पुग्यो। अर्थात्, संसदको २२ औं अधिवेशन बोलाइसकेको अवस्थामा र संकटकालको अवधि पुन: थप्ने विषयमा मतदान हुने अवस्थामा प्रतिनिधि सभालाई विघटन गराइयो। र, जेठ १३ गतेदेखि पुन: तीन महिनाको लागि संकटकालीन स्थितिको आदेश जारी गराइयो। प्रधानमन्त्रीको यस कदमबाट मुलुकमा राजनीतिक अन्यौल अझ बढ्न पुगेको छ। यस अवस्थामा हाल बेहोरिरहेको संकटबाट मुलुकलाई उहाँले कसरी पार लगाउनु होला ? प्रश्न उठेको छ।

प्रश्न यसकारण पनि उठेको छ कि- ६ महिनाको दौरान प्राय: जसो सम्पूर्ण राजनीतिक दलको विश्वास प्राप्त गर्दा त प्रधानमन्त्री देउवाले संकटको निकास दिन सक्नु भएन भने अहिले त्यो विश्वास प्राप्त गर्नबाट वञ्चित रहेको अवस्थामा उहाँले आफ्नो घोषित लक्ष्य कसरी प्राप्त गर्न सक्नु होला ? सत्तारुढ दल लगायत अन्य राजनीतिक दल, मानवअधिकारवादी संस्था र नागरिक समाजको आग्रह स्वीकार गरेर संकटकाललाई पुन: थप्ने निर्णयमा उहाँ नपुग्नु भएको भए यो एक सकारात्मक कदम हुने थियो। आखिर, संसदले आतंककारी तथा विध्वंशात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश-०५८ पारित गरेर माओवादी गतिविधि नियन्त्रणका लागि सुरक्षाकर्मीलाई पर्याप्त अधिकार प्रदान गरेकौ थियो। यस सम्बन्धमा भारतकै उदाहरण दिन सकिन्छ। भारतका केही राज्यमा लामो समयदेखि सशस्त्र विद्रोहात्मक गतिविधि जारी छ। तर पनि, भारतको सरकारले वर्तमानमा संकटकाल लागू गरेको छैन र आतंकवादी नियन्त्रण अध्यादेश (Prevention of Terrorist Ordinance- POTO) मार्फत् काम चलाएको छ। आज मुलुक शान्ति सुरक्षाको सवालमा होस् वा राजनीतिक, आर्थिक सवालमा होस्- रसातलमा पुगिसकेको छ। जुन रुपमा माओवादीहरुले जनआकांक्षालाई लात मारे, एकपक्षीय रुपमा वार्ता भङ्ग गरेर हिंसाको कहर मुलुकमा फेरि थोपरे, तिनको त्यो कार्यबाट वार्ताका पहलकर्ता मात्र होइन सिंगो मुलुक नै रुष्ट छ। तथापि, रिसलाई मुटुको कुनै कुनामा थन्क्याएर रणनीतिक, कार्यनीतिक, कुटनीतिक दवावबाट माओवादीलाई वार्ताको टेवुलमा ल्याउनु बाहेक अर्को विकल्प देखिदैन। यस सम्बन्धमा कोलम्बियाको उदाहरण दिन सकिन्छ- जहाँ वार्ता पटक पटक भङ्ग भए पनि सरकार र विद्रोही संगठनहरु लडाईमा मात्र होइन वार्ताको टेवुलमा पनि भिड्ने गरेकै छन्। प्रधानमन्त्रीले सिंगो मुलुकको विश्वास आर्जन गरेर यस तर्फ पनि ध्यान दिएर पहल गर्नु भएको खण्डमा मुलुकको कल्याण हुने थियो र रसातलमा पुग्नबाट मुलुक बच्ने थियो।

हाम्रो आग्रह

यतिबेला हिंसात्मक भिडन्तमा संलग्न दुवै पक्षलाई चार कुरातर्फ ध्यान दिन हामी आग्रह गर्दछौं।

- शान्तिको कुनै विकल्प छैन र जस्तोसुकै अवस्थामा पनि वार्ता जारी रहनु पर्छ।
- जुनसुकै पक्षबाट मारिएकाहरुको आश्रित परिवारलाई राहत र सुरक्षा सरकारले दिनु पर्छ।
- भिडन्तमा मारिएकाको सनाखत हुन नसकेको अवस्थामा महिला, पुरुष, किशोर, किशोरी, बालबालिका आदिमा विभक्त गरेर संख्यात्मक मात्र भए पनि जानकारी सार्वजनिक गर्नु पर्छ।
- संकटकाल सकिनासाथ सरकारले र जनतामा जानासाथ माओवादीले यो बेलाका आफ्ना तमाम क्रियाकलापको औचित्य सिद्ध गर्नु पर्छ।

अतः आफ्नो कानुनी मर्यादा प्रति जागरुक हुन सरकारलाई र जनताको ज्यू, धन, सुविधा र नागरिक अधिकारप्रति संवेदनशील हुन माओवादीलाई आग्रह गर्दछौं।

सरकाले युद्धविराम नचाहे नचाहोस् माओवादीलाई युद्धविरामको निम्ति बाध्य पारेर भए पनि नागरिक समाज र संसदले वार्ता गर्नु जरूरी छ। अब जसले वार्तालाई सोझै अस्वीकार गर्छ त्यसलाई नागरिक समाज र संसदको गठबन्धनले एकल्याउनु जरूरी छ। किनकि संसदीय व्यवस्थामा संसदले सरकारलाई निर्देशित गरेको हुन्छ। र, संसदको बनौट नागरिक समाजको चाहनाको आधारमा बनेको हुन्छ। संसद र नागरिक समाजको प्रयत्नलाई सरकारले मान्दैन र त्यस्तो अवस्थामा पनि संसदको अपहेलना गर्ने सरकारलाई विदेशीले सहयोग र समर्थन गरिरहे भने हामी सबैले बुझ्नुपर्छ, विदेशीहरूले हामीलाई दिने भनेको सहयोग, उनीहरूले भनेझैं संसदीय प्रजातन्त्रको रक्षाको निम्ति होइन, केबल उनीहरूको सामरिक स्वार्थका निम्ति मात्र रहेछ।



निधार खुम्च्याएर सोच्नु पर्छ

लेखक :
गोविन्द खत्री
मन्ट्रियल, क्यानाडा

संसद, जिम्मेवार राजनीतिक दलहरु र सिङ्गो नागरिक समाजले अन्तिम अस्त्र प्रयोग गरी सरकार तथा माओवादीलाई वार्ताको टेबुलमा ल्याएर युद्धका कारणहरुको अन्त्य गर्ने वातावरण नबनाउने हो भने मुलुक अब दीर्घकलीन रुपले गृहयुद्धमा फस्ने भएको छ। अमेरिका तथा बेलायतको भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकी तथा बेलायती राष्ट्र प्रमुखहरुसंगको आफ्नो भेटमा माओवादी समस्याको प्रमुख कारण गरिबी, बेरोजगारी र सामाजिक-आर्थिकलगायतका समस्या समाधानका निम्ति सहयोग भन्दा हातहतियारकै बढी माग गर्नुभएपछि मुलुक दीर्घकालीन गृहयुद्धतर्फ धकेलिने पक्कापक्की भएको छ। मुलुकमा जुन समस्याको उत्पत्ति भयो, त्यो हातहतियारको कमीले उब्जेको वा बढेको समस्या थिएन। स्वयं प्रधानमन्त्री देउवा माओवादी समस्या समाधान कार्यदलको संयोजक रहनुहुँदा तयार पारिएको प्रतिवेदनमा समेत अर्थिक असमानता, गरिबी र बेरोजगारीका कारण समस्याको उत्पत्ति भएको कुरा प्रष्टसँग औंल्याइएको थियो र माओवादी समस्या समाधानका निम्ति यसैतर्फ राज्यले बढी ध्यान दिनुपर्ने कुरा उल्लेख गरिएको थियो।

तथापि, प्रमको अमेरिका तथा बेलायत भ्रमणमा समस्याको चुरोको रुपमा रहेका यी कुराहरु ओझेलमा परे। अमेरिकाले माओवादी बिरुद्धको कारवाहीका निम्ति करिब ३ अर्ब रुपैंयाँ सहयोग दिने बचन नेपाललाई दियो, जुन सहयोग नेपालमा गरिबी निवारण र बेरोजगारीको अन्त्यका निम्ति थिएन। यो आर्थिक सहयोग विशुद्ध सैनिक क्षेत्रकै निम्ति हो भन्ने कुरामा कुनै विवाद छैन। अमेरिकापछि बेलायततर्फ लाग्नुभएका प्रम देउवाले बेलायती प्रम टोनी ब्लेयरसँग त झन् स्पष्ट शब्दमै हातहतियारको माग गर्नुभएको छ। ब्लेयरसँग भेटघाट गर्नु अघि प्रम देउवाले बीबीसी नेपाली सेवासँगको कुराकानीमा आफूले ब्लेयरसँग हातहतियारको माग गर्ने कुरा प्रष्टसँग बताउनु भएको थियो। प्रम देउवाको भनाई थियो- म बेलायतका प्रधानमन्त्रीसँग आतंकवादविरुद्धको हाम्रो संघर्षका लागि सहायता उपलब्ध गराउन अनुरोध गर्नेछु। त्यसका लागि हामी हाम्रो सुरक्षा व्यवस्था कडा बनाउन चाहन्छौं। हाम्रो सेनाले ३० वर्षदेखि प्रयोग गर्दै आएका हतियारहरु फेर्नु पर्छ। आतंकवाद विरुद्धको संघर्षमा ती हतियारहरु अब काम लाग्ने हुन छाडेका छन्।

शाही नेपाली सेनाको निम्ति उसले अहिले प्रयोग गरेका हातहतियारहरु त्यति उपयोगी नहुन सक्छन्। तसर्थ उसलाई आधुनिक हतियार खाँचो परेको हुनसक्छ। तर वर्तमान द्वन्द्वको समाधान शाही सेनाले आधुनिक हतियार बोक्दैमा हुन सक्दैन। द्वन्द्वको समाधान त त्यसरी मात्र हुनसक्छ, जहाँ हतियार बोकेको विद्रोही पक्षलाई सहमतिमा ल्याएर उसलाई त्यो हतियार फाल्ने स्थितिको सिर्जना गर्ने वातावरण तयार गरिदिनु पर्छ। एकतर्फी रुपमा वार्ता तोडेर सिंगो शाही नेपाली सेनालाई समेत युद्धमा तानेको माओवादी पक्षसँग सरकार वार्ताको अविधिमा भन्दा अलिकति बढी उदार हुन चाह्यो भने यस्तो स्थितिको सिर्जना हुनसक्ने सम्भावना देखिएको छ।

नेपालमा अमेरिकालगायतका विदेशीहरुको चासो बढेपछि अलि बढी संवेदनशील बन्न थालेको विद्रोही माओवादी पक्षको अहिलेको मनस्थितिलाई हेर्ने हो भने यो कुराको अनुमान गर्न सकिन्छ। हतियारको थुप्रोले मात्र वर्तमान समस्याबाट पार पाउन सकिन्न भन्ने कुरा यस बीचमा पुष्टि भइसकेको छ। दाङ व्यारेकमाथि हमला गरी माओवादीले सेनाका महत्वपूर्ण हतियार लगेपछि सेना त्यो हतियार फिर्ता लिन परिचालित हुनु अस्वभाविक थिएन्। किनकि राष्ट्रिय सुरक्षाको अन्तिम शक्ति सेनाबाट ती हतियार लैजानु राज्यको निम्ति ज्यादै खतराको कुरा थियो। ती हतियार फिर्ता ल्याउने उद्देश्यले सेना मैदानमा उत्रियो। तर फेरि माओवादीले अछाममा आक्रमण गरी दाङबाट लगेका जस्तै प्रकृतिका सैनिक हतियार लुटी लगे। लगत्तै दाङको सतबरियाबाट पनि सैनाले नै प्रयोग गर्दै आइरहेको एसएलआर र एलएमजी लगायतका ९६ थान हतियार माओवादीले लगे।

पहिलो पटक रोल्पाको गाममा भएको आक्रमणबाट पनि माओवादीले अछामकै हाम्रहारीमा हतियार लगेको बुझिएको छ। कार्ल गुस्ताव नामक एन्टी ट्यांक, एन्टी एयरक्राफ्ट हतियार बाहेक सेनाले जस्तो हतियार प्रयोग गर्छन् त्यस्तै सबैजसो हतियारहरु सेनाबाट माओवादीले खोसेर लगेका छन्। सेनाबाट माओवादीले लगेका हतियारहरु फिर्ता ल्याउन सक्नु राम्रो हो, राष्ट्रिय सुरक्षाको दृष्टिले अत्युत्तम हो, तर फिर्ता ल्याउन सकिने स्थिति तत्कालका निम्ति छैन भने, माओवादीले फेरि पनि त्यसरी हतियार लैजान नसक्ने स्थिति बनाउनु सबैभन्दा बुद्धिमानी ठहर्छ। र, यस्तो स्थिति त्यतिबेला बन्छ, जब वार्ताद्वारा उसलाई सम्झाएर-बुझाएर एउटा नयाँ राजनीतिक प्रणाली बसाल्नका निम्ति सहमत गराउन सकिन्छ। संकटकाल र सेना परिचालनको ६ महिनाका अविधिले सबैलाई यही शिक्षा दिएको छ। माओवादीको सेना र प्रहरीमाथि आक्रमण गर्ने शैली देखे भोगेका सैनिकहरु के भन्छन् भने - दोहोरो लडाईंमा माओवादीको एउटै उद्देश्य सेना-प्रहरीको हतियार जसरी हुन्छ कब्जा गर्नु रहेको हुन्छ। सेना र सशस्त्र प्रहरीसँग लडाईंमा माओवादीहरुले आफ्नोतर्फ बढी क्षतिका बाबजुद पनि पोष्ट कब्जा गरी सम्पूर्ण हातहतियार लैजान सक्नुको कारण यही हो। युद्धमा विजयको निम्ति आधुनिक हतियार एउटा कारण त बन्नसक्छ तर प्रमुख कारणचाहिं त्यो हतियार बोक्ने मान्छे नै हुन्छ भनी युद्ध विशेषज्ञहरु भन्छन्। र, नेपालको सन्दर्भमा माओवादीहरुले यो भनाईलाई पुष्टि गर्दै आएका छन्। भरुवा बन्दूकबाट थ्रीनटथ्री र थ्रीनटथ्रीबाट एसलआर देखि जीपीएमजी मात्र होइन रकेट लञ्चरसमेत माओवादीले लगिसकेका छन्।

अब विदेशीले अझ आधुनिक हतियार देलान् तर ती हतियार पनि माओवादीले लुट्दै लगे भने राष्ट्रिय सुरक्षामा पर्ने चुनौति कति गम्भीर हुन्छ? यसतर्फ सरकारले सोचेको छैन। एउटा मित्रराष्ट्रले मुख फोरेर त्यस्तै सहयोग मागेपछि त्यो अर्को मित्रराष्ट्रले मन लाग्दा नलाग्दै पनि त्यस्ता सहयोग दिनुपर्छ, त्यसैले दिन्छ। तर, त्यसको परिणति के हुन्छ भन्ने कुरा सहयोग लिनुअघि सम्बन्धित पक्षले निधार खुम्च्याएरै सोच्नुपर्छ। अहिलेसम्मको सन्तुलनले निर्देशित गरेको तथ्य के हो भने अझ आधुनिक हतियार ल्याउँदा समस्या घट्ने होइन, बरु बढने देखिन्छ। तसर्थ, सरकाले युद्धविराम नचाहे नचाहोस् माओवादीलाई युद्धविरामको निम्ति बाध्य पारेर भए पनि नागरिक समाज र संसदले वार्ता गर्नु जरुरी छ।

अब जसले वार्तालाई सोझै अस्वीकार गर्छ त्यसलाई नागरिक समाज र संसदको गठबन्धनले एकल्याउनु जरुरी छ। किनकि संसदीय व्यवस्थामा संसदले सरकारलाई निर्देशित गरेको हुन्छ। र, संसदको बनौट नागरिक समाजको चाहनाको आधारमा बनेको हुन्छ। संसद र नागरिक समाजको प्रयत्नलाई सरकारले मान्दैन र त्यस्तो अवस्थामा पनि संसदको अपहेलना गर्ने सरकारलाई विदेशीले सहयोग र समर्थन गरिरहे भने हामी सबैले बुझ्नुपर्छ, विदेशीहरुले हामीलाई दिने भनेको सहयोग, उनीहरुले भनेझैं संसदीय प्रजातन्त्रको रक्षाको निम्ति होइन, केवल उनीहरुको सामरिक स्वार्थका निम्ति मात्र रहेछ। तर, के वैशाख २७ गते खुल्लामञ्चमा घोषणा गरिझैं अब माओवादीसँग वार्ता गर्न संसदले नै पहल गर्ने साहसिक निर्णय गिरिजाप्रसाद कोईराला र माधव नेपालले गर्नु होला ?

यतिबेला सम्भावनाको ढोका खुलेको छ

सुबोधराज प्याकुरेल

२०५८ सालमा प्रधानमन्त्रीको पदमा आसिन हुनासाथ श्री शेरबहादुर देउवाले शान्ति प्रयासको अगुवाई गर्नुभयो। सरकार र माओवादीका बीचमा युद्धविराम भयो। मानवअधिकार समुदायले छानेका सहजकर्ताहरूलाई रोहबरमा राखेर शान्ति वार्ता थालियो। देउवाले त्यतिमात्र गर्नु भएन। युगान्तकारी परिवर्तन ल्याउने खालका आर्थिक, सामाजिक परिवर्तनका कार्यक्रमहरूको घोषणा समेत गर्नुभयो। भूमि सुधारको घोषणा, दलित मुक्ति र महिला समानताको घोषणा। यी कार्यक्रमलाई अगाडि बढाउन दलित आयोग र महिला आयोग बनाउने कुराको घोषणा गर्नुभयो।

बडाल आयोगको सिफारिस अनुसार वैज्ञानिक एवम् परिवर्तनकारी भूमिसुधार हुने कुराले कांग्रेस-कम्युनिष्टमा जाँगर आयो। दुवै पार्टीका नेता यो परिवर्तनको पक्षमा एउटै मञ्चबाट बोल्न थाले। देउवाको समर्थनमा प्रतिपक्षको समर्थन सडकमा समेत देखा पऱ्यो। महिलाहरुलाई सम्पत्ति लगायत हर क्षेत्रमा समानता दिने गरी कानुन संशोधन गर्ने प्रस्ताव संसदीय समितिले पारित गऱ्यो।

त्यत्तिका आसालाग्दा कुराहरु किन एकाएक भंग भए ? भूमि सुधारको नाममा किन भन् प्रतिगामी कानुन बनाइयो ? किन महिलालाई सम्पत्तिमा समान हक दिने कुराबाट सरकार पछि हट्यो ? यस्ता जनपक्षीय सुधारलाई फिर्ता लिँदा र बिकृत पारिदिँदा पनि किन विपक्षले आन्दोलनको, विरोधको आँधी बेहरी सृजना गर्न सकेन ? गिरिजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्व कालमै गठन गरिएको समितिले निर्वाचन प्रणालीमा आमूल सुधारको निश्कर्ष खिचेको थियो। उहाँकै पालामा भ्रष्टाचारको विरुद्ध सशक्त, पारदर्शी, कानुनी व्यवस्था गर्ने सहमति बनेको थियो। संकटकालको अनुमोदन गर्न प्रमुख प्रतिपक्षले पूर्व शर्तका रुपमा निर्वाचन प्रणालीमा गर्ने सुधारलाई बाहेक गरेर उल्लेखित बाँकी सबै शर्तका लागि संविधान संशोधन गर्ने वचन सत्ता पक्षका सभापति र प्रधानमन्त्रीबाट संसदमा प्राप्त गरेपछि संकटकालको अनुमोदन गऱ्यो र त्यसको म्याद थप्न पनि सहमति

के माओवादी गम्भीर छ ? राष्ट्र डिलमा उभिएको छ । प्रतिगमनकारी प्रजातन्त्रको चिरहरण गर्न हात लामा पार्दैछन् । राष्ट्रियता तन्कीएको डोरीमा ताती गर्दैछ । डोऱ्याउने लालच सहित हस्तक्षेपका औंला खडा छन् । यस्तो बेलामा ०४६ सालका तमाम् उपलब्धीलाई डढेलो लगाइदिने की प्रजातान्त्रिक जगमा बलियोसंग टेकेर प्रगतिशील सम्भावनाहरुको निर्माण गर्ने ? न्यूनतम शर्तका रुपमा माओवादीले के गर्न सक्छ ? के गर्नु पर्छ ?

जनायो। जनताका स्वतन्त्रता र सम्मानका आधारभूत शर्त पूरा गर्ने बाचा लिएर जनताका आधारभूत मौलिक स्वतन्त्रताको ढोकामा भोटे ताल्चा ठोक्ने सहमति कायम भयो। यस्तो छ हाम्रो सार्वभौम संसद र यस्ता छन् हाम्रा सार्वभौम जनप्रतिनिधि राजनेताहरु !

आधा मनको खेल यस्तै हुन्छ। साँच्चै भित्री मनदेखि लागेको भए संसदमा त्यही विशाल बहुमतले संविधान संशोधन सुझाउ समितिको गठन गर्ने थियो। त्यो समितिको माध्यमबाट जनताले चाहेको प्रजातान्त्रिक परिवर्तनको अपेक्षाको लिखत कोर्ने थियो। जनताले विचार पोख्ने र जनमत बढाउने एउटा नयाँ मोर्चा खोल्ने थियो। तर जनताबाट चुनिएपछि जनतालाई तिरस्कार गर्ने अन्तरवस्तुको अहम्ले ग्रस्त मानसिकताले यहाँ पनि काम गऱ्यो। बहुदलमा दलहरुले जनताको प्रतिनिधित्व गर्छन्। तर प्रजातन्त्रको सार भनेको राष्ट्रका हरेक समस्यामा जनताको राय लिने सबैभन्दा सहज विकल्पको हरहमेसाको उपयोग हो। जनताको राय लिन जनताको परिचालन गर्नु, तिनलाई अनुकूलतामा ढाल्नु र यो अनुकूलतामा ढाल्ने कुरालाई निरन्तरता दिन व्यावहारिक सिद्धान्तको प्रतिपादन गर्नु, विकास गर्नु, त्यस अनुकूल रणनीतिको निर्माण गर्नु एउटा कुशल नेताको प्रमुख जिम्मेवारी हो। हामी यहीँ चुक्यौं। प्रजातन्त्रका पक्षहरु पछिल्लो पटक यहीँ चुके। र, राष्ट्र अर्को दलदलमा भासियो। त्यसैले आजको यो देशको संकटका लागि सत्ता, प्रतिपक्ष सबै नै दोषका भागी छन्। जनताले कांग्रेस, कम्युनिष्ट दुवै एउटै हुन् भने भनेर चित्त दुखाउनुको सट्टा गम्भीर भएर आत्ममन्थन गर्ने बेला हो यो। जसले यो वास्तविकतालाई बुझ्न र समस्यालाई चिर्न सक्ने गरी आफूलाई सच्याउन सक्ने छ, भोलिको राजनीतिक इतिहासको वादशाह पनि त्यही पार्टी बन्ने छ।

माओवादीहरु ध्वंसका नायक बनेका छन्। श्रृजनाको आधार बेगरको ध्वंसले विध्वंसमात्र निम्त्याउँछ। एशियाका पोलपोटको र पेरुका गोन्जालोको प्रत्यक्ष उदाहरण सामुन्ने छ। तर पनि प्रकारान्तरले यतिबेला नेपाली राजनीतिको बल माओवादीको कोर्टमा पुगेको छ। एउटा ऐतिहासिक अवसरले माओवादीलाई पर्खिरहेको छ। सिद्धान्तको लागि सुली चढ्ने की सिद्धान्तलाई जनताको जीवनमा रुपान्तरण गर्ने अवसरको ढोका खोल्ने ? माओ त्सेतुङले भन्नु भएको थियो- 'सिद्धान्त जनताको लागि हो, जनता सिद्धान्तका लागि होइनन्।' जनताको सिद्धान्त बनाउने अर्थात् आफ्नो सिद्धान्तलाई जनतामा पुऱ्याउने कुरा त छँदैछ। त्यस भन्दा हजार गुणा ठूलो कुरा राष्ट्रलाई भिरबाट खस्नबाट जोगाउने की सरकारसंगको रीस पोख्न भीरबाट खुरमुऱ्याई दिने ? जनता बलियो पार्न चाहेकै हो भने अब माओवादीले गम्भीर बन्नै पर्छ। बलियाको सेना एक पटकलाई कसैलाई धपाइदिन मात्र आउँदैन। धपाइसके पछि फेरि फर्किन्छ कि ? चियो गर्नु पर्छ भन्ने नाममा थर्पो हालेर बस्छ। उसका लागि राजधानी र केही नाका अनि केही रणनीतिक महत्वका थुम्का काफी हुने छन्। माओवादीले जंगल र अनकन्टार गाउँमा राज्य गरुन् वा त्यहाँका जनताको विचल्ली होस्, यी कुरासंग फिरंगीको गोरु बेचेको पनि साइनो छैन।

के माओवादी गम्भीर छ ? राष्ट्र डिलमा उभिएको छ। प्रतिगमनकारी प्रजातन्त्रको चिरहरण गर्न हात लामा पार्दैछन्। राष्ट्रियता तन्कीएको डोरीमा ताती गर्दैछ। डोऱ्याउने लालच सहित हस्तक्षेपका औंला खडा छन्। यस्तो बेलामा ०४६ सालका तमाम उपलब्धीलाई डढेलो लगाइदिने की प्रजातान्त्रिक जगमा बलियोसंग टेकेर प्रगतिशील सम्भावनाहरुको निर्माण गर्ने ? न्यूनतम शर्तका रुपमा माओवादीले के गर्न सक्छ ? के गर्नु पर्छ ? थोरै चर्चा गरौं। जनताको जीवनमा कल्याणकारी परिवर्तन ल्याउने आमूल सुधारका कुराहरुतर्फ नेपाली राजनीतिलाई व्यवहारिक कार्वाही गर्न बाध्य पार्न सकिन्छ। परिवर्तनकारी वैज्ञानिक भूमिसुधार मार्फत् ५१ लाख भूमिहीन किसानलाई उत्पादनको साधन जमिनको मालिक बनाउन सकिन्छ। स्थानीय निकायलाई स्थानीय सरकारका रुपमा स्थापित गर्न सकिन्छ। निर्वाचन प्रणालीमा व्यापक सुधार गरेर जनता झुक्याएर भए पनि सदनमा पुग्ने र मन्त्री भए पछि आसेपासे एवम् निर्वाचन क्षेत्रका कार्यकर्ताको घेरा भित्रमा नै फसिरहने बाध्यताको अन्त्य गर्न सकिन्छ। संविधानको निर्देशक सिद्धान्तमा उल्लेखित आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारलाई मौलिक अधिकारमा रुपान्तरण गर्न सकिन्छ। महान्यायाधिवक्ताको कार्यालय, कानुन सुधार आयोग लगायत तमाम् संवैधानिक निकायलाई वास्तविक अर्थमा पारदर्शी, स्वायत्त र क्रियाशील बनाउन सकिन्छ। अन्तर्राष्ट्रिय कानुन र मानवअधिकारका राष्ट्रिय प्रतिवद्धताहरुको अनुकूल हुने गरी भएका कानुनमा सुधार गर्न र नयाँ कानुन लेख्न सकिन्छ। न्यायपूर्ण कानुनको निर्माण गर्न र तद्नुरुप कानुनको शासन स्थापित गर्न व्यावहारिक, पारदर्शी र सवल राजनीतिक जनपरिचालनको आँधीवेहरी श्रृजना गर्न सकिन्छ। के यी कुरा आवश्यक छैन ?

जनता भान्सामा अन्न, स्कूलमा पढाई, स्वास्थ्य चौकीमा उपचार, समाजमा सम्मान र खेतका गह्रामा स्वामित्वको चाहना लिएर युगौंदेखि पर्खिरहेछ। यी कुराको ढोका खोल्ने गरी प्राप्त अवसरको उपयोग गर्नु युगान्तकारी परिवर्तन गर्ने अभियानको अभिन्न अंग हो कि होइन ? यी सबैको प्राप्ति पछि पनि एउटा ज्वलन्त चुनौति बाँकी रहन्छ। त्यो हो संस्कार र व्यवहारको प्रजातान्त्रिकरण। पारदर्शिताको र स्वच्छताको व्यवहारको स्थापना। कुनै पनि संविधानको अक्षरलाई भावनामा सावित गर्न तद्नुकूलको व्यवहारको आवश्यकता पर्छ। प्रजातन्त्रले जनतालाई हरेक विषय र व्यक्तिका बारेमा मूल्यांकन गर्ने र आफ्नो मूल्यांकनको निर्वाध प्रचार गर्ने अधिकार दिन्छ। यी वाटा लामो हुन सक्छन्। तर शान्तिपूर्ण र स्थायी उपायभन्दा प्रीय, छरितो तर हिंसात्मक उपाय हुन सक्दैन।

नेपालको इतिहासमा ४ सय वर्षदेखि सामन्तवादको जाँतोमा पिल्सिएका नेपालीलाई दश वर्ष भन्दा कमको तातै खाउँ जल्दी मरौं चाहिएको छैन। यतिबेला सम्भावनाको ढोका खुलेको छ। मुलुक निर्वाचनको संघारमा छ। यो बेलामा माओवादीले संविधान संशोधनको एजेण्डा सहित निर्वाचनमा उत्रन राजनीतिक दलहरुलाई भन्न सक्छ। उनीहरुको घोषणापत्रका बारेमा आफ्नो राय प्रस्तुत गर्न सक्छ। राष्ट्रियता र ०४६ को जनआन्दोलनका उपलब्धीको रक्षा गर्न माओवादीले पहिलो पहल गर्न सक्छ। परिवर्तनका एजेण्डा सार्वजनिक गर्दै तद्नुकूल प्रतिवद्धता प्रकट गर्न सरकारलाई म्याद दिन सक्छ। दिइएको त्यो म्यादमा एकतर्फी युद्ध विरामको घोषणा गर्न सक्छ। परिवर्तनका आफ्ना एजेण्डाको पक्षधरलाई निर्वाचनमा सघाउने गरी यो निर्वाचनको उपयोग माओवादीले गर्न सक्छ। समय भड्किन लागिसकेको छ। हिंसा, हिंसा र अनन्त हिंसाको जुन संस्कृतिको निर्माणमा माओवादी लागेको छ त्यसले उसलाई निर्दयी र अराजनीतिक आपराधिक गिरोहमा रुपान्तरण गर्ने सम्भावना टड्कारै देखिसकिएको छ।

नेपालको इतिहासमा ४ सय वर्षदेखि सामन्तवादको जाँतोमा पिल्सिएका नेपालीलाई दश वर्ष भन्दा कमको तातै खाउँ जल्दी मरौं चाहिएको छैन । यतिबेला सम्भावनाको ढोका खुलेको छ । मुलुक निर्वाचनको संघारमा छ । यो बेलामा माओवादीले संविधान संशोधनको एजेण्डा सहित निर्वाचनमा उत्रन राजनीतिक दलहरुलाई भन्न सक्छ । उनीहरुको घोषणापत्रका बारेमा आफ्नो राय प्रस्तुत गर्न सक्छ । राष्ट्रियता र ०४६ को जनआन्दोलनका उपलब्धीको रक्षा गर्न माओवादीले पहिलो पहल गर्न सक्छ ।

आत्तिएका माओवादी जसरी सार्वजनिक सुविधाका आधारशिला उपर आक्रमण गर्दैछन् त्यसैगरी जनता जीवनको रक्षाका खातिर प्रतिकारमा उत्रने छन्। राज्य र माओवादी दुवै पक्षबाट निरास जनताको भीडले जातिवादी आन्दोलनको आधार सृजना गर्न सक्छ। वैदेशिक हस्तक्षेप मात्र होइन जातीय, क्षेत्रीय द्वन्द्वको आहालमा मुलुक फस्न सक्छ। अलिकति पनि राष्ट्रियता प्रति सचेत, थोरै पनि मानव जीवन प्रति सम्मान भएको मानिसले यो हिंसा र प्रतिहिंसाको डढेलोलाई समर्थन गर्न मिल्दैन। लाखौं तर्कले पनि व्यक्ति हत्यालाई जायज ठहऱ्याउन सकिन्न।

संविधान सभाको जुन अड्को थापेर माओवादी बसेको छ त्यो कुनै सुनिश्चित उपाय होइन। संविधान संशोधनद्वारा मुलुकका ज्वलन्त समस्या समाधान गर्ने प्रस्ताव प्रति माओवादीको धारणा अनुकूल देखा परेको छैन। संविधान संशोधनले माओवादीको नजरमा आंशिक मात्र उपलब्धी देला। तर त्यो उपलब्धी सुनिश्चित छ। विना रक्तपातको सुनिश्चितता छ। अंशहरु जोडेर पूर्णतातर्फ लम्किन सकिन्छ। त्रासवाट मुक्त, आत्मविश्वासले भरिपूर्ण, सिद्धान्तप्रति दृढ योग्य मानिसहरुको संगठित शक्तिको निर्माण गर्न सकिन्छ। यस्तो शक्ति जो गोली सकिदैमा सकिदैन। माओवादी त्यस्तो शक्तिमा भरोसा गर्छ कि गर्दैन ? गर्छ भने उसले गम्भीर हुनुपर्छ। इतिहासले उसलाई पर्खिरहेको छ। किनभने, यतिबेला नेपाली राजनीतिको बल प्रकारान्तरले माओवादीको कोर्टमा छ।

संकटकाल र मानवअधिकार आयोग

– प्रदीपशंकर वाग्ले

पृष्ठभूमि :

माओवादीद्धारा चलाइएका आतंककारी र विध्वंसात्कम कार्यहरु नियन्त्रणका लागि तत्काल विद्यमान सुरक्षा व्यवस्थाको विकल्पको रुपमा श्री ५ को सरकारले २०५८ मंसीर ११ गते देखि संकटकालको घोषणा ग-यो। माओवादी जनयुद्धको कारण गत ७ वर्ष देखि नेपालमा मानव अधिकारको स्थिति अत्यन्त जटिल बनिरहेको अवस्थामा संकटकालको कारण संविधानले नेपाली जनतालाई प्रत्याभूति गरेका कतिपय नागरिक तथा राजनीतिक अधिकारहरु निलम्बन भए। विगत सात वर्ष देखि संवेदनशील भइरहेको मानव अधिकारको स्थिति संकटकाल यता अझ बढी संवेदनशील हुन पुगेको छ। संकटकाल लागू भएपछि धारा २३ र ८८ को आधारमा प्राप्त हुनें संवैधानिक उपचारको हक मार्फत बन्दी प्रत्यक्षीकरणको उपचार बाहेक अरु सबै उपचारहरु प्राय : समाप्त भएका छन्। विगतमा अपनाइआएको र खास गरी उदार प्रजातान्त्रिक मुलुकहरुले आधारभूत रुपमा स्वीकार गरेको सामान्य न्यायिक प्रकृया (General Judicial Process) समाप्त प्राय: भएको छ। संकटकालको कारण सामान्य रुपमा सामान्य अदालतबाट पाउनु पर्ने न्यायिक प्रकृया निलम्बन हुने र जुन कारण र आधारलाई नियमित गर्नका लागी संकटकाल घोषणा गरिएको हो सो विषयलाई नियमित र व्यवस्थित गर्न संवन्धित ऐन कानूनको घोषणा गरि व्यवस्थापन गरिने मान्यतालाई स्वीकार गर्दै तत्काल श्री ५ को सरकारले आतंककारी तथा विध्वंसात्मक अपराध र सजाय अध्यादेश जारी गरियो। सो अध्यादेश अनुसार सुरक्षात्मक र न्यायिक प्रकृयाहरु निर्धारण गरिए। सो अध्यादेशलाई नियमित संसदले अमोदन गरि ऐनको रुप दियो। र, साधारणतया संकटकालको कार्यान्वयन यही कानूनद्धारा भयो।

संकटकाल र मानवअधिकार

कुनै पनि राज्य सँधै एउटै राजनीतिक, सामाजिक र आर्थिक अवस्थाबाट गुज्रन सक्दैन। राष्ट्रमा संकटमा कहिले काहीं त्यस्ता समस्याहरु आइलाग्छन् जुन समस्याको समाधान सामान्य राजनैतिक वा कानूनी प्रकृयाबाट संभव हुँदैन। त्यसको लागि राज्यबाट विशेष पहल हुनु आवश्यक हुन्छ। संकटकाल त्यसको निकास हो। संकटकालको वस्तुनिष्ठता मापन गर्ने कार्य पूर्णत: कार्यपालिकाको क्षेत्राधिकारको विषय भएकोले यसको औचित्यकोबारेमा विवाद गरिनु उपयुक्त हुँदैन। संकटकालका समर्थकहरुले कतिपय अवस्थामा राज्यको अस्तित्व महत्वपूर्ण हुन्छ न कि जनताका अधिकारहरुको भन्ने धारणा व्यक्त गर्दै भन्दछन् - संकटकाल राज्यको लागि अति आवश्यक शत्रु हो। त्यसो भएपनि संकटकालको कारणबाट व्यक्तिका मानवअधिकार र मानवीय मर्यादाहरुको सम्मानमा आँच आउनु हुँदैन। कुनै पनि शासन व्यवस्थाको श्रोत जनता हो र जनताको इच्छा र आकांक्षाको सम्मान नगर्ने राज्यको कुनै महत्व रहँदैन। यसै कुरालाई हृदयंगम गरेर अन्तर्राष्ट्रिय कानून तथा राष्ट्रिय कानूनमा केही अहरणीय अधिकारहरुको व्यवस्था गरिएको छ। जुन अधिकारहरुको राज्यले जस्तोसुकै विषम पस्थितिमा पनि ग्यारेन्टी गर्नुपर्दछ। नागरिक तथा राजनीतिक अधिकार सम्वन्धि महासन्धिको धारा ४ ले देहायका अधिकारहरुको व्यवस्था गरेको छ जुन संकटकालको अवस्थामा पनि ग्यारेन्टि गरिनु पर्दछ :

राष्ट्रको अस्तित्वमा खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारीक रुपमा घोषणा गरिएको समयमा यस प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरुले स्थितिको आकस्मिकताबाट अत्यावश्यक भएको हदसम्म. मात्र यस प्रतिज्ञापत्र अन्तर्गत आफ्ना दायित्वहरु न्यून गर्ने उपायहरु अवलम्वन गर्न सक्नेछन् तर त्यस्ता उपायहरु अन्तर्राष्ट्रिय कानून अन्तरगत तिनीहरुका अन्य दायित्वहरुको प्रतिकूल हुनु हुँदैन र जाति, वर्ण, लिंग, भाषा, धर्म वा सामाजिक उत्पत्तिका आधारमा मात्र भेदभाव गर्ने कुरा त्यस्ता उपायहरुमा समावेश भएको हुनु हुँदैन।

नेपाल अधिराज्यको संविधान ०४७ ले पनि केही अधिकारहरु संककालको अवस्थामा पनि हरण हुन नसक्ने व्यवस्था गरेको छ। धारा ११५ को ८ मा भएको व्यवस्था अनुसार संकटकालको घोषणा बहाल रहेसम्मको लागि यस संविधानको धारा १२ को उपधारा (२) को खण्ड (क) (ख) (घ) र (ङ), धारा १३ को उपधारा (१), धारा १५,१६,१७,२२,र २३ बन्दी प्रत्यक्षीकरणका. हक बाहेक निलम्बन गर्न सकिने व्यवस्था गरेको छ। यस कार्यमा यी धाराहरु तत्कालीन अवस्थाको आवश्यकता अनुसार निलम्बन गर्ने वा नगर्ने कुरा निर्धारण हुन्छ। संविधानमा उल्लेखित मानव अधिकारहरु निलम्बन गर्ने वा नगर्ने भन्दा पनि संकटकाललाई आफ्नो उद्धेश्य प्राप्त गर्ने तर्फ कार्यन्वयन गर्दा अपनाउनु पर्ने संयम र नागरिक हक प्रतिको निष्ठाले शासकहरुको नियत स्पष्ट हुन्छ।

संकटकालमा मानवअधिकार आयोग:

संकटकाल लागू भएपछि नेपालमा मानव अधिकारको संरक्षण र सवर्द्धन गर्ने कार्य आयोगको लागि चुनौतिपूर्ण रहेको छ। आयोगले उक्त चुनौति स्वीकार गर्दै देहायका

संकटकालको वस्तुनिष्ठता मापन गर्ने कार्य पूर्णतः कार्यपालिकाको क्षेत्राधिकारको विषय भएकोले यसको औचित्यकोबारेमा विवाद गरिनु उपयुक्त हुँदैन । संकटकालका समर्थकहरुले कतिपय अवस्थामा राज्यको अस्तित्व महत्वपूर्ण हुन्छ न कि जनताका अधिकारहरुको भन्ने धारणा व्यक्त गर्दै भन्दछन् - संकटकाल राज्यको लागि अति आवश्यक शत्रु हो । त्यसो भएपनि संकटकालको कारणबाट व्यक्तिका मानवअधिकार र मानवीय मर्यादाहरुको सम्मानमा आँच आउनु हुँदैन ।

कार्यहरु गरेको छ जसको ऐतिहासिक महत्व रहीरहने छ :

(क) घाइतेहरुको उपचार तथा आत्मसमर्पण गर्नेहरुको सुरक्षा :

सैनिक तथा सशस्त्र कारबाही हुँदाको अवस्थामा घाइते भएकाहरुको औषधोपचारको लागि र माओवादी गतिविधि त्यागी आत्मसमर्पण गर्नेहरुको सुरक्षाकोबारेमा आयोगले अत्यन्त गंभीरताका साथ चरणबद्ध कार्य गर्दै आएको छ। सो क्रममा श्री ५ को सरकार रक्षा मन्त्रालयका सचिव तथा गृह मन्त्रालयका सह सचिवसंग आवश्यक जानकारी हासिल गरी वर्तमान परिप्रेक्षमा मानव अधिकार संरक्षण र संवर्द्धनका लागी आयोगको तर्फबाट ध्यानाकर्षण गराईएको छ।

(ख) ध्यानाकर्षण:

आयोगका पदाधिकारीहरुबाट सम्माननीय प्रधानमन्त्री श्री शेरवहादर देउवासंग भेटघाट गरि श्री ५ को सरकारले मानव अधिकारको संरक्षण र संवर्द्धनमा निर्वाह गर्नु पर्ने दायित्यको विषयमा ध्यानाकर्षण गराई संकटकालको अवस्थामा जनताले न्यूनतम मानव अधिकारको निर्वाध उपभोग गर्न पाउनु पर्ने सम्बन्धमा समेत सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराइएको थियो।

(ग) न्यायमा पहुँचको अधिकार :

जस्तो सुकै अपराध गरे पनि कुनै पनि व्यक्तिमार्थि विद्यमान न्यायिक प्रकृयाद्वारा कारबाही चलाइनु पर्दछ र कानूनको उचित प्रकृयाको पालना गरिनु पर्दछ भन्ने मान्यता आयोगले राखेको छ। सो विषयमा संकटकालिन परिस्थितिमा सुरक्षाकर्मीहरुले हिरासतमा लिएका व्यक्तिहरुलाई निजहरु नेपाल अधिराज्यको संविधान ०४७ को धारा १४ बमोजिम तत्काल मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिनु पर्ने हकबाट वञ्चित रहनु परेको स्थितिका सम्बन्धमा आयोगद्वारा सम्बन्धित पदाधिकारीहरुसंग छलफल गरिएको थियो।

यसै सम्वन्धमा आयोगबाट सुरक्षा परिषद्का सचिवालयका पदाधिकारीहरुलाई आयोगमा आमन्त्रण गरी संकटकालको वेला सुरक्षाकर्मीहरुलाई संयमित रहन र मानव अधिकारसंग सम्वन्धित विषयहरुमा सचेत रहि मानव अधिकारको संभावित उल्लंघनलाई न्यूनिकरण गर्ने सम्वन्धमा छलफल गरिएको थियो। हाल स्थापना भएको विशेष अदालत काठमाडौंमा मात्र सिमित रहेको र न्यायसम्म सबै जनताको पहुँच पुऱ्याउन विशेष अदालतलाई अरु क्षेत्रमा पनि विस्तार गर्ने सम्वन्धमा छलफल गरि आवश्यक व्यवस्था गर्न श्री ५ को सरकारको पटक-पटक आयोगद्वारा ध्यानाकर्षण गरिएको थियो।

(घ) माओवादी पक्षलाई ध्यानाकर्षण :

माओवादी आतंककारी पक्षले देखाएका अत्यन्त आमानवीय तथा क्रुर व्यवहार प्रति आयोगले पटक पटक त्यस सम्बन्धमा भर्त्सना तथा खेद प्रकट गरि आएको छ। यस सम्बन्धमा चितवनको भण्डारा नजीक यात्रुवस रोकेर यात्रुहरुलाई बाहिर निस्कन नदिई बसमा पेट्रोल छर्की १० वर्षीया अवोध बालिका सहित अन्य यात्रुको हत्या गर्ने जस्ता घृणित एवं राक्षसी प्रवृत्तिको अक्षम्य प्रर्दशनको आयोगबाट घोर भर्त्सना गरिएको थियो। यसै गरी अछाम जिल्लाको मंगलसेन तथा साँफेवगर विमानस्थल, सल्यानको शितलपाटी एवं सर्लाहीको लालबन्दीमा शाही नेपाली सेना, नेपाल प्रहरी एवं प्रमुख जिल्ला अधिकारी सहित कर्मचारीको श्रीमती तथा सामान्य नागरिक माथि भएको क्रुर अमानवीय नृशंस हत्याको कार्यप्रति आयोगबाट गंभिर भर्त्सना भएको थियो।

यसैगरी काभ्रे जिल्लाको भकुण्डेबेंसी स्थित प्रहरी चौकीमा माओवादीपक्षबाट भएको आक्रमणको घटनामा आयोगबाट भनिएको थियो "सुरक्षाकर्मी, शिक्षक, राजनितिक कार्यकर्ता तथा सर्वसाधारणको नृशंस हत्या गर्ने, अंग-भंग गर्ने जस्ता अमानवीय र बर्बर्तापूर्ण घटनाहरु नदोहोऱ्याउन माओवादी पक्षलाई आयोग आग्रह गर्दछ। साथै मानवअधिकारको पूर्ण सम्मान गर्न र समस्याको शान्तिपूर्ण समाधान खोज्नका लागि समेत आयोग सबै पक्षसंग आग्रह गर्दछ।"

गत वैशाख १० गते पृथ्वी राजमार्गको मुग्लीङ गजुरीमार्गको मौवा खोला नजीक माओवादी पक्षद्वारा एम्बुलेन्स रोकेर अन्तर्राष्ट्रिय मान्यता विपरित क्रुर आतंककारी मनोवृत्तिको प्रदर्शन गरिकोमा आयोगबाट सो विषयलाई "जनताको उपचार गर्ने हकको उल्लंघन मात्र नभै न्यूनतम मानवीय सम्वेदना समेत अपहेलित भएकोले यस्ता निन्दनीय र बर्बर घटनाहरु बन्द गर्न आग्रह गरिन्छ" भन्दै सो विषयमा भर्त्सना प्रकट गरिएको थियो।

यसैगरी एस.एल.सी. परीक्षाको आयोजना गरिएको कथित नेपाल बन्दका विषयमा पनि आयोगबाट गंभीर ध्यानाकर्षण भई सो कार्य रोक्न सम्बन्धित पक्षलाई आग्रह गरिएको थियो।

स्थलगत अध्ययन :

संकटकालीन अवस्थामा पक्राउ परेका, घाइते भएका तथा आत्मसमर्ण गरेका नागरिकहरुको संबन्धमा गरिएको व्यवस्थाको अध्ययन गर्न गत पौष महिनाको अन्त्य सम्ममा दाङ, नेपालगंज तथा संखुवासभा जिल्लाको स्थलगत अध्ययन आयोगले गरेको थियो। यसै गरी २०५९ साल वैशाख ४-५ गते दाङ जिल्लाको सतबरियामा घटेको घटना तथा सो घटनामा मानवअधिकारको उल्लंघन भए नभएको र मानवीय कानूनको पालना भए-नभएको विषयमा अध्ययन गर्न आयोगबाट स्थलगत अध्ययन गरिएको थियो। सो स्थलगत अध्ययनबाट प्राप्त जानकारीहरु आयोगबाट देहाय बमोजिम सार्वजनिक गरिएको थियो।

- संकटकाल लागू भएयता माओवादीका नाममा सर्वसाधारण जनता र निर्दोष व्यक्तिहरु समेतले गिरफ्तारी, यातना र ज्यान गुमाउनु परेको तथ्यहरु प्रकट भएका छन्।
- सुरक्षा कारवाहीको क्रममा कानूनको पालना अनिवार्य शर्त भएकोमा कतिपय सन्दर्भमा कानूनको पालना अक्षरश: नभएपनि हिरासतमा लिइएको व्यक्तिहरुलाई कानून बमोजिम व्यवहार गर्नु पर्ने र संभव भएसम्म कानूनी उपचारको व्यवस्था यथाशिघ्र मिलाउनु पर्नेमा त्यस्तो व्यवस्था भएको पाइएन।
- सुरक्षा कारबाही वा मुठभेडमा मारिएका भनिएका व्यक्तिहरुका लाशको सनाखतको लागि आफन्तहरुलाई जानकारी दिने, बेवारिसे भनिएका व्यक्तिहरुको सद्गत परम्परा अनुसार गर्नु पर्ने दायित्व सरकारको भएको तर स्थानीय प्रशासन यस तर्फ पटक्कै सकृय नभएको मात्र होइन कि खोलाका वगरमा हप्ता दिन वित्दा समेत दर्जनौं लाशको उचित संरक्षण तथा व्यवस्थापन गर्ने तर्फ सरकारी निकायले चासो देखाएको पाइएन्।
- माओवादी समूहले आक्रमणको क्रममा सामान्य जनतालाई व्यापक रुपमा प्रयोग

गरेको र त्यसले गर्दा सामान्य जनताले ज्यान गुमाउनु परेको स्थिति देखा पऱ्यो।

- माओवादीहरुले जनताका आवश्यकीय भौतिक संरचनाहरु नष्ट गर्दा सामानय जनताको जीवनमा अझै कष्ट थपिएको।
- सुरक्षा निकाय तथा माओवादी दुवैले युद्धको नियमको पालना र न्यूनतम मानवीय व्यवहार समेत नगर्दा विशेष गरी महिला, युवा तथा केटाकेटीहरु बढी पीडित बनेको देखिएको।

श्री ५ को सरकाको सूचना र मानव अधिकार आयोग :

श्री ५ को सरकारले, ०५९ वैशाख १० गते आतंकाकारी समूहका संलग्न केही व्यक्तिहरुलाई जिउँदो वा मृत रुपमा बुझाउनेलाई विभिन्न पुरस्कारहरुको व्यवस्था गरेको सूचना प्रति आयोगबाट निम्न प्रतिकृया व्यक्त गरिएको थियो :

सो घोषणाबाट :

- व्यक्तिको बाँच्न पाउने अधिकार उल्लंघन गर्ने सम्भावना हुन्छ।
- कानूनी राजको सिद्धान्तमा नकारात्मक असर पर्दछ।
- मानवअधिकार सम्बन्धि मान्यता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य, मान्यता र अभ्यासलाई निरुत्साहित गर्दछ।
- नागरिक तथा राजनैतिक अधिकार संबन्धि अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ४ ले व्यवस्था गरेका कुनैपनि अवस्थामा उल्लेखनीय अधिकारहरु पनि हरण हुन सक्छन्
- हत्या तथा हिंसालाई बढावा दिने संभावना रहन्छ।

अन्तरकृया:

आयोगबाट ०५८ फागुन १२, संकटकाल र मानवअधिकारको स्थिति विषयक अन्तरकृया कार्यकम्रको आयोजना गरिएको थियो। सो कार्यक्रममा आम नागरिक बिरुद्ध गरिएका ज्यादतीका घटना रोक्न न्यूनतम मानवीय कानुनको पालना गर्न आयोगबाट पहल गरिनु पर्ने विषयमा सहभागीहरुको तर्फबाट जोड दिइएको थियो। आयोगबाट उल्लेखित सुझावहरु लागू गर्न प्रभावकारी कदम चाल्ने प्रतिवद्धता व्यक्त गरिएको थियो।

उजुरी कारबाही तथा अनुसन्धान प्रकृया:

श्री ५ को सरकारबाट संकटकालको घोषणा भएयता मानव अधिकारका उल्लंघनका उजुरीहरु आयोगमा प्रशस्त मात्रामा दर्ता हुने गरेका छन्। संकटकाल पछि सोही विषयमा केन्द्रित रही आयोगमा दर्ता भएका उजुरीहरुको संख्या १०० नाघिसकेको छ। त्यसमा आयोगबाट अनुसन्धान तथा छानविन गरि अरु कारबाहीका प्रकृया अगाडी बढाइएको छ। उल्लेखित उजुरीहरुमा यातनाको क्षतिपूर्ति, गैरकानूनी गिरफ्तार, गैरकानूनी हत्या, वेपत्ता पारिएका घटनाहरुको गंभीरताका साथ उल्लेख गरिएका छन्। बिस्तृत बिबरण देहाय बमोजिम छ:-

आयोगमा दर्ता भएका उजुरीहरुमा संकटकालको दुरुपयोग गरि सर्वसाधाण जनतालाई दुःख, हैरानी दिने लगायतका गैरकानूनी गिरफ्तारी, गिरफ्तारीपछि, शारिरीक तथा मानसिक यातना, गैर कानूनी हत्या गर्ने कार्यहरु सुरक्षा निकायबाट हुने गरेका र्दुव्यवहारका बिरुद्ध प्रशस्त उजुरीहरु दर्ता भएका छन्। आयोगबाट भएका अनुसन्धानबाट हिरासतमा रहेका बन्दीहरुलाई कुनै पुर्पक्ष बिना नै तोकिएको अब धिभन्दा बढी अबधि थुनामा राखिएको, कानूनको उचित प्रकृया बिना नै गिरफ्तार गरिएको तथा गिरङ्कतार गर्दा प्रचलित कानून बमोजिमको प्रकृयालाई बेवास्ता गरिएका उदाहरणहरु देखिएका छन्। दोहोरो मुठभेडमा मारिएको भनिएका व्यक्तिहरु कानून बमोजिम दाहसंस्कार गर्न वा आ-आफ्ना कूल परंपरा अनुसार दाहसंस्कार गर्न पनि नदिएका उदाहरणहरु देखिएका छन्।

यतिमात्र होइन, गिरफ्तार गरी थुनामा राखिएका व्यक्तिहरुलाई विभिन्न निहुँमा जंगलमा लगि सुरक्षाकर्मीहरुले हत्या गर्ने र त्यस्तो हत्यालाई दोहोरो मुठभेडमा मारिएको संज्ञा दिने गरेको पनि पाइयो। लम्जुङमा आफ्नो निवृत्तिभरण बुझ्न सदरमुकाम गएका एक जना भूतपूर्व शिक्षक (जो तत्कालिन नेकपा (माले) संग सम्वन्धित थिए) लाई माओवादीको आरोपमा पक्राउ गरी जंगलमा लगि हतियार देखाउने निहुँमा मारिएको भन्ने जानकारी आयोगमा प्राप्त भएको छ। निजका आफन्तहरुलाई निजको मृत्यु भएको एक महिना भन्दा बढी समयसम्म सो विषयमा कुनै जानकारी नदिईएको कुरा निजका आफन्तहरुले आयोग समक्ष व्यक्त गरेका थिए।

गिरफ्तार गरी थुनामा राखिएका व्यक्तिहरुलाई विभिन्न निहुँमा जंगलमा लगि सुरक्षाकर्मीहरुले हत्या गर्ने र त्यस्तो हत्यालाई दोहोरो मुठभेडमा मारिएको संज्ञा दिने गरेको पनि पाइयो । लम्जुङमा आफ्नो निवृत्तिभरण बुझ्न सदरमुकाम गएका एक जना भूतपूर्व शिक्षक (जो तत्कालिन नेकपा (माले) संग सम्वन्धित थिए) लाई माओवादीको आरोपमा पक्राउ गरी जंगलमा लगि हतियार देखाउने निहुँमा मारिएको भन्ने जानकारी आयोगमा प्राप्त भएको छ ।

निष्कर्ष :

कुनै पनि हालतमा र कुनै पनि निहुँमा मानव अधिकारको हनन गरिनु हुँदैन भन्ने आफ्नो मान्यतामा आयोग सदैव अडीग रहेको छ। आयोगबाट व्यक्तिका मानव अधिकार र मानवीय मर्यादाको संरक्षण र सम्मानका लागी निरन्तर प्रयासहरु भइरहेका छन्। कतिपय परिणामहरु बाहिर प्रकाशित भएका छन् भने कतिपय कुराहरु प्रकाशित भएका छैनन्। यस सन्दर्भमा आयोग निष्क्रीय छ वा संकटकालबाट आयोगलाई समेत असर परेको छ भन्ने भ्रम पनि रहेको हुन सक्दछ तर यो सर्वथा असत्य छ। नेपाली जनताको मानवअधिकारको संरक्षण र संवर्द्धनमा आयोग अत्यन्त संवेदनशील रहेको छ र सो प्रतिवद्धता निरन्तर जारी रहने छ।

(श्री बाग्ले राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत हुनुहुन्छ)

माओवादी गतिविधि, संकटकाल र महिला अधिकार

– इन्दिरा फुयाँल

पृष्ठभूमि:

विश्व मानचित्रमा शान्तिको मुलुक भनेर चिनिने बुद्ध भूमि नेपाल आज युद्ध भूमिमा परिणत भएको छ। दश, बाह्र वर्ष अघिसम्म आन्दोलनमा एक जना मारिदा राष्ट्रिय मुद्दा बन्ने र सत्ता नै समेत परिवर्तन हुने हाम्रो देशमा आज दिनहुँ सयौं व्यक्तिहरु मारिंदासमेत समाचारको मुद्दा बन्ने नसक्ने स्थिति पैदा भएको छ। मानिसहरुमा सम्बेदनहीनता बढ्दै गइरहेको छ। केही वर्ष अघिसम्म श्रीलंका लगायतका देशको गृहयुद्धमा बम बारुद र हत्याको खवर सुन्दा आङ जिरिंग हुने हामी नेपालीहरु आज आफ्नै अगाडि आफ्नै आफन्त जनहरु गुमाउन बाध्य भएका छौं। दिनदिनै कयौं नेपालीहरु नेपालीबाट नै मारिइरहेका छन्। अबोध वालवालिकाका अगाडि बाबुलाई गोली हानिएको छ, छोरीलाई पढाइरहेका बावुलाई छोरीकै अगाडि मारिएको छ, दिनभरि ज्याला गरि बेलुका परिवारजनलाई मीठो खुवाउने सपना बोकेर घर फर्किरहेका ज्यामीलाई गिरफ्तार गरी हिरासतमै मारिएको छ। घरमा पस्केको खाना खान लागिरहेका मानिसलाई घर बाहिर कोठेबारीमा लगेर खुकुरी हानी हत्या गरिएको छ। खेतमा काम गर्न गएकी किसान महिला एम्बुसमा परि हात खुट्टा गुमाउन बाध्य भएकि छन्, आफ्नो घरगृहस्थीको काम गरिरहेकी गर्भवती युवती गोली लागि घाइते हुन पुगेकी छन्। हातमा किताब बोकेर विद्यालय जाने उमेरका बाल-बालिकाहरु बन्दुक बोक्न बाध्य भएका छन्। पवित्र भूमि नेपालमा एक जना १३ १४ वर्षीय वालिकाले दिनको चार-पाँच जनाको यौन सन्तुष्टि पुरा गर्नु परेका पीडाहरु पनि बजारमा फैलिएका छन्।

ती अबोध नानीहरुको के विराम थियो र ? तिनले कुरा बुझ्ने नभइकनै टुहुरा हुनु पर्‍यो, ती निश्छल गृहिणीको के दोष थियो र तिनले विधवाको पीडा भोग्नु पर्‍यो। ती वालिकाहरुको के दोष थियो र तिनले यौन केहो भन्ने नबुझीकनै यौन शोषणको शिकार हुनु पर्‍यो ?

आजसम्मको विश्व इतिहासलाई अवलोकन गर्दा, हिंसा र आतंकको सबैभन्दा बढी पीडा र मार महिला र केटाकेटीमा परेको देखिन्छ। कुनै पनि युद्ध, महामारि र दैवी प्रकोपले वृद्ध, वालवालिका र महिलाहरुलाई थप मारमा पारेको देखिन्छ। पहिलो र दोस्रो विश्व युद्धको विभिषिकामा पनि कयौं वालवालिकाहरु भोकै मर्न बाध्य भएको, जन्मदै विकृत र विक्षिप्त रुपमा जन्मेका र सुस्तमनस्थितिका भएको तथ्य हामी अध्ययन गर्न सक्दछौं।

जब समाजमा द्वन्द्व र तनावको स्थिति देखा पर्दछ त्यतिबेला मानव अधिकारका घटनाहरु बढेर जाने र त्यसको बढी असर महिला र बालबालिकामा पर्ने गर्दछ। माओवादीले शुरु गरेको यस कथित जनयुद्धमा पनि महिला र वालवालिकाहरुको समेत अत्याधिक प्रयोग भएको अवस्था एकातिर छ भने अर्कातिर सर्वसाधारण महिलाहरुसमेत यस हिंसा र प्रतिहिंसाबाट प्रत्यक्ष र परोक्ष रुपमा प्रभावित भएका छन्। अझ संकटकाल घोषणा भए यता त महिलाहरुको हिंडडुल गर्ने, आफ्नो जिविका चलाउने जस्ता आधारभूत मानवअधिकार समेत हनन् भई भय र त्रासयुक्त जीवन बाँच्नु पर्ने बाध्यता दिनानुदिन बढ्दै गएको छ। आफ्नो पारिवारिक जीवनको अधिकार, प्रजनन स्वास्थ्य र मातृत्वको अधिकारबाट समेत महिलाहरु विमुख भई पारिवारिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक जिम्मेवारीको थप बोझ कांधमा बोकेर डर, त्रास, आतंक र मानसिक प्रताडनाको शिकार भइरहेका छन्।

युद्ध र सशस्त्र संघषका समयमा महिला र वालवालिकाको अधिकार संरक्षणका लागि भएका अन्तर्राष्ट्रिय पहल र कदमहरु :

नेपाल विश्वको सानो मुलुक हो र विश्वका गरिब मुलुकहरुको सूचिमा नेपाल अग्रीम पंक्तिमा छ। यति हुँदाहुँदै पनि नेपाल सरकारले धेरै अगाडि देखि नै अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि र संविधाहरुलाई परिपालना गर्ने कवुल भने अन्तराष्ट्रिय क्षेत्रमा गर्दै आएको छ र अरु धेरै मुलुकले स्वीकृति नजनाएका महासन्धिहरुमा समेत नेपालले धेरै अगाडि बढेर आफ्नो प्रतिबद्धता जनाएको छ। हालसम्म नेपालले १९ वटा अन्तर्राष्ट्रिय महासन्धि र उपलेखहरुमा हस्ताक्षर गरेर औपचारिक रुपमा आफ्नो संलग्नता देखाएको छ भने अन्य थुप्रै घोषणापत्र, प्रतिबद्धताहरुमा आफ्नो स्वीकारोक्ति जनाएको छ।

१. जेनेभा महासन्धि (सन् १९४९) :

यो महासन्धि अन्तर्राष्ट्रिय मानवीय कानूनहरुमध्ये एक हो। युद्धको समयमा व्यक्तिका मानवअधिकारहरु हनन् हुने र मानवअधिकारसम्बन्धी महासन्धिहरुको व्यवहारिक प्रयोग कठिन भएकाले युद्धका समयमा मानवीय कानूनहरु क्रियाशील रहन्छन्। संसारमा मानव जातिले नचाहँदा नचाहँदै पनि युद्ध भइ नै रहन्छन्। युद्ध हुने वित्तिकै त्यहां हिंसा हुन्छ, हतियारको प्रयोग गरिन्छ, दुई पक्ष हुन्छ। युद्ध एक राष्ट र अर्को राष्ट बीच वा आन्तरिक रुपमा दुई पक्षबीच हुने गरे पनि यो अत्यन्त क्रूर, पीडादायी र विनाशकारी हुन्छ। तसर्थ, युद्धको समयमा लडाइ लड्ने पक्षहरु बाहेकका सर्वसाधारणहरु कम भन्दा कम प्रभावित होउन्, युद्धको नियमहरुको परिपालना होस्, कम भन्दा कम क्षति होस्, गैर सैनिकहरुको अधिकार सुरक्षित होस् भनेर नै मानवीय कानूनहरु निर्माण भएका हुन्।

जेनेभा महासन्धिलाई नेपालले सन् १९६४ मा नै स्वीकृति जनाएको छ भने यसको थप प्रोटोकल १ र २ (सन् १९७७) लाई भने स्वीकृति जनाएको छैन। तर चारवटै जेनेभा सन्धिलाई अनुमोदन गरेको हाम्रो सरकारले *आतंककारीहरुको जिउँदो वा मरेको टाउको बुझाउनु* भन्ने निर्देशन गर्नु कतिसम्म शरमलाग्दो कुरा हो यसैगरी पटक पटक जेनेभा महासन्धिको कुरा उठाउने माओवादीहरुले यो महासन्धिको उल्लंघन गरी युद्धका नियमहरु नमान्नु, महिला र वालवालिकालाई जबरजस्ती मानव ढाल बनाउनु, सर्वसाधारण जनसमुदायलाई मानव ढाल बनाउनु, बिना हतियार आफ्नो पारिवारिक जीवन बिताइरहेका व्यक्तिलाई आकस्मिक आकमण गरि हत्या गर्नुले उनीहरुको गैरजिम्मेवार र हिंस्रक चरित्रलाई दर्शाउंछ।

जेनेभा महासन्धिको सारभूत पक्षलाई केलाउँदा यसले युद्धका समयमा महिलामाथि हुने हिंसा र दुरुपयोगलाई मनन् गरी युद्धको समयमा महिलामाथि निम्न प्रकारका युद्ध अपराध हुन सक्छन भनि उल्लेख गरेको छ:

- बलात्कार (एकल तथा सामूहिक)
- यौन शोषण, यौन दासता
- यौन दूर्व्यवहार
- बाध्यकारी गर्भधारण
- बाध्यकारी वंश बिनाश
- बाध्यकारी बेश्यावृत्ति
- १५ वर्ष मुनिका बालबालिकालाई सशस्त्र सेना वा समूहमा भर्ति गर्न वा शत्रुतापूर्ण गतिविधिमा संलग्न गराउनु।

२. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (CEDAW) सन १९७९:

महिलाको मानव अधिकार संरक्षण गर्ने अन्तर्राष्ट्रिय अधिकार पत्रका रुपमा सुपरिचित यस महासन्धिले महिला माथि हुने सबै खाले हिंसा र भेदभावलाई निर्मूल गर्नका लागि १६ वटा धारामा विशेष बुँदाहरु उल्लेख गरेको छ। यसले महिलामाथि जुनसुकै समयमा कुनै पनि खाले हिंसा र शोषण हुनु हुँदैन, आम नागरिकले पाउने मानव अधिकार त हुँदैछ, महिला भएकै कारणले शोषणमा पर्नु हुँदैन, महिला भएकै कारणले महिलाहरु हिंसाको शिकार हुनु हुँदैन भन्दै यसले महिलाको मानव अधिकार सुनिश्चित हुनु पर्दछ भनेर स्पष्ट व्याख्या गरेको छ।

सन्तान जन्माउनु पर्ने कारणले महिलाले गर्नु पर्ने सामाजिक दायित्वलाई महिलाको नियति होइन, यसको कारण महिलाले पीडित हुने होइन, यो प्राकृतिक अधिकारलाई महिलाले विना भय, त्रास उन्मुक्तिका साथ उपभोग गर्न पाउनु पर्दछ महासन्धि भन्दछ।

३. वालअधिकार महासन्धि (CRC) सन् १९९० :

वालअधिकार महासन्धिले वालवालिकाको अधिकार संरक्षणका लागि विभिन्न व्यवस्था गरेको छ। वालवालिकाको आधारभूत अधिकार भनेको शान्तिपूर्ण रुपमा बाँच्न पाउने अधिकार पनि हो। यस महासन्धिको धारा ३८ ले १५ वर्ष मुनिका वालवालिकालाई सशस्त्र संघर्षमा प्रयोग गर्न पाइदैन भन्ने व्यवस्था गरेको छ। साथै यसले वालवालिकालाई युद्धको कुनै पनि कार्यमा प्रयोग गर्न पाइदैन भन्दै वालवालिकाको पारिवारिक मिलन, पुनर्मिलनको अधिकार, आफ्ना आमा वावुसंग बस्न पाउने अधिकार, शारीरिक तथा मानसिक दूर्व्यवहार, यौन दूर्व्यवहार तथा यौन शोषणबाट बचाउनु पर्ने, जुनसुकै समयमा पनि वालवालिकाले पढ्न, लेख्न, शिक्षा आर्जन गर्न पाउने अधिकार सुरक्षित हुनु पर्ने स्पष्ट व्यवस्था गरेको छ। साथै, यस महासन्धिको धारा ३८ ले अन्तर्राष्ट्रिय मानवीय कानूनको आधारमा वालवालिका सम्बन्धमा गरेको व्यवस्थालाई राज्यले कार्यान्वयन गराउनु पर्ने दायित्व समेत राज्यलाई तोकेको छ।

४. चौथो विश्व महिला सम्मेलन सन् १९९५ (बेइजिङ. घोषणापत्र) :

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ जारी भएको लगभग ५० वर्ष, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी अभिसन्धि १९७९ जारी भएको १५ वर्ष हुंदासम्म र विश्वस्तरमा मानव अधिकार र महिला अधिकारका धुप्रै सम्मेलन र वैठक हुँदा पनि विश्वमा महिला माथि हुने हिंसा कम हुन सकेन। हिंसाका तरिकाहरु मात्र फेरिए तर ज्यादतिहरु घटेनन्। तसर्थ, चीनको राजधानी बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनले महिलाहरुका अत्यन्त सरोकारका १२ वटा सवालहरुलाई पहिचान गऱ्यो र ती सवालहरुमा केन्द्रीत रहेर कार्य गर्न विशेष रणनीतिहरु तय गरेर राज्यलाई तिनमा केन्द्रीत रही कार्य सञ्चालन गर्न दिशा निर्देश गऱ्यो। बेइजिङ घोषणाले हालको महिलाहरुको सरोकारका बुँदाहरुमा पाँचौ बुँदामा महिला बिरुद्धको हिंसा र छैटौं बुँदामा महिला र सशस्त्र संघर्ष स्पष्ट किटान गरेको छ।

बुँदा नं. ४ महिला विरुद्धको हिंसा :

शान्ति, विकास र समानताको उद्देश्य प्राप्तिमा महिला विरुद्धको हिंसा पनि एउटा बाधा हो। महिला विरुद्धको हिंसाले महिलाहरुको मानव अधिकार र नैसर्गिक स्वतन्त्रताका अधिकारलाई हनन गर्ने र कमजोर पार्ने काम गर्दछ। यस्ता हिंसाको विरुद्ध महिलाहरुको मानव अधिकार दिलाउने र संरक्षण गर्ने कुरामा सबै देशहरुले गंभीर भएर सोच्नु पर्दछ।।(बेइजिङ. घोषणा र कार्यनीति, पेज ७७) भन्दै यस बुँदाले महिला विरुद्धको हिंसाको एक रुपमा युद्धको समयमा हुने महिलाको मानव अधिकार हनन्, सामुहिक बलात्कार, यौन दासता र जबरजस्ती गर्भ बोक्न लगाउनु हुन् भन्ने उल्लेख गरेको छ। (बेइजिङ. घोषणा र कार्यनीति, पेज ७७)

बुँदा नं. ५ महिला र सशस्त्र संघर्ष:

बेइजिङ घोषणको यस बुँदाले सशस्त्र संघर्ष र युद्धका समयमा महिलाको मानव अधिकार उल्लंघन हुन सक्ने कुरालाई मनन् गरी "युद्धको समयमा महिलाको मानव अधिकारको हनन् भनेको अन्तर्राष्ट्रिय मानवअधिकार र कानूनको अवज्ञा हो" तसर्थ यौन दूर्व्यवहार, सामूहिक बलात्कार, हत्या जस्ता कुनै पनि हिंसाहरुको बारेमा ध्यान दिइनुपर्दछ।।(बेइजिङ. घोषणा र कार्यनीति, पेज ८७)। यस बुँदाले देशमा शान्ति कायम गर्ने काममा महिलाहरुलाई पनि समान रुपमा सहभागी गराउनु आवश्यक छ भनि उल्लेख गरेको छ। सशस्त्र संघर्षबाट हुने हिंसालाई कम गर्नका लागि तथा युद्ध र सशस्त्र संघर्षबाट महिलाहरुलाई बचाउनका लागि केही रणनीतिहरु समेत तय गरिएको छ। यहाँ तिनको उल्लेख गर्नु सान्दर्भिक ठानिएको छ, जुन यस प्रकार छन्:

◊ द्वन्द्वको समाधानको लागि निर्णय प्रक्रियाका सबै तहमा महिलाहरुको सहभागितालाई बढावा दिने र युद्ध वा कुनै विवादको अवस्थामा अथवा विदेशी स्वामित्वको अधिनमा बसिरहेका महिलाहरुको संरक्षण गर्ने,

◊ अत्याधिक सैनिक खर्चमा कमी ल्याउने र युद्धको व्यापकतालाई रोकथाम गर्ने,

◊ हिंसा विना नै विवादको समाधान गर्ने कुराको विकास गर्ने र विवादको समयमा मानव अधिकारको दुरुपयोगको घटनाहरु कम गर्ने,

◊ शान्तिपूर्ण संस्कृतिको विकासमा महिलाको योगदानलाई बढावा दिने,

◊ शरणार्थी तथा अन्य बिस्थापित महिलालाई आवश्यक परेको समयमा अन्तर्राष्ट्रिय संरक्षण र आन्तरिक रुपमा विस्थापित महिलालाई संरक्षण, सहायता र तालिम प्रदान गर्ने,

◊ उपनिवेश वा अर्ध औपनिवेशिक क्षेत्रका महिलाहरुलाई सहयोग गर्ने।

यसरी विभिन्न अन्तराष्ट्रिय सन्धि अभिसन्धिहरुले युद्ध र सशस्त्र संघर्षका समयमा महिला तथा वालवालिकाको मानव अधिकार हनन् हुन सक्ने कुरालाई दृष्टिगत गरेर विभिन्न विशेष व्यवस्था गर्नु पर्ने कुरामा चनाखो बनाएको छ। र, माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय प्रावधानहरु सबैमा नेपाल सरकारले विभिन्न समयमा हस्ताक्षर गरी आफ्नो लिखित प्रतिबद्धता समेत जनाएको छ। तर, व्यवहारिक रुपमा हेर्ने हो भने यी अधिकारहरुको सुनिश्चितताका लागि राज्य पक्षबाट ठोस नीति लिनुको सट्टा, संवैधानिक रुपमा पाएका अधिकारहरु समेत संकटकालीन अवस्थाको घोषणाका कारण खोसिएका छन् भने अर्को पक्ष माओवादीबाट यी अधिकारहरुको झनै उल्लंघन भइरहेको छ।

संकटकालिन अवस्था भनेको के हो ?

नेपाल अधिराज्यको संविधान २०४७ ले केही विशेष परिस्थितिमा संकटकाल घोषणा गर्न सक्ने अधिकार श्री ५ लाई दिएको छ। "नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृंखलताको कारणले गंभीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न सकिबक्सनेछ।" (नेपाल अधिराज्यको संविधान, धारा ११५)

यस प्रावधान अनुसार २०५८ मंसीर ११ गतेबाट नेपाल अधिराज्यमा संकटकालीन अवस्थाको घोषणा भई हाल छ महिना पुरा भईसकेको छ। यस अवधिमा संविधानको मौलिक हक अन्तर्गतका धारा १२, १३, १५,१६,१७,२२, र २३ का विभिन्न अंशहरु निलम्बित भएका छन्।

यी धाराहरुमा मूख्यत: जनताका मौलिक अधिकारका सवालहरु उल्लेखित छन्। यी धाराहरुको निलम्बनले जनताको आवतजावत र बसोबासको स्वतन्त्रता, विचार अभिव्यक्तिको स्वतन्त्रता, विना हात हतियार शान्तिपूर्ण रुपमा भेला हुने स्वतन्त्रता, सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र कारोबार गर्ने अधिकार तथा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनीयता समेतमा अतिक्रमण भएको छ र यी सबै अधिकारहरु निलम्बित भएका छन्।

संकटकालले पारेको असर :

यस किसिमको व्यवस्थाले आम जनताको जनजीवनमा प्रत्यक्ष असर पार्दछ नै, अझ यसको गलत प्रयोगले महिलाहरु थप हिंसामा पर्न जाने कुरा स्वत: सिद्ध छ। जस्तै, कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्तिको खानतलासी गर्न सक्ने अधिकारको दूरुपयोगबाट महिलाहरु यौन दूर्व्यवहार र बलात्कारको शिकार भएका घटनाहरु यदाकदा प्रकाशमा नआएका होइनन्। संकटकालीन घोषणाले सूचनाको हकलाई समेत निलम्बित गरेकाले यस्ता घटनाहरु सार्वजनिक हुन नसकेको यथार्थ अर्कोतिर छ।

धारा १२ को स्वतन्त्रताको हक निलम्बित हुनाले महिलाहरु डर र त्रासमुक्त रुपमा हिंडडुल गर्ने स्वतन्त्रताबाट समेत विमुख भएका छन्। उसै त, नेपाली समाज पुरुषप्रधान मूल्य-मान्यताबाट ग्रसीत समाज भएकाले महिलाहरु आफ्नो इच्छा अनुसार स्वतन्त्र रुपमा हिंडडुल गर्न सक्दैनन्। महिलाहरुलाई हिडडुल गर्न, घर छोडेर बाहिर निस्कन कि त विरामी पर्नु पर्दछ, कि त चाडपर्व आउनु पर्दछ। यो संकटकालको घोषणाले आम नागरिकको आवत जावत गर्ने, बसोवास गर्ने स्वतन्त्रतामा असर पारेको छ भने यसको ज्यादा असर महिलाहरुमा परेको छ। ग्रामीण क्षेत्रमा महिलाहरु निश्चिन्त भएर मेलापात, घांसदाउरा गर्न समेत पाएका छैनन्, चाडपर्वमा माइत-मावल जान समेत भय र त्रासले गर्दा कठिन छ। ज्यादा प्रभावित क्षेत्रको कुरा गर्ने हो भने रात विहान दिसा पिसाव गर्न समेत बाहिर निस्कन नसकिने स्थिति छ। यस्तो अवस्थामा रोगव्याधी, प्रसव बेदना, गंभीर प्रकृतिका रोग, गर्भवती अवस्थामा हुने जोखिमपूर्ण स्थिति आदिका समयमा ज्यादै गाह्रो परेको छ। कतिपय व्यक्तिको ज्यानै पनि गएको छ। ..... हेटौंडामा सुत्केरी गराउन अस्पताल लैजांदै गरिएको एक महिला सुरक्षाकर्मीको गोलीद्वारा मारिएकी थिइन।

यसैगरी व्यक्तिको हिंडडुल गर्ने अधिकार माओवादी पक्षको क्रियाकलापका कारण पनि प्रशस्त मात्रामा हनन् भएका छन्। आफना मामाको काखमा बसेर आमालाई भेट्न काठमाडौंबाट वीरगंज गइरहेकी ९वर्षीय काजोल खातुन सहित ४ जना बसमै जलेर खरानी हुनु पर्‍यो। विद्यार्थीलाई ज्ञानको ज्योति बाल्ने अभिलाषा लिएर पढाउन गएकी एक शिक्षिकाले केश मुण्डन गराउनु पर्‍यो। आफना लालावालालाई पाल्न खेतमा काम गर्न गएकी रुकुमकी गवानी ओलीले खेतमा राखिएको बम विस्फोटनबाट हात खुट्टा नै गुमाउनु पर्‍यो।

यसरी संकटकालको अवधिमा चाहे माओवादीको हिंसाबाट होस् वा सरकारको प्रतिहिंसाबाट होस् मारमा नेपाली जनता परेका छन्, नेपाली महिला परेका छन र नेपाली वालवालिका परेका छन्।

विद्यमान हिंसाले महिलामा पारेको असर:

हिंसा र आतंकको सबैभन्दा बढी मार महिला र केटाकेटीलाई पर्ने कुरा स्वत: सिद्ध कुरा हो। माओवादीव्दारा संचालित जनयुद्धका नाममा भएको सशस्त्र संघर्ष र सरकारले लागू गरेको संकटकालको व्यवस्थाले महिलाहरुलाई पारेको असरलाई यसरी स्पष्ट पार्न सकिन्छ:

- महिलाको मानव अधिकारको उल्लंघन:
- युद्धमा महिला र वालवालिकाको प्रयोग
- मानव ढालको रुपमा प्रयोग
- महिलाहरु माथिको दूर्व्यवहार र यौन शोषण
- अतिरिक्त कार्यबोझ
- आश्रय र खानपानको नियमित व्यवस्था
- पुरुषको अपांगता र मृत्युको असर
- विस्थापन र भूमिगतको पीडा
- पठनपाठनको अवसरबाट बञ्चित
- प्रजनन स्वास्थ्य र मातृत्वको सुरक्षाको समस्या

१. महिलाको मानव अधिकारको उल्लंघन:

संकटकालीन घोषणाले आम नागरिहरुको मौलिक हक निलम्बन गरेको छ। यसले महिलाको मानव अधिकारमा प्रत्यक्ष असर

पारेको छ। गोपनीयताको हकको निलम्बन र हिंडडुल गर्ने स्वतन्त्रता समेतको निलम्बनले महिलाहरु ज्यादै पीडित भएका छन्। हिंडडुल र वसोवासको स्वतन्त्रताको खारेजी र विभिन्न जिल्लाहरुमा रातको समयमा लाग्ने कर्फ्यूको व्यवस्थाले जोखिमपूर्ण अवस्थामा परेका महिलाहरुको अनाहकमा ज्यान जाने परिस्थिति बढ्दैछ। जीउ तथा आवास खान तलासी गर्न सक्ने व्यवस्थाको दुरुपयोग तथा माओवादीबाट भय र त्रास देखाई आफ्ना सेनामा लगाउने, यौन शोषण गर्ने, महिला तथा केटाकेटीलाई मानव ढालका रुपमा प्रयोग गर्नाले महिलाहरुको मानव अधिकार पूर्ण रुपमा हनन भएको छ। जोखिमपूर्ण भिडन्तहरुमा पूर्ण तालिम विना अदक्ष महिलाहरुलाई प्रयोग गर्नाले थुप्रै महिलाहरु मारिएका छन्।

२. युद्धमा महिला र वालवालिकाको प्रयोगः

०५२ सालदेखि औपचारिक रुपमा संचालित माओवादीको हिंसात्मक गतिविधिमा थुप्रै महिला तथा वालवालिकाहरुको प्रयोग भएको कुराहरु प्रकाशमा आइरहेकै छन्। वाल वालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु हुदैन भन्ने विश्वव्यापी मान्यता भए तापनि माओवादीहरुले वालवालिका र महिलालाई अति जोखिमपूर्ण कार्यमा लगाइ नै रहेका छन्। "१४ वर्षभन्दा मुनिका वालवालिकालाई समेत छापामार र मिलेसियाको रुपमा प्रयोग गर्ने गरिएको छ।विस्फोटक पदार्थको ओसारप्रसारमा समेत १४ वर्ष मुनिका केटाकेटीको प्रयोग गर्ने गरेको देखिएको छ। सल्यानमा १३ बर्षे स्कूले विद्यालाई माओवादीले मिलिसियामा भर्ति गरी तालिम दिंदा प्रशिक्षकबाट दिइएको यातनाको कारणले मृत्यु भएको थियो। रोल्पा सदरमुकाममा विष्फोटक पदार्थ विष्फोट गराउने क्रममा एक जना १४ वर्षीय विद्यार्थीको विष्फोटनमा परी मृत्यु भएको थियो। लमजुंको प्रहरी चौकीमाथिको कार्वाहीको घटनामा चार जना माओवादी छापामार महिलाहरु मारिएका थिए।" (पेज ४५, माओवादी जनयुद्ध र प्रजातान्त्रिक निकास) पारिवारिक रुपमा पीडा भोगेका, जोखिममा परेकाहरुलाई फकाएर, कसैलाई अपहरण गरेर लैजाने र पूर्ण रुपमा तालिम प्राप्त नगरिसकेका सिकारु महिलाहरुलाई युद्धमा पठाउने गर्नाले माओवादी पंक्तिमा महिलाहरुको शहादतको संख्या धेरै छ। संकटकालको अवधिमा पनि भएका प्रायजसो दोहोरो भिडन्त र अन्य शैन्य कारवाहीमा धेरै महिलाहरु मारिएका छन्। "सशस्त्र संघर्षमा महिलाहरुको सहभागीता एक हिसाबले सकारात्मक मानिए पनि सहभागीताको तुलनामा सहादत्को संख्या बढी हुनु निश्चय नै गंभीर कुरा हो। तर यस विषयमा माओवादी नेतृत्वमा खासै ठूलो चिन्ता रहेको देखिदैन।" (पेज ४५, माओवादी जनयुद्ध र प्रजातान्त्रिक निकास)

३. मानव सुरक्षा ढालको रुपमा प्रयोगः

माओवादीहरुले गर्ने ठूला खाले आक्रमणमा सिधा-साधा जनता, महिला र केटाकेटीलाई मानव ढालको रुपमा प्रयोग गरेका कुराहरु प्रकाशमा आइरहेका छन्। रोल्पामा भएको आक्रमण, दाङ सतवरियाको आक्रमण तथा अछामको आक्रमणमा माओवादीहरुले थुप्रै वालवालिका तथा महिलाहरु तथा गाउँमा भएका बुढाबुढी समेतलाई अनिवार्य रुपमा जान धम्की दिई तिनलाई मानव ढालका रुपमा प्रयोग गरेका तथ्यहरु पत्रपत्रिकाले प्रकाशमा ल्याएका छन्। यसरी सर्वसाधारण जनतालाई मानव ढालका रुपमा प्रयोग गर्ने र तिनमा महिला र केटाकेटीहरु समेत पर्ने कुराले माओवादीहरुले जेनेभा महासन्धिको घोर उल्लंघन गरेको कुरा स्पष्ट पार्दछ। यसको पुष्टि सुर्खेतको नगरपालिका संगै जोडिएको लाटिकोइली गाविसका करिब एक हजार जति युवा युवतीहरु माओवादीले करकापमा पारी लैजाने डरले सुर्खेतमा भागेर आएका कुरा निकै चर्चामा आएको थियो।

४. महिलाहरु माथिको दूर्व्यवहार र यौन शोषणः

देशमा हिंसात्मक गतिविधि भएका समयमा महिलामाथि हुन सक्ने हिंसाको एउटा रुप महिलामाथि गरिने दूर्व्यवहार, बलात्कार र यौन शोषणका घटनाहरु हुन्। हाम्रो देशमा पनि माओवादी गतिविधिलाई निस्तेज बनाउनका लागि प्रहरीले सञ्चालन गरेका अप्रेशन रोमियो र किलो सेरा टु अप्रेसनका बेला प्रहरीका तर्फबाट माओवादी समर्थकका नाममा महिलाहरु माथि दुर्व्यवहार र बलात्कार भएको कुरा सार्वजनिक भइसकेको थियो। नेकपा (माओवादी) समूह भित्र पनि महिलाहरु माथि यौन शोषण हुने गरेको र कतिपय बेलामा फरक विचार राखेका आधारमा बलात्कृत हुनु परेको घटनाहरु पनि बाहिर आउने गरेका छन्। यस सन्दर्भमा नुवाकोटमा जनसरकारको उपप्रमुख रहेको कैले गिरीद्वारा एक जना वालिकाको बलात्कार भएको घटनालाई स्वयं माओवादी पक्षले समेत स्वीकार्नु परेको थियो। (माओवादी उग्र वामपन्थ र प्रजातान्त्रिक निकास , पेज ४६,) संकटकाल तथा यसभन्दा अगाडिकै अवधिमा पनि महिलामाथि भएका यौनजन्य हिंसा र ज्यादतिका घटनाहरु सामाजिक असुरक्षा र सामाजिक रुपमा हुन सक्ने तिरस्कारका डरले पीडित पक्षबाट नै दबाइएका छन्। यसर्थ, यस्ता घटनाहरु ज्यादै कम मात्रामा मात्र बाहिर आउन सकेका छन् र संकटकालको घोषणाका कारण भएका मौलिक हकहरुको निलम्बनले पनि तथ्यको खोजविनमा बाधा अड्चन पुगेको छ। वास्तवमा अहिले सुरक्षा निकाय तथा माओवादीवाट हुने गरेका महिलामाथिको यौन दूर्व्यवहारका घटनाका कारणले ग्रामीण महिलाहरु घाँस-दाउरा र मेलापात जान समेत अत्यन्त कठीन भएको छ। दुर्गम गाउँहरुको त कुरै छाडौं, काठमाडौं वरिपरिकै पहाडी इलाकाहरुमा समेत छोरी बुहारीहरुलाई एक्लै मेलापात र घासंदाउरा गर्न गाह्रो भएको कुरा भुक्तभोगीहरु बताउँछन्।

५. अतिरिक्त कार्यबोझः

सुरक्षा निकाय र माओवादी दुवै तर्फको डर, शंका, केरकार र झैझमलाका कारण गाउंका पुरुषहरु विस्थापित हुने र कतिपय भूमिगत जाने गर्नाले यसको अतिरिक्त कार्यबोझ सबै महिलाको कांधमा आएको छ। आफूले गरिआएको काम त छँदैछ, थप रुपमा पुरुषले थामि आएका जिम्मेवारीहरु समेत महिलाहरुले नै बोक्नु परेको छ। घरमा बुढाबुढी, केटाकेटी र महिला मात्र रहने परिस्थिति भएपछि खेत खन्ने, जोत्ने, लगायत मलामी जाने लगायतका आर्थिक तथा सामाजिक दायित्व समेत महिलाहरुमै थपिएकाले महिलाहरुको जीवन झनै कष्टकर बन्न पुगेको छ। माओवादी तथा सुरक्षा निकायको अगाडि परेर कुरा गर्ने, गाउँ-घर छरछिमेकमा मर्दापर्दा सबै क्रियाकलापमा पनि महिलाले नै अगाडि बढेर काम गर्नु परेको छ।

६. आश्रय स्थल र खानपानको नियमित व्यवस्थाः

आफ्नो पारिवारिक जीवन धान्न नै गाह्रो परिरहेको समयमा बेला न कुबेलाको खानपीन र बासको व्यवस्था गरिदिनु पर्ने थप बोझ समेत महिलाहरुमाथि नै थोपरिएको छ। घण्टौंको बाटो लगाएर चामल, पिठो कुट्ने पिंध्ने, घरमा पनि गाई-बस्तु, केटाकेटी, बुढाबुढीको स्याहार संभार र खेती पातीको कामका साथै आफूलाई पनि धौ धौ हुने गरी जोरेको सामल पनि बेला न कुबेला आएका माओवादीलाई दिनु पर्ने, उनीहरुले भनेका बेला

बस्ने र खाने ठाउँको व्यवस्था नगरे सँधै परिने डरले महिलाहरुलाईसताइरहेको छ। सुरक्षा निकायका तर्फबाट भन्दा यस खालको पीडा माओवादीबाट बढी हुने गरेको छ। सेल्टर दिंदा सुरक्षा कार्वाहीमा आफै समेत परिने, नदिंदा माओवादी जनकार्वाहीमा परिने डरले धेरै जसो आश्रय दाताहरु माओवादीलाई बास दिनु पर्दा खानेकुरा र बस्न आफनो घर छोडिदिएर आफ्ना परिवार भने टाढाको गोठमा गई सुत्ने गरेका कुरा समेत बाहिर आएको छ।

७. पुरुषको अपांगता र मृत्युको असर:

युद्ध र हिंसात्मक गतिविधिमा परेर घाइते भएका, विभिन्न अंगभंग भएका र मृत्युको समेत शिकार भएका पुरुषहरुको परिवारजनले त्यसको पीडा आफ्नो जीवनभर नै भोग्नुपर्ने बाध्यता छ। घरको मूली नै हिंसाको शिकार भए पछि महिला तथा केटाकेटीहरुले स्वत: यसको परिणति भोग्नुपर्ने हुन्छ। *गत माघ १८ गते गृह राज्यमन्त्री देवेन्द्रराज कंडेलले गृहमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा माओवादी पीडितलाई विशेष राहत दिने सन्दर्भमा बताउने क्रममा हालसम्म माओवादीबाट पतिको हत्या गरिएका ७०० जना विधवाहरु रहेको बताउनु भएको थियो।*

संकटकालीन अवधिमा अझ यो क्रम तीब्र रुपमा बढेर गएको छ। घरमा छोरीलाई पढाइरहेका बाबुलाई छोरीकै अगाडि मारिएको छ भने श्रीमती र बालबच्चाकै अगाडि श्रीमानको हत्या गरिएको छ। यसले गर्दा ती बालबालिकामा बदला र प्रतिशोधको भावना विकसित भई भविष्यमा पनि विद्रोही बन्ने वा मानसिक रुपमा विक्षिप्त हुने संभावना पनि प्रवल छ। यसरी मर्नेहरु त मरेर जान्छन् तर बाँच्नेहरुले झनै ठूलो पीडा भोग्नु पर्ने नियति भइसकेको छ।

८. विस्थापन र भूमिगतको पिडा:

माओवादी जनयुद्ध शुरु भए यता र विशेषगरी संकटकाल लागू भए देखि गाउंघर युवा विहिन नै भएको छ। काम गर्न सक्ने युवा जमात गाउंमा नहुँदा यसको मार गाउँमा बस्ने महिला, वृद्ध र बालबालिकाहरुमा नै परेको छ। परिवारको एक जनाले राजनीति गर्नाले सिंगो परिवारले त्यसको पीडा भोग्नु परेको छ। एकातिर आफ्नो परिवारको मानिस घरमा नहुँदाको पीडा छ भने अर्कातिर सरकारी वा माओवादी पक्षबाट हुने सोधनी र अनावश्यक दबाव र केरकारको दबावमा पनि महिलाहरु नै परेका छन्। दाङ तुलसीपुर नपा-११ बटौलपुरका भगवतीप्रसाद चौधरीको परिवारले आफ्नै छोरा भूमिगत भई हिंडेको नियति स्वरुप परिवारका आधा दर्जन सदस्यले जीवनबाट नै हात धुनु पर्‍यो। भगवतिप्रसादका छोरा रविन्द माओवादीमा लागेका थिए र गत मंसीर २७ गते साथीहरुसहित आफ्नो घरमा आइ सुतेका थिए। राती आफूसंगै ल्याएको बम पडकेर ८० वर्षीय हजुरआमा देखि ५ वर्षीय बहिनी सहित ६ जनाको ज्यान नै गयो। यसरी परिवार जन विस्थापित हुँदा र भूमिगत भएर हिंड्दा परिवारको भरणपोषणको थप भारका साथै परिवारजन संगै नहुँदाको पीरले महिलाहरुलाई झनै सताएको छ।

९. पठनपाठनको अवसरबाट बञ्चित

संकटकालको घोषणा र यो अवधिमा भएका दुबै खाले आक्रमणले गर्दा ग्रामीण क्षेत्रका विद्यालयहरु खुल्न र विद्यार्थीहरुलाई आवत-जावत गर्न ज्यादै कठिन भएको छ। साथै, यस अवधिमा माओवादीहरुले शिक्षकहरुलाई जनकार्वाहीको तारो बनाए पछि त यो समस्या तेव्वर बढेको छ। सुरक्षा निकायले पनि व्यापक धरपकड र विना अनुसन्धान गर्ने कारवाहीको शिकार विद्यार्थीहरु भएका छन्। संकटकाल लागू भए पछि सोलुमा भएको भिषण आक्रमणकै समयमा मंसीर ११ गते सुरक्षाकर्मीको गोलीबाट विद्यालयबाट घर फर्किइरहेका ९ बर्षीय बालक डति शेर्पाको मृत्यु भयो। माओवादी आएको आशंकामा उनलाई गोली हानिएको थियो।

१०. प्रजनन स्वास्थ्य र मातृत्वको सुरक्षाको समस्या :

देशमा चलिरहेको हिंसा र प्रतिहिंसाको श्रृंखला तथा यसबाट उत्पन्न तनावले महिलाहरुको प्रजनन स्वास्थ्य र मातृत्वको सुरक्षामा समेत गंभीर असर पारेको छ। गाउंमा हुने स्वास्थ्य केन्द्रहरु तथा सरकारी सेवाहरु सबै ठप्पै भएका छन्। त्यसको विकल्प पनि तत्काल केही हुन सकेको छैन। घरका पुरुषहरुको विस्थापन र सम्पूर्ण कार्यबोझ जति महिलाको थाप्लोमा थोपरिनु र आतंक र त्रासले गर्दा मानसिक तनाव बढ्नाले महिलाहरुको यौन स्वास्थ्यमा पनि गंभीर असर पारेको छ।

त्यसमा पनि माओवादी गतिविधिमा लागेका महिलाहरुको प्रजनन स्वास्थ्य र मातृत्वको सुरक्षाको विषय झनै गंभीर छ। साना साना बच्चा हुनेहरुले पनि आफन्त वा पार्टी कार्यकर्ताका घरमा बच्चा छोडेर काम गर्नु पर्ने स्थिति छ। जसले गर्दा आमा र बच्चा दुबैले तनावग्रस्त हुनुपर्दछ।

०५८ माघ ३ गतेको कान्तिपुरमा प्रकाशित "गर्भवती महिला माओवादीद्वारा पिटिइन्" शीर्षक समाचार अनुसार जाजरकोट जिल्ला झाप्रा गाविस ४ कि २८ वर्षीय ललिता खत्रीलाई माघ २ गते आफूहरुलाई खाना खान नदिएको आरोपमा माओवादीहरुले निमर्म कुटपिट गरे। पीडितलाई सिस्नुपानी लगाएर कुटपिट गरिएको र कुटपिटका कारण उनको गर्भपतन समेत भएको कुरा झाप्रा गाविस अध्यक्षलाई उद्धत गर्दै कान्तिपुर दैनिकमा उल्लेख गरिएको छ।

यस प्रकारको गंभीर खालका ज्यादतिको शिकार भएका कारण पनि महिलाको प्रजनन स्वास्थ्यको अधिकार हनन भएको छ।

निष्कर्ष:

समग्रमा, माओवादी जनयुद्ध र वर्तमान संकटकालीन अवस्थाले गर्दा मुलुक थिलथिलो भएको छ। हिंसा र प्रतिहिंसाको ज्वालामा दनदनी जलिरहेको यो माटोमा उभिएका महिला र बालबालिकामा यसको असर त स्वत: छ नै, थप रुपमा, सामाजिक लिंगभेदका कारण महिलाहरुले निर्वाह गर्दै आएका भूमिकाहरु, महिलालाई हेरिने सामाजिक दृष्टिकोणले झनै यसमा थप सहयोग गरेको छ।

दुबै पक्षबाट हुने हिंसा र ज्यादतिमा महिला भएकै कारण सामाजिक लिंगभेदका कारण थप असरहरु रहेका छन्। बालबालिकाहरु आफै सामर्थ्यवान भइ नसकेका कारण थप मारमा परेका छन्। सबै नागरिकहरु कुनै न कुनै रुपमा प्रभावित भएका छन्।

तसर्थ, यस समस्याको दीर्घकालीन समस्याका लागि पहल गर्न अत्यन्त ढिलो भइसकेको छ। समस्याको समाधान सत्ता बलबाट होइन, राजनीतिक तवरबाट गरिनु आवश्यक छ। यसका लागि आपसी संवाद र वार्ताको वातावरण बनाउनु पर्दछ। र, दुवैथरिले मेरो गोरुको बाह्रै टक्का नभनी संवादमा आउनै पर्छ। विश्वका घटनाहरु अध्ययन गर्दा पनि कुनै पनि युद्ध र हिंसाबाट समस्याको समाधान भएको छैन बरु शान्तिपूर्ण र आपसी सम्बादबाट नै समस्याको समाधान भएको छ। र, राजनीतिक निकासका लागि गरिने हरेक पहलकदमीमा महिलाहरुको सहभागिता पनि अत्यन्त आवश्यक छ भन्ने कुरा सबै पक्षले मनन् गर्नुपर्दछ।

संकटकालको आधा वर्ष

(२०५८ मंसिर ११ गते देखि श्री ५ को सरकारले मुलुकमा ६ महिनाको लागि संकटकाल लागु गरेपछि त्यस दिन देखि पुस १६ गतेसम्मका घटना क्रमहरुको अभिलेख हामीले प्राचीको अंक ४० मा दिएका थियौं । यस अंकमा ०५८ पुस १७ गते देखि ०५९ जेठ १० गतेसम्मको संकटकालीन दिनका अभिलेख पेश गरेका छौं ।)

- ०५८ पुस १७ गते बैतडी जिल्ला ग्वालेक गाविस-६ मा सुरक्षाकर्मीको गोलीद्वारा माओवादी कार्यकर्ता ४० वर्षीय मोहनदेव जोशीको मृत्यु। सुरक्षाकर्मीमाथि मोहनदेवले गोली चलाएपछि प्रतिकारमा सो घटना भएको कुरा गृह मन्त्रालयले जनाएको।
- ०५८ पुस १७ गते कालिकोट जिल्लाको सदरमुकाम मान्मादेखि करिब एक किलोमिटरको दूरीस्थित माझपानीको सार्वजनिक धारामा माओवादीहरुले राखेको सकेटबम विस्फोट हुँदा पार्खा गाविस-४ का ११ वर्षीय भैरव मल्ल र ९ वर्षीय खेमराज मल्लको मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको। सो घटनामा स्यूना गाविस-४ की सुजा शाही, जुम्ला जिल्ला घर भई मान्ममा बस्दै आएकी नविता भण्डारी, पार्खा गाविस-४ की सन्जु मल्ल, मान्म गाविस-४ की प्रमिला दमाई र सुर्खेत जिल्लाका सन्तोष दमाई घाइते। घाइतेहरुलाई उपचारार्थ हेलिकप्टरबाट पुस १८ गते सुर्खेत लगिएको।
- ०५८ पुस १७ गते गोरखा जिल्लाको हर्मी गाविस-८ का ६३ वर्षीय लीलानाथ अधिकारीको माओवादीहरुले घर बाहिर ल्याई खुकुरी र लाठी प्रहार गरी हत्या गरे।
- ०५८ पुस १७ गते बाँके जिल्ला बनकटुवा गाविस-४ जिगाउँका ३५ वर्षीय कमल दाहाल सुरक्षाकर्मीको हिरासतबाट भाग्न खोज्दा सुरक्षाकर्मीको गोलीबाट मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १७ गते वर्दिया जिल्लाको बनियाभारमा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तमा एक जना माओवादीको मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते राति कञ्चनपुर जिल्लाको दैजी गाविस-८ का गणेश प्रावि पिपलथलाका शिक्षक ३५ वर्षीय रंगनाथ भण्डारी, शारदा मावि दैजीमा कक्षा १० मा अध्ययनरत १८ वर्षीय दीर्घराज भण्डारी, सोही गाविसका ४० वर्षीय टेकवहादुर रावल, २८ वर्षीय सिद्धराज पाण्डे र १८ वर्षीय हर्के सार्कीलाई आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी गाउँदेखि नजिकै रहेको खोलामा पुऱ्याई गोली हानी हत्या गरेको। उनीहरुसँगै गिरफ्तार गरिएका सोही ठाउँका १७ वर्षीय तुले सार्की सुरक्षाकर्मीको कब्जाबाट भागेको।
- ०५८ पुस १८ गते बेलुका गोरखा जिल्ला छोप्राक गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी सोही गाविस-५ का सूर्य भन्ने विष्णु मरहठ्ठा, नीरु पोखेल, खोप्लाङ्ग गाविस-२ का पुष्प भन्ने पूर्णचन्द्र आचार्य, चिम्जुङ्ग गाविस-८ का दिपेन भन्ने कुमार थापा र लमजुङ्ग जिल्ला चक्रतीर्थ गाविस-८ का राजेश भन्ने नविन श्रेष्ठको मृत्यु भएको कुरा सैनिक स्रोतले जनाएको।
- ०५८ पुस १८ गते म्याग्दी जिल्लामा सुरक्षाकर्मीको कारवाहीमा परी मोहनप्रसाद विकको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते रसुवा जिल्लाको गतलाङ्गमा सुरक्षाकर्मीको कारवाहीमा परी माओवादी कार्यकर्ता छिरिङ्ग घले र दिनेश श्रेष्ठको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। त्यसैगरी सोही दिन डडेल्धुरा जिल्लाको घुम्तिगडामा दुई जना माओवादी र ओखलढुङ्गाको डियालीमा दुई जना माओवादी महिलाको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १८ गते नेपाल वार एशोसिएशनले संकटकाल व्यवस्थित बनाउन श्री ५ बाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा १०७ अनुसार कानुन सरह लागू हुने आदेश जारी गराउन सरकारसँग माग गरेको। वैठकबाट नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ र १६ मा व्यवस्था भएको छापाखाना तथा प्रकाशन सम्बन्धी हक र सूचनाको हक निलम्बित भएका कारण यथार्थ सूचना प्राप्त गर्ने जनताको हक हनन भएकाले निलम्बन फुकुवा गर्ने माग समेत गरेको। वार एशोसिएशन केन्द्रीय कार्य समितिको १८ गते बसेको वैठकपछि उक्त माग गरिएको हो।
- ०५८ पुस १८ गते नेपाल अधिराज्यको संविधान २०४७ को मस्यौदा गर्न बनेको तत्कालीन संविधान सुझाव आयोगका अध्यक्ष पूर्वप्रधानन्यायाधीश

बन्दी शिक्षकको मृत्यु

माओवादीको आशंकामा पक्राउ गरी लमजुङ्ग जेलमा रहेका सूर्योदय मावि भारतेका शिक्षक वासुदेव शर्माको ०५८ पुस २५ गते मृत्यु भयो। ०५८ पुस ११ गते जेलमा राखिएका शर्मा लामो समयदेखि मुटु तथा दम सम्बन्धी रोगी भएको कुरा जिल्ला प्रशासन कार्यालयले जनायो।

विश्वनाथप्रसाद उपाध्याय, सदस्य पूर्वसभामुख दममनाथ ढुङ्गाना, ०४६ सालको जनआन्दोलनपछि बनेको अन्तरिम सरकारका मन्त्रीद्वय निलाम्बर आचार्य एवं डा. देवेन्द्रराज पाण्डे, वरिष्ठ चिकित्सक डा. मधु घिमिरे र डा. कृष्णकुमार पाँडेले संयुक्त विज्ञप्ति प्रकाशित गर्दै "जनतामा भय, आशंका र अन्यौल सिर्जना गर्नुबाहेक संकटकालको अर्को कुनै व्यावहारिक प्रयोजन" देखा नपरेको बताउनुभयो। तसर्थ, देशको संविधान, प्रजातान्त्रिक परिपाटी, संसद, राजनीतिक पार्टीहरु, नागरिक समाज र जनतालाई कमजोर पार्नसक्ने काम-कारवाहीहरु हुन नदिन र भएका त्यस्ता काम-कारवाहीहरु सच्याई भय, आशंका र अन्यौलको वातावरण समाप्त पार्न हामी श्री ५ को सरकारलाई आग्रह गर्दछौं।" विज्ञप्तिमा भनिएको छ।

- ०५८ पुस १८ गते स्वास्थ्य मन्त्री शरतसिंह भण्डारीको महोत्तरी जिल्ला औराही गाविस-२ स्थित निवासमा माओवादीहरुद्वारा बम विस्फोट। विस्फोटबाट मन्त्री भण्डारीको दुई तले घर क्षतिग्रस्त।
- ०५८ पुस १९ गते गृह मन्त्रालयले एक सूचना जारी गरी "आतंककारी"हरुले असुरक्षित ठानी लुकिछिपी बस्न सक्ने भएकाले कुनै पनि व्यक्ति आफ्नो घर, होटल, लज, छात्रावास, कारखाना आदिमा बसेका भए तुरुन्त र पछि पनि कोही बस्न आएमा बसेको तीन दिनभित्र त्यस्ता व्यक्तिको नाम, स्थायी ठेगाना, उमेर र पेशा उल्लेख गरी नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन र त्यसो नगरेमा प्रचलित कानुनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराएको।
- ०५८ पुस १९ गते म्याग्दी जिल्लाको सिङ्गा भन्ने ठाउँमा माओवादीहरुले राखेको एम्बुसमा परी दुई सैनिक जवानको मृत्यु भएको र ६ जना सैनिक घाइते भएको कुरा रक्षा मन्त्रालयले जनाएको। सोही दिन सिङ्गा गाविसको वनमा सुरक्षाकर्मीको कारवाहीमा परी वीरवहादुर बुढा र काशी कठायत नाम गरेका माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस १९ गते तनहुँ जिल्लाको रुपाकोट गाविसका पूर्व प्रहरी हवल्दार चतुरमान बस्नेतको लास लमजुङ्ग जिल्लाको कुन्छा गाविस-४ मा फेला परेको कुरा गृह मन्त्रालयले जनाएको। बस्नेतलाई अघिल्लो दिन माओवादीहरुले अपहरण गरी लगेका थिए।
- ०५८ पुस १९ गते राति कपिलवस्तु जिल्ला चनई गाविस बनकट्टीका मेखबहादुर के.सी.लाई घरमा बसिरहेको अवस्थामा १२-१५ जना माओवादीहरुले घरदेखि केही पर लगी धारिलो हतियार प्रहार गरेको र उपचार हुँदाहुँदै राति १०:३० बजे निजको मृत्यु भएको।
- ०५८ पुस १९ गते राजधानीमा आयोजित पत्रकार सम्मेलनमा नेपाल बार एशोसिएशनले संकटकालमा सरकार र माओवादी पक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाको सूचना अद्यावधिक गर्न र त्यसको जानकारी सम्बन्धित निकायलाई गराउन पाँचै विकास क्षेत्रमा पर्यवेक्षण टोली खटाउने जानकारी गराइएको।
- राष्ट्रिय मानवअधिकार आयोगले संकटकाल लागू भएपछिको स्थितिको तथ्यगत सूचना संकलन गर्न अदालत, सरकार, महान्यायाधिवक्ता र संसदको परराष्ट्र तथा मानवअधिकार समितिबीच छलफल गराउने भएको कुरा ०५८ पुस १९ गते सार्वजनिक जानकारी गराइएको। नागरिक अधिकार निलम्बन भएको अवस्थामा राज्यका तर्फबाट भएका कारवाहीको क्रममा मानवअधिकार उल्लंघनका घटनाहरुको यथार्थ जानकारी संकलन गरी सार्वजनिक गर्ने निर्णय ०५८ पुस १७ र १८ गते बसेको आयोगको वैठकले गरेको।
- ०५८ पुस २० गते म्याग्दी जिल्लाका नेपाली काँग्रेसका कार्यकर्ता शेरवहादुर शेरचनको घरमै बसिरहेको अवस्थामा माओवादीहरुले गोली हानी हत्या गरेको र परिवारका अन्य सदस्यहरुलाई कुटपिट गरेको।

अज्ञात स्थलतर्फ लैजाने जिद्दि

०५८ पुस २७ गते दिउँसो करिब साढे तीन बजेदेखि बेलुका छ बजेसम्म इन्सेकको कलंकी स्यूचाटारस्थित केन्द्रीय कार्यालयमा आफूलाई सुरक्षाकर्मी बताउने सादा पोशाकका करिब ६ जना व्यक्तिहरुद्धारा गरिएको रहस्यमय व्यवहारका कारण विभिन्न आशंका उत्पन्न भएका थिए। ती व्यक्तिहरुले ४ बजेतिर मात्र कार्यालयको स्वागत कक्षमा इन्सेकका महासचिव सुबोधराज प्याकुरेलको नाम लिई 'उहाँ कहाँ हुनुहुन्छ?' भन्ने प्रश्न गरे। स्वागत कक्षमा उनीहरुलाई कुराकानी गर्न माथिल्लो तलामा रहेको महासचिवको कक्षमा जान अनुरोध गर्दा उनीहरुले भने- 'हामी उहाँलाई यहीं पर्खिन्छौं।' त्यसअघि उनीहरु झण्डै एक घण्टादेखि इन्सेक कार्यालय परिसर बाहिर यताउता छरिएका थिए। उनीहरुद्धारा प्रयोग गरिएको सतो प्लेटको गाडी पनि इन्सेक कार्यालयबाट नदेखिने गरी राखिएको थियो। करिब ५ बजेतिर इन्सेक महासचिव प्याकुरेलले कार्यालयको मूलद्वारा नजिकै पुगेर 'किन खोज्नु भएको हो?' भन्ने प्रश्न गर्दा 'हामी तपाईलाई सेक्युरिटीसम्म लैजान चाहन्छौं' भन्ने जवाफ दिए। उनीहरु आफ्नो उद्धेश्यबारे आधिकारिकरुपमा प्रस्तुत भएनन्। बरु, महासचिवलाई अज्ञात स्थलतर्फ लैजाने जिद्दी गर्न खोजे। महासचिवलाई कहाँ लैजान खोजिएको हो वा इन्सेकका बारेमा उनीहरुले के जान्न चाहेका हुन् भन्ने सम्बन्धमा केही बताइएन। महासचिव प्याकुरेलले 'मेरो काम सकिन अझै एक घण्टा लाग्छ। तपाईहरुको कार्यालय कहाँ छ? बताउनुहोस्। काम सकिनासाथ तपाईहरुको कार्यालयमा आफै उपस्थित हुन्छु' भन्नुभयो। तर, उनीहरुले आफूहरु कुन कार्यालयबाट आएका हुन् भन्ने कुरा बताएनन्। यसैबीच, राष्ट्रिय मानवअधिकार आयोगका सदस्य कपिल श्रेष्ठ, विभिन्न राजनीतिक दलका नेताहरु र मानवअधिकार संस्थाका प्रमुख व्यक्तित्वहरुलाई उपरोक्त घटनाको बारेमा इन्सेकद्धारा जानकारी गराइसकिएको थियो। विभिन्न संस्थाहरुबाट मानवअधिकारकर्मीहरु इन्सेकमा आउने क्रम शुरु भयो। त्यसपछि बेलुका करिब ६:१५ बजे बाहिर नियाल्दा आफूलाई सेक्युरिटीबाट आएको बताउने व्यक्तिहरु इन्सेक कार्यालय परिसरबाट अन्यत्र गइसकेका थिए। मुलुकमा संकटकाल लागू भएपछिका दिनहरुमा राज्य पक्ष र माओवादीहरु समेतबाट भएका मानवअधिकारको अवहेलनाका सम्बन्धमा इन्सेकले चासो देखाउँदै आएको कुरा सबैलाई विदितै छ। यसै सन्दर्भमा उक्त घटनालाई मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा इन्सेकले निर्वाह गर्दै आएको भूमिका र खासगरी वर्तमान सन्दर्भमा संस्थाले गरिरहेको मानवअधिकार सम्बन्धी अनुगमनलाई निरुत्साहित गर्ने प्रयत्नका रुपमा लिएको थियो।

- ०५८ पुस २० गते रोल्पा जिल्लाको दुविङ्गमा सुरक्षाकर्मीको कारवाहीमा परी कर्णवहादुर घर्तीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। घर्ती माओवादीको इलाकास्तरीय कार्यकर्ता भएको बताइएको।
- ०५८ पुस २० गते दाङ्ग जिल्लाको घोराहीस्थित जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र सेनाको ब्यारेकमा माओवादीद्वारा आक्रमणको प्रयास। दोहोरो भीडन्तका क्रममा त्रिभुवननगर नगरपालिका-८ वडहरा बस्ने रिक्सा चालक करिब ४० वर्षीय चेतवहादुर कुवँर पुरीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको।
- ०५८ पुस २० गते प्युठान जिल्लाको दाखाक्वाडीमा सुरक्षाकर्मीको कारवाहीमा परी पहाड भन्ने गंगा पुनको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। पुन माओवादीको एरिया कमाण्डर भएको बताइएको।
- ०५८ पुस २० गते ओखलढुङ्गा जिल्लाको पोखरे र रुकुम जिल्लाको बाँफिकोटमा सुरक्षाकर्मीको कारवाहीमा परी एक-एक जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २१ गते कञ्चनपुर जिल्लाको शंकरपुर गाविस-६ मा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा २ जना माओवादीको मृत्यु भएको।
- ०५८ पुस २१ गते रोल्पा जिल्ला दुविडाँडा गाविसमा "गाउँ जनसरकार" प्रमुख कुलवहादुर खत्रीको र सल्यान जिल्लाको फलावाङ्ग गाविसमा शेरवहादुर विष्ट नाम गरेका व्यक्तिको सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको। त्यसैगरी सोही दिन म्याग्दी जिल्लाको सिंगा गाविस-२ मा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा एक जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २२ गते पर्वत जिल्लाको कटुवा चौतारीमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २२ गते राति १० बजे गोरखा जिल्ला खोप्लाङ्ग गाविसका अध्यक्ष भैरवराज विष्टलाई माओवादीहरुले घरमै गई गोली हानी हत्या गरेको। पीडित विष्ट नेपाली काँग्रेसबाट निर्वाचित भएका थिए। सोही गाविसमा घर भएका अन्नपूर्ण माविका शिक्षक ऋषिराम देवकोटाको पनि माओवादीहरुले सोही राति नै खुकुरीले घाँटी रेटेर हत्या गरेको। त्यसैगरी सोही दिन खोप्लाङ्ग गाविस-२ का प्रस्तावित माविका प्रधानाध्यापक रामेश्वर पोखेललाई माओवादीहरुले खुकुरी प्रहार गरी गम्भीर घाइते बनाएको।
- ०५८ पुस २२ गते सल्यान जिल्लाको छायाँक्षेत्रमा सुरक्षाकर्मीसँगको मुठभेडमा एक जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २२ गते सर्लाही जिल्लामा सुरक्षाकर्मीद्वारा पक्राउ परेका चार जना माओवादीहरुमध्ये रामसेवक मुखिया भाग्न खोज्दा सुरक्षाकर्मीको कारवाहीमा परी मृत्यु भएको कुरा गृह मन्त्रालयले जनाएको।
- ०५८ पुस २२ गते सिराहा जिल्लाको कल्याणपुर कालाबञ्जार गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी अनेमसंघ (क्रान्तिकारी) की धनुषा जिल्ला समितिकी सदस्य गुलियादेवी पासवानको मृत्यु भएको।
- ०५८ पुस २२ गते म्याग्दी जिल्लामा १४ वर्षीय बालक डल्ले नेपालीको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको। सुस्त मनस्थितिका डल्ले नेपालीलाई सुरक्षा सूत्रले माओवादी छापामार भएको बताए तापनि परिवारले सो दावी अस्वीकार गरेको। डल्ले नेपालीलाई बेनीबजारमा संचालित स्वास्थ्य शिविरमा उपचारार्थ लगि फर्कंदै गर्दा कटुवाचौतारी भन्ने ठाउँमा उनका बाबु छविलाल नेपालीले आफन्तको घरमा राखेका थिए। यद्यपि उनी पुग्नु अघि नै शिविर सम्पन्न

मानवअधिकारकर्मीहरुद्वारा प्रधानमन्त्रीसमक्ष ज्ञापनपत्र प्रस्तुत

०५८ पुस २९ गते १७ वटा मानवअधिकार संस्थाका १८ जनाको प्रतिनिधिमण्डलले प्रधानमन्त्री शेरवहादुर देउवासमक्ष उहाँको निवास, बालुवाटारमा भेट गरी एक ज्ञापनपत्र प्रस्तुत गऱ्यो। उक्त अवसरमा माओवादीहरुद्वारा शान्ति प्रकृया भंग गरी ०५८ मंसिर ८ गते यता देशमा मच्चाइएको हिंसा र त्यसको प्रतिकारमा राज्यद्वारा घोषणा गरिएको संकटकाल एवम् आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय अध्यादेश, २०५८ का विभिन्न प्रभावहरुका बारेमा छलफल गरिएको थियो। सुरक्षा कारवाहीका सिलसिलामा निहत्था, निर्दोष नागरिकहरु हिंसाको चपेटामा परेको, कतिपय मामिलामा सुरक्षाकर्मीहरुको व्यवहार कानूनसम्मत नभएको तथा मानवअधिकार कर्मीहरुले पनि कुटपिट, यातना एवम् दुर्व्यवहारको शिकार हुनु परेको हालको परिस्थितिका बारेमा प्रधानमन्त्रीलाई अवगत गराइयो। सेनासमेतको परिचालन भइरहेको हालको संवेदनशील परिस्थितिमा राज्यपक्षको गरिमा एवम् जिम्मेवार भूमिकालाई नितान्त गम्भीर रुपमा लिनुपर्ने र तदनुकूल नै कर्तव्य निर्वाह गर्नुपर्ने कुरामा प्रधानमन्त्रीले आफ्नो प्रतिबद्धता दोहोऱ्याउनु भयो। मानवअधिकार कर्मीहरुले प्रधानमन्त्रीसमक्ष निम्न विषयमा प्रस्ताव प्रस्तुत गरे :-

१. प्रधानमन्त्रीसमक्ष निरन्तर एवम् भरपर्दो सूचना प्रवाह गर्नका लागि छुट्टै राष्ट्रिय संयन्त्रको प्रबन्ध गर्नुपर्ने
२. मानवअधिकारकर्मीहरुलाई घटनास्थलसम्म जान र मानवअधिकारका सवालमा निर्विघ्न रुपमा कार्यरत हुन दिनुपर्ने।
३. प्रधानमन्त्रीसँग मानवअधिकार समूदायको प्रत्यक्ष पहुँच स्थापित गर्न आवश्यक संयन्त्रको निर्माण र परिचालन हुनुपर्ने।
४. शान्ति प्रकृयाको थालनी गर्न मानवअधिकार समूदायको पहल र कृयाशीलता हुनुपर्ने। उक्त प्रस्तावहरुमा प्रधानमन्त्रीले आफ्नो पूर्ण समर्थन रहेको र आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुहुँदै मानवअधिकार समूदायलाई निसंकोच अगाडि बढ्न आग्रह गर्नुभयो।

प्रतिनिधिमण्डलमा सिविनका गौरी प्रधान, इन्सेकका सुबोधराज प्याकुरेल, इन्डुरेड इन्टरनेशनलका डा. गोपालकृष्ण सिवाकोटी र ज्ञानेन्द्र अर्याल, पिएसआरएनका डा. मथुराप्रसाद श्रेष्ठ, ग्रामीण विकास पाल्पाकी गंगादेवी कसजू, इद्विकनकी शोभा गौतम, आरआरएनका सर्वराज खड्का, ओरेकका बाबुराम गौतम, सिविसकी शान्ती अधिकारी, नेमाधिसंका भवानीप्रसाद खरेल, मासमका कुलराज घिमिरे, बी-ग्रुप नेपालगञ्जका गोपालनाथ योगी, सिभिक्टका डा. विदुर ओस्ती, सेहुर्डेसका शोभाकर बुढाथोकी, ग्रिन्सोका प्रमोद काफ्ले, एलायन्सका डा. भोगेन्द्र शर्मा र रघुनाथ अधिकारी (निलमशेखर) सहभागी हुनुहुन्थ्यो।

भइसकेका कारण उपचार गर्न पाएका थिएनन्।

- ०५८ पुस २३ गते अछाम जिल्लाको सोकट गाविसको जंगलमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भीडन्तका क्रममा ८ जना माओवादीहरुको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २३ गते म्याग्दी जिल्लाको सिङ्गा गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी माओवादीको आशंका गरिएका ३ जना व्यक्तिहरुको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २३ गते नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा ०५८ पुस १८ गतेको मिति उल्लेख गरी जारी गरिएको प्रेस विज्ञप्तिमा वार्ताका लागि उपयुक्त वातावरण तयार गर्न आफूहरु सदा तत्पर रहेको कुरा ०५८ पुस २४ गतेको नेपाल समाचार पत्र दैनिकमा प्रकाशित। उक्त विज्ञप्तिमा भनिएको थियो- "हामी यो कुरा स्पष्ट गर्न चाहन्छौं कि देशलाई यथास्थितिवादको विरुद्ध अग्रगामी राजनीतिक निकासका निम्ति वार्ताको ढोकालाई कहिल्यै बन्द गर्ने छैनौं। संविधान सभालगायत् जनतालाई अधिकारसम्पन्न तुल्याउने कुनै पनि राजनैतिक निकासमा वार्ता गर्न र त्यसका निम्ति आफ्नो तर्फबाट उपयुक्त वातावरण सिर्जना गर्न हामी सदा तत्पर छौं।"
- ०५८ पुस २३ गते दाङ्ग जिल्लाको सैघा गाविस-२ तोसका करिब २९ वर्षीय चन्द्रवहादुर वि.क. लाई सुरक्षाकर्मीहरुले घरमा बसिरहेको अवस्थामा बोलाई नजिकैको कोइलाखानीमा लगी गोली हानी हत्या गरेको।
- ०५८ पुस २४ गते प्रधानमन्त्री शेरवहादुर देउवाले माओवादीविरुद्ध कारवाही शुरु गरिएपछि देशमा शान्ति-सुरक्षाको स्थितिमा सुधार हुँदै गएको बताउनु भएको। एसोसिएटेड प्रेसलाई दिनुभएको अन्तर्वातामा प्रधानमन्त्रीले शान्ति कायम गर्ने कार्यलाई आफूले प्राथमिकता दिएको बताउनु भएको।
- ०५८ पुस २४ गते विभिन्न मानवअधिकार संस्थाहरुद्वारा देशमा संकटकालीन अवस्थाको अवधिमा भएका मानवअधिकार हननका घटनाहरु र मानवअधिकारको विग्रँदो स्थितिका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगमा स्थितिप्रति गम्भीर भई क्रियाशील हुन ध्यानाकर्षण गराउँदै निवेदन दर्ता गरेको। राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षको उपस्थितिमा इन्सेक महासचिव सुबोधराज प्याकुरेलले निवेदन पढेर सुनाउनु भएको।
- ०५८ पुस २४ गते वैकल्पिक समूह नामक गैरसरकारी संस्थाद्वारा संकटकालीन अवस्थामा भएका मानवअधिकार हननका घटनाहरुका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगसमक्ष एक निवेदन दर्ता गराएको कुरा संस्थाका संयोजक लेखनाथ भण्डारीद्वारा सार्वजनिक जानकारी गराइएको।
- ०५८ पुस २४ गते नेपालस्थित युरोपेली संघ र पश्चिमी राष्ट्रका कुटनीतिज्ञहरुले माओवादीविरुद्ध सेना परिचालनमा गैरन्यायिक हत्या भएको संभावनालाई लिएर सरकारसमक्ष चिन्ता व्यक्त गरेको कुरा सार्वजनिक।
- ०५८ पुस २४ गते बाजुरा जिल्लाका पूर्व सांसद हिक्मतवहादुर शाहीको कोल्टीस्थित घरमा गई माओवादीहरुले शाहीकी ७१ वर्षीय आमालाई कुटपिट गरी घाइते बनाएको।
- ०५८ पुस २४ गते राति वर्दिया जिल्ला गुलरिया नपा-४ हस्नापुरकट्टीका नेपाली काग्रेसजिल्ला सल्लाहकार समितिका सदस्य ६५ वर्षीय रामशंकर यादवलाई माओवादीहरुले घरमा आई निर्ममतापूर्वक कुटपिट गरी हत्या गरेको। त्यसैगरी रामशंकरकै परिवारका अन्य ६ जनालाई पनि कुटपिट गरी घाइते बनाएको। घाइते हुनेहरुमा १२ वर्षीय राजन यादव, ५५ वर्षीय लिलादेवी यादव, ६२ वर्षीय विश्वेश्वर यादव, ३१ वर्षी कृतिनाथ यादव, २२ वर्षीय सन्तोष यादव, ३४ वर्षीय प्रमोद यादव र २८ वर्षीय विनोदकुमार यादव रहेको। विनोदकुमारको दुवै हात-खुट्टा भाँचिएको। सबैजनालाई घर बाहिर निकाली घरमा बम प्रहार गरी क्षतिग्रस्त बनाएको।
- ०५८ पुस २५ गते गुल्मी जिल्लाको दुबीचौरमा शाही नेपाली सेनाको गस्तीमा रहेको गाडी माओवादीहरुद्वारा थापिएको एम्बुसमा परी ७ जना सैनिक घाइते भएको।
- ०५८ पुस २५ गते नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा सांसद चक्रप्रसाद बाँस्तोलाको झापा जिल्ला बुधबारे गाविसस्थित घरमा माओवादीद्वारा बम विस्फोटन।
- ०५८ पुस २५ गते संकटकालको अनुगमन गर्न गठित नेपाली काग्रेसर नेकपा (एमाले) का कार्यदलहरुको संयुक्त बैठक नेकपा (एमाले) संसदीय दलको कार्यालय, सिंहदरबारमा बसेको। देशमा संकटकालको घोषणापछि भएका घटनाहरुको यथार्थ विवरण संकलन गर्न तथा प्राप्त विवरणको विश्लेषण गरी सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले उक्त बैठक बसेको। बैठकले संविधान मान्ने पार्टीहरुबीच संयुक्त टोली बनाई जिल्ला-जिल्लामा अध्ययन गर्न जाने र अनुगमन कार्यदलहरुका बीच संयुक्त बैठक बस्ने निर्णय गरेको।
- ०५८ पुस २५ गते आतंककारी क्रियाकलाप नियन्त्रणमा सहयोग पुऱ्याउन, माओवादीले प्रयोग गरेको आशंकामा विभिन्न वाणिज्य बैंकमा रहेका

प्रधानमन्त्रीद्वारा सैनिक मुख्यालय भ्रमण

०५८ माघ १ गते प्रधानमन्त्री एवं रक्षामन्त्री शेरवहादुर देउवा सैनिक मुख्यालय जानुभई संकटकाल घोषणा भएयता सुरक्षाकर्मीहरुबाट देशका विभिन्न भागमा भएका काम कारवाहीका सम्बन्धमा जानकारी लिनुभयो। त्यस अवसरमा उहाँले सेनालाई सबै राजनीतिक पार्टीहरुको विश्वास जित्ने गरी सबै सुरक्षा संयन्त्र र सुरक्षाकर्मीहरुसाग समन्वय गरी अघि बढ्न निर्देशनसमेत दिनुभएको थियो। उहाँले माओवादी बिरुद्धको कारवाहीको क्रममा निर्दोष नागरिकहरु नपरुन् भन्ने तर्फ सेनाको विशेष ध्यानाकर्षण गराउनुभएको थियो। संकटकाल घोषणा भएयता प्रधानमन्त्री देउवा सैनिक मुख्यालय गई सैनिक कारवाही बारे जानकारी लिनुभएको यो पहिलो अवसर भएको समाचारहरु प्रकाशित भएका छन्। प्रधानमन्त्रीले सैनिक कारवाहीका बेला भएका मानवअधिकार उल्लंघनका घटना सम्बन्धमा मानवअधिकारवादीद्वारा गराईएका ध्यानकर्षण बारे सैनिक अधिकारीहरुलाई जानकारी गराउनु भएको थियो। उक्त अवरसमा प्रधान सेनापति प्रज्वल्ल शमसेर जवरा, रक्षासचिव पद्म कुमार आचार्य लगायत सैनिक कार्यवाहीमा संलग्न उच्च अधिकारीहरुको उपस्थिति थियो।

शंकास्पद नामका केही खाताहरु रोक्का गरेको। नेपाल राष्ट्र बैंकको समाचार श्रोतको उल्लेख गर्दै पुस २६ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचार अनुसार सरकारी सुरक्षा निकायको आग्रहमा एक दर्जनभन्दा बढी बैंक खाता रोक्का गरिएको।

- ०५८ पुस २५ गते इन्सेकद्वारा, पुस २४ गते संखुवासभा जिल्ला वाना गाविसका उपाध्यक्ष छविलाल तामाङ्गसमेत चारजनालाई सुरक्षाकर्मीद्वारा निर्मम यातना दिइएको र इन्सेक जिल्ला प्रतिनिधि विष्णु पोखेलको सुरक्षाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगसमक्ष ध्यानाकर्षण निवेदन गरिएको।
- ०५८ पुस २५ गते प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) को प्रतिनिधि मण्डलले प्रधानमन्त्री शेरवहादुर देउवासमक्ष संकटकालको नाममा केही जिल्लामा स्थानीय प्रशासनले गरेको ज्यादतीका बारेमा जानकारी गराई त्यस्ता कार्य तुरुन्त रोक्न माग गरेको। उक्त अवसरमा प्रधानमन्त्री देउवाले माओवादीबाहेक अरुमाथि आक्रमण हुनु प्रजातन्त्रमाथि नै आक्रमण हुने भएकाले कुनै कमी कमजोरी हुन नदिने विश्वास व्यक्त गर्नुभएको।
- ०५८ पुस २५ गते म्याग्दी जिल्लाको बाबियाचौर गाविसमा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भीडन्तका क्रममा माओवादी कार्यकर्ता चन्द्र वि.क.को मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २५ गते राति रुकुम जिल्ला विजयेश्वरी गाविसको चौरजहारीस्थित विमानस्थल क्षेत्रमा माओवादीद्वारा आक्रमण। सो क्रममा राष्ट्रिय वाणिज्य बैंक लुट्नुका साथै विमानस्थल कार्यालय, टावर, मिसन अस्पताल, बोर्डिङ्ग स्कूल र खाली रहेको प्रहरी चौकी क्षतिग्रस्त। बैंकमा दश लाख रुपैयाँभन्दा बढी नगद र त्यत्तिकै परिमाणको सुन-चाँदी रहेको जनाइएको।
- ०५८ पुस २६ गते रामेछाप जिल्लाको भटौली गाविस-२ का शिवहरि सार्कीको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भएको। सोही वडास्थित ढिकुरी भन्ने स्थानतर्फ गस्तीमा गएको सुरक्षाकर्मीको टोली सो स्थानमा पुग्नु अघि केही समयको अन्तरमा दुई एम्बुस विस्फोट भएपछि सोही स्थानमा रहेको जोगीकोकुटीबाट झर्दै गरेका सार्कीलाई माओवादीको आशंकामा सुरक्षाकर्मीले गोली प्रहार गरेको।

गर्भवती महिला माओवादीद्वारा पिटिइन्

जाजरकोट जिल्ला झाप्रा गाविस-४ की २८ वर्षीय ललिता खत्रीलाई ०५८ माघ २ गते आफूहरुलाई खाना खान नदिएको आरोपमा माओवादीहरुले निर्मम कुटपिट गरे। पीडितलाई सिस्नुपानी लगाएर कुटपिट गरिएको र कुटपिटका कारण उनको गर्भपतन समेत भएको कुरा झाप्रा गाविसका अध्यक्षलाई उद्धृत गर्दै ०५८ माघ ३ गतेको कान्तिपुर दैनिकमा उल्लेख गरिएको छ।

- ०५८ पुस २६ गते नेपाल पत्रकार महासंघले एक विज्ञप्ति जारी गरी विद्यमान कानून र सरकारद्वारा निर्देशित सीमाभित्र रही सूचना प्रवाह गरिरहेका पत्रकारहरुलाई विनाकारण गिरफ्तार गर्ने, मानसिक यातना दिएर भयभित पार्ने, नागरिक प्रशासन बहाल हुँदाहुँदै सैनिक कारवाही गर्ने र शंकास्पद अभियुक्तको आरोपमा पत्रकारहरुमाथि प्रतिशोधपूर्ण व्यवहार गर्ने जस्ता कार्यहरु भइरहेकोमा आपत्ति जनाएको। पुस २५ गते सम्पन्न महासंघको बसेको केन्द्रीय समितिको वैठकद्वारा विष्णु निष्ठुरीको संयोजकत्वमा महेन्द्र विष्ट र धर्मेन्द्र झा सदस्य रहनु भएको संकटकाल अनुगमन समिति गठन भएको कुरा पनि सार्वजनिक गरिएको।
- ०५८ पुस २६ गते नेकपा (एमाले) द्वारा संकटकालको अनुगमन गर्न गठित समितिद्वारा राष्ट्रिय मानव अधिकार आयोगसमक्ष देशका विभिन्न ठाउँमा भएका घटनाहरुको विवरण पेश गरी कानूनबमोजिम अविलम्ब कारवाही गर्न आग्रह गरेको। साथै, समितिद्वारा सूचना तथा सञ्चारमन्त्री जयप्रकाशप्रसाद गुप्तासँग भेट गरी पत्रकारहरुको गिरफ्तारी तथा संकटकालीन अवस्थामा भएका विभिन्न घटनाहरुको बारेमा जानकारी गराइएको।
- ०५८ पुस २६ गते दाङ्ग जिल्लाको सोनपुर गाविस-८ सुनडवरीका हरि रिजालको माओवादीहरुले घरछेऊमा गोली हानी हत्या गरेको।
- ०५८ पुस २६ गते नेपाल सद्भावना पार्टीको राष्ट्रिय कार्य समितिको वैठकद्वारा संकटकालको घोषणा भएबाट मौलिक हकसमेत निलम्बन हुन गएको ठहर गरिएको।
- ०५७ पुस २७ गते कास्की जिल्ला पुम्दीभुम्दी गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी दुई जना माओवादीको मृत्यु भएको। पोखराबाट स्याङ्जातर्फ गइरहेको सैनिकको गाडीमाथि माओवादीहरुले सकेट बम प्रहार गरेपछि प्रतिकार गर्दा केही व्यक्ति घाइते भएको र तीमध्ये दुई जनाको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २७ गते नेपाली काँग्रेसको केन्द्रीय कार्यालयमा सो पार्टीको उच्चस्तरीय अनुगमन समितिको जनसम्पर्क कार्यदल र नेकपा (एमाले) द्वारा गठित अनुगमन समितिबीच संयुक्त वैठक सम्पन्न। दुवै समितिले प्राप्त गरेका संकटकालीन अवस्थाका सूचनाहरु मिल्दाजुल्दा भएको जानकारी गराएको।
- ०५८ पुस २७ गते बेलुका सुर्खेत जिल्लाको वीरेन्द्रनगर नपा-२ का नेपाली काँग्रेस जिल्ला कार्य समितिका सदस्य तथा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यज्ञवहादुर गुरुङ्गको आफ्नै घरमा खाना खाइरहेको अवस्थामा माओवादीहरुले हत्या गरेको।
- ०५८ पुस २७ गते म्याग्दी जिल्लाको सिंगामा सुरक्षाकर्मीको कारवाहीमा परी सुरक्षाकर्मीहरुलाई एम्बुस थाप्ने कार्यमा सक्रिय रहेका कृष्ण वि.क.को मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २७ गते राति ९ बजेतिर ताप्लेजुङ्ग जिल्ला हाङ्गदेवा गाविसका जनता माविं हाङ्गदेवाका शिक्षक टकवहादुर लिम्बू (पतङ्वा), स्थानीय बासिन्दाहरु रामवहादुर साँवा(लिम्बू) र मचिन्द्र महताराको माओवादीहरुले घर घेरा हाली गोली हानी हत्या गरेको। साथै, टकवहादुरका छोरा जितेन्द्र लिम्बू र मचिन्द्रका छोरा कृष्ण महतारालाई गोली हानी घाइते बनाएको। मृतकहरुमध्ये टकवहादुर किरिया बसेका थिए भने अन्य मृतक र घाइते व्यक्तिहरु कुरुवा बसेका थिए।
- ०५८ पुस २८ गते काठमाण्डौ मैतिदेवीनजिक पार्क गरिरहेको प्रतिनिधिसभाका सदस्य होमनाथ दाहालको गाडीमा माओवादीहरुले विस्फोटक पदार्थ प्रहार गरी क्षतिग्रस्त तुल्याएको।

- ०५८ पुस २९ गते नेपाली काँग्रेसद्वारा गठित उच्चस्तरीय समितिले हालसम्मको संकटकालको स्थिति र प्राप्त सूचनाहरुका बारेमा पार्टी सभापति गिरिजाप्रसाद कोइरालालाई जानकारी गराएको।
- ०५८ पुस २९ गते वाग्लुङ्ग जिल्लाको हटियाम्ना माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भीडन्तका क्रममा एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २९ गते डडेल्धुरा जिल्लाको आलटाल गाविसको मौरी भन्ने ठाउँमा गस्ती गरेर फर्किरहेको जोगबुढा इलाका प्रहरी कार्यालयको गस्ती टोलीमाथि माओवादीहरुले गोली प्रहार गर्दा प्रहरी जवान विष्णु श्रेष्ठको मृत्यु र दुई जना प्रहरी घाइते भएको।
- ०५८ पुस २९ गते बेलुका ७:३० बजेतिर दोलखा जिल्ला जिरी गाविस जिरीबजारका हेमन्त प्रधानको माओवादीहरुले गोली हानी हत्या गरेको। साथै, सोही ठाउँका जीवन श्रेष्ठलाई गोली हानी घाइते बनाएको। हेमन्त प्रधान जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तथा तरुण दलका क्षेत्रीय सदस्य थिए।
- ०५८ पुस २९ गते राति प्युठान जिल्ला धरमपानी गाविस-३ का ओमप्रकाश अधिकारीलाई माओवादीहरुले घरबाट केही पर लगी गोली हानी हत्या गरेको।
- ०५८ पुस २९ गते राति वर्दिया जिल्लाको नर्सरीमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा २ जना माओवादी कार्यकर्ताको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ पुस २९ गते काठमाण्डौको अनामनगरमा पार्क गरिराखेको अवस्थामा राजसभा स्थायी समिति सदस्य भद्राकुमारी घलेको सरकारी सवारी साधनमा माओवादीहरुल पेट्रोल बम प्रहार गरेको।
- ०५८ पुस २९ गते ललितपुर जिल्लाको चापागाउँ र गोदावरीबीचको गाउँबाट नेकपा (माओवादी) का केन्द्रीय सदस्य दिलिप महर्जनलाई सुरक्षाकर्मीले पक्राउ गरेको र उपचारार्थ अस्पताल भर्ना गरिएको कुरा ०५८ माघ २ गतेको कान्तिपुर दैनिकमा जनाइएको। तर, यसको आधिकारिक पुष्टि भने हुन नसकेको।
- ०५८ पुस २९ गते गोरखा जिल्ला घर भई प्रहरी किताबखानामा कार्यरत प्रहरी सहायक निरीक्षक राजन भण्डारीलाई विदामा आफ्नो घर गएको अवस्थामा माओवादीहरुले घरबाट बाहिर निकाली टाउकोमा गोली हानी घाइते बनाएकोमा काठमाण्डौस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार गर्दागर्दै ०५८ माघ २ गते मृत्यु भएको।
- ०५८ पुस २९ गते राति नेकपा (एमाले) काठमाण्डौ जिल्ला कमिटीका सचिव तथा काठमाण्डौ जिल्ला विकास समितिका उपसभापति रामेश्वर फुयाँलको बा.१झ ४६९७ नम्बरको गाडीमा माओवादीले आगो लगाउँदै गर्दा स्थानीय जनताले प्रतिकार गरी क्षति हुनबाट बचाएको कुरा नेकपा (एमाले) ले एक प्रेस विज्ञप्ति जारी गरी जनाएको।
- ०५८ माघ १ गते विभिन्न राजनीतिक दलहरुद्वारा गठित संकटकाल अनुगमन कार्यदलहरुको संयुक्त वैठक सम्पन्न। वैठकद्वारा राजनीतिक पहलविनाको बल प्रयोगबाट मात्र संकटकालीन अवस्थाको घोषणाको लक्ष्य प्राप्त हुन नसक्ने निष्कर्ष निकालिएको। वैठकद्वारा संकटकालीन अधिकारको दुरुपयोगमा बृद्धि भएको, सरकारको कार्यशैली गम्भीर एवं जिम्मेवारपूर्ण नभएको र भ्रष्टाचार अत्यन्त बढेर गएको ठहर गर्नुका साथै यसक्रममा थुप्रै निर्दोष व्यक्तिले ज्यान गुमाउनु परेको, सयौं व्यक्तिलाई पक्राउ गरिएको, कतिपय प्रमुख जिल्ला अधिकारीहरुको बदनियतपूर्ण भूमिका रहेको हुँदा प्रधानमन्त्री र गृहमन्त्रीको ध्यानाकर्षण गराउने निर्णय गरेको।
- ०५८ माघ १ गते दिउँसो मोरङ्ग जिल्लाको भोगटेनी गाविस-८ मा सुरक्षाकर्मीको कारवाहीमा परी वास्तविक नाम थाहा हुन नसकेका हिमाल भन्ने एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको। सुरक्षाकर्मीको घेरा तोडी भाग्न खोजेकोले गोली प्रहार गरिएको बताइएको। उनको लास माघ २ गते विराटनगरस्थित सिंगिया खोलामा सुरक्षाकर्मीहरुको कडा सुरक्षाबीच दाहसंस्कार गरिएको।
- ०५८ माघ १ गते सर्लाही जिल्लाको पिपरिया गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी गंगा महतो र चन्द्रवहादुर श्रेष्ठको मृत्यु भएको कुरा माघ ३ गतेको कान्तिपुर दैनिकले जनाएको। मृतकहरुलाई केही दिन अघि सुरक्षाकर्मीले पक्राउ गरेको र सुरक्षा घेरा तोडी भाग्न खोज्दा कारवाही गरिएको कुरा उल्लेख गरिएको।
- ०५८ माघ १ गते रोल्पा जिल्लामा माओवादीहरुसँगको भीडन्तका क्रममा सुर्खेत जिल्ला छिन्चु गाविस-७ घर भएका शाही नेपाली सेनाका पोष्ट नायक पूर्णमान पुरीको मृत्यु भएको।
- ०५८ माघ २ गते नेपाली काँग्रेसले माओवादीहरुको आक्रमणमा परी मारिएका व्यक्तिका परिवारहरुलाई सहयोग पुऱ्याउन र घाइतेहरुको अवस्थाको जानकारी लिई औषधी उपचारमा उचित ध्यान दिन सो पार्टीका केन्द्रीय कार्य समिति सदस्य डा. रामवरण यादवको संयोजकत्वमा एक उच्चस्तरीय स्वास्थ्य समिति (मानवीय सहयोग समिति) गठन गरेका कुरा पार्टीद्वारा जारी गरिएको प्रेस विज्ञप्तिमा जनाइएको।
- ०५८ माघ २ गते नेकपा (एमाले) केन्द्रीय सदस्य तथा राष्ट्रिय सभाका विपक्षी दलका सचेतक सुरेन्द्र पाण्डेको काठमाण्डौ महानगरपालिका-१४ सुनारगाउँमा पार्किङ्ग गरिराखेको बा.१झ ५३७९ नम्बरको गाडी माओवादीहरुले पेट्रोल बम प्रहार गरी क्षतिग्रस्त बनाएको कुरा नेकपा (एमाले) द्वारा जारी प्रेस विज्ञप्तिमा जनाइएको।
- ०५८ माघ २ गते गोरखा जिल्लाको छोप्राक गाविस-७ माझगाउँमा सुरक्षाकर्मीसँगको दोहोरो भीडन्तमा परी मीना मरहठ्ठा र शंकर तमु (गुरुङ्ग) को

माओवादीद्वारा मानवअधिकारकर्मी शिक्षकको हत्या

लमजुङ् जिल्ला चन्द्रेश्वर गाविस दुराडाँडास्थित पाणिनी संस्कृत माविका प्रधानाध्यापक सोही गाविस-६ छहरेपानीका मानवअधिकारकर्मी ४६ वर्षीय मुक्तिनाथ अधिकारीको ०५८ माघ ३ गते माओवादीहरुले गोली हानी हत्या गरे। दिउँसो विद्यालयमा पढाइरहेको अवस्थामा माओवादीहरुले अपहरण गरी सोही गाविस-४ खजेगाउँमा पुऱ्याई हत्या गरेका थिए। अधिकारी विश्व मानवअधिकार संस्था एमनेष्टी इन्टरनेशनल, नेपालको लमजुङस्थित दुराडाँडा समूह-७९ का संयोजक हुनुहुन्थ्यो।

मृत्यु भएको। मीना मरहठ्ठा केही महिनाअघि गोरखा जेलबाट भाग्न सफल भएकी थिइन् भने शंकर तमु गोरखाका माओवादी "जिल्ला जनसरकार" प्रमुख थिए।

- ०५८ माघ २ गते दार्चुला जिल्लाको सुनसेरामा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तका क्रममा चार जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ २ गते राति दाङ्ग जिल्ला लालमटिया गाविस-६ मौरीघाटका नेपाली काग्रेसक्षेत्र नं. १ का सभापति श्रीनारायण चौधरीलाई घरबाट बाहिर निकाली मौरीघाट चोकमा लगेर बन्दुकको कुन्दा, लाठी लगायत्का हतियार प्रहार गरी हत्या गरेको। साथै दश लाख रुपैयाँभन्दा बढीको धनमाल लुटेर लगेको कुरा पीडितका छोराले बताएको। हत्यापश्चात् माओवादीहरुले मौरीघाट चोकमा अन्धाधुन्ध गोली प्रहार गर्दा बसमा यात्रा गरिरहेका दाङ्ग जिल्ला चैलाही गाविस-७ का मनिराम चौधरी घाइते भएको र वरपरका घरमा समेत गोली लागेको।
- ०५८ माघ २ गते राति सुर्खेत जिल्ला कारागारबाट ३० जना बन्दीहरु ३० फिट लामो सुरुङ्ग खनी फरार भएको। फरार बन्दीहरुमध्ये २५ जना थुनुवा र ५ जना कैदी। तीमध्ये राज्यविरुद्धको अपराधका १२ जना, कर्तव्य ज्यानका ११ जना, जीउ मास्ते र बेच्ने २ जना, चोरी-डकैतीका २ जना र राज्यविरुद्धको अपराधअन्तर्गतका कर्तव्य ज्यानका ३ जना रहेको कुरा जेल प्रशासनले जनाएको। घटनाकासम्बन्धमा आवश्यक छानबिन गरी एक हप्ताभित्र प्रतिवेदन पेश गर्न सरकारले कारागार व्यवस्थापन विभागका महानिर्देशक उमेशप्रसाद मैनालीको संयोजकत्वमा तीन सदस्यीय छानबिन टोली गठन भएको कुरा गृह मन्त्रालयले जनाएको।
- शाही नेपाली जंगी अड्डाले आफ्ना मातहतका बाहिनी र गणहरुका साथै फिल्डमा कार्यरत सैनिक प्लाटुनहरुलाई माओवादीविरुद्धको सैनिक कारवाहीमा कुनै पनि सर्वसाधारण तथा निर्दोष नागरिकलाई कुनै पनि आघात नपुऱ्याउन र त्यसका निम्ति विशेष सचेतनता अपनाउन निर्देशन जारी गरेको कुरा ०५८ माघ ३ गतेको कान्तिपुर दैनिकमा प्रकाशित एक समाचारमा उल्लेख गरिएको।

माओवादीद्वारा शिक्षिकाको कपाल मुण्डन

तनहुँ जिल्ला वरभञ्ज्याङ्ग गाविस सेपाको बगैंचा भन्ने ठाउँमा अवस्थित महादेवता प्राविकी प्रधानाध्यापिका ३० वर्षीय सोविता न्यौपानेलाई ०५८ माघ ५ गते दिउँसो १२:४५ बजे माओवादीहरुले कक्षा कोठाबाट बाहिर निकाली अमानवीय तवरले कुटपिट गर्नुका साथै कपालसमेत मुण्डन गरिदिए।

- ०५८ माघ ३ गते बेलुका ७:३० बजेतिर मुगु जिल्ला श्रीनगर गाविस-५ का पूर्व जिविस सभापति तथा नेपाली काँग्रेसका महासमिति सदस्य बखतवहादुर शाहीको सदरमुकाम गमगढीस्थित आफ्नै निवासमा माओवादीहरुले गोली हानी हत्या गरेको।
- ०५८ माघ ३ गते राति पाल्पा जिल्ला दर्लमडाँडा गाविस-६ का नेपाली काँग्रेसका कार्यकर्ता मनवहादुर थापाको माओवादीहरुले गोली हानी हत्या गरेको।
- ०५८ पुस ३ गते बेलुका खोटाङ्ग जिल्लाका नेपाल शिक्षक संघका जिल्ला सभापति तथा चिसापानी उच्च माविका प्रधानाध्यापक हर्कवहादुर राईको माओवादी समर्थक खम्बुवान मुक्ति मोर्चाका कार्यकर्ताहरुले गोली हानी हत्या गरेको। चिसापानीस्थित आफ्नै निवासबाट पुस ३ गते दिउँसो अपहरण गरी काउले गाविसको हुम्मापोखरीमा पुऱ्याई गोली हानी राई हत्या गरिएको थियो।
- ०५८ माघ ३ गते राति डडेल्धुरा जिल्लाको जोगबुढामा सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भीडन्तमा परी ३ जना माओवादीको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ३ गते राति लमजुङ जिल्लाको कुमालगाउँमा सुरक्षाकर्मीमाथि आक्रमण गर्ने माओवादीहरुमाथि जवाफी कारवाही गर्दा २ जना माओवादीको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ३ गते नेपाली काँग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाद्वारा सरकारले माओवादी पीडितलाई मानवोचित सहयोग नपुऱ्याएको धारणा व्यक्त। नेपाली काँग्रेसद्वारा गठित उच्चस्तरीय मानवीय सहयोग समितिको वैठकमा सहभागी हुँदै कोइरालाद्वारा उक्त धारणा व्यक्त गरिएको।
- ०५८ माघ ४ गते काठमाण्डौमा आयोजित एक कार्यक्रममा वरिष्ठ वाम नेताहरुद्वारा मुलुकमा संकटकाल लागू गरिएको अवस्थामा संविधान मान्ने राजनीतिक दलहरु तथा निर्दोष जनता प्रभावित भएको उल्लेख गर्दै संकटकाललाई यथासक्य छोटो बनाएर ०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धीहरुको रक्षा गर्नु पर्ने विचार व्यक्त। संयुक्त मार्क्सवादी मोर्चाद्वारा आयोजित "संकटकाल र वाम प्रजातान्त्रिक शक्तिको भूमिका" विषयक विचार गोष्ठीमा आ-आफ्नो मन्तव्य व्यक्त गर्दै नेताहरुद्वारा उक्त विचार व्यक्त।
- ०५८ माघ ४ गते सर्वोच्च अदालतले संकटकालका नाममा न्यायपालिकाको बजेट कटौती नगर्न अर्थ मन्त्रालयलाई पत्र लेखी आग्रह गरिएको कुरा अदालतका रजिष्टार श्रीप्रसाद पण्डितद्वारा सार्वजनिक जानकारी गराइएको। मन्त्रिपरिषद्ले ०५८ मंसिर २८ गते न्यायपालिकातर्फ विनियोजन भएको बजेटमध्ये ५ करोड ५६ लाख ७१ हजार रुपैयाँ कटौती गर्ने निर्णय गरेको थियो।

माओवादीद्वारा घाइते बनाइएकाहरुको उपचार

नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा मुलुकमा संकटकाल घोषणा भएको दिन गठन गरिएको समूहगत घाइते व्यवस्थापन टोली (Mass Casualty Management Team) ले दुई महिनाको अवधिमा ७० भन्दा बढी घाइतेहरुको उपचार गरिसकेको कुरा अस्पताल सूत्रले जनाएको। यसरी उपचार गरिएकाहरु सबै माओवादी पीडित रहेको। माओवादीको आक्रमणबाट घाइते भएकाहरुको उपचारार्थ सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिसमा बाँके जिल्ला प्रशासन कार्यालयले अस्पतालसमक्ष सिफारिस गर्ने गरेको। घाइतेहरुको उपचारका लागि समय वा खर्चको सीमा नराखिएको भए पनि त्यस्तो खर्च बढीमा १०-१२ हजारसम्म हुने गरेको कुरा अस्पतालका प्रमुख डा. दुर्गा प्रधानले जनाउनु भएको। यो सेवा प्रशासनको आर्थिक सहयोग पाउञ्जेल चलाउने अस्पतालले जनाएको।

०५८ / १० / ८

प्रेस विज्ञप्ति

केही समययता देशका विभिन्न जिल्लामा नेकपा (माओवादी) द्वारा शिक्षक, राजनीतिक कार्यकर्ता तथा सर्वसाधारणहरुको नृशंस हत्या गर्ने, अंगभंग गर्ने, महिला तथा बृद्धहरुमाथि अमानवीय व्यवहार गर्ने क्रियाकलापहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। मुलुकमा संकटकालीन अवस्थाको घोषणा भए पश्चात् माओवादीहरुबाट प्रहरी र सैनिकबाहेक ८२ जनाको हत्या भएको छ। त्यसरी हत्या हुनेहरुमध्ये २५ जना विभिन्न राजनीतिक पार्टीका कार्यकर्ता, ८ जना शिक्षक, ५ जना विद्यार्थी र ४४ जना अन्य व्यक्ति रहेका छन्। माओवादीहरुद्वारा राखिएका विस्फोटक पदार्थमा बालबालिकाहरुसमेत परेका छन्। माओवादीहरुद्वारा शिक्षक र सर्वसाधारणमाथि अत्यन्त अमानवीय व्यवहार गरिएका घटनाहरु पनि दोहोरिँदै आएका छन्। हामी यस्ता क्रियाकलापको घोर भर्त्सना गर्दछौं। आमूल परिवर्तनको माग राखेर संघर्ष गरिरहेको र सरकारसँग वार्तामा समेत संलग्न भइसकेको राजनीतिक पार्टीले गरेको अराजनीतिक क्रियाकलापहरु निन्दनीय छन्। सरकारद्वारा आतंककारी घोषित नेकपा (माओवादी) का पछिल्ला क्रियाकलापले सरकारी घोषणाको पुष्टि गर्न खोज्दैछन्। अर्कोतर्फ, माओवादीहरुको 'आतंककारी' गतिविधि नियन्त्रण गर्ने वहानामा सरकारबाट गरिएको कारवाहीमा निर्दोष व्यक्तिहरु पनि परिरहेकोतर्फ श्री ५ को सरकारको ध्यानाकर्षण गराउँदछौं। हामी कुनै पनि पक्षबाट कुनै पनि बहानामा मानवअधिकार र मानवीय कानूनका न्यूनतम मापदण्डहरुको समेत उल्लंघन हुनु हुँदैन भन्ने मान्यता पुनः दोहोऱ्याउँदछौं। नेकपा (माओवादी) समक्ष अराजनीतिक, अमानवीय र बर्बर घटनाहरु नदोहोऱ्याउन तथा मानवअधिकारको सम्मान गर्न सार्वजनिकरुपमा हार्दिक अनुरोध गर्दछौं। जुनसुकै परिस्थितिमा पनि नागरिकको जीउ-ज्यानको सुरक्षा गर्ने राज्यको दायित्व भएकाले श्री ५ को सरकारलाई पनि त्यसतर्फ गम्भीर हुन हार्दिक आग्रह गर्दछौं।

सुबोधराज प्याकुरेल
महासचिव

- ०५८ माघ ४ गते कैलाली जिल्ला थापापुर गाविसका उपाध्यक्ष पर्शुराम चौधरीको माओवादी आक्रमणका कारण मृत्यु भएको। चौधरीलाई सोही दिन दिउँसो माओवादीहरुले सांघातिक आक्रमण गरी गम्भीर घाइते तुल्याएकोमा उपचारार्थ धनगढी लैजाँदा-लैजाँदै बाटोमा मृत्यु भएको।
- ०५८ माघ ५ गते अमेरिकी विदेशमन्त्री कोलिन पावेलको नेपाल आगमन। दुई दिने औपचारिक भ्रमणमा नेपाल आउनु भएका पावेलद्वारा प्रजातन्त्रमा हिंसाको कुनै स्थान नहुने धारणा व्यक्त गर्दै अन्तर्राष्ट्रिय आतंकवादविरुद्ध चालिएको लडाइँप्रति नेपालको समर्थनका लागि धन्यवाद दिनुभएको। नेपालमा पनि आतंककारी घटना बढेको र माओवादी "आतंककारी"हरुले नेपाली जनता, प्रहरी र सेनामाथि आक्रमण गरेको उल्लेख गर्दै नेपाली जनता तथा प्रजातान्त्रिक संस्थाहरुको अधिकार संरक्षण गर्न श्री ५ को सरकारले चालेको कदमप्रति समर्थन जनाउनु भएको। पावेलले नेपालमा विद्यमान संकटकाल सीमित अवधिका लागि मात्र रहने विश्वास व्यक्त गर्दै यस अवसरमा मानवअधिकारको संरक्षणमा निर्वाचित सरकारले विशेष सतर्कता अपनाउन सरकारलाई आग्रह गर्नुभयो।
- ०५८ माघ ५ गते प्रमुख विपक्षी नेकपा (एमाले) लगायत् दश वाम समूहको संयुक्त वैठकले सरकार र माओवादी दुवै पक्षका क्रियाकलापहरुको आलोचना गरेको। वैठकले माओवादीहरुलाई हत्या, हिंसा र आतंकपूर्ण गतिविधि त्यागेर वार्तामा आउन आग्रह गरेको। वैठकद्वारा सरकारले संकटकालीन अधिकारको व्यापक दुरुपयोग गरेको र संकटकाल लम्ब्याउने षडयन्त्र गरेको ठहर गरिएको।
- ०५८ माघ ५ गते बिहान प्युठान जिल्ला दाखाक्वाडी गाविस-५ का ७० वर्षीय गिरवहादुर खड्कार्को माओवादीहरुले हत्या गरे। खड्कालाई माघ ४ गते आफ्नै घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले अपहरण गरेका थिए।
- ०५८ माघ ५ गते राति कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-४ का नेपाली काँग्रेसका कार्यकर्ता मदनराज जोशीको माओवादीहरुले हत्या गरे।
- ०५८ माघ ५ गते राति म्याग्दी जिल्लाको ज्यामरुकोट गाविस-९ का पूर्व गाविस अध्यक्ष ६० वर्षीय भीमवहादुर घिमिरेलाई घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले घरबाट बाहिर निकाली खुकुरी प्रहार गरी हत्या गरे।
- ०५८ माघ ५ गते रुकुम जिल्ला चुनवाङ्ग गाविसमा सुरक्षाकर्मीको कारवाहीमा परी एक जना माओवादीको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।

- ०५८ माघ ६ गते बिहान बाजुरा जिल्लाको पाण्डुसेन गाविसमा सुरक्षाकर्मीको कावाहीमा परी डबले लोहारको मृत्यु भएको। लोहार माओवादीका जिल्ला कमाण्डर भएको बुझिएको। त्यसैगरी उदयपुर जिल्लाको लाफगाउँ गाविसमा सुरक्षाकर्मी र माओवादीबीच भएको भीडन्तका क्रममा एक जना माओवादीको मृत्यु भएको।
- ०५८ माघ ६ गते लमजुङ जिल्लाको ईशानेश्वर गाविस-४ का पूर्व शिक्षक केदारनाथ घिमिरेको माओवादीहरुले हत्या गरे। घिमिरेलाई माओवादीले सोही दिन विहान घरबाट अपहरण गरी मादी नदीको किनारमा पुऱ्याई हत्या गरेका थिए।
- ०५८ माघ ७ गते वाग्लुङ्ग जिल्लाको अमलाचौर गाविस-९ मा सुरक्षाकर्मीको कारवाहीमा परी नारायण आचार्य, तिलक चापागाईं र जीवन सुब्बाको मृत्यु भएको। माओवादीहरुले सुरक्षाकर्मीहरुमाथि सकेट बम आक्रमण गरेको र त्यसको प्रतिकार गर्दा ती ३ जनाको मृत्यु भएको र घाइते भएका अन्य २ जना माओवादी कालीगण्डकी नदीमा हाम फाली बेपत्ता भएको रक्षा मन्त्रालयले जनाएको। बेपत्ता भएका २ जना माओवादीको लास नदी किनारमा स्थानीय बासिन्दाहरुले देखेको कुरा माघ ९ गतेको स्पेसटाइम दैनिकले जिल्ला संवाददातालाई उद्धृत गर्दै जनाएको।
- ०५८ माघ ७ गते ताप्जेलुङ्ग जिल्लाको सावामा सुरक्षाकर्मीसँगको भीडन्तमा नरेन्द्र लिम्बुको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ७ गते वझाङ्ग जिल्लाको मालुमेलामा सुरक्षाकर्मीको कारवाहीमा परी विर्खवहादुर सिंहको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको। सिंह माओवादीको एरिया कमाण्डर भएको बताइएको।
- ०५८ माघ ७ गते राति कञ्चनपुर जिल्लाको दैजी गाविस-८ का १९ वर्षीय हिक्मतसिंह विष्टलाई राति १२ बजेतिर घरमा सुतिरहेको अवस्थामा माओवादीहरुले घरबाट नजिकैको खोलामा लगी खुकुरी प्रहार गरी हत्या गरेको।
- ०५७ माघ ७ गते काठमाण्डौमा आयोजित एक छलफल कार्यक्रममा सत्तारुढ दल नेपाली काँग्रेसका प्रवक्ता अर्जुननरसिंह के.सी. ले संकटकाललाई व्यवस्थित गर्न संविधानको धारा ११५ (७) अन्तर्गत आदेश जारी हुन नसक्नु सरकारको कमजोरी भएको बताउनु भएको। सोही कार्यक्रममा नेकाँ केन्द्रीय सदस्य लक्ष्मण घिमिरेले अझै पनि काँग्रेसका नेताहरुले माओवादीलाई चन्दा दिइरहनु आत्मघाती काम भएको बताउनु भएको।
- ०५८ माघ ७ गते जाजरकोट जिल्लाको पजारु गाविस-८ टिकाचौरस्थित माओवादी तालिम शिविरमा तालिम लिइरहेका माओवादीहरुले बोकेको पाइप बम विस्फोट हुँदा १० जना माओवादीको मृत्यु भएको र ५ जना घाइते भएको।
- ०५८ माघ ८ गते कैलाली जिल्लाको मस्युरिया गाविस-५ का २४ वर्षीय मीनवहादुर बमलाई बडैपुरस्थित आफ्नो पेट्रोलपम्पबाट माओवादीहरुले लखेट्दै ५० मिटरजति टाढा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरेको।
- ०५८ माघ ८ गते कञ्चनपुर जिल्लाको शंखपुर गाविसमा सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भीडन्त हुँदा ५ जना माओवादीको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ८ गते लमजुङ्ग जिल्लाको गहते नजिकको जंगलमा सुरक्षाकर्मी र माओवादीबीच भीडन्त हुँदा ३ जना माओवादीको मृत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ८ गते रोल्पा जिल्लाको खुमेल गाविस गोठमाई नजिक सुरक्षाकर्मीको कारवाहीमा परी २ जना माओवादीको मृत्यु भएको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ ८ गते सम्पन्न प्रतिनिधिसभा राज्य व्यवस्था समिति र परराष्ट्र तथा मानवअधिकार समितिका छुट्टाछुट्टै वैठक संकटकालप्रति केन्द्रित। वैठकहरुद्वारा संकटकालमा जनताको न्यूनतम अधिकारको हनन हुन नपाओस् भन्ने विषयमा पूर्ण सचेत रहन सरकारलाई निर्देश।
- ०५८ माघ ८ गते पोखरामा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री शेरवहादुर देउवाद्वारा अहिल्यै संकटकालको समयसीमा तोक्न नहुने र संकटकाल तीन महिनापछि पनि जारी रहिरहने धारणा व्यक्त गर्नुभएको।
- ०५८ माघ ९ गते राष्ट्रिय मानव अधिकार आयोगले एक प्रेस विज्ञप्ति जारी गरी कुनै पक्षबाट कुनै पनि बहानामा मानवअधिकारको उल्लंघन हुनुहुँदैन भन्ने आयोगको दृढ मान्यता रहेको बताएको। आयोगले अमानवीय र बर्बर घटनाहरु नदोहोऱ्यान तथा मानवअधिकारको पूर्ण सम्मान गर्न माओवादीलगायत् सबै पक्षसँग आग्रह गरेको।
- ०५८ माघ ९ गते संकटकालीन अवस्थाको घोषणापछि पहिलो पटक नागरिक समाजका प्रतिनिधिहरुसँग वार्तालाप गर्दै प्रधानमन्त्री शेरवहादुर देउवाले अब वार्ताका लागि माओवादीहरुले हतियार बुझाएर आउनु पर्ने बताउनु भएको। संसदीय अध्ययन तथा विकास संस्थापनाद्वारा आयोजित सो वार्तालाप

मानवअधिकारकर्मीहरु अपहरित

सामाजिक विकास केन्द्र (सोडाक), अछामका अध्यक्ष भक्तराज ढुङ्गाना, सदस्य माया शाह र विन्दु रावललाई ०५८ माघ ७ गते माओवादीहरुले अपहरण गरेकोमा माघ ९ गते मुक्त गरे। पीडितहरुलाई विनायक गाविसमा आयोजित महिला जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिरहेको अवस्थामा माओवादीहरुले अपहरण गरेका थिए।

प्रधानमन्त्रीद्वारा माओवादीलाई चन्दा ?

०५८ माघ १० गते प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको छलफल कार्यक्रममा राप्रपाका नेता जोगमेहर श्रेष्ठ र संजमोका महासचिव तथा सांसद लीलामणि पोखरेलले माओवादीलाई प्रधानमन्त्री देउवाले पछिल्लो पटक रु ९,०००।-, चार जना बहालवाला मन्त्रीले पटक-पटक गरि रु१०,००,०००।- र सत्तारुढ दल नेपाली काँग्रेसका १४ जना सांसदले नियमित रुपमा चन्दा बुझाएको प्रमाण आफूहरुसंग रहेको बताउनु भयो।

कार्यक्रममा प्रधानमन्त्री देउवाले भन्नुभयो- "अहिले माओवादीहरु संकटकालीन अवस्था विरुद्ध दबाब सृजना गर्न नागरिक समाजका प्रतिनिधिहरुको ढोका-ढोका धाउँदै छन्। माओवादीका विरुद्ध विद्वानहरु बोल्न डराउँछन्। सरकार प्रजातान्त्रिक भएकोले उसको विरोध गर्न डराउँदैन।"

- ०५८ माघ ९ गते नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष एवं सांसद नारायणमान विजुक्छेले मुलुकमा संकटकाल लागू भए तापनि सरकार र माओवादी पक्षले जनतालाई सताइरहेको धारणा व्यक्त गर्नुभएको।
- दाङ्ग जिल्ला तुल्सीपुर नगरपालिका-११ अस्वाराका भीमसेन शाह र प्रताप शाहलाई ०५८ पुस २६ गते माओवादीहरुले अपहरण गरेकोमा हाल हत्या गरिसकेको आशंका। माओवादीहरुले तुल्सीपुर वरपरका क्षेत्रहरुमा शाहद्वयको "सफाया गरिएको" भन्ने व्यहोराको पर्चा पम्प्लेट छरेको हुनाले हत्या भइसकेको आशंका गरिएको।
- ०५८ माघ ९ गते प्यूठान जिल्लाको चुजा गाविसमा सुक्षाकर्मीको कारवाहीमा परी निलप्रसाद पौड्यालको मत्यु भएको रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ १० गते सत्तारुढ नेपाली काँग्रेस, प्रमुख विपक्षी नेकपा (एमाले) लगायत् संसदमा प्रतिनिधित्व गर्ने सबै ८ राजनीतिक दलहरुले संकटकालीन अवस्थाको घोषणा भएयता नागरिक प्रशासनलाई सैनिक शक्तिले किनारा लगाउन थालेको र आम जनता पीडित बनेको दावी गरे। प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिद्वारा, संकटकालीन अवस्थाको घोषणा गरेपछिको अवस्थाका बारेमा छलफल गर्न आयोजित अन्तरक्रिया कार्यक्रममा सो कुरा विभिन्न पार्टीका प्रवक्ता, नेता, अनुगमन कार्यदलका सदस्यहरुबाट व्यक्त गरिएको थियो।
- ०५८ माघ १० गतेको परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको बैठकमा नेकपा (एमाले) लगायत अन्य प्रतिपक्षी दलका प्रतिनिधिहरुद्वारा आ-आफ्नो पार्टीका गिरफ्तार गरिएका कार्यकर्ताहरुको विवरण प्रस्तुत। विवरण् अनुसार एमालेका १०३ जना, संजमो नेपालका १८ जना, राजमोका ३२ जना र नेमकिपाका १२ जना कार्यकर्तालाई गिरफ्तार गरिएको।
- ०५८ माघ १० गते स्याङ्जा जिल्लाको चालु पहाडमा सुरक्षाकर्मीको कारवाहीमा परी ३ जना माओवादीहरुको मृत्यु भएको। त्यसैगरी सोही दिन नुवाकोट जिल्लाको बेलकोट गाविस-६ मा सुरक्षाकर्मीको कारवाहीमा परी चन्द्रवहादुर तामाङ्गको मृत्यु भएको।
- ०५८ माघ १० गते पाँचथरको गोपेटार प्रहरी चौकीमा राति एघार बजेदेखि विहान ४ बजे सम्म प्रहरी र माओवादी बीच भीडन्त हुँदा पाँचजना सुरक्षाकर्मी र दुईजना माओवादीको मृत्यु र पाँच जना प्रहरी घाइते भएको गृहमन्त्रालयद्वारा सार्वजनिक जानकारी गराइएको। मृत्यु हुनेहरुमा प्रहरी जवानहरु २६ वर्षीय गोविन्द थपलीया (तेह्रथुम), २३ वर्षीय जयराम घिमिरे (झापा), २२ वर्षीय दिपक पोखरेल (सिराहा), २३ वर्षीय यामकुमार (पाँचथर) र ३२ वर्षीय हवल्दार भीम भुजेल रहेको।
- ०५८ माघ १० गते बौद्धिक ऐक्यवद्धता समूहद्वारा राजधानीमा आयोजित कार्यक्रमका वक्ताहरुले माओवादीहरु तत्काल युद्धविरामको घोषणा गरी वार्तामा आउनुपर्ने र सरकार पनि संकटकाल र सेना परीचालन बन्द गर्न तयार हुनु पर्ने बताए। सो कार्यक्रममा प्रधानमन्त्री र माओवादीका अध्यंक्षलाई एक खुल्ला ज्ञापनपत्र मार्फत संविधानसभा जरुरी छ कि छैन भन्ने बारेमा जनमत संग्रह गर्दै वार्ता र व्यापक आर्थिक, सामाजिक,राजनीतिक परीवर्तन नै अहिलेको संकटको निकास भएको बताइयो।
- ०५८ माघ ११ गते प्रतिनिधि सभा, राज्यव्यवस्था समितिको बैठकमा संकटकालीन अवस्था घोषणाको औचित्य स्पष्ट पार्न उपस्थित प्रधानमन्त्री शेरवहादुर देउवाले संविधानको धारा १११(७) बमोजिम आदेश हुने, सुरक्षाकर्मीबाट कमी-कमजोरी भएको, पक्राउ परेका कसैलाई पनि नमार्ने आदेश सुरक्षाकर्मीलाई दिएको बताउनु भएको।
- ०५८ माघ ११ गते प्रतिनिधिसभा राज्य व्यवस्था समितिको बैठकमा गृहमन्त्री खुमवहादुर खड्काद्वारा संकटकालको दुई महिनामा २०० माओवादी, १७ प्रहरी र १४ सैनिकको ज्यान गएको,३१२ जनाले आत्मसमर्पण गरेको, ५,१३६ पक्राउ परेकोमा २,८३४ लाई रिहा गरिसकेको, १,०३९ माथि मुद्दा चलाइएको, १,२६३ हिरासतमा रहेको र ५२ जनालाई नजरबन्दमा राखिएको तथ्याङ्क प्रस्तुत।
- ०५८ माघ ११ गते सरकारले रेडक्रसको अन्तराष्ट्रिय समिति (आइ.सी.आर.सी) लाई संकटकालको अवधिमा पक्राउ परेका माओवादी कार्यकर्ता राखिएका कारागार र हिरासतको निरीक्षण गर्न स्वीकृति दिएको जानकारी।

नेपाल पत्रकार महासंघका राष्ट्रिय पार्षद पक्राउ

०५८ फागुन १९ गते राति १०:३० बजे साँघु साप्ताहिकका प्रकाशक तथा सम्पादक गोपाल बुढाथोकी, बागबजार स्थित आफ्नो कार्यालयबाट बाटप ११४३ नं को मोटरसाइकलमा घर तिर हिंडे। राति एक बजे सम्म घर नपुगेको जानकारी पाएपछि उनका सहकर्मीहरुद्वारा विभिन्न ठाउँमा फोन गरी उनको पत्ता लगाउने प्रयत्न गरियो। आइतबार राति १०:३० बजे कार्यालयबाट बाहिरिएपछि ३।४ वटा मोटरसाइकल चालकले बुढाथोकीको पिछा गरेको कुरा प्रत्यक्षदर्शीहरुद्वारा बताइएको समाचार सार्वजनिक भयो। मंसिर २० गते पनि बुढाथोकीलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी सकिएकोले यस पटक पनि पक्राउ गरिएको हुन सक्ने आशंका गर्दै विभिन्न पत्रकार संघ- संस्था र मानवअधिकार संस्थाहरुद्वारा फागुन २० गते बुढाथोकीको स्थिति सार्वजनिक गर्न माग गरियो। ०५८ फागुन २१ गते प्रतिनिधिसभाको बैठकमा नेकपा एमालेका सांसद रघुजी पन्तद्वारा पत्रकार बुढाथोकीको अवस्था बारे संसदलाई जानकारी गराउनु पर्ने माग गरियो। ०५८ फागुन २२ गते प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा, सुरक्षाकर्मीको मनोवल घटाउने र आतंककारीलाई मद्दत पुग्ने सामग्री प्रकाशित गरेकोले गोपाल बुढाथोकीलाई सुरक्षा निकायले नियन्त्रणमा राखेको जानकारी दिइयो। बुढाथोकी २४ दिनपछि रिहा गरिए।

- ०५८ माघ ११ गते रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्ती अनुसार सुरक्षाकर्मीको कारवाहीमा परी गोरखा जिल्लाको स्वारा गाविसमा नारायणकुमार श्रेष्ठ र पूजा, ताप्लेजुङ्गको फुलिङ्गमा चन्द्रप्रसाद कडरिया, पाँचथरको गोपेटारमा एकजना, खोटाङ्गको लेखखर्कमा मण्डेला भन्ने राजन राई, म्याग्दीको अर्थुंगेमा राजाराम कार्की (शैलेस)को मृत्यु भएको।
- ०५८ माघ ११ गते माओवादीहरुले पूर्व प्रधान सेनापति गडुल शम्सेर ज.ब.राको बारा जिल्ला सिहर्वा गाविस-५ स्थित घरमा बम प्रहार गर्दा घर क्षतिग्रस्त भएको। माओवादीहरुद्धारा घरमा बस्ने दुई कामदारलाई कुटपीट गर्नुका साथै ट्याक्टरमा पनि आगो लगाइदिएको।
- ०५८ माघ १२ गतेको समाचारपत्र दैनिकमा प्रकाशित समाचार अनुसार राष्ट्रिय मानवअधिकार आयोगले संकटकालीन अवस्थालाई सरकारले राम्रो संग व्यवस्थापन गर्न नसक्दा व्यापक दुरुपयोग भइरहेको विश्लेषण गरेको। मुलुकको पूर्वी तथा पश्चिमी क्षेत्रमा स्थलगत अध्यन गरी फर्किएको आयोगका सदस्यद्वय डा. कपिल श्रेष्ठ र सुशील प्याकुरेल तथा सचिव डा. शंकरकुमार श्रेष्ठको टोलीले सो निष्कर्ष निकालेको सो समाचारमा उल्लेख छ।
- ०५८ माघ १२ गते नेकपा (एमाले) केन्द्रीय कार्यालयमा बसेको दश वाम पार्टीको बैठकले अन्य प्रतिपक्षी दल समेतको संकटकाल अनुगमन प्रतिवेदनलाई समावेश गरी प्रधानमन्त्रीलाई दिने निर्णय गरेको।
- रक्षा मन्त्रलायद्वारा जनाइए अनुसार ०५८ माघ १२ गते म्याग्दी जिल्लामा सुरक्षाकर्मी र माओवादी बीच भीडन्त हुँदा माओवादी कार्यकर्ता दुर्गा वहादुर दर्जी मारिएको।
- गृह मन्त्रालयका प्रवक्ताका अनुसार, ०५८ माघ १२ गते राति सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भीडन्त हुँदा कन्चनपुर जिल्लाको कालिका गाविस-७ मा २ जना र कैलाली जिल्लाको नारायणपुर गाविसमा ३ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्ती अनुसार ०५८ माघ १३ गते सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा जाजरकोट जिल्लाको थलारैकरमा दुई र डडेल्धुराको खगुरानीमा दुई जना गरी जम्मा ४ जना माओवादी कार्यकर्ता मारिएको।

शिक्षकहरु पनि मारिए

संकटकाल घोषणा भए पश्चात रोल्पा, रुकुम, जाजरकोट, गोरखा लगायत ३५ जिल्लाका ५ सय भन्दा बढी शिक्षक माओवादी आतंकबाट पीडित भएको। नेपाल राष्ट्रिय शिक्षक संगठनबाट प्राप्त जानकारी अनुसार संकटकाल लागू भएयता माओवादी र सरकारबाट १०/१० जना शिक्षक मारिएको।

- ०५८ माघ १३ गते राति ७:३० बजे माओवादीहरुले गरेको गोली प्रहारबाट नेपाली काँग्रेस धनकुटाका अधिवेशन प्रतिनिधि डगलसेन लिम्बू मारिए।
- ०५८ माघ १३ गते काभ्रेपलाञ्चोक जिल्लाको महेन्द्रज्योति गाविस बस्ने पूर्व हवल्दार तेजवहादुर कार्की माओवादीहरुको आक्रमणबाट मारिए।
- ०५८ माघ १४ गते दाङ्गमा आयोजित एक कार्यक्रममा गृहमन्त्री खुमवहादुर खड्काले माओवादी बिरुद्धको सरकारी कारवाहीबाट अपेक्षाकृत परिणाम नआएको बताउनु भयो।
- माओवादी समूहबाट अत्यधिक प्रभावित जिल्लाहरुको स्थलगत निरीक्षण गरी राजधानी फर्किएपछि पूर्व उपप्रधानमन्त्री एवं ने.का. नेता रामचन्द्र पौडेलले, सदरमुकाम सुरक्षित भए पनि गाउका जनताले शान्ति-सुरक्षा महसूस गर्न नसकेको बताउनुभयो।
- पूर्व प्रधानमन्त्री एवं राप्रपा अध्यक्ष सूर्यवहादुर थापाको निवासमा ०५८ माघ १४ गते सत्तारुढ दल, प्रमुख पतिपक्षी दल तथा अन्य प्रतिपक्षी दलका नेताहरुको वैठक बस्यो। संकटकाल छोट्याउनुपर्ने र यसको विकल्प खोज्न गृहकार्य गर्ने विषयमा उपस्थित नेताहरु बीच सहमति कायम भएको बताइयो। बैठकमा नेताहरुद्धारा सुरक्षाकर्मीको कार्यवाहीको आलोचना गरिएको थियो।
- ०५८ माघ १४ गते कैलालीको फूलबारी गाविसमा माओवादीद्धारा राखिएको एम्बुस विस्फोटन हुँदा प्रहरी उपरिक्षक रामविनय सिंह, हवल्दारहरु राजेन्द्र जोशी र प्रेम रावलको घटना स्थलमा मृत्युभयो भने गम्भीर घाइते भएका चालक प्रहरी जवान देवराज भट्टको उपचार गर्दा गर्दै मृत्यु भएको।
- ०५८ माघ १४ गते रक्षा मन्त्रलायको विज्ञप्ति अनुसार तेह्रथुमको संक्रान्ति बजार इलाकामा सुरक्षाकर्मीहरुको कारवाहीमा २१ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ १५ गते दाङ्ग हेकुली गाविस-४ मौलीबाट नेपाली काँग्रेसका कार्यकर्ता युवराज शर्मा साँझ८:३० बजे माओवादीहरुद्धारा अपहरित।
- ०५८ माघ १५ गते सुर्खेतको छिन्चुइलाका प्रहरी चौकी माओवादीहरुद्धारा प्रहार गरीएको सकेट बमबाट क्षतिग्रस्त।
- ०५८ माघ १५ गते बारा भरतगञ्ज सिंगौलका मोतवहादुर कटुवालीले आत्महत्या गरे। माओवादी समूह त्यागेर जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरिसकेका कटुवालीलाई माओवादी कार्यकर्ताहरुद्धारा पुन: माओवादी पार्टीमा लाग्न दवाब दिदैं आएको समाचार ०५८ माघ १७ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित।
- ०५८ माघ १५ गते चितवनको भरतपुर नपा-९ स्थित नेपाल बोटलर्स लिमिटेडको दक्षिणपट्टीको पर्खाल माओवादीहरुद्धारा साँझ ७ बजे विस्फोटन गराइएको बमबाट क्षतिग्रस्त।
- ०५८ माघ १६ गते प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाटले काठमाडौंमा आयोजित एक कार्यक्रममा सुरक्षा निकायले माओवादीविरुद्ध चलाएको कारवाहीमा निर्दोष जनता पनि परेको बताउनु भयो।
- ०५८ माघ १६ विराटनगरमा आयोजित साक्षात्कार कार्यक्रममा भारतका पूर्व प्रधानमन्त्री चन्द्रशेखरले नेपालमा संकटकालको दुरुपयोग भएको कुरा आफूले सुनेको बताउनुभयो।
- ०५८ माघ १६ राजधानीबाट प्रकाशित हुने जन-आस्था साप्ताहिकका सम्पादक किशोर श्रेष्ठलाई बेलुकी ७:३० बजे प्रहरीद्धारा पक्राउ गरिएको।
- ०५८ माघ १६ गते रक्षा मन्त्रालयद्धारा जारी विज्ञप्ती अनुसार तेह्रथुमको संक्रान्ति बजार इलाकामा सुरक्षाकर्मीको कारवाहिमा परि माघ १५ गते दुई जना माओवादी मारिएको।
- संकटकालीन अवस्थाको घोषणाभएपछि सुरक्षा निकायबाट भएका मानवअधिकार

हनन र भविष्यमा हुन सक्ने घटना बारे प्रतिनिधिसभा परराष्ट्र तथा मानवअधिकार समिति र राष्ट्रिय मानवअधिकार आयोगद्वारा संयुक्त रुपमा अनुगमन गर्ने निर्णय।

- खुम्बुवान तथा माओवादीले खोटाङ्ग जिल्लाको दक्षिणपूर्वी क्षेत्रमा प्रत्येक घरबाट एक-एक जनालाई खुम्बुवान तथा माओवादी सेनामा भर्ना हुन दवाव दिन थालेपछि, उक्त क्षेत्रका १२ सय व्यक्तिहरु घर छाडेर हिँडेको समाचार माघ १६ गतेको राजधानी दैनिकमा प्रकाशित।
- ०५८ माघ १६ गते राति कञ्चनपुर जिल्लाको महेन्द्रनगर बस्ने खगेन्द्र खडायत माओवादीहरुको आक्रमणबाट मारिए भने सोही ठाउँ बस्ने मणिराज जोशी घाइते भए।
- ०५८ माघ १६ गते बर्दियाको नेउलापुर गाविसमा प्रहरी सहायक निरीक्षक वीरवहादुर बुढा ऐर माओवादीहरुले हानेको गोलीबाट घाइते भए। सोही घटनामा विस्फोटन गरिएको सकेट बमबाट निर्मला थापा घाइते भएकी गृहमन्त्रालयले जनाएको।
- ०५८ माघ १६ गते ताप्लेजुङ्गको फुडलिङ्ग गाविसको सुवोधिनी संस्कृत माविका प्रधानाध्यापक डिल्लीरमण बराल माओवादीहरुको आक्रमणबाट घाइते।
- ०५८ माघ १६ गते कैलालीको मसुरीया गाविस-५ का गंगाराम आचार्यको माओवादीहरुले दुवै हात खुट्टा काटी हत्या गरेको।
- ०५८ माघ १७ गते प्रतिनिधिसभा राज्य व्यवस्था समितिले संकटकालको दुरुपयोग भएको ठहर गर्दै संकटकाल व्यवस्थापन आदेश जारी गर्न र संकटकालको दुरुपयोग नगर्न सरकारलाई आदेश। समितिद्वारा प्रदीप ज्ञवालीको संयोजकत्वमा संकटकालीन अवस्थाको अनुगमन गर्न तीन सदस्यीय उपसमिति गठन।
- ०५८ माघ १७ गते प्रतिनिधिसभा राज्य व्यवस्था समितिमा उपस्थित गृहमन्त्री खुमवहादुर खड्काले पहाडी जिल्लामा प्रमुख जिल्ला अधिकारी भन्दा सेनाको अधिकृत पदीयरुपमा उच्च तहको रहने भएकोले प्रशासनले काम लिन कठीन भएको बताउनु भयो।
- ०५८ माघ १७ गते राज्य व्यवस्था समितिको बैठकमा गृहमन्त्री खुमवहादुर खड्काले संकटकाल अरु तीन महिना थप्न आवश्यक रहेको बताउनु भयो।
- ०५८ माघ १७ गते साँझ ७ बजे माओवादी कार्यकर्ताहरुले भोजपुरको जिल्ला प्रहरी कार्यालय र सैनिक व्यारेकमा आक्रमण गरेपछि डेढ घन्टासम्म दोहोरो भिडन्त हुँदा सुरक्षा फौज तर्फ कुनै क्षति नभएको र माओवादी तर्फको क्षतिबारे जानकारी हुन नसकेको रक्षा मन्त्रालयद्वारा जनाइएको।
- ०५८ माघ १७ गते साँझ पाँचथर गोपेटार इलाका प्रहरी कार्यालय र ताप्लेजुङ्ग विमानस्थल कार्यालयमा माओवादीहरुले आक्रमण गर्दा सुरक्षाकर्मीले फायरीङ्ग गरेपछि उनीहरु भागेको बताइयो।
- ०५८ माघ १७ गते प्यूठानको माझकोट गाविसमा माओवादी र सुरक्षाकर्मीको भिडन्तमा शंकर दर्लामीको मृत्यु भएको। दर्लामी माओवादीद्वरा "गठित जिल्ला जनसरकार" को सदस्य रहेको कुरा रक्षा मन्त्रालयले जनाएको।
- ०५८ माघ १७ गते अन्तर्राष्ट्रिय रेडक्रस समिति (ICRC) ले मुलुकमा संकटकालीन स्थिति घोषणा भएपछिको अवधिमा घाइते भएका तथा पक्राउ परेका बन्दीहरुको स्थिति बारे जानकारी लिने काम केन्द्रीय कारागारबाट शुरु गरेको।
- ०५८ माघ १७ गते राति ९ बजे, काभ्रे जिल्लाको पनौती नपा-१२ खोपासी स्थित प्रहरी चौकी माओवादीहरुले भत्काई आगो लगाइदिएको।
- ०५८ माघ १८ गते बसेको प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको वैठकले संकटकालीन अवस्था घोषणा भएपछि मानवअधिकार र शान्ति सुरक्षाको जानकारी तथा स्पष्टीकरण दिन प्रधानमन्त्रीलाई माघ २५ गते र गृहमन्त्रीलाई माघ २३ गते समितिमा आमन्त्रण गर्ने निर्णय लिएको।
- ०५८ माघ १८ गते माओवादीहरुले पृथ्वी राजमार्गमा पर्ने तनहुँ जिल्ला पनपाङ्ग गाविस-२ नजिकै राखेको एम्बुस विस्फोट हुँदा प्रहरी निरीक्षक गोविन्द पौडेल र प्रहरी सहायक निरीक्षक दीलवहादुर अधिकारी सख्त घाइते भई पोखरा अस्पतालमा उपचार गर्दा गर्दै भृत्यु भएको। सो घटनामा अन्य सात प्रहरी घाइते भएको।
- ०५८ माघ १८ गते गृह राज्यमन्त्री देवेन्द्रराज कँडेलले गृहमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा माओवादीपीडितलाई विशेष राहतबारे जानकारी गराउनुभएको। प्रमुख जिल्ला अधिकारीको सिफारीस लिई आउने विस्थापित नागरिकलाई दैनिक एक सय रुपैयाँ भत्ता र विधवा महिलाहरुलाई थप अर्को भत्ता दिइने व्यवस्था गरिएको, अहिले सम्म विस्थापित नागरिक ३ सय ३० जना, माओवादीले श्रीमान्को हत्या गरीदिएका ७ सय विधवा रहेको राज्यमन्त्री कँडेलले बताउनुभयो। पत्रकार सम्मेलनमा राज्यमन्त्रीद्वारा माओवादी जनयुद्ध शुरु भएपछि प्रहरीको तर्फबाट १ हजार ३ सय १८ जना माओवादी, माओवादीको तर्फबाट ५ सय २४ प्रहरी र ३ सय ४३ जना सर्वसाधारण मारिएको जानकारी।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ १९ गते बाग्लुङ्ग जिल्लाको धम्जामा सुरक्षाकर्मी र माओवादी बीचको भिडन्तमा माओवादी कार्यकर्ता यमवहादुर घर्ती मारिएको।
- ०५८ माघ १९ गते रक्षा मन्त्रालयद्वारा प्रकाशित एक अपीलमा शाही नेपाली सेनाको छविमा आँच आउने कुनै पनि गतिविधि भएको थाहा भएमा तत्काल नजिकको सेनाको व्यारेक, गस्ति टोली वा सैनिक कमाण्डरलाई सूचना दिन सर्वसाधारणलाई अनुरोध गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ १९ गते डडेल्धुरा जिल्लाको रातमाटेमा सुरक्षाकर्मीको कारवाहीमा परी दुई र बारा जिल्लाको ककडीमा एक माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ २० गते राजधानीमा "संकटकालमा संसदको भूमिका" विषयको अर्न्तक्रिया कार्यक्रममा पूर्व अर्थमन्त्री एवं सांसद भरतमोहन अधिकारीद्वारा संकटकालको नाममा कर बढाइएकोमा सरकारको आलोचना।
- ०५८ माघ २० गते राति ९:३० बजे बर्दियाको मनाउ गाविस-८ का ५६ वर्षीय अमृतमान श्रेष्ठको माओवादीहरुद्वारा लाठीले हिर्काइ हत्या गरिएको।
- ०५८ माघ २० गतेको जनसत्ता साप्ताहिकमा प्रकाशित समाचार अनुसार सरकार माओवादी वार्ताका सहजकर्ता एवं मानवअधिकारकर्मी नेता पद्मरत्न

तुलाधरद्वारा संविधानसभाको मागलाई जनमंत संग्रहमा लैजाने हो भने आफूले माओवादीहरुलाई हिंसा छाडेर वार्तामा ल्याउन सक्ने विचार व्यक्त।

- ०५८ माघ २० गते लमजुङ्ग जिल्लाको नान्द्राङ्ग टक्सार गाविसका स्वास्थ्य कार्यकर्ता चीनवहादुर थापाको लाश फेला परेको। उनलाई ०५८ माघ १८ गते माओवादीहरुले अपहरण गरेका थिए।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ माघ २० गते कैलाली जिल्लाको दुगौलीमा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा माओवादी कार्यकर्ता रामवहादुर चौधरी मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २० गते दाङ्ग जिल्लाको फूलवारीमा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा माओवादी कार्यकर्ता टोपवहादुर बस्नेत मारिएको।

०५८ माघ २० गते नेकपा (एमाले) बारा जिल्ला कमिटीको प्रचार विभागले एक प्रेस विज्ञप्ति प्रकाशित गरी सुरक्षाकर्मीद्वारा निर्दोष व्यक्तिलाई माओवादीको आरोप लगाई निर्मम हत्या गरेको जनाएको। सो विज्ञप्तिमा, माघ १८ गते ककडी गाविसमा सुरक्षाकर्मीले खानतलासी गर्ने क्रममा दाउरा बेची जीविकोपार्जन गर्ने २२ वर्षीय देवनारायण चौधरीलाई विहान ४ बजे घरबाट जबरजस्ती निकाली गोली हानी हत्या गरेको बताइएको।

- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २१ गते रुकुम जिल्लाको सेनेमा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा दुईजना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २१ गते सर्लाही जिल्लाको हजारिया गाविसमा माओवादीहरुको आक्रमणमा केदार साहनी मारिएको।
- ०५८ माघ २२ गते गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपालद्वारा काठमाडौंमा विचार गोष्ठी आयोजना गरियो। सो गोष्ठीमा सरकारले प्रत्येक गाविसमा उपलव्ध गराउँदै आएको अनुदान रकममा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेपछि ३५ हजार शिक्षक बेरोजगार हुने विचार सहभागीहरुद्वारा व्यक्त।'
- ०५८ माघ २२ गते नेपाल विकास मञ्चको तेह्रौ बैठकको उद्घाटन गर्दै प्रधानमन्त्री शेरवहादुर देउवाले संकटकालीन अवस्थामा रक्षा खर्च बढ्न गई नेपालको स्रोतले त्यसलाई धान्न नसकेकोले अन्तर्राष्ट्रिय समुदायसंग सहयोग र समर्थन गर्न आग्रह गरेको बताउनु भयो।
- ०५८ माघ २२ गते कन्चनपुर जिल्लाको दैजीमा सुरक्षाकर्मी र माओवादी बीच भएको मुठभेडमा तीन महिला र एक पुरुष गरी चार जना माओवादी कार्यकर्ता मारिएको रक्षा मन्त्रालयद्वारा जनाइएको।
- ०५८ माघ २२ गते संखुवासभाको बाह्रविसेमा सुरक्षाकर्मी र माओवादी बीच मुठभेड हुँदा माओवादी कार्यकर्ता ज्ञानेन्द्र तामाङ्ग र रुद्र तामाङ्ग मारिएको।
- ०५८ माघ २२ गते स्याङ्गजाको स्यावुनमा सुरक्षाकर्मी र माओवादी बीच भएको मुठभेडमा कुमार वि.क सहित तीनजना माओवादी कार्यकर्ता मारिएको।

कान्छा डंगोलको मृत्यु सम्बन्धी स्थलगत प्रतिवेदन

काठमाण्डौको सरस्वती गाविस -३ का ३९ वर्षीय कान्छा डंगोललाई माओवादी गतिविधिमा लागेको आशंकामा सुरक्षा फौजले नियन्त्रणमा लिन प्रयास गर्दा हातपात गरी भाग्ने प्रयास गर्न खोजेपछि सुरक्षा फौजले उनीमाथि गोली प्रहार गर्दा घटनास्थलमै मृत्यु भयो भन्ने समाचार रक्षा मन्त्रालयको हवाला दिंदै ०५८ चैत ६ गते संचार माध्यमबाट प्रकाशित पसारित भयो। उक्त घटनाको वास्तविकता बुझ्न मानवअधिकार तथा सामाजिक न्याय मंच (एलायन्स) का तर्फबाट सिभिक्ट, इन्सेक, एड्भोकेसी फोरम समेतका प्रतिनिधि सम्मिलित एक टोलीले तथ्य संकलन ग-यो।

घटनास्थल भनिएको सरस्वती गाविसमा पुगी प्राप्त गरेका तथ्यहरु

०५८ चैत २ गते शुक्रबार बेलुका ७:३० बजेतिर सरस्वती गाविसमा सुरक्षाकर्मीहरु पुगे। दुई वटा गाडी (एउटा टाटा ट्रक र अर्को भ्यान)मा उनीहरु चण्डीस्थान गाविसतिर गए। त्यताबाट फर्कने क्रममा स्थानीय बाटो तथा पसलमा रहेका ५ जनालाई गिरफ्तार गरे। जसमध्ये एक जना ०५८ चैत ५ गते राती मारिएका भनिएका कान्छा डंगोल थिए। उनी ०५४ सालको स्थानीय निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट वडास्तरका उम्मेदवार थिए। अन्य चार जनामा सरस्वती गाविस- ६ का २२ वर्षीय शंखनारायण डंगोल, सोही गाविस १ का २५ वर्षीय नारायण दास डंगोल, सरस्वती गाविस २ का २० वर्षीय सुरज डंगोल र चण्डेश्वरी गाविस २ का ३१ वर्षीय मनकाजी मानन्धर थिए। उनीहरुलाई सुरक्षाकर्मीले गिरफ्तार गर्दै मुखमा कालो कपडाले छोप्ने र भ्यालबाट हेर्नेहरुलाई बन्दुक तेर्स्याउँदै त्रसित गराइयो। गिरफ्तार गरिएकाहरुको अवस्था बुझ्न गाविस अध्यक्ष समेत पीडितका आफन्तहरु कहिले शिवपुरी क्याम्प पुगे, कहिले महाराजगंज कयाम्पमा तर कतैबाट उनीहरुले आफन्तको स्थिति थाहा पाउन सकेनन्।

गिरफ्तार गर्दाको अवस्था

मोहनकाजी मानन्धरलाई दिदीको पसल बन्द गर्न अनुरोध गर्दा गर्दै, कान्छा डंगोललाई चुरोट किन्न भनि पसल तर्फ गइरहेको अवस्थामा, शंखनारायण डंगोललाई आफ्नै एउटा घरबाट खाना खाएर अर्को घरमा सुत्न जाँदै गर्दा, सुरज डंगोललाई सरस्वती गाविस २ बाट गिरफ्तार गरिएको तथ्य परिवारका सदस्यहरु तथा प्रत्यक्षदर्शीहरुबाट प्राप्त भयो। ०५८ चैत ५ गते सरस्वती गाविसको भुतखेल भन्ने सल्लाघारीमा अभ्यास गरी गोली समेत पड्काइएको आवाज सुनिएको थियो। रातभर सुरक्षा बलले अभ्यास गरेका थिए। ०५८ चैत ५ गते राती प्रहरीको कारवाहीमा एउटा शव त्रिविवि शिक्षण अस्पतालको शवगृहमा पु-याइयो। ०५८ चैत ६ गते जिल्ला प्रहरी कार्यालय काठमाण्डौले शव परीक्षण गरिदिनु भनी अनुरोध पत्र अस्पताल पठायो। सो पत्रमा मारिएका व्यक्ति कान्छा डंगोल भएको उल्लेख गरिएको छ। आफन्तहरुले ०५८ चैत ९ गते कान्छा डंगोलको शव बुझी पशुपति आर्यघाटमा दाहसंस्कार गरे।

प्राप्त विवरण तथा तथ्यका आधारमा कान्छा डंगोललाई ०५८ चैत २ गते गिरफ्तार गर्ने ०५८ चैत ५ गते राति दुई दिनपछि हिरासतमै मारिएको प्रष्ट हुन्छ। यसरी गिरफ्तार व्यक्तिलाई गैर न्यायिक ढंगले मारिनु मानवअधिकारको गम्भीर उल्लंघन हो। गिरफ्तार गरिएकाहरुमध्ये दुई जनालाई रिहा गरियो।

- ०५८ माघ २२ गते बर्दियाको गोला गाविस-१ का वडा अध्यक्ष उमाकान्त धितललाई माओवादीहरुले कुटपिट गरी घाइते बनाएको।
- ०५८ माघ २२ गते राति काभ्रे जिल्लाको खनालथोक गाविस-७ स्थित अस्थायी चौकीमा माओवादीहरुले आक्रमण गरी एक प्रहरी निरीक्षक लगायत १६ जना प्रहरीको हत्या गरेको। माघ २४ गते प्रकाशित नेपाली समाचार पत्र दैनिकका अनुसार माओवादीहरुले ६ जना प्रहरीलाई गोली हानेर र १० जनालाई अचानोमा राखेर खुकुरीले काटी हत्या गरेका थिए। उक्त घटनामा प्रहरी निरीक्षक टीकाराम पाण्डे, प्रहरी सहायक निरीक्षक नेत्रवहादुर गिरी, प्रहरी हवल्दारहरु पूर्णवहादुर कार्की, पद्मराज पौडेल, कृष्णवहादुर श्रेष्ठ, मधुलाल अधिकारी, गोकर्ण कार्की, होम अधिकारी र गोविन्द पोखरेल मारिएका। त्यस्तै प्रहरी जवान सुवोध राज यादव, पन्नालाल राय, प्रमोद साह कानु, सानुकान्छा बानियाँ, हरिदेव चौधरी, प्रेमवहादुर थिङ्ग र भरत मिश्रको पनि सो आक्रमणमा परी मृत्यु भएको। उक्त घटना क्रममा एक माओवादी महिला कार्यकर्ता पनि मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २३ गते तनहुँको साउनेपानीमा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा आठ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २३ गते स्याङ्जाको छङ्छङ्दीमा सुरक्षाकर्मी र माओवादी कार्यकर्ता बीच भएको दोहोरो भिडन्तमा एक जना माओवादी महिला कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २३ गते तनहुँको मनमाङ्गमा बिहान ३ बजे सुरक्षाकर्मी र माओवादी बीचको दोहोरो भिडन्तमा माओवादी कार्यकर्ता राजन सिग्देल (शितल) मारिएको। मृतक अनेरास्वियू तनहुँ जिल्लाको अध्यक्ष रहेको बताइएको।
- ०५८ माघ २३ गते म्याग्दीको पाखापानी गाविसमा सुरक्षाकर्मी र माओवादी बीच भएको भिडन्तमा १२ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ २३ गते प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिको बैठकमा गृहराज्यमन्त्री देवेन्द्रराज कँडेलद्वारा, संकटकालीन अवस्थाको घोषणा भएपछि माओवादीको आक्रमणबाट शिक्षक, व्यापारी, राजनीतिक कार्यकर्ता एवं सर्वसाधारण गरी ९४, प्रहरी ४० र शाही नेपाली सेना १४ जना मारिएको जानकारी। गृहमन्त्रीद्वारा यस अवधिमा २०४ जनालाई नजरबन्दमा राखिएको, १४०८ जना थुनामा, ११५९ जनाउपर कानुनी कारवाही चलाइएको, ५८५० जनालाई छानविनका लागि गिरफ्तार गरिएकोमा ३२८३ जनालाई रिहा गरिएको बताइयो।
- ०५८ माघ २३ गते प्रहरी महानिरीक्षक प्रदीप शमसेर जवराले माओवादीको कृयाकलापबाट अहिलेसम्म ५३४ सुरक्षाकर्मी मारिएको जानकारी दिनुभएको। सुनसरीको धरानमा आयोजित एक गोष्ठीमा महानिरीक्षक जबराले उक्त कृयाकलापबाट सुरक्षाकर्मी र सर्वसाधारण गरी १६०३ जना गम्भीर घाइते भएको बताउनु भएको।
- ०५८ माघ २३ गते प्रमुख विपक्षी दल नेकपा (एमाले) लगायत १३ वटा राजनीतिक दलद्वारा प्रधानमन्त्री शेरवहादुर देउवालाई बुझाएको ज्ञापनपत्रमा संटकाललाई जति सक्दो चाँडो अन्त्य गर्ने तर्फ आवश्यक वातावरण तयार गर्न र आतंकवादी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश- ०५८ फिर्ता लिन समेत अनुरोध गरिएको।
- ०५८ माघ २३ गते पर्वत जिल्लाको बकुवा गाविसका ६५ वर्षीय तीर्थवहादुर पौडेललाई माओवादीले हात खुट्टामा लाठीले पिटी घाइते बनाएको।
- ०५८ माघ २३ गते जुम्ला जिल्लाको गज्याङ्गकोटमा सुरक्षाकर्मी र माओवादी बीच भएको भिडन्तमा माओवादी कार्यकर्ता बृषवहादुर भण्डारी मारिएको। मृतक भण्डारी नेकपा (माओवादी)को एरिया कमिटी सदस्य रहेको रक्षा मन्त्रालयद्वारा जनाइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ माघ २३ गते कास्की जिल्लाको पोखरा उपमहानगरपालिकामा एक जना माओवादी कमाण्डरको घर खानतलासी गर्दा सुरक्षाकर्मीद्वारा २६ लाख मूल्य बराबरको सुनको गहना र विद्युतीय धराप सञ्चालन गर्ने मिटर ६ वटासहित अन्य उपकरण बरामद गरिएको।
- ०५८ माघ २४ गते काभ्रे जिल्लाको खनालथोक गाविस स्थित प्रहरी इकाई माथि २२ गते राति माओवादीले आक्रमण गरी १६ जना प्रहरीको हत्या गरेकोमा राष्ट्रिय मानवअधिकार आयोगद्वार एक प्रेस विज्ञप्ति जारी गरी खेद प्रकट गरिएको।
- ०५८ माघ २४ गते राष्ट्रिय मानवअधिकार आयोगले संखुवासभाका प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मासंग जिल्लामा मानवअधिकार उल्लंघनका सन्दर्भमा बयान लिएको। संकटकाल घोषणा भएपछि जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाका सम्बन्धमा छानविन गर्न आयोगको टोली संखुवासभामा गएको बेला प्रजिअ शर्माले जिल्ला छाड्नु भएको थियो।
- ०५८ माघ २४ गते राष्ट्रिय जनमोर्चाद्वारा संसदमा संकटकालको अनुमोदन नगरिने जानकारी। राजमोका अध्यक्ष एवं सांसद चित्रवहादुर के.सी.ले राजधानीमा आयोजित एक अन्तरक्रिया कार्यक्रममा सो जानकारी दिनु भएको।
- ०५८ माघ २४ गते सत्तारुढ नेपाली काँग्रेसका महामन्त्री सुशील कोइरालाद्वारा पार्टीको केन्द्रीय समितिको बैठकमा प्रस्तुत प्रतिवेदनमा संकटकालमा पनि शान्ति सुरक्षाको व्यवस्था सुदृढ गर्न प्रधानमन्त्री शेरवहादुर देउवा पूर्णरुपले असफल रहेको उल्लेख गरिएको।
- ०५८ माघ २४ गते राजधानीमा आयोजित एक छलफल कार्यकक्रमा महान्यायाधिवक्ता बद्रीवहादुर कार्कीद्वारा नेकपा (माओवादी) संगको राजनीतिक लडाईमा सरकार हारेको टिप्पणी गरियो। महान्यायाधिवक्ता कार्कीद्वारा वर्तमान राज्यसत्ताका पक्षधर राजनीतिक दलहरुले आफ्नो विचार माओवादीको विचार भन्दा राम्रो भनेर जनता बीच जान नसकेकोले राज्य कमजोर हुन पुगेको बताउनु भयो।
- ०५८ माघ २४ गते राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरु सुशील प्याकुरेल, डा.गौरीशंकर लाल दास, प्रा. कपिल श्रेष्ठ र सचिव डा. शंकर राज श्रेष्ठ सम्मिलित टोलीद्वारा त्रि.वि. शिक्षण अस्पताल र वीरेन्द्र प्रहरी अस्पतालमा गई माओवादी र सुरक्षाकर्मीको कारवाहीबाट घाइते भएका व्यक्तिहरुसंग भेट गर्नुका

साथै स्वास्थ्य सुविधा बारे जानकारी लिइएको।

- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २४ गते म्याग्दी जिल्लाको थारखानीमा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ २४ गते बर्दिया जिल्लाको गोला गाविस-४ निवासी ६० वर्षीय अम्बरवहादुर चलाउने र बलेवा गाविस-३ बस्ने रामप्रसाद थानुलाई माओवादीहरुले कुटपिट गरी घाइते बनाएको। त्यसैगरी रामेछाप जिल्लाको कुंमुकास्थली गाविस-१ का ७० वर्षीय शेरवहादुर थापालाई माओवादीहरुले कुटपिट गरी दाहिने खुट्टा भाँचिदिएको।
- ०५८ माघ २४ गते कञ्चनपुर जिल्लाको धनगढी नपा-५ स्थित देवराज पाठकको घर माओवादीद्वारा गरिएको बम विस्फोटनबाट क्षतिग्रस्त।
- ०५८ माघ २४ गते साँझ इलाम जिल्लाको चुलाचुली गाविस-८ का तुलसी ढकाल आफ्नै निवासबाट माओवादीहरुद्वारा अपहरित। ढकाल नेपाली काँग्रेसका सक्रिय कार्यकर्ता भएको बताइएको।
- ०५८ माघ २५ गते महोत्तरी जिल्लाको औरही गाविस-४ बस्ने फकीरचन्द्रकी श्रीमतीलाई माओवादीहरुले कुटपिट गरी एक लाख रुपैयाँ बरावरको घनमाल लुटेको।
- ०५८ माघ २५ गते नुवाकोट जिल्लाको सुन्दरादेवी गाविस-१ मा आफ्नै घरमा सुतिरहेको बेला राति १२:३० बजे तिर कालुका निमाविका शिक्षक राजन पाठकलाई माओवादीहरुले कुटपिट गरी घाइते बनाएको। नेपाल शिक्षक संघका समर्थक पाठकको दुवै हात र खुट्टा भाँचिएको।
- ०५८ माघ २६ गते राति सुर्खेत जिल्ला विकास समितिको कार्यालय रहेको भवन माओवादीहरुद्वारा बम विस्फोटन गरिएबाट क्षतिग्रस्त।
- ०५८ माघ २६ गते राति कञ्चनपुर जिल्लाको महेन्द्रनगर नपा-२ स्थित शिक्षा तथा खेलकुद राज्यमन्त्री एन.पी. साउदको निवास माओवादीहरुद्वारा बम विस्फोटन गराईंदा क्षतिग्रस्त भएको।
- ०५८ माघ २७ गते कास्की जिल्लाको पोखरामा सम्पन्न प्रेस चौतारी नेपालको केन्द्रीय समितिको तेस्रो बैठक तथा पहिलो राष्ट्रिय भेलाद्वारा संकटकाल लागू भएयता सुरक्षाकर्मीबाट गिरफ्तार पत्रकारहरुको रिहाईको माग गरिएको।
- ०५८ माघ २७ गते स्याङजा जिल्लाका नेपाली काग्रेससभापति खगेन्द्रराज रेग्मी माओवादीहरुद्वारा प्रहार गरिएको गोलीबाट घाइते। रेग्मीलाई खिलुङ्ग देउराली स्थित आफ्नै घरमा बसेको अवस्थामा गोली हानिएको।
- ०५८ माघ २७ गते बर्दियाको कालिका गाविस स्थित कुम्भरमा रहेको कपास विकास समितिको गोदाममा माओवादीहरुद्वारा बम विस्फोटन गराईंदा एक हजार आठ सय क्विन्टल धान सहित एक करोड बरारबरको धनमाल क्षतिग्रस्त भएको।
- ०५८ माघ २७ गते बर्दिया जिल्ला विकास समितिको भवन र श्रम तथा यातायात व्यवस्था राज्यमन्त्री शिवराज जोशीको भवन माओवादीहरुले गरेको बम विस्फोटनबाट क्षतिग्रस्त भएको।
- ०५८ माघ २७ गते माओवादीहरुद्वारा कपिलवस्तु जिल्लाको हरिहरपुर गाविस-१ का वडाअध्यक्ष काशीराम थारुको हत्या गरिएको।
- ०५८ माघ २७ गते सिराहा जिल्ला गौरीपुर गाविसका राजकुमार यादवलाई माओवादीहरुले गोली हानी घाइते तुल्याएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २७ गते बैतडी जिल्लाको मेलौलीमा सुरक्षाकर्मीको कारवाहीबाट भगीरथ वाग, वेदसिंह पुजारा र नाम नखुलेको दुई जना समेत गरी चार जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २७ गते कञ्चनपुर जिल्लाको निबुवाकोटमा सुरक्षाकर्मीको कारवाहीबाट नाम नखुलेको एक जना माओवादी कार्यकर्ता मारिएको।
- गृह मन्त्रालयले जनाए अनुसार ०५८ माघ २८ गते गोरखा जिल्लाको ताप्ले गाविस निवासी लक्ष्मी प्रसाद भट्ट माओवादी आक्रमणबाट मारिएको र धैरुङ्ग बतासे स्थित हिमालय माध्यमिक विद्यालयका शिक्षक ओमप्रसाद लामिछाने घाइते भएको।
- ०५८ माघ २८ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगर बजार देखि १४ कि.मी. पूर्व भेरी पुल नजिकै एक यात्रुवाहक बस र तीन वटा ट्रक माओवादीहरुले आगो लगाई ध्वस्त पारिदिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २८ गते बर्दिया जिल्लाको बेतिनीको जंगल भित्र सुरक्षाकर्मीको कारवाहीमा परी ज्ञान प्रसाद चालिसे (आयाम), ऋषी घिमिरे (विजय शर्मा) र रुपालाल थारु (वानियाँ) मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २८ गते म्याग्दी जिल्लाको दुखुमा सुरक्षाकर्मीको कारवाहीबाट माओवादी कार्यकर्ता मदन के.सी. मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २८ गते दाङ्ग जिल्लाको जाजगाउँमा सुरक्षाकर्मीको कारवाहीबाट माओवादी कार्यकर्ता जुद्धवहादुर बि.क. मारिएको।
- रक्षामन्त्रालयले जनाए अनुसार ०५८ माघ २८ गते पर्वत जिल्लाको फलेवासमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ २८ गते प्रतिनिधिसभा र राष्ट्रियसभाको छुट्टा छुट्टै बैठकमा गृहमन्त्री खुमवहादुर खडकाद्वारा आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय) अध्यादेश २०५८ पेश गरिएको।
- ०५८ माघ २८ गते प्यूठान जिल्लाको मुनी माध्यमिक विद्यालय रातमाटा र जनता माध्यमिक विद्यालय बरादुलामा माओवादीले ताला लगाइ दिएकोले टेष्ट परीक्षा रोकिएको।

बाली विकासमा समेत आक्रमण

पहाडी बाली विकास कार्यक्रम कृषि अनुसन्धान केन्द्र, काभ्रेमा ०५८ चैत १७ गते माओवादीहरुले आक्रमण गरी ५० करोड मूल्य बराबरको क्षति पु-याएका कारण रामेछाप, सिन्धुपाल्चोक र काभ्रेपलान्चोक जिल्लाका कृषकहरु प्रामाणिक वीउ पाउनबाट बञ्चित भए। धान, मकै, गहुँ, कोदो, फापर, भटमास र लट्टे आदीको उन्नत वीउ उत्पादन गर्दै आएको कृषि अनुसन्धान केन्द्रका १५ वटा भवन, वीउहरु र अनुसन्धानका उपकरणहरु माओवादीहरुले ध्वस्त बनाएका थिए।

- ०५८ माघ २८ गते श्री ५ को सरकारद्वारा संसदबाट संकटकालीन अवस्था अनुमोदन गराउन र थप तीन महिना बढाउनका लागि संसद सचिवालयमा प्रस्ताव दर्ता गरिएको। नेपालअधिराज्यको संविधान ०४७ को धारा ११५ को उपधारा (२) बमोजिम तीन महिना भित्र संसदबाट संकटकालीन अवस्थाको अनुमोदन गर्नु पर्ने प्रावधान अनुरुप सो प्रस्ताव दर्ता गरिएको।
- ०५८ माघ २९ गते काठमाडौंको मैतीदेवी चोकमा पोष्टर टाँस्दै गरेको अवस्थामा फेला पर्दा भाग्ने प्रयास गरेपछि माओवादी कार्यकर्ता मोहन खनाल र पूर्ण खड्का सुरक्षाकर्मीद्वारा प्रहार गरिएको गोली लागी घाइते भएको।
- ०५८ माघ २९ गते विहान १०:४५ बजे काठमाडौंको लाजिम्पाट स्थित आन्तरिक राजस्व विभागको पुरानो भवनमा बम विस्फोटन हुँदा एक कर्मचारी घाइते र १० लाख मूल्य बराबरको क्षति भएको। सो विस्फोटन माओवादीहरुद्वारा गरिएको आशंका।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ २९ गते दाङ्ग जिल्लाको तापा इलाकामा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा माओवादी कार्यकर्ताहरु रवीलाल पन्त, घनश्याम पुरी र नेरा पुन मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ ३० गते लमजुङ्गको पुरानो कोटपहरामा, सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा दुईजना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ ३० गते सत्तारुढ नेपाली कांग्रेसकेन्द्रीय समितिको बैठकद्वारा संकटकालको अनुमोदनका लागि प्रतिपक्ष राजनीतिक दलहरुलाई अपिल गर्ने निर्णय गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ माघ ३० गते रोल्पा जिल्लाको कोजारुमा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ माघ ३० गते पर्वत जिल्लाको पाङ्गराङ्ग गाविस-७ निवासी तारकवहादुर कुँवरलाई माओवादीहरुले कुटपिट गरी दुईवटै खुट्टा भाँचिदिएको।
- ०५८ माघ ३० गते बाँके जिल्ला फत्तेपुर गाविस-८ मा सर्च अप्रेसन गर्दा सुरक्षाकर्मीद्वारा प्रहार गरिएको गोलीबाट आफ्नै घरमा ओमप्रकाश थारु मारिएको।
- ०५८ फागुन १ गते सिराहा जिल्लाको पिपरा गाविस-६ का वडा अध्यक्ष जुमन चौधरी (कलवार) को बेलुका ६ बजे हनुमाननगर गाविस नजिक गोली हानी हत्या गरिएको। राप्रपाबाट निर्वाचित चौधरीको माओवादीहरुले हत्या गरेको आशंका। उनको पेट, छाती, कन्चट र हातमा गोली लागेको बताइएको।
- ०५८ फागुन १ गते तेह्रथुम जिल्लाको नागीन गाविस-२ का ६० वर्षीय टेकवहादुर गुरागाईलाई माओवादीहरुले गोली हानी हत्या गरेको। भूतपूर्व सैनिक जवान गुरागाई नेपाली कांग्रेसको सकृय कार्यकर्ता रहेको बताइएको।
- ०५८ फागुन १ गते बर्दिया जिल्लाको वगेहीपुरमा खटिएका शाही नेपाली सेनाका जवान ठाकुरप्रसाद चोधरीको माओवादीहरुद्वारा हत्या गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १ गते बझाङ्ग जिल्लाको कैलाम चलखेलको जंगलमा सुरक्षाकर्मीको कारवाहीको क्रममा माओवादी कार्यकर्ता विमल वि.क. र दीपक जोशी (हिमाल) मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १ गते सुरक्षाकर्मीको कारवाहीबाट रोल्पा जिल्लाको कोजाङ्गमा विमला घर्ती र सुर्खेतमा एक जना नाम थाहा हुन नसकेको माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १ गते माओवादीहरुद्वारा राखिएको एम्बुसमा परी नुवाकोट जिल्लाको जिलिङ्गमा तीन जना र बझाङ्ग जिल्लाको मुलुममा दुई जना गरी पाँच जना सुरक्षाकर्मी घाइते भएको।
- ०५८ फागुन १ गते गुल्मी जिल्लाको गैंडाकोट गाविस-७ निवासी इन्द्रवहादुर टण्डन माओवादीहरुको आक्रमणबाट गम्भीर घाइते। सोही दिन मचल पोखरी निमाविका शिक्षक मेघवहादुर थापा र स्थानीय व्यापारी पहल सिंह बस्नेतलाई माओवादीहरुद्वारा कुटपिट गरिएको।
- ०५८ फागुन १ गते जाजरकोट जिल्ला विजेश्वरी गाविस उमाचौरमा घाँस दाउरा लिन गएकी ४० वर्षीय गौने वली माओवादीद्वारा राखिएको एम्बुस विस्फोटन हुँदा गम्भीर घाइते भएकी।
- ०५८ फागुन २ गते काठमाण्डौको कलंकी स्थित मालपोत कार्यालयमा पौने दश बजे माओवादीहरुद्वारा गराईएको बम विस्फोटनबाट ८ जना घाइते। चार जना माओवादी कार्यकर्ताले पेस्तोल देखाई कागजपत्रमा आगो लगाएको दश मिनेटपछि बम विस्फोट भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २ गते डोल्पा जिल्लाको कालिकामा सुरक्षाकर्मीको कारवाहीमा परी माओवादी कार्यकर्ताहरु लोकवहादुर रोक्का, मानसिंह कार्की, दले सार्की, कण्डे सार्की र सर्वजित सार्की मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २ गते दाङ्ग जिल्लाको गणेशपुरमा सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा चार जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २ गते जुम्ला जिल्लाको तातोपानीमा सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीमा माओवादी कार्यकर्ता परानवहादुर धराल र नवीन रावल मारिएको।
- ०५८ फागुन २ गते प्रकाशित समाचारपत्र दैनिक अनुसार कास्की जिल्लाको अमरसिंह चोकमा खोजतलासको क्रममा सुरक्षाकर्मीद्वारा ६ किलो सुन बरामद गरिएको। ०५८ फागुन ४ गतेको गोरखापत्रमा प्रकाशित समाचारमा ४ किलो सुन बरामद गरिएको उल्लेख।
- ०५८ फागुन ३ गतेको कान्तिपुर दैनिकमा प्रकाशित एक समाचार अनुसार सरकारले सेनालाई विनियोजन गरेभन्दा तीन अर्व थप रकम उपलब्ध गराउने।
- ०५८ फागुन ३ गते राति कन्चनपुर जिल्लाको कालिका गाविस-५ मा माओवादीहरुद्वारा पद्म थापाको हत्या गरिएको। सोही ठाउँमा माओवादीहरुद्वारा धारिलो हतियार प्रयोग गरी छोटेलाल चौधरीलाई गम्भीर घाइते बनाएको।
- गृह मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ३ गते राति सिराहा जिल्लाको अमर्ना गाविसमा पर्ने मैनावती नदीमा सुरक्षाकर्मीको कारवाहीबाट अधिकलाल खत्वे (मंडल) मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ३ गते सुरक्षाकर्मीको कारवाहीबाट डडेलधुरा जिल्लाको मौरीखेत जंगलमा अर्जुन शाही मारिएको। त्यस्तै कारवाहीमा कन्चनपुर जिल्लाको सुडामा र गुल्मीको जवुङ्गमा एक-एक माओवादी कार्यकर्ता मारिएको।

- नेकपा माओवादी समर्थक अनेरास्ववियु (क्रान्तिकारी) जाजरकोटको जिल्ला कमिटी सदस्य दीपक नेपालीलाई आत्मसमर्पण गर्न लगाएको कारण देखाई उनका शिक्षक दाजु पद्मवहादुर नेपालीलाई माओवादीहरुद्वारा अपहरण गरिएकोमा ५० हजार जरीवाना गरी पाँच दिन पछि छाडिएको समाचार फागुन ५ गतेको कान्तिपुर दैनिकमा प्रकाशित भएको।
- ०५८ फागुन ४ गते इलाम जिल्लाको शान्तिपुरका मनोज ढुंगानाको विहान ७:३० बजेतिर उनकै घरमा माओवादीहरुले गोली हानी हत्या गरेको।
- ०५८ फागुन ४ गते गृह तथा स्थानीय विकासमन्त्री खुमवहादुर खड्काद्वारा बुटवलमा आयोजित एक कार्यक्रममा संकटकालपछि माओवादीहरु परास्त भइसकेको उल्लेख गर्दै सरकारले शान्ति सुरक्षाका साथै विकास-निर्माणमा जोड दिएको बताइयो।
- ०५८ फागुन ४ गते संकटकाल अनुगमनका लागि सर्वदलीय सहमति जुटाउन प्रधानमन्त्री निवासमा बसेको बैठकमा प्रधानमन्त्रीद्वारा संसदमा प्रतिनिधित्व गर्ने तथा अन्य राजनीतिकदललाई संकटकाल अनुमोदनका लागि सहयोग गर्न आग्रह गरियो।
- ०५८ फागुन ४ गते अछाम जिल्लाको सदरमुकाम र साँफेवगरमा माओवादीहरुद्वारा सुरक्षाफौजमाथि गरिएको आक्रमणबाट ५५ सैनिक जवान र ५० प्रहरी जवान मारिएको। तीन माओवादी कार्यकर्ता पनि सो घटनामा मारिएको। सशस्त्र आक्रमण गर्नु अघि माओवादीहरुले भीषण आगलागी गराइएको उक्त घटनामा प्रमुख जिल्ला अधिकारी मोहन सिंह खत्री, राष्ट्रिय अनुसन्धान विभागका अधिकृत लोकराज उप्रेती र निजकी श्रीमती, हुलाकका एक कर्मचारी र एक जना स्थानीय व्यक्ति मारिएको।
- ०५८ फागुन ४ गते राति सर्लाहीको लालबन्दी प्रहरी चौकी, राष्ट्रिय बाणिज्य बैंक, नवलपुर प्रहरी चौकी र मलंगवा स्थित दूर संचारको टावरमा माओवादीहरुद्वारा आक्रमण। लालबन्दी प्रहरी चौकीमा लामो समयसम्म दोहोरो भिडन्त हुँदा प्रहरी जवानहरु मीन वहादुर जि.सि (पर्वत), नवराज लामा (रौतहट), लालवहादुर थापा (चितवन), रतिलाल दनुवार (मोरङ्ग) र प्रमोद कार्कीको मृत्युभएको। सो घटनामा एक जना माओवादी कार्यकर्ता पनि मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ४ गते जुम्ला जिल्लाको धौलापुर इलाकामा कारवाही गर्दा माओवादी कार्यकर्ताहरु बालकृष्ण भण्डारी (जटिल), दामवहादुर नेपाली (हिमालय) तथा दत्तवहादुर महत्तरा (आनन्द) र कैलाली जिल्लाको लावुजीमा नाम थाहा हुन नसकेको एक माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ४ गते रामेछाप जिल्लाको बेथन गाविस-३ मा माओवादीहरुद्वारा गोबिन्द खड्काको हत्या।
- ०५८ फागुन ४ गते रौटहत जिल्लाको सखुवा चोकमा माओवादी समर्पित मधेश मुक्ति मोर्चाद्वारा ना.२.ख ४२६९ नम्बरको बसका यात्रुहरुलाई ओराली, बसमा मेट्रोल छर्की आगो लगाइएको। उक्त घटनामा बसका ड्राइभर, खलासीलाई कुटपीट गरी उनीहरुबाट नगद रु. १३ हजार खोसिएको।
- ०५८ फागुन ६ गते भारतीय राजदुतावासबाट प्रकाशित विज्ञप्तिमा ४ गते अछाममा एक सय भन्दा बढी व्यक्तिको ज्यान गएकोमा चिन्ता प्रकट गर्दै मुलुकमा शान्ति र सुव्यवस्था स्थापना गर्ने नेपालको प्रयासमा भारतले पूर्ण समर्थन दिने जनाइएको।
- ०५८ फागुन ६ गते सरकारद्वारा प्रतिनिधि सभामा संकटकालीन अवस्थाको घोषणाको अनुमोदनका लागि प्रस्ताव पेश गरियो।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ६ गते गोरखा जिल्लाको आगेसी इलाकामा सुरक्षाकर्मीको कारवाहीबाट माओवादी महिला कार्यकर्ता एन्जिला वि.क. मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ६ गते कैलाली जिल्लाको मैनापोखरीमा सुरक्षाकर्मीको कारवाहीबाट एक जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ६ गते कैलाली जिल्लाको मालाखेतीमा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा एक जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ६ गते दार्चुला जिल्लाको हेकिलामा सुरक्षाफौज र माओवादी बीच भिडन्त हुँदा दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ७ गते प्रतिनिधिसभा राज्य व्यवस्था समितिका प्रतिनिधि मण्डलद्वारा अछाम जिल्लाको सदरमुकाम मंगलसेन र साँफेवगरको स्थलगत निरीक्षण गरियो। प्रतिनिधि मण्डलले जानकारी गराए अनुसार ४ गते माओवादीद्वारा अछाममा गरिएको आक्रमणबाट १५ वटा सरकारी कार्यालय र १२ वटा निजी घर ध्वस्त भएको। १३ जना प्रहरी त्यस बखतसम्म हराइरहेका थिए।
- ०५८ फागुन ७ गते ताप्लेजुङ्ग जिल्लाको डुम्रिसे गाविसका २२ वर्षीय कुलवहादुर लिम्बूलाई उनकै घरबाट जबरजस्ती बाहिर निकाली माओवादीहरुले खुकुरी प्रहार गरी घाइते बनाए।
- ०५८ फागुन ७ गते राति ९:०० बजे पर्वत जिल्लाको डिमुवा प्रहरी चौकीमा माओवादीहरुद्वारा आक्रमण गरिंदा प्रहरी हवल्दार नारायण घिमिरे (गोरखा) को घटनास्थलमा मृत्यु। सो घटनामा प्रहरी जवान मोती यादव घाइते भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ८ गते सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा बाँकेको इन्द्रपुरमा एक जना, अछामको भटकटियामा दुई जना, कालिकोटको तिलामा चार जना, दैलेखमा दुई जना, स्याङ्जाको पेलकाचौरमा दुई जना र रोल्पाको कोटगाउँमा एक जना गरी जम्मा बाह्र जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ८ गते प्रतिनिधिसभा राज्य व्यवस्था समितिको बसेको बैठकमा प्रधानमन्त्री र गृहमन्त्री उपस्थित। अछाम र सर्लाहीको स्थलगत निरिक्षण गरी तयार गरिएको प्रतिवेदन संकटकाल अनुगमन

करोडौको क्षति

दोलखा जिल्लामा संकटकाल लागू भएयता माओवादीहरुले कृषि अनुसन्धान केन्द्र काब्रे, नेपाल विद्युत प्राधिकरण, गाउँ विकास समिति, जिल्ला वन कार्यालय, हुलाक कार्यालय लगायत जनातासंग प्रत्यक्ष सरोकार रहने कार्यालयहरुमाथि आक्रमण गर्दा रु.५८ करोड मूल्य बराबरको क्षति भएको जानकारी दोलखाका जनप्रतिनिधिहरुले गराएका छन्।

समितिका संयोजक सांसद प्रदीप ज्ञवालीद्वारा प्रस्तुत गरियो। अछाम घटनामा सरकारको कमजोरी देखिएको, सेना आधा घण्टामै सखाप भएको विषयमा छलफल गर्न फागुन १४ गते प्रधान सेनापति र प्रहरी महानिरीक्षक समेतलाई बैठकमा बोलाइने निर्णय भएको।

- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ८ गते अछाम, डोटी, कालिकोट र दैलेखमा सुरक्षाकर्मीको कारवाहीबाट ४६जना, दाङ्ग जिल्लाको श्रीगाउँमा एक जना, रोल्पा जिल्लाको खुमेलमा एक जना र ललितपुर जिल्लाको सिँचाहिटीमा मेघनारायण श्रेष्ठ समेत गरी ४९ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ९ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित समाचार अनुसार अछाममा माओवादीहरुद्वारा गरिएको आक्रमणको निन्दा गर्दै संयुक्त राज्य अमेरिकाद्वारा माओवादीहरुलाई संविधानको दायरा भित्रै रहेर प्रजातान्त्रिक वातावरणमा शान्तिपूर्ण ढंगले आफ्नो लक्ष्य हासिल गर्न आग्रह गरिएको।
- ०५८ फागुन ९ गते प्रतिनिधिसभाद्वारा गत मंसीर ११ गते गरिएको संकटकालीन अवस्थाको घोषणाको अनुमोदन गरियो। अनुमोदनको प्रस्तावको पक्षमा १९४ मत र विक्षमा ७ मत परेको। नेपाल अधिराज्यको संविधान ०४७ को धारा ११५ को उपधारा (१) बमोजिम घोषणा भएको संकटकालीन अवस्थाको तीन महिना भित्र प्रतिनिधिसभामा उपस्थित सदस्य संख्याको दुई तिहाई मतले अनुमोदन गर्नुपर्ने प्रावधान रहेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ९ गते सल्यान जिल्लाको शीतलपाटी इलाका प्रहरी कार्यालयमा माओवादीहरुद्वारा आक्रमण गरिदा ३२ जना प्रहरी मारिएको।
- माओवादीहरुद्वारा ०५८ फागुन ९ गते अपहरित गीरवहादुर थापा, उपेन्द्र जि.सी र सुवास रोकाको लाश बाहुन डाँडामा फागुन १७ गते फेला परेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ९ गते सुरक्षाकर्मीको कारवाहीबाट सिन्धुपाल्चोकको कर्थली डाँडामा ६ जना, कैलाली जिल्लाको हसुलियामा दुई जना, सुर्खेत जिल्लाको फलार्टमा राम वहादुर वि.क. र बाग्लुङ्ग जिल्लाको पालामा एक जना गरी जम्मा दश जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ९ गते सल्यानमा माओवादी आक्रमणबाट घाइते भएका प्रहरी जवान प्रेमवहादुर थापाको वीरेन्द्र प्रहरी अस्पताल महाराज गञ्जमा उपचार गर्दा गर्दै फागुन २१ गते मृत्यु भएको।
- ०५८ फागुन १० गतेको गोरखापत्र दैनिकमा प्रकाशित एक समाचार अनुसार सुनसरी जिल्लाको चाँदबेला गाविस-२ मा, गाविस अध्यक्ष गोपाल राजभण्डारीलाई आक्रमण गर्न आएका माओवादीहरु मध्ये एक जना गाउँलेहरुको प्रत्याक्रमणबाट घाईते भई मारिएको।
- ०५८ फागुन १० गते विहान ३:४५ बजे चितवन जिल्लाको भण्डारा गाविसमा काठमाण्डौंबाट वीरगञ्जतर्फ गइरहेको ना.२ ख ४९५५ नम्बरको यात्रुबसमा माओवादीहरुले पेट्रोल बम प्रहार गर्दा एक बालिका सहित ५ जना यात्रुको डढेर मृत्यु।
- ०५८ फागुन १० गते मोरङ्गको रा.प्रा.वि केराबारीका शिक्षक रेवत लिम्बूको माओवादीहरुद्वारा गोली हानी हत्या। विद्यालयमा पढाईरहेका शिक्षक लिम्बूलाई विद्यालयबाट बाहिर ल्याई पहिले खुर्कुरी र पछि गोली हानिएको।
- ०५८ फागुन १० गते काठमाण्डौंको मित्रपार्क स्थित दूर सञ्चार कार्यालय अगाडी थुपारिएको फोहरमा राखिएको बम विस्फोट हुँदा कामनपाका सफाई कर्मचारी हेमवहादुर राई घाईते। बम माओवादीहरद्वारा राखिएको हुन सक्ने बताइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १० गते सुर्खेतको विद्यापुर इलाकामा १५ जना, कालीकोट - अछामको सीमानामा रहेको दुग्धलग्नमा १३ जना, दाङ्ग जिल्लाको अल्लेरीमा ४ जना, सल्यान जिल्लाको शीतलपाटीमा ३ जना, डोटीको गोपघाटमा २ जना गरी जम्मा ४७ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १० गते राति कन्चनपुर जिल्लाको कृष्णपुर गाविस-७ बस्ने २५ वर्षीय निर्मल ओझा माओवादीहरुद्वारा मारिएको।
- ०५८ फागुन ११ गते भक्तमुर नपा-१४ ताल दोम्फोमा आगो तापी बसेका केटाकेटीले बेवारिस अवस्थामा रहेको कपडाको सानो पोको टिपी आगोमा राख्दा पड्कन गई एक जना बच्चा घाइते। उक्त कपडाको पोकोमा माओवादीहरुद्वारा विस्फोटक पदार्थ राखिएको आशंका।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन ११ गते सुरक्षाकर्मीको कारवाहीबाट बाँके जिल्लाको ढकेरीमा अग्नी सहित तीन जना, रम्वापुरमा सर्पन चौधरी र कालिकोट जिल्लाको कोटवडामा एक जना गरी पाँच जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन ११ गते "प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन नेपाल" ले एक विज्ञप्ति जारी गरी नेकपा माओवदीद्वारा चितवनको भण्डारामा बसमा आगो लगाईंदा पाँच जना यात्रुको निधन भएको घटनालाई अमानवीय भन्दै भर्त्सना।
- ०५८ फागुन ११ गते नेपालका लागि अमेरीकी राजदूत माइकल इ.मालिनोभ्स्कीद्वारा माओवादीहरुद्वारा आक्रमण गरिएको अछाम र सल्यान जिल्लाका स्थानहरुको निरीक्षण गरिएको।
- ०५८ फागुन ११ गते राति संखुवासभाको इलाका प्रहरी कार्यलय चैनपुरमा माओवादीद्वारा गरिएको आक्रमणबाट दुई जना प्रहरी घाइते।
- ०५८ फागुन ११ गते माओवादीद्वारा राखिएको बम विस्फोट हुँदा घाइते भएका कुचिकार हेमवहादुर राइको फागुन १३ गते विहान मृत्यु भएको।
- ०५८ फागुन १२ गते तनहुँ जिल्लाको बन्दीपुर गाविस-३ मा माओवादीद्वारा राखिएको एम्बूस विस्फोटनमा परेर सात जना प्रहरी घाइते।
- ०५८ फागुन १२ गते नेपाल बार एसोशिएसनद्वारा जारी विज्ञप्तिमा माओवादीद्वारा फागुन ९ गते चितवन जिल्लाको भण्डारामा यात्रुवाहक बसमा आगो लगाई पाँच व्यक्ति मारिएकोमा सो कार्य मानवीय मूल्य र मान्यता विपरीत निन्दनीय भएको बताईदै युद्ध मात्र समस्याको समाधान नहुने भएकोले दुवै पक्षले वार्ता लगायत अन्य उपाय अपनाउन अनुरोध गरिएको।
- ०५८ फागुन १२ गते नेकपा मसालद्वारा संकटकालका नाममा नागरिक हक अधिकारहरु निलम्बन गरिएको उल्लेख गर्दै हालै भएको संकटकाल अनुमोदनान

विरोध जनाउँदै प्रेस विज्ञप्ति जारी गरिएको।

- ०५८ फागुन १२ गते "प्रजातन्त्र जोगाऔं आन्दोलन नेपाल" द्वारा एक प्रेस विज्ञप्ति जारी गरी संकटकालको अनुमोदन जनताको भावना विपरीत भएको ठहरका साथ दुःख व्यक्त गरिएको। पूर्व सभामुख दमननाथ ढुंगाना, डा.मथुरा प्रसाद श्रेष्ठ, गौरी प्रधान, सुशीलचन्द्र अमात्य, श्याम श्रेष्ठ, गंगा कसजु र परशुराम तामाङ्गद्वारा हस्ताक्षर गरिएको सो विज्ञप्तिमा सरकार र माओवादी बीचको वार्ताका लागि सर्वपक्षीय सम्मेलनको आवश्यकता औल्याउँदै त्यसतर्फ संवेदनशील भई युद्धविराम गर्नुका साथै हत्याको श्रृङ्खला बन्द गर्न दुबै पक्षलाई आव्हान गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १२ गते सुरक्षाकर्मीको कारवाहीबाट कालिकोटमा ६७ जना, बाँकेमा २ जना र कन्चनपुरमा तीन जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १२ गते विहान तनहुँको खैरनीटारमा सुरक्षाकर्मीको कारवाहीबाट चार जना माओवादी महिला कार्यकर्ता मारिएको।
- ०५८ फागुन १२ गते सुरक्षाकर्मीको कारवाहीबाट सुर्खेतको लेक गाउँ र गुडीमा तीन जना र कास्कीमा चार जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १२ गते साँझ माओवादीहरुद्वारा नुवाकोट जिल्ला मनकामना गाविस-३ का भूपु शाही सैनिक मानवहादुर लामाको गोली हानी हत्या।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १२ गते अछाम जिल्लाको विभिन्न ठाउँमा सुरक्षाकर्मीको कारवाहीबाट एघार जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १२ गते सुर्खेत जिल्लाको लेखगाउँमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १२ गते गोरखा जिल्लाको आरुवाङ्ग निवासी शाही नेपाली सेनाका भूतपूर्व हवल्दार चन्द्रवहादुर खड्काको माओवादीहरुले धारीलो हतियार प्रयोग गरी हत्या गरेको।
- ०५८ फागुन १३ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित एक समाचार अनुसार, नेपाल बन्दको क्रममा गरिएको कारवाहीमा निर्दोष व्यक्तिहरु मारिएकोमा नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराईद्वारा क्षमा याचना।
- ०५८ फागुन १३ गते मन्त्रिपरिषदको बैठकद्वारा माओवादी पीडितका लागि राहत कोष स्थापना गर्ने निर्णय गरिएको। कोषका लागि प्रधानमन्त्री लगायत मन्त्री,राज्यमन्त्री तथा सहायक मन्त्रीहरुले एक महिनाको पारिश्रमिक स्वरुप ६ लाख ९८ हजार रुपैयाँ एकमुष्ट उपलब्ध गराइने।
- ०५८ फागुन १३ गते काठमाण्डौमा शुरु भएको दक्षिण एशिया शान्ति स्थापना विषयक गोष्ठीको उद्घाटन क्रममा नेपालका लागि अमेरीकी राजदूतद्वारा माओवादीलाई खमेर रुज, अल कायदा र साइनिङ्ग पाथ जस्तै आतङ्ककारी बताइएको।
- ०५८ फागुन १३ गते सिन्धुपाल्चोकको धार्पा गाउँमा सुरक्षाकर्मीको कारवाहीबाट कमल शर्मा (दिनेश) सहित ७ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १३ गते संयुक्त जनमोर्चा नेपाल (संजमो), राष्ट्रिय जनमोर्चा (राजमो) र नेपाल मजदूर किसान पार्टी (नेमकिपा) द्वारा प्रत्रकार सम्मेलन गरी, संकटकालको अन्त्य गर्नुका साथै आतङ्ककारी तथा विध्वंसात्मक अपराध (नियनत्रण तथा सजाय) गर्न बनेको अध्यादेश ०५८ लाई तत्काल फिर्ता लिन माग गरियो।
- ०५८ फागुन १३ गते राजधानीमा आयोजित एक कार्यक्रममा नेपाल पत्रकार महासंघका सभापतिद्वारा संकटकालमा पक्राउ परेका ५० मध्ये २० जना पत्रकार अझै जेलमा रहेको बताईयो।
- ०५८ फागुन १३ गते बर्दियाको सानोश्री गाविसको लालीबजार स्थित बस पार्कमा माओवादीहरुद्वारा बम विस्फोटन गराइएको।
- दैलेख जिल्ला चामुण्डा गाविस-९ काफलचौर घर भई कालिकोटको भर्ता गाविसका व्यापारी ५३ वर्षीय प्रदिप रावललाई सुरक्षाकर्मीले ०५८ फागुन १३ गते दिउँसै उनकै घरबाट लगी एउटा गोली टाउकोमा र एउटा पेटमा हान्दा मृत्यु भएको। उनको लास परिवारजनलाई नदिइएको कारण धार्मिक विधि अनुसार कुसको पुतला बनाई काजक्रिया गरेको।
- ०५८ फागुन १३ गते सुरक्षाको कारणले सुर्खेत - जुम्ला सडक निर्माण कार्य अनिश्चित कालको लागि बन्द गरिएकोले ५००० मजदूरहरु बेरोजगार हुन पुगेको।
- ०५८ फागुन १३ गते पाल्पा जिल्लाको तानसेन स्थित भैरव जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक तिलकराम पौडेललाई माओवादी समर्थक विद्यार्थीहरुलाई आत्मसमर्पण गर्न लगाएको भनी माओवादीहरुले हात खुट्टा भाँचिने गरी कुटपीट गरेको।
- ०५८ फागुन १४ गते राजधानीमा आयोजित एक कार्यक्रममा अमेरीकी कूटनीतिज्ञ ए.पिटर बुलेइनद्वारा शाही सेना र प्रहरीको बलमा मात्र माओवादी समस्या नसुल्झने धारणा राख्दै नागरिक समाजको जागरुकता र राजनीतिक तहमा सक्षम नेतृत्वको बोध नहुन्जेल माओवादी समस्या समाधान नहुने विचार व्यक्त।
- ०५८ फागुन १४ गते संकटकालीन अवस्थामा संविधानको धारा १४ बमोजिम तत्काल मुद्दा हेर्ने अधिकारी समक्ष पेश गरिनुपर्ने हकबाट बञ्चित रहेको स्थितिका विषयमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा छलफल गरिएको।
- ०५८ फागुन १४ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा जारी प्रेस विज्ञप्तिमा माओवादीहरुले जनयुद्धको नाममा अछाम, सल्यान, सर्लाहीमा सेना, प्रहरी र सरकारी कर्मचारी लगायत सामान्य नागरीक माथि क्रुर एवं अमानवीय आक्रमण गरी नृशंस हत्या गरेको र आम नागरिकलाई आतंकित गर्ने जस्ता कार्यबाट आयोग स्तब्ध तथा आक्रोशित भएको जनाएको।

विद्यालय धमाधम बन्द

सरकारले विकास खर्च कटौती गरेपछि गाविसको अनुदान सहयोगमा सञ्चालित नवलपरासी जिल्लाका ८४ विद्यालयहरु बन्द हुन थालेका छन। वर्षेनी ५ लाख रुपैयाँ पाउँदै आएका गाविसहरुले आफ्ना क्षेत्रमा सञ्चालित सार्वजनिक विद्यालयहरुलाई रकम उपलब्ध गराउँदै आएका थिए। जिल्ला शिक्षा कार्यालयबाट अनुमति पाई दरबन्दी नपाएका ८४ विद्यालय मध्ये ३३ प्राथमिक विद्यालय, २६ निम्न माध्यमिक विद्यालय र २५ माध्यमिक विद्यालय पर्दछन्।

- ०५८ फागुन १४ गते काठमाण्डौको शंखु गाविस-५ का ४५ वर्षीय इन्द्रवहादुर कार्कीलाई माओवादीहरुले वलथली गाविस-५ मा पर्ने जंगलमा लगी खुकुरी प्रहार गरी हत्या गरेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ फागुन १४ गते कालिकोट जिल्लाको कुमाल गाउँ र भर्तालग्नमा सुरक्षाकर्मीको कारवाहीबाट आठ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ फागुन १४ गते बझाङ्ग जिल्लाको पातगाउँमा सुरक्षाकर्मीको कारवाहीबाट चार जना र गोरखाको यालजुङ्गमा दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १४ गते अछामको सदरमुकाम मंगलसेनमा माओवादी आक्रमणबाट ध्वस्त भएको जिल्ला प्रशासन कार्यालय रहेको भवनका भग्नावशेष र अन्य सरकारी भवनको भग्नावशेषबाट प्रसनि. केशव दत्त जोशी, हवल्दार पूर्णवहादुर, प्रहरी जवानहरु जयसिंह नायक र दिलवहादुर ऐरीको शव प्राप्त भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १५ गते सुरक्षाकर्मीको कारवाहीबाट ताप्लेजुङ्गको तापेथोकमा दुई जना, उदयपुरको लामिडाँडामा एक जना र कालीकोटको भाटगाउँमा एक जना गरी चार जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १५ गते रुकुम जिल्लाको जालेखर्कमा सुरक्षाकर्मीको कारवाहीबाट तीन जना र उल्टाखोलामा एका जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १६ गते कान्तिपुर दैनिकका अनुसार माओवादीको आशंकामा पक्राउ परेका एक युवकको इटहरी सैनिक व्यारेक भित्र मृत्यु भएको। सुनसरी महेन्द्रनगर-८ बस्ने ती युवकको शवको पोष्टमार्टम इनरुवा अस्पतालमा गरिएको।
- ०५८ फागुन १५ गते काठमाण्डौको बालाजु मनमैजू स्थित मानसिंह धर्म माध्यमिक विद्यालयका प्रधानाध्यापक नेकपा (माओवादी) समर्थक विद्यार्थीहरुद्वारा पिटिएको।
- ०५८ फागुन १६ गते संकटकालीन अवस्थाको घोषणासंगै जारी गरिएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश संसदद्वारा अनुमोदित। उक्त अध्यादेश अनुमोदन गरेर स्थायी कानुन बनाइएकोमा प्रतिपक्षी पार्टीहरुद्वारा विरोध गरिएको।
- ०५८ फागुन १६ गते माओवादीले मकवानपुर जिल्लाको धिमाल गाविस-९ का तेजप्रसाद चौलागाईंलाई निर्मम कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरी नलिखुट्टा काटिदिएको।
- ०५८ फागुन १६ गते गुल्मीको अर्खले-९ भाडगाउँ भन्ने ठाउँमा खोटो संकलन गर्न गएका दुर्गा रोजिन एण्ड टर्पेन्टाइनका कर्मचारीद्वय उपेन्द्र थापा मगर र जगतवहादुर थापा मगर सुरक्षाकर्मीको गोलीबाट मारिएको। मृतकका सहकर्मीहरु नाम वहादुर बस्नेत, अनिल बस्नेत, तेजेन्द्रवहादुर थापा, छविलाल पाण्डे र कमल वि.क.लाई पक्राउ गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन १६ गते सुरक्षाकर्मीको कारवाहीबाट कालिकोटको रुप्सामा चार जना तथा लालीघाटमा चार जना, बाग्लुङ्गको वुर्तिवाङ्गमा तीन जना, रुकुमको छिनवाङ्गमा एक जना र पर्वतको कुश्मामा एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १६ गते बाँके जिल्लाको रतियापुर गाविस-९ का हसन महम्मद खाँ माओवादीहरुद्वारा छाडिएको बममा टेक्दा विस्फोटन भई घाइते भएको।
- ०५८ फागुन १६ गते राति सल्यानको थारमाई बागचौरमा सेनाको लागि ठेक्कामा ल्याइएको एक सय क्विन्टल खाद्यान्न लगायत खसी, बोका, बंगुर र कर्कटपाता माओवादीहरुद्वारा लुटिएको।
- ०५८ फागुन १६ गते काठमाण्डौको मैतीदेवीस्थित लर्डबुद्ध एजुकेशन फाउण्डेशनमा माओवादीहरुले तोडफोड गर्नुका साथै मट्टितेल खन्याई आगो लगाउँदा रु. दश लाख भन्दा बढी मूल्य बराबरको क्षति भएको।
- ०५८ फागुन १६ गते राति तेह्रथुम जिल्लाको संक्रान्ति बजारमा माओवादीहरुले नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता अम्बर खम्बोको हत्या गरेको।
- ०५८ फागुन १६ गते नेकपा (माओवादी) समर्थक विद्यार्थीहरुले काठमाण्डौको महेन्द्ररत्न क्याम्पस ताहाचलमा नेविसंघ क्याम्पस ईकाई सचिव तारावहादुर थापालाई खुकुरी प्रहार गरी घाइते बनाएको।
- ०५८ फागुन १६ गते नवलपरासी जिल्लामा विगत २ महिना अघि पक्राउ गरी कारागारमा राखिएका १५ जना माओवादीहरुले आत्मसमर्पण गरेपछि जिल्ला प्रशासन कार्यालयद्वारा कारागार मुक्त। मुक्त हुनेहरुमा लक्ष्मी खनाल, वासुदेव बस्याल, छविलाल खरेल, चिरञ्जीवी खनाल, शिवराज महतो, शिव मदानिया, सुरेश महतो, नारायण देवकोटा, पन्नालाल हरिजन, राम केवट हरिजन, भक्तवहादुर के.सी. र निलकण्ठ भट्टराई समेत रहेको।
- ०५८ फागुन १७ गते कन्चनपुर जिल्लाको बेलौरी इलाका प्रहरी कार्यालयका सात जना गस्ती प्रहरीलाई नौ थान राइफल सहित दिउँसै माओवादीहरुले अपहरण गरेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ फागुन १७ गते सुरक्षाकर्मीको कारवाहीबाट बर्दिया जिल्लाको ढकेरीमा चार जना, रुकुमाको टोडकेमा एक जना र उदयपुरको रामपुरमा एक जना गरी ६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १७ गते कञ्चनपुर जिल्लाको शंकरपुर र देखतभोली गाविसको सिमानामा गस्ति गरिरहेका प्रहरीहरु र माओवादीहरु बीच भिडन्त हुँदा दुइ जना माओवादी कार्यकर्ता सहित प्रहरी नायव निरीक्षक नैनसिंह विष्ट, प्रसनि रघुवीर बोहरा र प्रहरी जवान मोहनसिंह धामीको घटना स्थलमै मृत्यु।
- ०५८ फागुन १७ गते दाङ्गको तुलसीपुरमा कार्यरत प्रहरी जवानद्वय तकवहादुर शाही र जयवहादुर भण्डारीको आफैले बोकेको बम विस्फोटन हुँदा मृत्युभएको।
- ०५८ फागुन १८ गते गोरखाको च्याङ्गली गाविसमा आफैले राखेको विस्फोटक पदार्थ पड्किंदा माओवादी कार्यकर्ता शिव काराखेतीको मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ फागुन १८ गते सुरक्षाकर्मीको कारवाहीबाट कालिकोट जिल्लामा चार जना, लमजुङ्गम जिल्लाको भलायखर्कमा एक जना र गोरखा जिल्लामा पाँच जना गरी जम्मा दश जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन १८ गते दाङ्ग जिल्लाको त्रिभुवननगर नपा वडा-६ गिठेपानीका वसन्त लम्सालको माओवादीद्वारा गर्दन छिनाई हत्या गरिएको। उनलाई फागुन

१३ गते माओवादीहरुद्वारा अपहरण गरिएको थियो।

- ०५८ फागुन १८ गते राति घरमा खाना खाईरहेको अवस्थामा माओवादीहरुले गोली हान्दा घाइते भएका दैलेखको रानीवन गाविसका पूर्व अध्यक्ष वीरवहादुर सिंहको उपचार गर्दा गर्दै ०५८ फागुन २० गते निधन भएको।
- ०५८ फागुन १९ गते संयुक्त जनमोर्चा नेपालका महासचिव एवं सांसद लीलामणि पोखरेलद्वारा आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) विधेयकको विरोधमा सूचना दर्ता गरिएको। सूचानमा नेपाल अधिराज्यको संविधान ०४७ को धार ११, १२,१३,१४,१५,१६,१७,२२, र ८४ को मर्म र भावना विपरीत सो विधेयक रहेको जनाइएको।
- ०५८ फागुन १९ गते राति ८:३० बजे स्याङ्जा जिल्लाको चित्रेवास गाविस-६ निवासी सोनी भनिने दुर्गावहादुर रानाको वालिङ्ग नपा-५ स्थित होटलमा संगै बसेर खाना खाइरहेका माओवादीहरुले गोली हानी हत्या गरे। निज रानालाई यस अघि नक्कली माओवादी भएको आरोपमा माओवादीहरुले कारवाही गरेको बताइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ फागुन १९ गते कालिकोट जिल्लाको मुगरानमा सुरक्षाकर्मीको कारवाहीबाट तीन जना माओवादी कार्यकर्ता मारिनुका साथै एक जना घाइते भएको।
- ०५८ फागुन १९ गते पर्वत जिल्लाको भँगेरा गाविसका कार्यवाहक अध्यक्ष बलवहादुर क्षेत्री माओवादीहरुबाट गरिएको सँघातिक आक्रमणबाट घाइते भएको।
- ०५८ फागुन १९ गते सुर्खेतको घुमखहरे गाविस-७ का शाही सेनामा कार्यरत तिलक विष्ट माओवादीहरुद्वारा अपहरित।
- ०५८ फागुन २० गते दाङ्ग जिल्लाको श्रीगाउँ गाविस-९ बस्ने ४० वर्षीय तारानाथ योगीको माओवादीहरुद्वारा तुलसीपुर - सुर्खेत सडक खण्डमा खुकुरी र गोली प्रहार गरी हत्या गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २० गते सुरक्षाकर्मी र माओवादी बीच मुठभेड हुँदा बाग्लुङ्गको श्रीनगर टोलमा एक जना र रोल्पाको मसिनाडाँडा भन्ज्याङ्गमा एक जना गरी दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २० गते सुर्खेतको आग्रीगाउँ गाविसका पूर्व अध्यक्ष गणेशवहादुर बुढालाई घरमा सुतिरहेको अवस्थामा माओवादीद्वारा अपहरण गरिएको।
- ०५८ फागुन २१ गते सिराहा जिल्लाको नहरारीगोल गाविसमा गस्ती प्रहरीसंग मुठभेड हुँदा दुर्गानन्दराम मोची नामक माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २१ गते समसामयिक अध्यन केन्द्र नेपालद्वारा आयोजित कार्यशाला उद्घाटन सभामा सत्तारुढ नेपाली कांग्रेसका सभापति गिरीजाप्रसाद कोइरालाले संकटकाल सेनाले लगाएको र सरकारले वाध्यताबश त्यस अनुरुप कदम चाल्नुपरेको बताउनु भयो।
- ०५८ फागुन २१ गते, प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानवअधिकार समितिले प्रधानमन्त्री शेरवहादुर देउवालाई फागुन १० गते दिएको निर्देशन अनुरुप सरकारले काम ग-यो गरेन भन्ने विषयमा जानकारी दिन फागुन २४ गते समितिमा उपस्थित हुन बोलाएको।
- ०५८ फागुन २१ गते मोरङ्ग जिल्लाको गोविन्दपुर गाविस-७ निवासी नेपाली कांग्रेसका कार्यकर्ता ६५ वर्षीय केदार प्रसाइको माओवादीद्वारा खुकुरी प्रहार गरी हत्या गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २१ गते सल्यान र लमजुङ्गमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २२ गते धादिङ्गको सल्यानटारस्थित चक्रदेवी मा.वि.का शिक्षक ऋषिश्वर वुर्लाकोटी माओवादीको आक्रमणबाट घाइते।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २२ गते जुम्लाको ओमरगाठामा प्रहरी र माओवादी बीच मुठभेड हुँदा प्रहरी हवल्दार मोहनवहादुर शाहीको मृत्युभएको।
- ०५८ फागुन २२ गते सुर्खेत जिल्लाको छिन्चु- रामघाट बीच रातमाटे भन्ने ठाउँमा सुरक्षार्मीको कारवाहीबाट माओवादी कार्यकर्ता विदुरकुमार चौधरी (विज्ञान) र चक्रबहादुर बुढा मारिएको। कारवाहीको क्रममा चौधरीले बोकेको बम विस्फोट हुँदा ६ जना सुरक्षाकर्मी घाइते भएको।

रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ जेठ ४-५ गते सुरक्षाकर्मीको कारवाहीबाट दाङ्गमा ४ जना, उदयपुरको खैजानमा २ जना र रुकुमको झुलाखेलमा २ जना गरी आठजना माओवादी कार्यकर्ता मारिएको।

- ०५८ फागुन २२ गते बाग्लुङ्ग जिल्लाको पला गाविस-२ निवासी नगेन्द्रवहादुर थापा र उनकी श्रीमती भद्रकाली थापाको माओवादीद्वारा खुकुरी प्रहार गरी हत्या।
- ०५८ फागुन २२ गते बाँके जिल्लाको महादेवपुरी गाविस-१ का वडाध्यक्ष २८ वर्षीय शिव रानालाई माओवादीहरुलाई खाना खुवाएको र बास बस्न दिएको आरोपमा सुरक्षाकर्मीद्वारा पक्राउ गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २३ गते सुर्खेतको छिन्चुमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २३ गते सुरक्षाकर्मीको कारवाहीबाट बर्दियाको सुखारमा ५, रुकुमको जगतीसारामा १ र जाजरकोटको पाँचकटियामा १ गरी ७ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २३ गते सर्लाही जिल्लाको जानकीनगर गाविस-३ का भुतपूर्व प्रहरी हवल्दार मोहनवहादुर खत्री र देवनाथ महत्तोलाई राति अपहरण गरी गाउँ भन्दा पाँचसय मिटर पूर्व लगी, गोली र खुकुरी
- प्रहार गरी माओवादीद्वारा हत्या गरिएको। यस अघि छोराको अपहरण गर्दा बाधा पु-याएको भनी देवनाथ महतोको बुबा रामप्रित महतोलाई घरमै गोली हानी हत्या गरिएको थियो।
- ०५८ फागुन २३ गते सुर्खेत जिल्लाको कुनाथरी गाविस-९ स्थित लक्ष्मी रोजिन एण्ड टरपेन्टाइन इण्डष्ट्रीको गोदाममा माओवादीले आगो लगाइ दिंदा दश हजार टिन खोटो र ८ वटा घर ध्वस्त हुँदा ४० लाख मूल्य बराबरको क्षति भएको।
- ०५८ फागुन २३ गते दोलखा जिल्लाको गैरीमुदी गाविस-९ का वडाअध्यक्ष छवि तामाङ्ग र तरुण दलका गाउँसचिव सूर्यवहादुर थापा माओवादीहरुद्वारा अपहरित।

- ०५८ फागुन २३ गते रोल्पाको लिवाङ्गमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २३ गते बर्दिया जिल्लाको पाताभार गाविस-२ मा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा माओवादी कार्यकर्ता हर्कवहादुर बैद्य थारु मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २३ गते दैलेखको ताल पोखरीमा एक र बर्दियाको बातियाभार गाविसमा एक गरी दुई जना माओवादी कार्यकर्ता सुरक्षाकर्मीको कारवाहीमा मारिएको।
- ०५८ फागुन २३ गते माओवादीहरुद्वारा भोजपुर जिल्लाको हलाछास्थित कालीका माविमा आगो लगाईएको।
- ०५८ फागुन २४ गते प्रतिनिधिसभा परराष्ट्र सम्बन्ध तथा मानअधिकार समितिको बैठकमा प्रधानमन्त्री शेरवहादुर देउवा अनुपस्थित। मुलुकमा संकटकालीन अवस्था घोषणा भएपछिको अवस्थाबारे जानकारी लिन प्रधानमन्त्री देउवालाई समितिको बैठकमा उपस्थित हुन आमन्त्रण गरिएको थियो।
- ०५८ फागुन २४ गते रुपन्देहीको बुटवलमा आयोजित एक कार्यक्रममा प्रमुख विपक्षी दलका नेता तथा नेकपा एमालेका महासचिव माधवकुमार नेपालद्वारा माओवादीलाई संविधान संशोधनमा सहभागी हुन आग्रह गरियो।
- ०५८ फागुन २४ गते दाङ्ग जिल्लाको सतवरिया गाविस - १ का ७४ वर्षीय रामवहादुर सिंह ठकुरीलाई माओवादीहरुले काठ-दाउराले हानी हत्या गरेको। हत्या पश्चात २ पटक गोली पड्काइएको। मृतक भारतीय सेनाको अवकाश प्राप्त सैनिक रहेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २४ गते मोरङ्को केराबारी गाविस स्थित खोर्सानेमा सुरक्षाकर्मीको कारवाहीबाट एक जना महिला सहित ४ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २४ गते बाँके जिल्लाको महादेवपुरी गाविसको धकेरीमा सुरक्षाकर्मीको कारवाहीबाट १५ जना माओवादी कार्यकर्ता मारिएको। मर्नेहरुमा डम्बर रानाभाट (अनुप) , रवीन्द्र, शिथिल र दमयन्ती पुन (कोपिला) बाहेक अरुको नाम खुल्न नसकेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २४ गते रोल्पा जिल्लाको हरीकातिनामा सुरक्षाकर्मीको कारवाहीबाट चार जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २४ गते सिन्धुलीको लेखखर्कमा सुरक्षाकर्मीको कारवाहीबाट एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २४ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा माओवादी जनयुद्धका कारण वेपत्ता भएका व्यक्तिहरुको सम्बन्धमा सत्यतथ्य विवरण उपलब्ध गराउन सर्वसाधारण तथा सम्बन्धित निकायलाई अनुरोध गरिएको। ०५२ साल देखिको यस्तो विवरण चैत्र २० गते भित्र आयोगको कार्यालयमा पुग्नुपर्ने जनाइएको।
- ०५८ फागुन २५ गते नुवाकोट जिल्लाको गणेशस्थान गाविस- ७ मा माओवादीद्वारा राखिएको एम्बुस विस्फोटन हुँदा १५ प्रहरी र ५ सैनिक घाइते। घटना स्थलमा सुरक्षाकर्मीको कारवाहीबाट दुई जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ फागुन २५ गते रामेछाप जिल्लाको फुलासी गाविस-२ का ६० वर्षीय हरीवहादुर कटुवाललाई माओवादीहरुले घरबाट बाहिर ल्याई, ढुंगाले हिर्काइ दाहिने खुट्टा तीन ठाउँमा माँचि दिएको।
- ०५८ फागुन २५ गते कास्कीस्थित सुरक्षा बेस भित्र जबरजस्ती प्रवेश गर्न खोज्ने, नाम खुल्न नसकेको एक व्यक्ति सुरक्षाकर्मीको कारवाहीबाट मारिएको। सोही मितिमा यस्तै कारवाहीबाट एक व्यक्ति घाइते भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २६ गते सुरक्षाकर्मीको कारवाहीबाट सुर्खेत जिल्लाकी विभिन्न स्थानमा तीन जना, पाँचथरमा एक जना, कैलालीमा एक जना र म्याग्दीमा एक जना गरी ६ जना माओवादी कार्यकर्ता मारिएको। म्याग्दीमा मारिने माओवादीको नाम तिलक दर्जी रहेको।
- ०५८ फागुन २६ गते बाग्लुङ्गका अर्गल नजिकै माओवादीहरुद्वारा थापिएको एम्बुसमा परी एक जना सुरक्षाकर्मीको मृत्यु भएको।
- ०५८ फागुन २६ गते दाङ्गको हलबारीमा माओवादीहरुद्वारा बन्चरो प्रहार गरी उमा चौधरीको हत्या गरिएको।
- ०५८ फागुन २६ गते माओवादीहरुले दाङ्ग धरौनीका मधु शाह र मोरङ्गको झरकियाका घनश्याम कोईरालालाई कुटपिट गरी घाइते बनाएको।
- ०५८ फागुन २७ गते गुल्मी जिल्लाको रेसङ्ग स्थित नेपाल दूर सञ्चार संस्थानको रीपिटर टावर माओवादीहरुको आक्रमणबाट ध्वस्त। ४ करोड रुपैयाँ बराबरको क्षति भएको।
- ०५८ फागुन २७ गते गोरखाको मनकामना मन्दिर परीसरमा माओवादीहरुको गोली प्रहारबाट प्रहरी हवल्दार इन्द्रवहादुर रानाभाट र प्रहरी जवान शेषकान्त सुवेदी घाइते।
- ०५८ फागुन २७ गते प्रतिनिधिसभाको बैठकमा संकटकाललाई व्यवस्थित गर्ने आदेश जारी गर्ने माग राख्दै प्रमुख विपक्षीदल एमालेद्वारा एक घण्टासम्म संसद अवरुद्ध गराईएको।
- ०५८ फागुन २८ गते दाङ्गको सदरमुकाम घोराहीमा माओवादीहरुको आक्रमणबाट गस्तीमा रहेका प्रहरी हवल्दार नारायण गिरी घटनास्थलमा मारिएको र प्रसनि तुलसी महतो घाइते भएको।
- कपिलवस्तु जिल्लाको वीरपुर गाविसस्थित कन्ट्रोल रुम फागुन २५ गते माओवादीहरुको आक्रमणबाट ध्वस्त भएपछि नेपाल विद्युत प्राधिकरण तौलिहवा र कृष्णनगर शाखालाई दैनिक २ लाख ५० हजार रुपैयाँ घाटा हुने गरेको। विद्युतसंग सम्बन्धित उद्योग व्यवसायमा संलग्न कामदारहरु बेरोजगार।
- ०५८ फागुन २८ गतेको कान्तिपुर दैनिकमा प्रकाशित एक समाचार अनुसार सूचना तथा संचार राज्यमन्त्री हरिनारायण चौधरीले सीमा नाघेर लेख्ने पत्रकारलाई अपहरण गर्न पाउने जिकीर गर्नु भएको।
- ०५८ फागुन २८ गते माओवादीहरुको आक्रमणबाट दाङ्गको घोराही स्थित जिल्ला प्रहरी कार्यालयका तीन जना प्रहरी घाइते भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २८ गते सुरक्षाकर्मीको कारवाहीबाट सुर्खेतको नेटा इलाकामा चार जना, कुनाथरीमामा तीन जना, सल्यान जिल्लाको विभिन्न स्थानमा चार जना, बाग्लुङ्गको अर्गलडाँडामा दुई जना तथा सप्तरीमा दुइ जना गरी १५ जना माओवादी कार्यकर्ता मारिएको।

- ०५८ फागुन २९ गते प्रतिनिधिसभाको बैठकमा प्रमुख विपक्षी दल एमालेका सांसद प्रेमवहादुर सिंहद्वारा कालीकोट जिल्लामा ६० जना भन्दा बढी निर्दोष व्यक्तिहरु सुरक्षा निकायको कारवाहीबाट मारिएको बताउँदै यस सम्बन्धमा निष्पक्ष छानविन गर्न माग गरिएको।
- ०५८ फागुन २९ गते पर्वत जिल्लाको मुलपानीमा सुरक्षाकर्मीको कारवाहीबाट माओवादी कार्यकर्ता हीरालाल विश्वकर्मा (उत्सर्ग) मारिएको।
- ०५८ फागुन २९ गते सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे गाविस-९ स्थित शारदा उच्च माविको स्वर्णजयन्ति तथा विद्यार्थी पुनर्मिलन कार्यक्रमको उद्घाटनका लागि राजधानीबाट गइरहनु भएका सभामुख तारानाथ रानाभाट र स्वास्थ्य राज्यमन्त्री मोहनवहादुर बस्तेतको सुरक्षार्थ चौताराबाट बाह्रवीसे गइरहेको सुरक्षाटोलीको गाडी माओवादीद्वारा राखिएको एम्बुसमा परी ध्वस्त। पोखरी बेसमा भएको सो घटनामा प्रहरी हवल्दार दिलवहादुर मगर तथा प्रहरीहरु किशोरी ठाकुर (लोहार), मनोज श्रेष्ठ, कमल पोखरेल, चित्रवहादुर पौडेल र हर्कवहादुर बुढाको मृत्यु भएको।
- ०५८ फागुन २९ गते प्यूठान जिल्लाको रम्दी गाविस-५ चेरनेटामा खैराबाट काम गरी घर फर्किरहेको अवस्थामा साँझ ७:३० बजे चित्रवहादुर खड्का सुरक्षाकर्मीको गोलीबाट मारिएको। मृतकसंगै रहेका ५३ वर्षीय भूपवहादुर खड्काको दाहिने तिघ्रामा गोली लागि घाइते हुँदा उपचारार्थ प्यूठान अस्पतालमा भर्ना गरिएको।
- ०५८ फागुन २९ गते अर्घाखाँचीको केरुंगा गाविस अध्यक्ष एवं कांग्रेस महासमिति सदस्य राममणि ज्ञवालीको माओवादीहरुद्वारा राति ९:०० बजे शरिरको विभिन्न अङ्गमा खुकुरी प्रहार गरि हत्या गरिएको। मृतक ज्ञवालीको शव दुई टुक्रा पारिएको बताइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ फागुन २९ गते बाग्लुङ्ग जिल्लाको रम्पुखानीमा १, खहरेखोलामा १, मूलपानीमा १, गोरखाको धैरुङ्गमा २ र कैलालीको लाल बोझीमा २ गरी जम्मा ७ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत्र १ गते राजधानी दैनिकमा प्रकाशित समाचार अनुसार सुर्खेत जिल्लाको मेहलकुनामा ०५८ फागुन २७ गते सुरक्षाकर्मीको कारवाहीबाट चारजना सामान्य नागरिकहरु नन्दलाल पुन, मोतीसिंह बुढा, वीरवहादुर बुढा, काशीराम वि.सि. मारिएको। समाचारमा माओवादीहरुसंग मृतकहरुको संलग्नता नरहेको बताइएको।
- ०५८ चैत १ गते विहिबार काठमाण्डौको ज्ञानेश्वर स्थित आफ्नै निवासबाट अधिवक्ता रामनाथ मैनालीलाई पक्राउ गरिएको।
- ०५८ चैत १ गते राजधानीमा आयोजित एक कार्यक्रममा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोईरालाले संविधान सभाले गर्ने काम संसदले नै गर्न सक्छ भन्ने प्रमाणित गराउनका लागि संविधान संशोधन आवश्यक रहेको बताउनुभयो।
- ०५८ चैत १ गते प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको नेतृत्वमा गएको एक प्रतिनिधि मण्डलद्वारा प्रधानमन्त्री शेरवहादुर देउवासंग भेट गरी संकटकाल व्यवस्थापनका लागि संवैधानिक आदेश जारी गर्नुपर्ने र गिरफ्तार गरिएका कार्यकर्ताको रिहाइको माग गरियो।
- ०५८ चैत १ गते डा. हर्क गुरुङ्ग, शिक्षाविद डा. त्रैलोक्य नाथ उप्रेती, डा.मीना आचार्य, डा. बाल गोपाल वैद्य, डा. कृष्णवहादुर भट्टचन, बरीष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी लगायत २३ जना बुद्धिजीविद्वारा गरिएको अपिलमा सरकार र माओवादी बीच अविलम्ब वार्ता शुरु गर्न तथा दुवै पक्षले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानून पालना गर्न समेत आव्हान गरिएको।
- ०५८ चैत १ गते नवलपरासी सुनवलस्थित अरनिको प्राथमिक विद्यालयका शिक्षक ३४ वर्षीय हरि ढकाल, उनकै घरमा साँझ ८:०० बजे माओवादीहरुले कञ्चटमा गोली प्रहार गर्दा घाइते भएको।
- ०५८ चैत १ गते पाल्पा जिल्लाको बाँटारीको सालघारी जंलमा सुरक्षाकर्मीको कारवाहीबाट तीन जना माओवादी महिला कार्यकर्ता मारिएको।
- ०५८ चैत १ गते नेपाल बार एसोशिएसन सर्वोच्च अदालत इकाईद्वारा जारी विज्ञप्तिमा संविधानको धारा १४ निलम्बित नभएको वर्तमान अवस्थामा कुनै पनि नागरिकलाई हिरासतमा राख्ने अधिकार शाही नेपाली सेनासंग नरहेको बताइएको।
- ०५८ चैत १ गते डडेल्धुरा जिल्लाको मणिलेक गाविसका उपाध्यक्ष प्रेमवहादुर विष्टको माओवदीद्वारा धारीलो हतियार प्रयोग गरी हत्या गरिएको।

माओवादीका विध्वंसात्मक गतिविधिहरू

विमास्थलहरु :

- चौरजहारी र सल्लेरी विमानस्थल, रुकुम
- सुर्खेत विमानस्थल,सुर्खेत
- लुक्ला र फाप्लु विमानस्थल, सोलुखुम्बु
- साँफेबगर विमानस्थल, अछाम
- जुफाल विमानस्थल, डोल्पा
- कोल्टी विमानस्थल, बाजुरा
- बझाङ विमानस्थल, बझाङ
- बैतडी र दार्चुलाका विमानस्थलहरु
- लामिडाँडा विमानस्थल, खोटाङ

विद्युत् गृहहरु :

- झिमरुक जलविद्युत् आयोजना, प्यूठान
- खाँदबारी विद्युत् संखुवासभा
- त्रिशूली देवीघाट विद्युतगृह
- ताप्लेजुङ हाडपाङमा रहेको विद्युत् केन्द्र
- फिदिम जलविद्युत् केन्द्र
- अरुणखोला विद्युत् प्राधिकारण, नवलपरासी
- तातोपानी जलविद्युत् आयोजना, म्याग्दी
- सुनकोशी जलविद्युत् आयोजनाको मुडे सवस्टेसन, दोलखा
- चन्द्रौटा सवस्टेसन, कपिलवस्तु
- निर्माणाधीन पुवाखोला जलविद्युत् आयजना, संखुवासभा
- आँधीखोला जलविद्युत् आयोजना, स्याङ्जा
- मोदीखोला जलविद्युत् केन्द्र, पर्वत

- ०५८ चैत १ गते दाङ्गको घोराही - मुर्कुटी रुटमा चलने बसका एक कण्डक्टरको माओवादीहरुद्वारा हत्या गरिएको। उनको लाश दुई दुक्रा पारिएको अवस्थामा फेला परेको।
- ०५८ चैत १ गते मोरङ्गको इन्द्रपुर गाविस-६ का ६० वर्षीय रत्नमान मास्केलाई माओवादीहरुले कुटपीट गरी दाहिने हात भाँचिदिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १ गते सुरक्षाकर्मीको कारवाहीबाट बर्दियाको घवारमा ३, पाल्पाको दमकडामा ३, दाङ्गको क्वाङगीमा र सर्लाहीको कर्मैयामा १-१ गरी जम्मा ८ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत २ गतेको नेपाल समाचारपत्र दैनिकमा प्रकाशित एक समाचारमा सुर्खेत जिल्लाको रामघाट गाविसको राधाचोकको जंगलमा ११ वटा शवहरु बेवारिसे अवस्थामा फेला परेको जनाइएको। ती मध्ये २ वटा शवहरु छिन्चू निवासी कृष्णप्रसाद खनाल र लक्ष्मी गौतमको भएको बताइएको। सोही जिल्लाको कुनाथरी गाविसको हुडकेको जंगलमा मानिसका तीन वटा पोलिएका टाउकाहरु तीन दिन देखि बेवारिसे अवस्थामा रहेको भेटिएको। स्थानीय व्यक्तिहरुले ती टाउकाहरु माओवादीहरुको भएको अनुमान गरेको।
- ०५८ चैत २ गते भक्तपुर जिल्ला विकास समितिको भवनमा माओवादीहरुद्वारा राखिएको बम विस्फोटन हुँदा ६:३० बजे जिल्ला प्रशासन कार्यालय क्षति ग्रस्त भएको। त्यस्तै गरी काठमाण्डौ र ललितपुरका जिल्ला प्रशासन कार्यालयमा ५:३० बजे गराइएको विस्फोटनबाट कम्पाउण्डको पर्खाललाई क्षति पुगेको।
- ०५८ चैत २ गते भक्तपुर जिल्लाको सानो ठिमी स्थित उच्च माध्यमिक शिक्षा परिषदको कार्यालयमा राखिएको शक्तिशाली बम शाही नेपाली सेनाको डिस्पोजल टोलीद्वारा निष्क्रीय पारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत २ गते सुरक्षाकर्मीको कारवाहीबाट कपिलबस्तु जिल्लाको शिवगढीमा दुई जना, बझाङ्ग जिल्लाको वासमा दुइ जना र दाङ्ग जिल्लाको उरहरीमा एक जना गरी ५ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ३ गते सुरक्षाकर्मीको कारवाहीबाट कन्चनपुर तथा बाग्लुङ्गमा ६ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ३ गते रोल्पाको गुम्चालमा सुरक्षाकर्मीको कारवाहीबाट थप ३ जना माओवादी मारिएको पुष्टि भएको। सो घटनामा मारिने माओवादीको संख्या जम्मा ६५ पुगेको।
- ०५८ चैत ४ गते रोल्पाको गुम्चाल गाविसस्थित माओवादी सैन्य तालिम शिविरमा सुरक्षाकर्मीद्वारा आक्रमण गरिंदा ६२ जना माओवादी कार्यकर्ता मारिएको। चैत ५ गतेको राजधानी दैनिकमा प्रकाशित समाचार अनुसार, उक्त आक्रमणमा परी माओवादी कमाण्डरहरु हिमचुली रोका (आधार), लीला वहादुर क्षेत्री (युद्ध), बुद्धिस्वँरा रोका (विपना), सुकवहादुर के.सी. (सुनील), सपना रोका(बुनी) तथा विमला रोका(आशा) र स्क्वाड कमाण्डर मनस्वाँरा रोका (ज्ञानी)को मुत्यु भएको।
- ०५८ चैत ४ गते रोल्पाको जमकोटमा भएको दोहोरो भिडन्तमा एक दर्जन भन्दा बढी माओवादी कार्यकर्ता मारिएको समाचार विभिन्न समाचारपत्रमा प्रकाशित।
- ०५८ चैत ५ गतेको राजधानी दैनिकमा प्रकाशित एक समाचार अनुसार गुल्मीको धुरकोटमा सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा एक जना माओवादी कार्यकर्ता मारिएको।
- सत्तारुढ नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाका तर्फबाट केन्द्रीय सदस्य चक्रप्रसाद बास्तोलाले नेकपा माओवादीका केन्द्रीय नेता इश्वरी दाहालसंग भेट गर्नु भएको समाचार ५ चैतको कान्तिपुर दैनिकमा प्रकाशित। चैत ३ गते नेपाली कांग्रेस केन्द्रीय समिति बैठकमा बास्तोलाद्वारा अप्रत्यक्षरुपमा संविधान सभाका लागि जनमत संग्रहको माग राखिएको कुरा उक्त समाचारमा उल्लेख गरिएको।
- नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराईद्वारा चैत २ गते गरिएको अपीलमा विदेशी पर्यटकहरुलाई दोहोरो युद्ध चलिरहेको र क्रस फायरिङ्ग हुने युद्धग्रस्त क्षेत्रमा भ्रमण नगर्न अनुरोध गरिएको उल्लेख गर्दै चैत ५ गतेको राजधानी दैनिकमा समाचार प्रकाशित।
- ०५८ चैत ५ गते लमजुङ्गको भोर्लेटारमा थापिएको विद्युतीय धरापमा परी एक सेना र एक प्रहरी गरी दुई सुरक्षाकर्मी घाइते।
- ०५८ चैत ५ गते नेपाल मानवअधिकार संगठनद्वारा सरकार - माओवादी वार्ता पहलका लागि सुदीप पाठक, वरिष्ठ अधिवक्ता तथा नेपाल बार एसोशिएसनका अध्यक्ष सिन्धुनाथ प्याकुरेल र मल्ल के. सुन्दर रहेको टोली गठन गरिएको। ०५८ चैत ५ गते मानवअधिकार संगठनद्वारा आयोजित पत्रकार सम्मेलनमा संगठनका अध्यक्ष सुदीप पाठकद्वारा ग्वाटेमालाको मोडल अनुरुप वार्ता हुने जानकारी गराइयो।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ५ गते दैलेखको रानीमत्तामा सुरक्षाकर्मीको कारवाहीबाट एक जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ६ गते पाल्पाको सोमादी गाविस स्थित भवानी डाँडामा सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता श्याम, दीपक मगर, घर्ती श्रेष्ठ र विशाल गरी ४ जना मारिएको।
- ०५८ चैत ६ गते कैलाली जिल्लाको लम्की स्थित इलाका प्रहरी कार्यालयमा माओवादीको सशस्त्र आक्रमणबाट प्रहरी सहायक निरीक्षकद्वय लोकराज चौधरी र जयवहादुर ढाँट, प्रहरी हवल्दार प्रेमवहादुर सिंजापति र करणसिं भाट, प्रहरी जवानहरु प्रेमवहादुर विष्ट, उमेश रावत र धीरज श्रेष्ठको घटनास्थलमै मृत्युभएको। सो घटनामा १० जना प्रहरी घाइते भएको। सो आक्रमण पछि माओवादीहरुद्वारा विभिन्न स्थानमा गई एक करोड भन्दा बढी लुटिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत ६ गते सुरक्षाकर्मीको कारवाहीबाट रुकुमको छिङ्ग इलाकामा नौ, रुकुमकै स्यालपाखामा पाँच, बर्दियाको बनकट्टीमा चार जना, भोजपुरको नेपाल डाँडा, स्याङ्गजाको बालथोक देउराली, रोल्पाको खुमेल, डोल्पाको पलाङ्ग, सुर्खेतको छिन्चू, कैलालीको प्रतापपुर तथा गोरखाको च्याङ्गलीमा एक-एक गरी २५ जना माओवादी कार्यकर्ता मारिएको। गोरखाको

च्याङ्गलीमा मारिएका रामचन्द्र पाण्डे उक्त क्षेत्रको एरीया कमाण्डर भएको बताइएको।

- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ६ गते पाल्पाको भवानी डाँडामा माओवादी र सुरक्षाकर्मी बीच दोहोरो भिडन्त हुँदा घाइते भएका माओवादीहरुको खोजतलाशको क्रममा चैत ९ गते सोही ठाउँमा दुइ जना माओवादी कार्यकर्ताको लाश फेला परेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ७ गते सुरक्षाकर्मीको कारवाहीबाट कैलालीको लम्कीमा ७ जना, स्याङ्गजाको फापर थुङ्गमा २ जना, पर्वतको खुर्कोटमा २ जना, संखुवासभाको स्यांवुनमा चन्द्रप्रसाद नाम गरेको १ जना, गोरखा जिल्लाको च्याङ्गलीमा र वुधासिंङ्गमा १-१ जना र कालीकोटको पिनी इलाकामा १ जना, भोजेमा १ जना गरी १६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत ७ गते दैलेख जिल्लाको खुर्सानी बारीमा माओवादीहरुले जमिन मुनि विछ्याएको एम्बुस विस्फोटनमा परी एक सैनिक जवानको मृत्यु र दुई जना घाइते भएको।
- ०५८ चैत ७ गते रौतहट जिल्लाको गोनाही गाविस वडा नं ९ का नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता हवील अन्सारीलाई माओवादीहरुले घरबाट अपहरण गरी एक कि.मि टाढा पु-याएपछि गोली हानी हत्या गरेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ७ गते सुरक्षाकर्मीको कारवाहीबाट पाल्पा जिल्लाको भवानी डाँडामा दुई जना, रोल्पा जिल्लाको हवामा चार जना र सुर्खेत जिल्लाको विजौरामा एक जना गरी ७ जना माओवादी कार्यकर्ता मारिएको। विजौरामा दुई जना घाइते माओवादी कार्यकर्ता पक्राउ परेको।
- ०५८ चैत ७ गते गोरखा जिल्लाको मनकामना गाविस-५ वस्ने यमकुमारी आलेको माओवादीहरुद्वारा हत्या गरिएको। आलेले ०५८ माघ ७ गते नेकपा माओवादी त्यागी आत्मसमर्पण गरेकी बताइएको।
- दैलेख जिल्ला नारायण नपा-६ स्थित काडाचौरमा ०५८ चैत ७ गते राति माओवादीले बम सहित गाडेको ब्यानर उखेल्न खोज्दा बम विस्फोटन भई सैनिक जवान रामबहादुर कुमालको मृत्यु भयो भने प्रहरी जवान तेजबहादुर चन्द घाइते भए।
- ०५८ चैत ८ गते सिराहा जिल्लाको खुर्किया गाविसका देवनाथ यादवलाई माओवादीहरुले कुटपिट गरी पोखरीमा फ्याँकि दिए। उनको अवस्था चिन्ताजनक बताइएको। त्यसैगरी रामेछाप जिल्लाका शेरवहादुर थापालाई माओवादीहरुले कुटपिट गरी खुट्टा भाँचिदिए।
- रक्षा मन्त्रालयले जनाए अनुसार लमजुङको भोजे इलाकामा ०५८ चैत ८ गते सुरक्षाकर्मीको कारवाहीबाट घाइते भएका माओवादी कार्यकर्ताको खोजी गर्दा एक जना महिला माओवादीको लाश चैत ९ गते फेला पारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ९ गते सुरक्षाकर्मीको कारवाहीबाट सुर्खेत जिल्लाको विजौरामा ५ जना, स्याङ्जाको नौडाँडामा उज्जवल निशान, विप्लव र सरला नामकी एक महिला सहित ४ जना र संखुवासभाको तम्वुकेशीमा एक जना गरी १० जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत ९ गते सुरक्षाकर्मीको कारवाहीबाट सप्तरीको नकी राजपुरमा अजबलाल यादव सहित २ जना, कैलालीमा एक जना, दाङ्गको तुलसीपुर , कालीकोटको छाप्री तथा म्याग्दीमा एक- एक गरी ६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत ९ गते रौतहट जिल्लाको करुनिया गाविसका पूर्व अध्यक्ष तथ नेपाली कांग्रेसका कार्यकर्ता भोला साह तेलीको माओवादीद्वारा गोली हानी हत्या गरीएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत १० गते सुरक्षाकार्मीको कारवाहीबाट बर्दियाको वेलभारमा ६ जना, लमजुङको चिनुङमा २ जना, म्याग्दीको वसेरीमा २ जना गरी १४ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १० गते इलाम जिल्लाको शान्तिपुर, महमाई, लक्ष्मीपुर, इरोटार, श्रीअन्तु र सिद्धि थुम्का गाविसका भवनहरुमा माओवादीहरुद्वारा आगो लगाइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत ११ गते जाजरकोट जिल्लाको चिसापानी इलाकामा सुरक्षाबलको कारवाहीबाट एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत ११ गते रौतहट जिल्ला रजवरा गाविस-३ बस्ने ५० वर्षीय धुमीदेवी मण्डलको माओवादीहरुद्वारा हत्या गरिएको।
- ०५८ चैत १२ गते काठमाडौं धर्मपथस्थित गोरखापत्र संस्थानको

माओवादी आक्रमणमा परेका गाविसहरु

जिल्ला	गाविस संख्या	क्षति भएका गाविस
ताप्लेजुङ	५०	२२
पाँचथर	४१	३४
इलाम	४८	१९
झापा	४७	११
संखुवासभा	३३	१५
धनकुटा	३५	५
मोरङ	६५	९
तेह्रथुम	३२	२४
सप्तरी	११४	१
सिराहा	१०६	१४
धनुषा	१०१	१०
महोत्तरी	७६	५
सर्लाही	९९	७
रामेछाप	५५	२
रसुवा	१८	१
धादिङ	५०	३५
नुवाकोट	६१	२६
भक्तपुर	१६	२
मकवानपुर	४३	७
बारा	९८	६
चितवन	३६	१७
गोर्खा	६६	७
लमजुङ	६१	४३
बाग्लुङ	५९	५५
दाङ	३९	३६
बाँके	४६	३६
बर्दिया	३१	१८
सुर्खेत	५०	५
डोटी	५०	३६
बाजुरा	२७	२१
दार्चुला	४१	३३
बैतडी	६५	५३
डडेल्धुरा	२०	१९
कञ्चनपुर	१९	८
बझाङ	४८	४३
अछाम	७५	५३

कार्यालय भवनमा माओवादीहरुद्वारा बिहान १०:४५ बजे टाईम बम विस्फोट गराईंदा एउटा शौचालय पूर्णरुपमा ध्वस्त हुनुका साथै भ्यालका शिशाहरु फुटेको।

- ०५८ चैत १२ गते काठमाडौं सुनार गाउँ स्थित नेकपा (एमाले)का स्थायी समिति सदस्य भरत मोहन अधिकारीको निवासमा राखिएको वहाँले प्रयोग गर्ने बा.१ झ ५३८० नम्बरको जीपमा माओवादीहरुले पेट्रोल बम प्रहार गर्दा सामान्य क्षति।
- ०५८ चैत १२ गते भक्तपुर जिल्ला कर कार्यालयको बा.१झ.४९४५ नम्बरको गाडीमा माओवादीहरुले पेट्रोल बम प्रहार गर्दा सामान्य क्षति।

➢ पुरानो बानेश्वर स्थित मेलम्ची खानेपानी विकास समितिमा विहान ५ बजे माओवादीहरुले पेट्रोल बम प्रहार गर्दा सामान्य क्षति भएको।

➢ कलङ्कीस्थित जापान अटो टेक्नो नेपाल ग्यारेजमा मर्मतका लागि ल्याईएको नेपाल दूरसञ्चार संस्थान केन्द्रीय कार्यालयको बा.१ ञ. ८८८ नम्बरको जीप, लिलामका लागि राखिएका दुई जीप र एउटा ट्रक माओवादीहरुद्वारा पेट्रोल बम प्रहार गर्दा क्षतिग्रस्त भएको।

- रक्षा मन्त्रालयले जनाएं अनुसार, ०५८ चैत १२ गते रोल्पा जिल्लाको खगली इलाकामा सुरक्षाबल तथा माओवादी बीच भीडन्त हुँदा १३ जना माओवादी कार्यकर्ता मारिएको। त्यस्तै कारवाहीबाट लमजुङको विचौरमा लक्ष्य, डिकेन्द्र, शुक्र र ईश्वर, जुम्लाको तिर्खूमा प्रवीण सहित ३ जना र दैलेखको लेखपराजुलमा बलवहादुर रेग्मी गरी ८ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १३ गते म्याग्दीको शिख देउरालीमा सुरक्षाबल र माओवादी बीच भीडन्त हुँदा माओवादी कार्यकर्ताहरु नरे पुन, जगत खड्का, सिर्जना खड्का, मानवहादुर वि.क, पुनम शर्मा र नाम नखुलेको एक जना समेत ६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १३ गते कास्की जिल्ला धुम्की-५ दम्सीटारका एक जना सैनिक जवानको घरमा माओवादीहरुले बम विस्फोट गराउँदा घर ध्वस्त हुनुका साथै परिवारका दुई जना महिला सदस्यहरु मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १४ गते पाँचथर जिल्लाको कालिका मा.वि प्राङवुङका शिक्षक लेखनाथ गौतमलाई माओवादीहरुले अपहरण गरी भोलिपल्ट गोली हानी घाइते बनाएपछि आगो लगाई हत्या गरे। पीडितका परिवार सूत्रले जनाए अनुसार, माओवादीरुले गौतमसंग ३ महिनाको तलब चन्दा मागेका थिए।
- ०५८ चैत १४ गते लमजुङको फुलनदेवी गाविस-२ का ६८ वर्षीय मानवहादुर तामाङको हत्या भएको चार दिनपछि सुरक्षाबलले दाहसंस्कार गर्ने व्यवस्था मिलायो। चैत १० गते राति आफ्नै घरमा बसेको अवस्थामा पीडित तामाङलाई माओवादीहरुले घाँटी रेटी एवं छातिमा दुइवटा गोली प्रहार गरी हत्या गरेका थिए। माओवादीहरुले गाउँलेहरुलाई पीडितको लाश नछुन र दाह संस्कार नगर्न चेतावनी दिएको बताइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १४ गते अर्घाखाँची जिल्लाको छत्रगञ्ज इलाकामा सुरक्षाबलको कारवाहीबाट माओवादी कार्यकर्ताहरु राम वहादुर वि.क. र खिमवहादुर श्रेष्ठ मारिएको। त्यस्तै कारवाहीबाट सल्यान जिल्लाको लान्ती बजार इलाकामा तीन जना माओवादी मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १४ गते लमजुङ जिल्लाको कोल्की ओडारेको जङ्गलमा सुरक्षाबलको कारवाहीबाट माओवादी कार्यकर्ताहरु पद्म कुमारी बराम (सीमा), जीवनकुमारी ढकाल (सम्झना), सरीता बोगटी (सृजना) को मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १४ गते सुर्खेत जिल्लाको छिन्चुमा सुरक्षाकर्मीले गरेको खोज तलाशको क्रममा गणेश शाही र नाम नखुलेको एक व्यक्तिको लाश फेला परेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १५ गते सुरक्षाबलको कारवाहीबाट कालीकोट जिल्लाको विसौना मिरुल र तुतु मिरुल इलाकामा ५ जना माओवादी कार्यकर्ता मारिएको। त्यस्तै कारवाहीबाट म्याग्दी जिल्लाको फलेवासमा २ जना, लमजुङको राम्चु खोला इलाकामा १ जना, गोरखाको चित्रेमा १ जना, धादिङको मुरली भञ्ज्याङ्गमा ३ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १५ गते काठमाडौं मनपा-१५ चागलमा सुरक्षा फौजको गस्ती माथि केही युवाहरुले आक्रमण गर्दा आत्म सुरक्षार्थ सुरक्षाफौजले गोली प्रहार गर्दा अरुण श्रेष्ठ घाइते भएकोमा उपचार गर्दा गर्दै मृत्यु भएको कुरा रक्षा मन्त्रालयद्वारा जारी विज्ञप्तीमा जनाइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १५ गते कास्की जिल्लाको पोखरा उपमहानगरपालिकाका माओवादी नेता देवेन्द्र पौडेलले पौने दुई करोड रुपैयाँ बराबरको सुन निजकी भाउजु तेजकुमारी पौडेललाई लुकाइ राख्न दिएकोमा सुरक्षा फौजद्वारा बरामद गरिएको।
- ०५८ चैत १६ गते काठमाडौंको भीमसेनस्थानस्थित नेपाल परोपकार संस्थालाई लक्षित गरी माओवादीहरुले ९:१५ बजे बम विस्फोट गर्दा सेनाका २ जवान समेत २४ जना घाइते भएको।
- ०५८ चैत १६ गते धनुषा जिल्लाको वालापाखर गाविसका अध्यक्ष रामसेवक यादवको माओवादीहरुद्वारा गोली प्रहार गरी हत्या गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १६ गते सुरक्षाबल र माओवादी बीच दोहोरो भीडन्त हुँदा रोल्पामा ९ जना, मुगुको लुम्सामा २ जना, कञ्चनपुर जिल्लामा ६ जना, बाग्लुङको दमेक चौराकमा १ जना र मोरङको टाँडीमा १ जना गरी १६ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १६ गते सुरक्षाफौजको कारवाहीबाट म्याग्दी जिल्ला भालेवासमा मुक्ति पुन (प्रयास), पराण र रोल्पामा २ जना गरी ४ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १६ गते महोत्तरी जिल्लाको खयरवारा गाविस उपाध्यक्ष रामेश्वर यादवको माओवादीहरुले खुकुरी, वन्चरो र गोली प्रहार गरी हत्या गरे।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १७ गते सुरक्षाफौजको कारवाहीबाट दोलखा जिल्लाको रिसाङमा एक जना माओवादी कार्यकर्ता मारिएको।
- लमजुङ जिल्ला हुलाक कार्यालयका अनुसार, माओवादीहरुको आक्रमणका कारण १७ वटा हुलाक कार्यालय बन्द भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १८ गते सुरक्षाकर्मीको कारवाहीबाट

सिन्धुपाल्चोक जिल्लाको मेलम्चीमा ३ जना, जाजरकोट जिल्लाको रिसाङमा २ जना गरी जम्मा ५ जना माओवादी कार्यकर्ता मारिएको।

- ०५८ चैत १८ गते काठमाडौं जिल्ला गोंगबु-७ मा डेरा गरी बस्ने प्रसनि भरत ढकाललाई माओवादीहरुले गोली प्रहार गर्दा घाइते हुँदा उपचार गर्दा गर्दै मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत १९ गते सुरक्षाफौज र माओवादी बीच भीडन्त हुँदा रोल्पामा १ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १९ गते कास्की जिल्लाको रुपाकोटमा बम बोकी हिँडेको अवस्थामा बम विस्फोट हुँदा एक जना माओवादी कार्यकर्ता मारिएको।
- ०५८ चैत १९ गते काठमाडौंमा भूपाल गुरुङ, धने तामाङ, श्याम श्रेष्ठ, इन्द्र राई र लक्ष्मी थापा नामका पाँचजना माओवादी कार्यकर्ता पक्राउ।
- रौतहट जिल्लाको रंगपुर गाविसमा ०५८ चैत १९ गते एम्बुस थाप्ने कार्य गर्दा विस्फोट हुन गई माओवादी कार्यकर्ता सानु दुलाल र सोनम सिंहको घटनास्थलमै मृत्यु भयो भने हरी पौडेल सख्त घाइते भए। उपचारको क्रममा पौडेलको दुवै हात-खुट्टा काटिनु परेको र स्थिति चिन्ताजनक बताइएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत २० गते सुरक्षाफौजको कारवाहीबाट नवलपरासी जिल्लाको नारायणी इलाकामा २ जना, तनहुँ जिल्लाको वाइसजैधारामा १ जना, रुकुम जिल्लाको दुली गाउँमा १ जना, रुकुम जिल्लाको सिस्ने खोलामा ४ जना, घोडा गाउँमा एक जना महिला, र हरीकटियामा १ जना गरी जम्मा १० जना माओवादी कार्यकर्ताहरु मारिएको।
- ०५८ चैत २२ गते चार महिना अघि संकटकालीन अवस्था घोषणासंगै भएको आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक प्रतिनिधि सभाबाट पारित भयो। सो विधेयक ऐनका रुपमा प्रारम्भ भएपछि दुई वर्ष सम्म क्रियाशील रहने प्रावधान छ।
- उदयपुर जिल्लाको रिस्कु गाविस-३ मा ०५८ चैत २२ गते सुरक्षाकर्मीको कारवाहीबाट माओवादी कार्यकर्ता टीकाराम सार्कीको मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५८ चैत २३ गते सुरक्षा फौज र माओवादी बीच भएको भीडन्तमा बर्दियाको अमोनीमा ५ जना, जाजरकोटको रम्दामा २ जना, सल्यानमा २ जना, पर्वतको छमखर्कमा २ जना, रोल्पामा २ जना र सुर्खेतको जरवुट्टामा एक जना गरी १४ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत २४ गते बर्दिया जिल्लाको कठियाघाट इलाकाको जंगलमा सुरक्षाफौज र माओवादी बीच भीडन्त हुँदा १३ जना माओवादी कार्यकर्ता मारिएको।
- बर्दिया जिल्लाको कठियाघाटमा ०५८ चैत २४ गते माओवादीद्वारा थापिएको एम्बुसमा परी एक सेनानी र ४ जना सैनिक जवानको मृत्यु भएको।
- ०५८ चैत २४ गते रुकुम जिल्लाको राङ र भुरुङ इलाकामा सुरक्षाकर्मीको कारवाहीबाट छ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, नुवाकोट जिल्लामा ०५८ चैत २४ गते सुरक्षाफौज र माओवादी बीच भएको भीडन्तमा कुमारी मगर, रामवहादुर आले र नाम नखुलेका दुई जना गरी चार जना माओवादी कार्यकर्ता मारिएको। त्यस्तै कारवाहीबाट संखुवासभाको आँखीभुई गाविसमा माओवादी कार्यकर्ता कुलमान जिसीको मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत २५ गते नुवाकोट जिल्लाको सूर्यमती र ढिको इलाकामा सुरक्षाकर्मी र माओवादी बीच भीडन्त हुँदा ६ जना र दाङ जिल्लाको उरहरी र सल्यानको माकै इलाकामा एक-एक जना गरी ८ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत २५ गते सुरक्षाकर्मीको कारवाहीबाट बर्दियाको पातामा इलाकामा ४ जना, ठाकुरद्वारा इलाकामा २ जना, रोल्पा जिल्लामा १ जना,

कालीकोटमा बत्तीस जना मजदूर मारिए

०५८ फागुन १२ गते कालीकोट जिल्लाको कोटवाडा गाविस सुन्धराली विमानस्थल निर्माणका लागि कार्यरत ३२ जना मजदूरहरु माओवादीको आक्रमणमा सुरक्षाकर्मीद्वारा गरिएको कारवाहीबाट मारिएको।

शुभ कार्की निर्माण सेवाद्वारा विमानस्थल निर्माण गर्न लगिएका ती मजदूरहरु मध्य धादिङ जिल्लाका २ जना मजदूर बाँची भाग्न सफल भएको।

संख्या	नामथर	ठेगाना
१.	दिल बहादुर प्रजा	जोगीमारा - ५ धादिङ
२.	चित्र बहादुर प्रजा	जोगीमारा - ५ धादिङ
३.	शेर बहादुर प्रजा	जोगीमारा - ५ धादिङ
४.	कुम्ले बहादुर प्रजा	जोगीमारा - ५ धादिङ
५.	राम बहादुर प्रजा	जोगीमारा - ५ धादिङ
६.	विकास प्रजा	जोगीमारा - ५ धादिङ
७.	कोसाङ कान्छा प्रजा	जोगीमारा - ५ धादिङ
८.	कुमार सुनार	जोगीमारा - ५ धादिङ
९.	सानु सुनार	जोगीमारा - ५ धादिङ
१०.	टेक बहादुर सुनार	जोगीमारा - ५ धादिङ
११.	टेक बहादुर सुनार	जोगीमारा - ५ धादिङ
१२.	टक बहादुर गुरुङ	जोगीमारा - ५ धादिङ
१३	गोकर्ण गुरुङ	जोगीमारा - ९ धादिङ
१४.	मन्जु थापा मगर	जोगीमारा - ९ धादिङ
१५.	सानु श्रेष्ठ	जोगीमारा - १ धादिङ
१६.	बुध बहादुर प्रजा	जोगीमारा - १ धादिङ
१७.	भीम बहादुर मगर	जोगीमारा - ४ धादिङ
१८.	ज्ञान बहादुर मगर	जोगीमारा - ४ धादिङ
१९.	गंगा विष्ट	कालीकोट
२०.	टेक विष्ट	कालीकोट, नेकां समर्थक
२१.	गोर्खे कठायत	कालीकोट, नेकां समर्थक
२२.	लाल बहादुर कठायत	कालीकोट, नेकां समर्थक
२३.	गणेश विष्ट	कालीकोट, नेकां समर्थक
२४.	हर्के तामाङ	रामेछाप
२५.	पासाङ लामा	काभ्रे
२६.	बुद्धमान च्याङ्वा	सोलुखुम्बु
२७.	चित्र बहादुर राई	सोलुखुम्बु
२८.	निर कुमार खत्री	भोजपुर
२९.	कृष्ण थापा	मोरङ
३०.	कुमार थापा	इलाम
३१.	प्रदिप राई	इलाम
३२.	जन्तलाटा मगर	तनहुँ

गोरखामा २ जना गरी ९ जना माओवादी कार्यकर्ता मारिएको।

- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५८ चैत २५ जुम्ला जिल्लाको लिताकोटमा सुरक्षाकर्मीको कारवाहीबाट २ जना कार्यकर्ता मारिएको। त्यस्तै कारवाहीबाट बझाङ जिल्लाको बिन्दू बालेलीमा १ जना माओवादी कार्यकर्ताको मृत्यु हुनुका साथै एक महिला कार्यकर्ता घाइते भएको।
- ०५८ चैत २६ गते युरोपेली संघका राजदूतहरुद्वारा एक विज्ञप्ति प्रकाशित गरी माओवादीलाई वार्तामा फर्कन आग्रह गरिएको।
- ०५८ चैत २७ गते तेह्रथुम जिल्लाको ओधागुङ-५ बस्ने वर्ष ४६ का ठगेन्द्र ढकालको माओवादीहरुले धारीलो हतियार प्रयोग गरी हत्या गरे।
- ०५८ चैत ३१ गते माओवादीहरुले कैलाली जिल्लाको धनगढी नगरपालिका कार्यालयमा बम विस्फोट गराउँदा ६० लाख मूल्य बराबरको क्षति भएको जनाइयो।
- रक्षा मन्त्रालयले जनाए अनुसार ०५९ वैशाख २ गते दाङ जिल्लाको मुकुट्टी इलाकामा सुरक्षाफौज र माओवादी बीच भएको दोहोरो भीडनतमा २४ जना माओवादी कार्यकर्ता मारिएको। त्यस्तै कारवाहीबाट बर्दिया जिल्लाको न्यौलापुरमा ५ जना र जुमलाको रारा लिहीमा २ जना माओवादी कार्यकर्ताको पनि मृत्यु भएको।
- ०५९ वैशाख२ गते नेपाल समाचारपत्रमा प्रकाशित एक समाचारमा उल्लेख भए अनुसार ०५८ चैत २९ गते सुरक्षाकर्मीको जवाफी कारवाहीबाट मारिएका माओवादीहरुको सतबरियाको हलीसार खोला नजकिको खोल्सामा २६ वटा लाश र राप्ती नदीको किनारामा २९ वटा लाश गरी जम्मा ४५ वटा लाश निकालिएको।
- ०५९ वैशाख ३ गते गोरखा जिल्लाको वारपाक गाविसस्थित इलाका प्रहरी चौकीमा माओवादीहरुद्वारा गरिएको आक्रमणबाट प्रहरी नायव निरीक्षक भीमसेन सिलवाल, प्रसनिहरु ओमवहादुर थापा र कृष्णवहादुर कार्की, प्रहरी हवल्दारद्वय प्रेमवहादुर थापा, दुर्गादत्त पनेरु एवं प्रहरी जवानहरु शम्शेरवहादुर भुजेल, सुदन बुढाथोकी, रामबाबु माली र भरत दुवाडीको मृत्यु भएको। उक्त घटनामा स्थानीय मीनवहादुर घलेको मृत्यु भयो भने ७४ वर्षीय सन्तवहादुर घले घाइते भए।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख ३ गते सुरक्षाकर्मी र माओवादी बीच भएको भिडन्तमा दाङको नवलपुरमा ३ जना, पर्वतको थापाथानामा १ जना गरी ४ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख४ गते सुरक्षाकर्मीको कारवाहीबाट बाँके जिल्लाको चन्दवनमा ४ जना, वाग्लुङ जिल्लाको सिस्नेरामा १ जना, उदयपुर जिल्लामा १ जना र गुल्मी जिल्लामा १ जना गरी जम्मा ७ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख ४ गते साँझ कुलेश्वरस्थित सामुदायिक प्रहरी विटमा कार्यरत प्रहरी जवान रुद्रप्रसाद रेग्मीको माओवादीहरुले गोली प्रहार गरी हत्या गरे। हत्यापछि प्रहरी विटमा प्रेशर कुकर बम प्रहार गरी ध्वस्त बनाए। सो घटनामा १८ वर्षीय स्थानीय युवक संजीव महर्जनको मृत्यु भयो भने उनका भाई र प्रहरी जवान यमलाल श्रेष्ठ घाइते भए।
- ०५९ वैशाख ४ गते चितवनको खैरहनी गाविस-६ स्थित पुरानो पर्सा बजारमा माओवादीहरुले प्रहरी हवल्दार ऋषिराम धितालको तीनपटक गोली हानी हत्या गरे।
- रक्षा मन्त्रालयले जनाए अनुसार, सुरक्षाकर्मी र माओवादी बीच भएको दोहोरो भिडन्तमा ०५९ वैशाख४ गते रुकुमको मुरुमा २, रोल्पाको पुरानो गाउँमा २, सिन्धुपाल्चोकको तीपेनीमा १, पर्वतको राम्जामा १, वाग्लुङको घोषामा १ गरी जम्मा ७ माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख ४ गते सिन्धुपाल्चोक जिल्लाको ज्यामिरेखोला नजिक माओवादीद्वारा थापिएको एम्बुसमा परी चिनियाँ ठेकदार कम्पनीका मि.मान्चूङ र चु वाङमिङ घाइते भए।
- ०५९ वैशाख ४ गते, डडेल्धुराको शीर्ष गाविसस्थित पशुराम संस्कृत विद्यालयमा माओवादीहरुले आगो लगाई ध्वस्त पार्दा २० लाख मूल्य बराबरको क्षति भएको।
- ०५९ वैशाख ५ गते प्रधानमन्त्रीका राजनीतिक सल्लाहाकार डा. प्रकाश शरणमहतको काठमाडौं धापासीस्थित निवासमा माओवादीहरुले विहान ५ बजे कम्पाउण्ड बाहिरबाट एकै पटक १० वटा पेट्रोल बम प्रहार गरी क्षति ग्रस्त बनाए।
- ०५९ वैशाख ५ गते माओवादीहरुले काठमाडौंको चार स्थानमा बम विस्फोट गराए। जसमध्ये धट्टेकुलोस्थित प्रहरी विटमा गराइएको बम विस्फोटनबाट एक प्रहरी हवल्दार एवं एक प्रहरी जवान सहित ६ जना स्थानीय व्यक्ति घाइते भए।
- ०५९ वैशाख ६ गते मेलम्ची-९ का २३ वर्षीय दिपेन्द्र घलेलाई ०५९ वैशाख४ गते सोही ठाउँको खोलामा नुहाउँदै गरेको अवस्थामा माओवादीको आशंकामा सुरक्षाबलले गोली प्रहार गर्दा मृत्यु भयो। पीडित नेकपा (एमाले)का समर्थक रहेको बताइयो।
- ०५९ वैशाख ६ गते, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको अध्यक्षतामा एमाले केन्द्रीय कार्यालयमा बसेको नौ वाम समूहको बैठकद्वारा नेकपा (माओवादी)को घोषित बन्द कार्यक्रम फिर्ता लिन आव्हान।
- ०५९ वैशाख ६ गते कास्की जिल्ला विकास समितिका सदस्य कृष्णवहादुर गुरुङको सल्यान गाविस-३ बाँसखर्कस्थित उनकै निवासमा माओवादीहरुले गोली हानी हत्या गरे। गुरुङ नेपाली कांग्रेसका महासमिति सदस्य रहेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख ६ गते दाङ जिल्लाको मसाटखोला इलाकामा सुरक्षाकर्मी र माओवादी बीच मुठभेड हुँदा ६ जना, बैला इलाकामा १ जना, रामेछाप जिल्लाको चुचुरेमा २ जना, रोल्पाको लिवाङमा १ जना र सिराहामा १ जना गरी जम्मा ११ जना माओवादी कार्यकर्ताको मृत्यु भएको।
- ०५९ वैशाख ६ गते माओवादीहरुद्वारा अर्थमन्त्री डा. रामशरण महतको नुवाकोट जिल्लाको कविलासस्थित निवासमा तोडफोड गरी आगो लगाई ध्वस्त पारिएको।
- ०५९ वैशाख ७ गते संसदमा प्रतिनिधित्व गरेका सबै दलहरुको बैठकले नेकपा (माओवादी)द्वारा घोषित ५ दिने बन्द फिर्ता लिन आव्हान।
- ०५९ वैशाख ७ गते दूरसंचार संस्थानका महा-प्रवन्धकद्वारा दिइएको जाकारी अनुसार, माओवादीद्वारा मुलुकको ५६ स्थानका स्टेशनमा पैंतीस करोड

बरावरको क्षति पु-याइएको। रुकुम, रोल्पा, जाजरकोट, धादिङ, रसुवा, सोलुखुम्बु, जुम्ला, कालीकोट, अर्घाखाँची, गुल्मी र बझाङ लगायत ११ जिल्ला सम्पर्कविहीन भएको।

- ०५९ वैशाख ७ गते दैलेख जिल्लाको सदरमुकाम दैलेख बजारको पानतलास्थित जिल्ला वन कार्यालयको नव निर्मित ६ कोठे पक्की भवन माओवादीहरुले बम विस्फोट गराई ध्वस्त पारेको।
- ०५९ वैशाख ७ गते राष्ट्रिय अनुसन्धान विभागका मुख्य पहरेदार सुयोग कर्माचार्यको काठमाण्डौको दक्षिणकाली गाविस-२ स्थित आफ्नै घरमा बसिरहेको बेला माओवादीहरुले हत्या गरे।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख ७ गते सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा सिन्धुपाल्चोक जिल्लाको घुसेनी र मुसुरे इलाकामा ८ जना, दार्चुलाको खलङ्गामा १ जना, बैतडी जिल्लाको देउलेकमा १ जना गरी १० जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख ७ गते रौतहट जिल्लाको सदरमुकाम गौरस्थित विद्युत प्राधिकरणको हाताभित्र राखिएको नेकपा (एमाले)का महासचिव माधवकुमार नेपालको बा.३च.२६८७ नम्बरको पिकप जिपमा माओवादीहरुले आगो लगाउँदा जिपको अघिल्लो भाग ध्वस्त भएको।
- ०५९ वैशाख ८ गते काठमाडौंको बागबजारस्थित बैंक अफ सिलोनको कार्यालयमा दिउँसो १ बजे बम विस्फोटन हुँदा क्षति नभएको। सोही ठाउँमा राखिएको अन्य तीन वटा बम सुरक्षाकर्मीद्वारा निष्कृय पारिएको।
- ०५९ वैशाख ८ गते काठमाडौंको गोंगबु बसपार्कमा राखिएको एक बम विस्फोटन हुँदा तीन जना घाइते भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख ९ गते सुरक्षाकर्मीको कारवाहीबाट कन्चनपुरको वेलगाडीमा ५ जना, रोल्पाको पेउधामा ३, संखुवासभाको माडसीमा २ जना, दाङको सेधामा २ र जाजरकोटको रिम्ना तथा अछामको टाकुराडाँडामा १-१ जना गरी १४ जना माओवादी कार्यकर्ता मारिएको। त्यसैगरी नुवाकोट जिल्लामा २ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख १० गते शाही नेपाली सेनाद्वारा थप २० जना माओवादी नेताहरुको नाम सार्वजनिक गरियो। सार्वजनिक गरिएका माओवादी नेताहरुमा अग्नि सापकोटा, अमर तमु, चूडा कँडेल, दीनानाथ गौतम, दिनेश शर्मा, हरीवहादुर चुमाल उर्फ अमित, जगन्नाथ खनाल उर्फ दिनेश, कृष्ण वहादुर महरा, टोपवहादुर रायमाझी, उमा भुजेल,

विस्थापित

उनन्चास गाविस भएको वाग्लुङ जिल्लाको तारा गाविस सम्पन्न गाविस मानिन्छ। सदरमुकामबाट ७ घण्टा हिँडेपछि पुगिने यो गाविस विकट पनि छ। ०५२ सालमा नेकपा माओवादीले सशस्त्र आन्दोलन शुरु गरेयता विशेषत: २ वर्ष पहिले यस क्षेत्रलाई माओवादीहरुले आधार इलाका बनाउने भरमग्दुर प्रयास गरे। चाहे जस्तो परिणाम नपाएपछि ०५६ बैशाख २९ गते गाविस अध्यक्ष दण्डपाणी कंडेललाई माओवादीहरुले अपहरण गरी २ दिनपछि गाविस कार्यालयमा बस्न नपाउने र राजनीति नगर्ने शर्तमा मुक्त गरे। त्यसपछि अध्यक्ष न्यौपाने सरदरमुकाममै बसोबास गरी गाविसको दैनिक प्रशासनिक काम गर्न थाले। माओवादीहरुले कुटपिट गरी खुट्टा भाँचि घाइते बनाएपछि गाविस उपाध्यक्ष कर्णबहादुर चोख्याल उपचारार्थ काठमाडौं गएपछि फर्कन सकेका छैनन्। यसरी विगत २ वर्ष देखि तारा गाविसका जनता माओवादीको दवाबमा रहँदै आएका छन्।

०५८ मंसिर ११ गते संकटकालीन अवस्था घोषणा भएपछि मंसिर १८ गते देखि २६ गते सम्म तारा गाविसमा "खोज तलाश" गर्ने काम गरी सुरक्षा फौज सदरमुकाम फर्कियो।

राप्रपाका रविलाल घर्ति र नेपाली कांग्रेसका हरि सुवेदीको पहलमा मंसिर २७ गते आमसभाको आयोजना गरियो। २००० भन्दा बढी मानिसहरुको उपस्थिति रहेको सो आमसभामा कांग्रेस, एमाले र राप्रपाका स्थानीय नेताहरुले आ-आफ्नो धारणा व्यक्त गरे। आमसभामा, माओवादी चाहिँदैन सुरक्षा बलले दु:ख दिन पाइँदैन भनी नारा लगाइएको थियो।

गाउँलेहरुले आफू विरुद्ध आमसभा गरेको थाहा पाएपछि मंसिर २९ गते देखि माओवादीले गाविसमा आक्रमण शुरु गरे। ०५८ पुस ११ गते तारा गाविस-५ का ५८ वर्षीय नरबहादुर खत्री, ४४ वर्षीय लालबहादुर घर्ति र गाविस-१ का ६२ वर्षीय एक व्यक्तिको माओवादीहरुले गोली हानी हत्या गरे। त्यस दिन सोही ठाउँ बस्ने हुलबहादुर खत्रीको पसल लुटन आएका माओवादीलाई भगाउन गाउँले आएपछि सो घटना भएको थियो। त्यस दिन वडा-५ का श्याम बहादुर खत्री, ३१ वर्षीय छली खत्री, माओवादीहरुले प्रहार गरेको गोलीबाट घाइते भए। वडा-१ का मेघबहादुर खत्री, नन्दकली खत्री र हरिबहादुर खत्रीलाई कुटपटि गरे भने श्यामबहादुर घर्तिको घरमा आगो लगाए।

०५८ पुष १३ गते वडा-२ का २३ वर्षीय मोहनदत्त सापकोटाको माओवादीहरुले गोली हानी हत्या गरे। उनकी आमा र दाजुलाई कुटपिट गरे।

वडा-२ का ३३ वर्षीय हरि सुवेदीको पसल पुस २६ गते माओवादीहरुले लुटे। जिप्रकाको मूल्यांकन प्रतिवेदन अनुसार सुवेदीको ३३ लाख मूल्य बराबरको धनमाल लुटिएको थियो।

विस्थापितको अवस्था : मंसिर २७ गतेको आमसभाका आयोजक र नेता लगायत परिवारका अन्य सदस्यलाई माओवादीहरुले हत्या गर्ने, कुटपिट गर्ने, लुट्ने, धम्की दिने क्रम बढ्न थाल्यो। सुरक्षाको प्रत्याभूति नभएपछि तारा गाविसका ७३ घरपरिवार गाउँ छाडी सदरमुकाम वाग्लुङ आए। सदरमुकाममा समेत नबसेर विभिन्न ठाउँमा बस्न बाध्य भएका छन्। घरको जिम्मेवारी महिला-केटाकेटीलाई दिएर सदरमुकाम पुगेका छन् भने केही परिवारमा नाबालक केटाकेटीले घर चलाएका छन्। माओवादीहरुको तारो रहेका ११ परिवारका सम्पूर्ण सदस्य सदरमुकाममै बसेका छन्। सदरमुकाममा रहेका १० परिवारका ३ वर्ष देखि ७० वर्ष उमेरका विस्थापित व्यक्तिहरु गाउँ फर्कन सकेका छैनन्। सरकारले क्षतिपूर्ति पनि दिएको छैन। गाउँका घरमा कहिले सुरक्षाकर्मी त कहिले माओवादी पुग्ने गरेको समाचार सुनेपछि दोहोरो त्रास र चिन्तामा उनीहरु आर्थिक, सामाजिक, शैक्षिक सहयोगको अपेक्षा गर्दै, पुन:व्यवस्थित हुने आशामा दिन काट्दै आइरहेका छन्।

मुकुन्द न्यौपाने, भेषवहादुर भण्डारी, रीता ढकाल, मंगल कुमार श्रेष्ठ, सन्जु अर्याल, पम्फा भुसाल, सीपी गजुरेल, रामवहादुर थापा उर्फ बादल, याम प्रसाद गौतम र पोष्टवहादुर बोगटी रहेका छन्। शाही नेपाली सेनाले यस अघि पुष्पकमल दाहाल (प्रचण्ड), बाबुराम भट्टराई, मोहन वैद्य, देव गुरुङ, हरीभक्त कँडेल, हिराकाजी प्याकुरेल, टोपवहादुर कँडेल, हितराज पाण्डे, चन्द्रप्रसाद खनाल, प्रकाश रिजाल, अविनाश, रामप्रसाद बन्जाडे, रेखा शर्मा, शंकर घिमिरे, शंकर तामाङ, सीताराम ढकाल, श्रीनाथ अधिकारी, रीतवहादुर खड्का, राजेश र नन्द किशोर पुनको नाम सार्वजनिक गरेको थियो।

- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १० गते सुरक्षाकर्मीको कारवाहीबाट सल्यानको काप्रेचौरमा ७ जना माओवादी कार्यकर्ता मारिएको।
- काठमाडौं, शाही नेपाली सेनाद्वारा नेकपा (माओवादी) का सल्लाहकारको रुपमा संचार माध्यम मार्फत तस्वीर सार्वजनिक गरिएका चुडामणि कट्टेलद्वारा ०५९ वैशाख १० गते आफू माओवादी नभएको दावी गरिएको।
- ताप्लेजुङ जिल्लाको आरुखोप-८ का शिक्षक चैतन्य बुढाथोकीलाई माओवादीहरुले ०५९ वैशाख १० गते घरबाट अपहरण गरी दुवै खुट्टा काटिदिए।
- ०५९ वैशाख ११ गते धादिङको पाल्पा सामरी मन्ज्याङका प्र.अ. भीमवहादुर श्रेष्ठलाई माओवादीहरुले अपहरण गरी घाँटी रेटी, भुँडी फुटाई हत्या गरे।
- ०५९ वैशाख ११ गते सुर्खेत जिल्ला नारायण नपा -३ खुर्सानीबारीका श्याम कोइरालालाई माओवादीहरुले अपहरण गरी हत्या गरे।
- ०५९ वैशाख १२ गते ताप्लेजुङ जिल्लाको लिङखिङ गाविसका नेकपा (एमाले) गाउँ कमिटी सचिव श्रीप्रसाद गौतमलाई माओवादीहरुले घरबाट बोलाई बाहिर १० मिनेट हिंडाएपछि गोली हानी हत्या गरेको।
- रुकुम जिल्लाको बाँडीकोट, जाड र सिम्रतु गाविसस्थित उपस्वास्थ्य केन्द्रमा ०५९ वैशाख १२ गते माओवादीहरुले आक्रमण गरी त्यहाँ रहेका सम्पूर्ण औषधी लग्नुका साथै कार्यालय भवन ध्वस्त पारे।
- स्याङजा जिल्लाको गल्याङमा रहेको आँधिखोला जल विद्युत परियोजना र पावर हाउसमा ०५९ वैशाख १३ गते माओवादीहरुले बम विस्फोट गरी ध्वस्त पारे। सो आक्रमणबाट १० करोड मूल्य बराबरको क्षति भएको।
- काठमाडौं जिल्लाको कालीमाटीमा ०५९ वैशाख १३ गते राति सुरक्षाकर्मीहरुद्वारा अनेरास्ववियु (क्रान्तिकारी)का महासचिव पूर्ण पौडेल र केन्द्रीय सचिवालय सदस्य नवीन राईलाई पक्राउ गरिएको।
- काठमाडौंको महाराजगञ्जमा ०५९ वैशाख १३ गते यात्रुवाहक मिनिवसमा माओवादीहरुद्वारा राखिएको बम विस्फोट हुँदा ५ जना घाइते भएको।
- ०५९ वैशाख १३ गते तनहुँ जिल्लाको गजरकोट गाविस-६ मा माओवादीहरुद्वारा राखिएको बम विस्फोटन हुँदा ४ वर्षीय अनिश अर्याल सख्त घाइते।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १३ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा पाल्पा जिल्लाको भालुखानमा ३ जना, दाङको हापुर, उरहरि तथा मानपुरमा ५ जना, बर्दियामा महमुदरमा ३ जना र रामेछापको रसनालुमा १ जना माओवादी मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १४ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा खोटाङको दोरप्पा गाविसमा १२ जना र सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोकको सीमामा पर्ने ढाडखोलामा ४ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १४ गते पर्वत जिल्लाको चुहा इलाकामा सुरक्षाकर्मीको कारवाहीमा परी एक जना माओवादी कार्यकर्ताको मृत्यु भएको।
- सिन्धुपाल्चोक जिल्लाको अँधेरीमा माओवादीहरुले थापेको एम्बुसमा परी ०५९ वैशाख १४ गते शाही नेपाली सेनाका एक जवानको मृत्यु भयो भने एक क्याप्टेन सहित १० सैनिक जवान घाइते भएको।
- खोटाङ जिल्लाको चिउरी डाँडास्थित दुवेलामा ०५९ वैशाख१४ गते सुरक्षाकर्मी र माओवादी बीच दोहोरो भिडन्त हुँदा २२ जना माओवादी कार्यकर्ता मारिएको। यसै गरी काठमाडौंको चोभारमा सोही दिन ३ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १४ गते सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा बाबिया चौर तथा धादिङको धुवाकोटमा एक-एक जना गरी २ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख १४ गते माओवादी प्रभावित क्षेत्रको स्थलगत अध्ययन गरी फर्केका अमेरिकी सैनिक विशेषज्ञहरुले शाही नेपाली सेनाको न्यूनतम संख्या दुई लाख पु-याउन सुझाव दिएको।
- ०५९ वैशाख १४ गते बन विभागले जनाए अनुसार, माओवादीहरुद्वारा बन कार्यालय र रेञ्जपोष्टमा गरिएको आक्रमणबाट १७ करोड भन्दा बढीको नोक्सानी भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १५ गते बाँके जिल्लाको सिमराहामा सुरक्षाफौजको कारवाहीबाट ११ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख १५ गते हुम्ला जिल्ला ठेहे गाविसका पूर्वअध्यक्ष कालीवहादुर भण्डारीको माओवादीहरुले गोली हानी हत्या गरे।
- काठमाडौं ०५९ वैशाख १५ गतेको कान्तिपुर दैनिकमा प्रकाशित समाचार अनुसार, शाही नेपाली सेनाका लागि नियमित खर्च बाहेक तीन वर्षे प्याकेज कार्यक्रमका लागि रक्षा मन्त्रालयले १६ अर्ब भन्दा बढी रुपैयाँ माग गरेको।
- रौतहट जिल्ला बडकुल प्रहरी चौकीमा कार्यरत प्रहरी जवान निरवहादुर न्यौपानेको ०५९ वैशाख १५ गते साँझ ७ बजे मोटरसाइकल चढी आएका दुई जना माओवादीले गोली हानी हत्या गरे।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १५ गते सुरक्षाकर्मीको कारवाहीबाट रुकुम जिल्लाको महत गाउँ इलाकामा २ जना, दाङको मानपुर, गुल्मीको लुकी, बाग्लुङको भीम गि र उदयपुरको तारधारीमा १-१ जना गरी ६ जना माओवादी कार्यकर्ता मारिएको। सो मन्त्रालयका अनुसार गोरखा जिल्लाको धावा इलाकामा आफ्नै हातमा बम विस्फोट भई १ जना माओवादी कार्यकर्ता मारिएको।
- सिन्धुपाल्चोक जिल्लाको तुरतुरेमा ०५९ वैशाख १५ गते माओवादीहरुले विछ्याएको एम्बुसमा परेर घाइते भएका सैनिक जवान धर्मनारायण श्रेष्ठको उपचार गर्दा गर्दै ०५९ वैशाख १६ गते मृत्यु भयो।

- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख१५ गते रुकुम जिल्लाको कुणाखेतमा ८ जना, मोरङमा ३ जना, रोल्पाको दुविङमा २ जना, दोलखाको भीरकोट, सप्तरीको फत्तेपुर र उदयपुरको तारघाटीमा एक-एक जना गरी १६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख १६ गते राती १२:०० बजे तनहुँ व्यास नपा वडा नं.३ पोल्याङ बस्ने वर्ष ३८ का भरत कैनी भन्ने श्यामसुन्दर कैनी र घांसीकुवा वडा नं.३ कलुङ बस्ने वर्ष ४७ का गंगावहादुर नेपाली भन्ने डोरवहादुर नेपालीलाई सोही दिन राती ९ बजे घरमा सुतिरहेको अवस्थामा सुरक्षाबलद्वारा गिरफ्तार गरी १७ गते विहान ४:०० बजे घांसीकुवा-८ वाग्ले सिमल भन्ने ठाउँमा लगी गोली हानी हत्या गरेको बताइएको। मृतकहरु नेकपा (एमाले)का संगठित सदस्य रहेको कुरा नेकपा (एमाले)द्वारा जारी गरिएको प्रेस विज्ञप्तीमा उल्लेख।
- पर्वत जिल्लाको दुलुङ गाविसको सल्यानमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मीको कारवाहीबाट एम्बुस विस्फोट गराउने एक जना माओवादी कार्यकर्ता मारिएको।
- स्याङजा जिल्लाको भालु पहाड र हरिपालाको क्षेत्रमा ०५९ वैशाख १६ गते सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा माओवादी कार्यकर्ता कमला भुजेल लगायत ४ जना मारिएको।
- ०५९ वैशाख १६ गते, नेपाल खाद्य संस्थानका महाप्रबन्धक भवानीराज पाण्डेद्वारा माओवादीहरुले मुलुकको विभिन्न स्थानका डिपोबाट खाद्यान्न लुटेको कारणले दुर्गम क्षेत्रमा भोकमरीको समस्या उत्पन्न हुने जानकारी गराइयो। रुकुमको चौरजहारीबाट २ हजार १ सय क्विन्टल, मुसीकोटबाट २ सय ९० क्विन्टल, प्यूठान जिल्लाको मच्छेबाट २ सय ९० क्विन्टल, वाग्लुङ जिल्लाको हरिचौरबाट ८ क्विन्टल, भोजपुरको दिडलाबाट १२ क्विन्टल चामल माओवादीहरुद्वारा लुटिएकोले ५० लाख रुपैयाँ भन्दा बढी राजस्व घाटा भएको बताइएको।
- ०५९ वैशाख १६ गते रक्षा मन्त्रालयलद्वारा एक प्रेस विज्ञप्ती मार्फत, शाही नेपाली सेनाको संख्या दुई लाख पु-याउन अमेरिकी सुरक्षा टोलीको सुझाउ भनी प्रकाशित समाचारको खण्डन गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १६ गते सुरक्षाकर्मीको कारवाहीबाट कैलाली जिल्लाको स्याउले बजारमा २ जना, दाङको गवरियामा दुई जना, बर्दियाको सूर्य वटुवामा १ जना र सिन्धुपाल्चोकको जलवीरेमा २ जनाको मृत्यु भएको। त्यसैगरी संखुवासभाको लोहाममा केही समय अघि भएको मुठभेडमा थप ९ जना माओवादी मारिएको पुष्टि पनि मन्त्रालयलद्वारा गरिएको।
- नेकपा माओवादीका केही व्यक्तिलाई जिउँदो वा मृत रुपमा श्री ५ को सरकारलाई बुझाउन गरेको सरकारी घोषणाबारे राष्ट्रिय मानवअधिकार आयोगद्वारा ०५९ वैशाख १७ गते जारी विज्ञप्तिमा "नेपालले ०४७ सालपछि प्रजातान्त्रिक संविधानद्वारा नेपाली नागरिकहरुको आधारभूत मानवअधिकारको सुरक्षा र प्रत्याभूति गर्दै मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकार गरिएका आधारभूत मूल्य र मान्यतालाई अङ्गिकार गरेको र मृत्युदण्डको सजाय दिने कानूनी व्यवस्था समेत नभएको वर्तमान परिप्रेक्ष्यमा सो सूचनाबाट नेपालमा मानवअधिकारको क्षेत्रमा पर्न सक्ने प्रभाव प्रति आयोगद्वारा गहिरो चिन्ता" व्यक्त गरिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १७ गते सुरक्षाकर्मीको कारवाहीबाट वाग्लुङ जिल्लामा उमेश र जेनेट भनिने २ जना, पर्वतको दुर्लङमा मनोज नाम गरेका १ जना, स्याङजाको नौडाँडामा किरण र प्रभाव नामका २ जना र अन्य ४ जना गरी ९ जना माओवादी कार्यकर्ता मारिएको।
- सिन्धुपाल्चोक जिल्लाको ठूलो सिरुवारीमा ०५९ वैशाख १८ गते ९:३० बजे सुरक्षाबलद्वारा खोज तलाशका क्रममा सोही गाविस-५ का ६८ वर्षीय टिकादत्त दुलाल, ६५ वर्षीय भक्तलाल दुलाल, ४५ वर्षीय झलकवहादुर, सोही गाविस-४ का २४ वर्षीय गणेश गौतम, २५ वर्षीय शिवहरि गौतम, सानो सिरुवारी-८ का

नेपाल कसरी रसातलमा भासिंदै छ ?

विश्वभरि आर्थिक शिथिलता अनुभव भइरहेको वर्तमान अवस्थामा नेपालको आर्थिक वृद्धिदर त्रासदीपूर्ण अवस्थामा पुग्ने संकेत देखा पर्न थालेको छ। केही समय अघि एशियाली विकास बैंकद्वारा सार्वजनिक गरिएको तथ्य अनुसार संसारको निर्धनतम राष्ट्र इथियोपियाको कूल गार्हस्थ उत्पादनको वृद्धिदर २ % छ भने नेपालको आर्थिक वृद्धिदर ३.५ % मा झर्ने प्रक्षेपण गरिएको छ।

मसिर देखि लागू गरिएको संकटकालले नेपालको अर्थतन्त्रलाई झन कति खोक्राउँदै लगिरहेको छ, यी तथ्याङ्कबाट बुझ्न सकिन्छ। अघिल्लो वर्ष भन्दा,

- मुद्रास्फिति झण्डै तीन गुणा बढेको
- उद्योगमा २.५ % ह्रास
- कृषिमा ४.३ % ह्रास (३ प्रतिशतमा झर्ने)
- दैनिक उपभोगका सामानमा ३०० % सम्म मूल्य वृद्धि
- पर्यटन व्यवसाय ५०.६० % ह्रास
- कूल निर्यात ७ % ह्रास
- कूल आयातमा १० % ह्रास
- विकास खर्चमा २५ % कटौती
- सार्वजनिक खर्चमा २६ % वृद्धि
- चलचित्र उद्योगमा ५० % ह्रास
- संगीत उद्योगमा ४०-५० % ह्रास
- तेस्रो मुलुकतर्फको निर्यात :
  - पस्मिना ७४.९ % ह्रास
  - दाल ७७.६ % ह्रास
  - तैयारी पोशाक ३८.८ % ह्रास
  - उनी गलैचा २३.१ % ह्रास
- विदेशी ऋण २ सय अर्ब
- आन्तरिक ऋण ५५ अर्ब
- बेरोजगार श्रमशक्ति १४ %

अर्थविदहरूको भनाई अनुसार यस्तै स्थिति रह्यो भने सन् २००३ मा नेपालको आर्थिक वृद्धिदर १.८, देखि १.५ प्रतिशत सम्म झर्न सक्छ। त्यतिस्वेर इथियोपिया संसारको दोस्रो निर्धनतम् देश हुने छ भने नेपाल पहिलो।

स्रोत : विभिन्न पत्रपत्रिका

माओवादी जनयुद्धका क्रममा राज्य र माओवादीद्वारा मारिएकाहरू

फेब्रुवरी १३, १९९६ – मे २८, २००२

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा
१	झापा	१	४	४०	नवलपरासी	६	२
२	इलाम	५	४	४१	रूपन्देही		३
३	पाँचथर	४	६	४२	पाल्पा	११	५
४	ताप्लेजुङ	९	४	४३	कपिलवस्तु	४	४
५	मोरङ	१६	३	४४	अर्घाखाँची	६	४
६	सुनसरी	३	३	४५	गुल्मी	८	१८
७	धनकुटा		३	४६	बाग्लुङ	३६	१६
८	तेह्रथुम	११	८	४७	पर्वत	१०	३
९	भोजपुर	१	३	४८	म्याग्दी	४७	४
१०	सङ्खुवासभा	४२	९	४९	दाङ	१६२	१११
११	सप्तरी	८	१	५०	प्युठान	८	११
१२	सिराहा	७	९	५१	रोल्पा	९८४	१५७
१३	उदयपुर	१०	१	५२	सल्यान	८८	५९
१४	खोटाङ	३५	३	५३	रुकुम	४३९	१०८
१५	ओखलढुङ्गा	१२	८	५४	बाँके	४८	५
१६	सोलुखुम्बु	३३	४१	५५	बर्दिया	९५	१३
१७	धनुषा	४	८	५६	सुर्खेत	७९	३१
१८	महोत्तरी		३	५७	जाजरकोट	१०४	८१
१९	सर्लाही	११	१३	५८	दैलेख	१८	४२
२०	सिन्धुली	३७	१७	५९	डोल्पा	१५	३३
२१	रामेछाप	१३	८	६०	जुम्ला	३४	११
२२	दोलखा	२०	१३	६१	कालिकोट	३३१	४१
२३	रौतहट		९	६२	मुगु	१२	१
२४	बारा	४	३	६३	हुम्ला	२	१
२५	चितवन	८	८	६४	कैलाली	८८	२७
२६	मकवानपुर	३		६५	अछाम	८९	१४४
२७	ललितपुर	४	६	६६	डोटी	४६	
२८	भक्तपुर	१		६७	बाजुरा	३१	३१
२९	काठमाण्डौ	६	८	६८	बझाङ	१३	
३०	काभ्रे	३१	४३	६९	कञ्चनपुर	४३	१०
३१	धादिङ	९	६	७०	डडेलधुरा	२५	४
३२	सिन्धुपाल्चोक	४०	३१	७१	बैतडी	११	१
३३	नुवाकोट	१८	१९	७२	दार्चुला	१९	९
३४	रसुवा	४		फेब्रुवरी २०, २००२ मा अछाम,			
३५	तनहुँ	२०	१५	डोटी, दैलेख र कालिकोट जिल्लामा			
३६	गोरखा	१०१	४०	मारिएको कुरा सरकारी संचार माध्यमद्वारा			
३७	लमजुङ	४४	४९	जनाइएको तर जिल्ला नखुलेको ४६			
३८	स्याङ्जा	३३	२३				
३९	कास्की	९	६	जम्मा	३४८४		१३९४

२८ वर्षीय छिरिङ तामाङलाई आ-आफ्नो घरबाट कब्जामा लिई, नर्सिङ डाडाँमा गोली हानी हत्या गरिएको। रक्षा मन्त्रालयले सुरक्षाफौज माथि आक्रमणको प्रतिकार र माओवादीहरुको आश्रय स्थलको खोज तलाशको क्रममा यो घटना भएको बताइएको।

- ०५९ वैशाख २० गते रोल्पाको लिस्नेम सुरक्षाकर्मी र माओवादी बीच भिडन्त हुँदा घाइते भएका एक जना थप प्रहरी जवानको मृत्यु भएको।
- सर्लाही जिल्लाको अघौली गाविसका पूर्व उपाध्यक्ष शुकदेव महतोको ०५९ वैशाख २० गते माओवादीहरुद्वारा हत्या गरिएको।
- कैलाली जिल्लाको भजनीस्थित नेपाल दूरसञ्चार संस्थानको रीपिटर टावरमाथि ०५९ वैशाख २० गते माओवादीहरुले आक्रमण गर्दा, सुरक्षाबलको कारवाहीबाट २ जना माओवादी कार्यकर्ता मारिएको।
- बैतडी जिल्ला विकास समितिले जनाए अनुसार ०५९ वैशाख २० गते सम्ममा माओवादीहरुले जिल्लाका ६२ गाविस मध्ये ४७ वटा गाविस कार्यालयमा आगो लगाई ध्वस्त पारेको, माओवादीहरुद्वारा गाविसहरुमा गरिएको आक्रमणबाट ५ लाखको फर्निचर, ६२ लाख रुपैया बराबरको भवनहरु र १८ लाख रुपैया बराबरको अन्य धनमाल नष्ट भएको।
- चैत र वैशाख महिनाको ९ गतेसम्म माओवादीहरुद्वारा गरिएको आक्रमणबाट १४ वटा पुल क्षतिग्रस्त हुँदा एक करोड बराबरको क्षति भएको।
- ०५८ चैत्र २६ गते बर्दियाको कोठियाघाटमा गेरुवा नदीमाथि रहेको पन्टुन पुल माओवादीहरुले बगाई दिएपछि

पेशा	राज्यद्वारा	माओवादीद्वारा
कृषक	३६०	१६०
शिक्षक	१८	२६
राजनीतिक कार्यकर्ता	२९२२	१५०
प्रहरी		६६१
सामान्य जनता	८६	८०
विद्यार्थी	८१	३३
कर्मचारी	१०	३३
सामाजिक कार्यकर्ता	१	
व्यापारी	६	९
श्रमिक	२८	११
स्वास्थ्य कार्यकर्ता	१	१
सैनिक	१	१३०
जम्मा	३४८४	१३९४

सदरमुकाम गुलेरियासंग ११ वटा गाविसको सम्बन्ध विच्छेद भएको।

- माओवादीहरुद्वारा वैशाख ९ गते महेन्द्र राजमार्गको पथरिया खोलाको पुल, वैशाख ८ गते दिपायलको गोल्मागड खोलाको पुल, वैशाख ६ गते बाँकेको मानखोलाको पुल, वैशाख ६ गते महेन्द्र राजमार्गकै मानखोला पुल, दाङको कटेशनाला पुल, शारदा नदी पुल, चैत १२ गते कन्चनपुरको सुकेती डाँडा नदीको पुल, चैत ६ गते कैलाली चौमालको पुल, चैत ६ गते विजुलीया नालको पुल, चैत ११ गते काठमाडौंको विष्णुमति पुल, चैत २२ गते झापा देवनिया काठेपुलमाथि आक्रमण गरेका थिए।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख २० गते रोल्पाको गाममा भएको भिडन्तमा ७० जना सुरक्षाकर्मीको मृत्यु र ४० जना घाइते भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख २१ गते सुरक्षाकर्मीको कारवाहीबाट लमजुङको तार्कुघाटमा ३ जना, डोटीको कालगढ र गोपघाटमा ३ जना, उदयपुरको कटारी, म्याग्दीको बवियाचौर, रुकुमको मुग्मा, रोल्पाको लिस्ने र धादिङको त्रिपुरेश्वर खहरेमा १-१ जना गरी जम्मा ११ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख २१ गते सुरक्षाकर्मीको कारवाहीबाट प्यूठानको स्वर्गद्वारीमा २ जना, कैलाली जिल्लाको कोडाखोलामा २ जना, सुर्खेतको चिंगार र प्यूठानको फोरलीमा एक-एक जना गरी ६ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयलद्वारा जनाए अनुसार, ०५९ वैशाख २१ गते जारी विज्ञप्तीमा सुरक्षाकर्मीको कारवाहीबाट ०५९ वैशाख २१ गते रोल्पाको लिस्ने लेकमा ३५० जना माओवादी कार्यकर्ताको मृत्यु भएको अनुमान। सो घटनामा एक प्रहरी जवानको पनि मृत्यु भएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख २२ गते सुरक्षाकर्मीको कारवाहीबाट रोल्पाको माझिङमा ९ जना, म्याग्दीको देवीस्थानमा ३ जना, रोल्पाको सिउरीमा ३ जना, गोरखाको आरु चनैटेमा २ जना, नवलपरासीको मुडियामा २ जना, तनहुँको कोटा र मुगुको सेटी गाउँमा १-१ जना गरी २१ जना माओवादी कार्यकर्ता मारिएको।
- सुर्खेत-दैलेख सीमामा रहेको रातानाङ्ला, गुराँसे तथा रानीमत्ता बजारलाई आपूर्ति गर्दै आएको खानेपानी प्रणलीलाई ०५९ वैशाख २२ गते मओवादीहरुले ध्वस्त पारे।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख १९ गते डोटी जिल्लाको वछिल-छाछल इलाकामा पर्ने खिडाको जंगलमा सुरक्षाफौजको कारवाहीबाट मारिएका मध्य थप १९ जना माओवादी कार्यकर्ताको लाश ०५९ वैशाख२२ गते फेला परेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख२३ गते सुरक्षाकर्मीको कारवाहीबाट रोल्पा र कैलालीको विभिन्न ठाउँमा गरी क्रमश: ७ र ६ जना माओवादी कार्यकर्ता मारिएको।
- वैशाख२३ गते शाही नेपाली सेनाद्वारा थप २० जना माओवादीहरुको तस्वीर सार्वजनिक गरियो। तस्वीर सार्वजनिक गरिएकाहरुमा वामदेव क्षेत्री, सन्तोष बुढा, रामशरण चौधरी उर्फ सागर, रामचन्द्र शर्मा, हिसिला यमी, पूर्णवहादुर घर्ती, नेत्रविक्रम चन्द, नारायणप्रसाद शर्मा, मातृका यादव, हेमन्तप्रकाश ओली, मणि थापा, लोकेन्द्र विष्ट, खड्गवहादुर वि.क. उर्फ प्रकाण्ड, जयपुरी धर्ती उर्फ नमूना, जनार्दन शर्मा, हरिबोल गजुरेल, गोविन्द उप्रेती, भक्तवहादुर शाह, शक्तिवहादुर बस्नेत उर्फ सुरेशसिंह र हितमान शाक्य रहेका छन्।
- संकटकाल लागू भएयता इलाम जिल्लाका ४८ गाविस मध्ये २३ वटा गाविस माओवादीहरुले ध्वस्त पारे।
- गुल्मी जिल्ला धुकोक गाविस-२ रजस्थल रातमाटाकी १९ वर्षय कमला भण्डारी उर्फ गीताले पासो लगाई आत्महत्या गरिन्। माओवादी कार्यकर्ता भण्डारीले केही समय अघि मात्र जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरेकी बताइएको।
- संखुवासभा जिल्लाको चैनपुरमा ०५९ वैशाख २४ गते राती पौने एघार बजे देखि माओवादीहरुले आक्रमण गरेपछि भएको दोहोरो भीडन्तमा ७ जना सशस्त्र प्रहरीको मृत्यु। ती मध्ये ४ जनाको घटनास्थलमै र ३ जनाको उपचार गर्दा गर्दै मृत्यु भएको थियो। माओवादी तर्फ ८ जनाको लास घटना स्थलमै फेला प-यो भने अन्य ३ जना समेत ११ जनाको मृत्यु भएको छ। माओवादीद्वारा कृषि विकास बैंक, इलाका प्रशासन कार्यालय, नापी कार्यालय आदीका कागजपत्र जलाई नष्ट पारियो।
- सुर्खेत जिल्लाको पुटु गाविसस्थित पुटु माविका प्रधान अध्यापक ओमवहादुर अर्लामी र प्रस्तावित निमावि धारमपसीका शिक्षक भक्ति देवकोटालाई ०५९ वैशाख २४ गते माओवादीहरुले अपहरण गरी बेपत्ता पारे।
- संखुवासभाको सदरमुकाम चैनपुरस्थित सिद्धकाली सशस्त्र प्रहरी गणको ३ नम्बर कम्पनीमा ०५९ वैशाख २४ गते राति माओवादीहरुले सशस्त्र आक्रमण गर्दा भएको दोहोरो संघर्ष हुँदा २ महिला सहित ११ जना माओवादी कार्यकर्ता मारिएको। सोही घटनामा प्रहरी हवल्दारद्वय पशुपति ढकाल र गोपवहादुर मगर, सहायक प्रहरी हवल्दार भोलामान राई र प्रहरी जवान चीरञ्जीवी ढकालको मृत्यु भयो भने १३ जना प्रहरी घाइते भए।
- ०५९ वैशाख २४ गते संखुवासभाको चैनपुरस्थितमा सशस्त्र प्रहरी वेस क्याम्पमा माओवादीको आक्रमणबाट घाइते भई वीरेन्द्र सैनिक अस्पतालमा उपचार गराइरहेका सुरक्षाकर्मीको ०५९ जेठ १ गते मृत्यु भएको।
- धनुषा जिल्ला धनुषा धाम गाविसका नेपाली कांग्रेसका कार्यकर्ता ४० वर्षीय मोहन यादवको ०५९ वैशाख २६ गते राति १:०० बजे माओवादीद्वारा गोली हानी हत्या गर्नुका साथै उनका भाई देवनारायण यादवलाई खुकुरी प्रहार गरी घाइते बनाएको।
- ०५९ वैशाख २६ गते राष्ट्रिय मानवअधिकार आयोगद्वारा जारी विज्ञप्तीमा, तत्काल युद्धविरामको घोषणा गरी समस्याको निकासका लगि राजनीतिक प्रक्रिया शुरु गर्न श्री ५ को सरकार र नेकपा माओवादीसंग आव्हान गरिएको।
- सुरक्षा सूत्रले दिएको जानकारी अनुसार, ०५९ वैशाख २६ गते सुरक्षाकर्मीको कारवाहीबाट रोल्पा जिल्लाको फेदी तेवाङमा २० जना, थवाङमा ११ जना, जुम्लाका विभिन्न ठाउँमा १ महिला सहित ४ जना, कैलालीको भजनीमा १ जना र सिराहाको जागन खोलामा १ जना गरी ३७ जना माओवादी कार्यकर्ता मारिएको।
- सिन्धुपाल्चोकका प्रजिअले ०५९ वैशाख २६ गते जनाए अनुसार, जिल्लाका विभिन्न गाविसका नेकपा माओवादीसंग

संकटकालीन अवस्थामा राज्य र माओवादीद्वारा मारिएकाहरू

नोभेम्बर २६, २००१ - मे २८, २००२

क्र.सं.	जिल्ला	राज्यद्वारा	माओवादीद्वारा	जम्मा
१	अछाम	४३	१३६	१९०
२	अर्घाखाँची	४	१	५
३	बाग्लुङ	३४	८	४२
४	बैतडी	११	१	१२
५	बझाङ	१३		१३
६	बाजुरा	३०	२	३२
७	बाँके	४२	२	४४
८	बारा	१		१
९	बर्दिया	८५	११	९६
१०	भक्तपुर	१		१
११	भोजपुर	१	२	३
१२	चितवन	५	७	१२
१३	डडेल्धुरा	२४	४	२८
१४	दैलेख	१२	४	१६
१५	दाङ	१५४	७०	२२४
१६	दार्चुला	१९	९	२८
१७	धादिङ	७	१	८
१८	धनकुटा		२	२
१९	धनुषा	४	२	६
२०	दोलखा	९	३	१२
२१	डोल्पा	८		८
२२	डोटी	४६		४६
२३	गोरखा	४३	२१	६४
२४	गुल्मी	६	१	७
२५	हुम्ला	२	१	३
२६	इलाम	४	४	८
२७	जाजरकोट	१५		१५
२८	जुम्ला	२१	१	२२
२९	कैलाली	४९	१७	६६
३०	कालिकोट	१४१	५	१४६
३१	कपिलवस्तु	४	२	६
३२	कञ्चनपुर	४३	११	५१
३३	कास्की	९	६	१५
३४	काठमाण्डौ	६	७	१३
३५	काभ्रे	४	१९	२३
३६	खोटाङ	३५	२	३७
३७	ललितपुर	१	२	३
३८	लमजुङ	३०	६	३६
३९	मकवानपुर	२		२
४०	महोत्तरी		२	२
४१	मोरङ	१४	२	१६
४२	मुगु	११	१	१२
४३	म्याग्दी	४८	४	५०
४४	नवलपरासी	७		७
४५	नुवाकोट	१५	४	१९
४६	ओखलढुङ्गा	५		५
४७	पाल्पा	२३	३	२६
४८	पाँचथर	४	७	११
४९	पर्वत	२०	१	२१
५०	प्युठान	७	५	१२
५१	रामेछाप	४	२	६
५२	रौतहट		६	६
५३	रसुवा	३		३
५४	रोल्पा	७७५	७७	८५०
५५	रूकुम	२१४	१०	६६
५६	सल्यान	५२	३५	८७
५७	संखुवासभा	४२	८	५०
५८	सप्तरी	६		६
५९	सर्लाही	७	१०	१७
६०	सिन्धुली	३		३
६१	सिन्धुपाल्चोक	४०	१५	५५
६२	सिराहा	६	१	७
६३	सोलुखुम्बु	५	१	६
६४	सुनसरी	२		२
६५	सुर्खेत	५५	५	६०
६६	स्याङ्जा	३३	३	३६
६७	तनहुँ	१६	३	१९
६८	ताप्लेजुङ	९	५	१४
६९	तेह्रथुम	२४	२	२६
७०	उदयपुर	१०		१०
	फेब्रुवरी २०, २००२ मा अछाम, डोटी, दैलेख र कालिकोट जिल्लामा मारिएको कुरा सरकारी संचार माध्यमद्वारा जनाइएका तर जिल्ला नखुलेका		४६	४६
जम्मा		२४९१	५८४	२९९२

पेशा	राज्यद्वारा	माओवादीद्वारा
प्रहरी		२९१
सैनिक		१११
माओवादी भनिएको	२३९६	
राजनीतिक कार्यकर्ता	४	५४
विद्यार्थी	४	६
श्रमिक	२१	५
कृषक	१२	३
शिक्षक	३	१५
सामान्य जनता	४६	९१
व्यापारी		१
स्वास्थ्य कार्यकर्ता		१
कर्मचारी	५	८
जम्मा	२४९१	५८४

सम्बन्धित ४६२ जनाले हालसम्म आत्मसमर्पण गरेको।

- रक्षा मन्त्रालयले जनाए अनुसार, संखुवा-सभाको चैनपुरमा वैशाख २४ गते प्रहरी शिविरमा आक्रमण गर्ने माओवादीहरुको थप ११ वटा लाश ०५९ वैशाख २६ गते फेला परेको। त्यस्तै रोल्पा जिल्लाको गामस्थित संयुक्त सुरक्षाफौजको अस्थाई शिविरमा आक्रमण गर्न आएका बखत सुरक्षा कर्मीको कारवाहीबाट मारिएका माओवादीहरुको थप ५० लाश गाडिएको अवस्थामा फेला परेको जनाइयो। रक्षा सूत्रले गाममा अहिले सम्म २०० जना माओवादी मारिएको जनाएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख २७ गते सुरक्षाकर्मीको कारवाहीबाट बाजुरा जिल्लाको जगन्नाथपुरमा २३ जना, कालीकोट जिल्लाको पोरीपालीमा ३ जना र डडेलधुराको जोगबुढामा १ जना गरी २७ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, संखुवासभाको चैनपुरमा वैशाख २४ गते सशस्त्र प्रहरी बेस क्याम्पमा आक्रमण गर्ने क्रममा मारिएका माओवादीहरु मध्ये थप ८ जनाको लाश ०५९ वैशाख २७ गते फेला परेको।
- संकटकालीन अवस्था घोषणा भएयता धादिङ जिल्लामा माओवादी-हरुद्वारा भौतिक संरचना ध्वस्त पारिंदा करौडौं मूल्य बराबरको क्षति

भएको छ। ती संरचना पुनर्निर्माण गर्न वर्षौं लाग्ने भएको छ। धादिङ जिल्लाका ५० गाविस मध्ये ३५ वटा गाविस भवनमा आगो लगाउनुका साथै दूरसंचार संस्थानका रीपिटर टावर, खाल्टे गाविसका विजुलीका खम्बाहरु माओवादी-हरुले क्षतिग्रस्त तुल्याएका थिए। दूरसंचार संस्थानका रिपिटर टावर ध्वस्त पारिंदा २ करोड रुपैयाँ बराबरको क्षति भएको छ भने संस्थानलाई प्रति महिना ८ लाख भन्दा बढी घाटा भइरहेको छ। रिपिटर टावरहरु निर्माण गर्न कम्तिमा दुई वर्ष लाग्ने दूरसंचार संस्थानद्वारा जनाइएको छ।

- रक्षा मन्त्रालयले जनाए अनुसार, सुरक्षाकर्मीको पछिल्लो कारवाहीबाट रोल्पाको लङ्गरी खोलामा १४ जना, सोही जिल्लाको खाल्सिङमा ४ जना, पर्वतको सिङ्रेखोलामा १ जना, डडेल्धुरा जिल्लाको जोगबुढामा ६ जना र कैलालीको सुख्खदमा १ जना गरी २६ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख २७ गते, काठमाडौंको खुला मञ्चमा संसदमा क्रियाशील सात राजनीतिक दलको सक्रियतामा सर्वदलीय आमसभाको आयोजना गरियो। दलका नेताहरुद्वारा, संविधान र संसदबाटै राष्ट्रिय समस्याको समाधान गर्नु पर्ने र गर्न सकिने विचार व्यक्त गरिनुका साथै नेकपा माओवादीको हिंसात्मक एवं विध्वंसात्मक क्रियाकलाप विरुद्ध सबै पार्टीहरु एक भएर जानु पर्ने धारणा प्रष्ट पारिएको थियो।
- ०५९ वैशाख २७ गते, नेपालका लागि चीनका राजदुत वु क्वाङ्गयोङले नेपालमा माओवादका नाममा संचालित हिंसात्मक गतिविधिसंग चीन सरकार र कुनै पनि चिनियाँ संगठनको सम्बन्ध नभएको बताउँदै, नेपालमा सरकार विरोधी समूहले मच्चाएको हिंसात्मक गतिविधिको चीनले कडा भर्त्सना गर्नु भयो।
- शाही नेपाली सेनाद्वारा माओवादी नेताहरुको नाम र तस्वीर सार्वजनिक गरिएका मध्ये पूर्व श्रम राज्य मन्त्री गोविन्दनाथ उप्रेतीलाई आफै प्रशासनसक्ष उपस्थित भएको चोथौ दिन ०५९ वैशाख २७ गते रिहा गरियो।
- राससका अनुसार ०५९ वैशाख २८ गते, सिन्धुपाल्चोकको हेलम्बु गाविस-७ मा माओवादी कार्यकर्ताले बोकेको बम विस्फोट हुँदा ६३ वर्षीय क्षेत्र शेर्पा तथा २ जना माओवादी कार्यकर्ताको मृत्यु भएको।
- ०५९ वैशाख ३० गते इलाम जिल्लाको इरौटार गाविस अध्यक्ष चित्रवहादुर गुरुङको माओवादीहरुले हत्या गरे। गुरुङ नेकपा (एमाले) का ५ नं. इलाका कमिटीका सचिव थिए।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ वैशाख ३१ गते सुरक्षाकर्मीको कारवाहीबाट रोल्पा जिल्लाको जकोत्ममा २ जना माओवादी कार्यकर्ता मारिएको।
- ०५९ वैशाख ३१ गते, बाग्लुङ जिल्लाको गलकोटस्थित हरिचौरको आफ्नै घरमा बसिरहेको बेला गलकोट माविका शिक्षक माधवबम मल्लको माओवादीहरुले बञ्चरो प्रहार गरी हत्या गरे।
- ०५९ वैशाख ३१ गते, पाल्पा जिल्लाको मित्याल गाविसका अध्यक्ष बमवहादुर खाम्चा मगरको माओवादीहरुले घाँटी रेटेर हत्या गरे।
- रौतहट जिल्ला प्रहरी कार्यालयले दिएको जानकारी अनुसार तेजापाकिङ गाविसका माओवादीको भातृ संगठन मधेस मुक्त मोर्चाका कार्यकर्ता जय नारायण पटेलको सोही मोर्चाका कार्यकर्ताहरुले हत्या गरे। जिल्लाका विभिन्न भागबाट लुटिएका रकम तथा गहनाको बाँडफाँडको विषयमा विवाद उत्पन्न हुँदा सो घटना भएको जनाइयो। सोही विषयलाई लिएर बसन्तपट्टि गाविसका माओवादी कार्यकर्ता रामबालक पटेलको घर माओवादी कार्यकर्ताहरुद्वारा जालाइयो।
- भोजपुर मानेभञ्ज्याङ गाविस-१ का ५२ वर्षीय गणेश पाण्डेलाई ०५९ जेठ १ गते माओवादीहरुले कुटपीट गरी हत्या गरेको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ जेठ २ गते दाङ जिल्लाको सवारखोलामा सुरक्षाकर्मीको कारवाहीबाट १७ जना, सुर्खेतको दहचौरमा ५ जना, ओखलढुंगाको तलुवामा २ जना, कैलालीको नारायणपुर र अछामको रामारोशनमा १-१ जना गरी २६ जना माओवादी कार्यकर्ता मारिएको।
- रक्षा मन्त्रालयले जनाए अनुसार, ०५९ जेठ २ गते सुरक्षाकर्मीको कारवाहीबाट बर्दियाको डुण्डुखोलामा ८ जना, गोर्खाको साउरपानी, गुल्मी र संखुवासभाको भालुखोपमा २-२ जना गरी १४ जना माओवादी कार्यकर्ता मारिएका।
- नेपाल पत्रकार महासंघको २० सौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको ०५९ जेठ ३ गते बसेको बैठकले संकटकालको अवधिमा प्रेस जगत माथि भएका सबै व्यवहार र घटनाहरुका सम्बन्धमा निष्पक्ष छानविनका लागि स्वतन्त्र आयोग गठन गर्न श्री ५ को सरकारसंग आग्रह गरेको।
- रक्षा मन्त्रालयलले जनाए अनुसार, सुरक्षाकर्मीको कारवाहीबाट ०५९ जेठ २ र ३ गते ताप्लेजुङको फाकुम्बामा ५ जना, दाङमा २ जना, गोरखाको साराखोलामा १ जना, सिन्धुपाल्चोकको माखामा १ जना, धादिङको मैदीमा १ जना, गरी जम्मा १० जना माओवादी कार्यकर्ता मारिएको।

संकटकालीन अवस्थामा गिरफ्तार भएका संचारकर्मीहरुको संख्या

मे २८, २००२ सम्म

क्र.सं.	जिल्ला	जम्मा गिरफ्तार	रिहा भएका	रिहा नभएका
१	काठमाण्डौ	३३	१६	१६
२	सुर्खेत	२		२
३	कैलाली	३	१	२
४	सिराहा	४	३	१
५	जुम्ला	१	१	
६	रुपन्देही	४६	४५	२
७	संखुवासभा	३	२	१
८	मोरङ	१	१	
९	सुनसरी	३	२	१
१०	लमजुङ	४	३	१
११	बाग्लुङ	१		१
१२	कास्की	४	२	२
१३	प्युठान	१	१	
१४	बाँके	३	३	
१५	दाङ	२	२	
१६	नवलपरासी	१	१	
१७	चितवन	४		४
१८	भक्तपुर	१	१	
१९	पर्वत	१	१	
	जम्मा	११९	८६	३३

सतबरिया

स्थलगत अध्ययन प्रतिवेदन

दाङ जिल्लाको सतबरियास्थित शसस्त्र प्रहरी वेश क्याम्प, लमही इलाका प्रहरी कार्यालय र भालुवाङमा ०५८ चैत २९ गते राती माओवादीहरुले आक्रमण गर्दा भएको दोहोरो भीडन्तमा भएको मानवीय क्षति र ती आक्रमणका क्रममा माओवादी पक्षबाट सर्वसाधारणलाई मानवढालको रुपमा प्रयोग गरेको घटनाका सम्बन्धमा यथार्थ तथ्य संकलन गर्ने उद्देश्यले इन्सेक र नेपाल वार एसोसिसनले संयुक्तरुपमा स्थलगत अध्ययन गऱ्यो। इन्सेक कार्यसमितिका सदस्य कुन्दन अर्याल, इन्सेक मानवअधिकार वर्ष पुस्तकका संयोजक कृष्ण गौतम, प्रलेख शाखा प्रमुख विमलचन्द्र शर्मा, मध्यपश्चिमाञ्चल क्षेत्रीय संयोजक भोला महत तथा नेपाल वार एशोशिएसनका उपाध्यक्ष गोविन्द शर्मा बन्दी, बी.बी.सी नेपाली सेवाका नेपालगञ्ज प्रतिनिधि शरद के.सी., नेपाल समाचारपत्र दैनिकका सम्वाददाता जनक नेपाल र स्पेशटाइम दैनिकका सम्वाददाता कृष्ण अधिकारी सम्मिलित टोलीले ०५९ वैशाख ३ र ४ गते सतबरिया, लमही, राजपुरको स्थलगत अध्ययन गरेको थियो।

घटना विवरण :

०५८ चैत २९ गते राती माओवादीहरूले सतबरिया सशस्त्र प्रहरी क्याम्प, इलाका प्रहरी कार्यालय लमही, सशस्त्र प्रहरी तालिम केन्द्र भालुवाङमा एक साथ आक्रमण गरे। सोही समयमा तुल्सीपुर र घोराहीमा पनि आक्रमण गरेका थिए। सो आक्रमणका क्रममा सतबरियामा १ जना डिएसपी, ३ जना इन्स्पेक्टर समेत ३७ जना, लमहीमा १ जना इन्स्पेक्टर सहित ९ जना प्रहरी र १ जना हिरासतमा रहेका व्यक्ति, भालुवाङमा रात्री बसका ड्राइभर, यात्रु समेत ५ जनाको मृत्यु भएको थियो। भीडन्तका क्रममा सतबरियामा माओवादी तर्फ पनि निकै क्षति भएको तर संख्या यकिन हुन सकेको छैन। तर, सुरक्षाफौजले विभिन्न ठाउँमा पुरिएका ९२ जनाको लास फेला पारेको कुरा सरकारी स्रोतले पुष्टि गऱ्यो।

घटनास्थलमा देखिएका कुरा :

गृहमन्त्री खुमबहादुर खड्काको सतबरिया गाविस गोभेनास्थित घरको वरिपरि पर्खाल बाहिर र भित्र रहेका प्रहरी पोष्टहरु ध्वस्त थिए, रगतका ठूला दागहरु देखिन्थे। कम्पाउण्ड भित्र र बाहिर रहेका त्रिपाल (टेन्ट), कम्बल आदि जलेर नष्ट भएका थिए। गृहमन्त्रीको घरलाई आगोले क्षति पुऱ्याएको, गोदाम घरमा अन्न डढेको पाइयो। प्रहरीहरुका व्यक्तिगत सामाग्रीहरु, पोशाकका टुक्राहरु, दर्ज्यानी चिन्हहरु यत्रतत्र छरिएका थिए। नयाँ वर्षको शुभकामना पठाउन तयार पारिएका पोष्टकार्ड तथा चिठी पत्रहरु छरपष्ट थिए। आक्रमणका क्रममा लगाइएको आगो पाँचौं दिन हामी पुग्दासम्म पनि निभेको थिएन। घटनास्थल नजिक राइफलको प्रयोग नभएका गोलीहरु, सकेट बमहरु पनि थिए। त्यस्तै गरी जलाइएका २ वटा गाडीहरु घटनास्थलमै थिए। घटनास्थल वरपर आम मानिस सशंकित र त्रसित अवस्थामा रहेको देखियो। घटनास्थल सुनसान अवस्थामा रहेको थियो।

लासहरुको अवस्था :

सतबरिया गाविस घटनास्थल (गोभेना) र गणेशपुर गाउँको बीचमा पर्ने हात्तिसार खोलामा बालुवामा पुरेर छाडिएका लासहरु सुरक्षाकर्मीले बाहिर निकालेपछि त्यसै छोडिएको पाइयो। सो ठाउँको नजिक गणेशपुरमा बस्ति रहेको छ। ३ ठाउँमा गरी १७ वटा लासहरु त्यहाँ हामीले फेला पार्यौं। ती मध्ये एउटा लास कम्ब्याट हाफ ज्याकेट लगाएको र त्यसै लास नजिकै रहेको अर्को लासको टाउको नै थिएन (संभवत: उनैलाइ सुरक्षाकर्मीहरुले कमाण्डर तहको कार्यकर्ता ठहर गरे)। अन्य एउटा लासको खुट्टा नै थिएन। महिला र पुरुष दुवैको लासहरु घटनास्थलमा छरिएर रहेका थिए। लास सडिरहेको, किरा परेको देखिन्थ्यो। त्यहाँ गाडिएका मृतकहरुको मुख जलाइएकोले चिन्न नसकिने थिए।

स्थानीय बासिन्दाको भनाइ :

सतबरिया गाविस-५ धनपुरुवाका दिनेश चौधरी :

राती एक्कासी गोली चल्न शुरु भयो। निकै बेर दोहोरो भिडन्त भयो, राती

हेलिकप्टर पनि आएको आवाज सुन्यौं तर हामी कोही पनि बाहिर निस्केर हेर्न सक्ने स्थिति थिएन, डरले खटिया मुनि बस्यौं। प्रहरी, माओवादी कसैले पनि हामीलाई केही गरेनन्। राती गोली चल्न बन्द भएपछि बाँच्यौं जस्तो लाग्यो।

राजपुर-८ गड्दीका बमबहादुर चौधरी :

हाम्रो गाउँका त कोही पनि यो घटनामा गएनन् तर त्यस दिन दिउँसो ४ बजे देखि नै सानो-सानो समूहमा हाम्रो गाउँको बाटो हुँदै धेरै मानिसहरु नदीपारी गएका थिए, नदीपारी सतबरिया पर्दछ। यो क्रम बेलुका ८:०० बजे सम्म चलेको थियो। राती १० बजेर १५/१६ मिनेट गएको थियो, बत्ति निभ्यो। मन्त्रीको घर नजिकै केही पड्कीएको, दोहोरो गोली चलेको आवाज सुन्यौं र डरले हामी सुत्न सकेनौं। भोली पल्ट विहान ७:०० बजे हरियो रङ्गको ट्याक्टर यताको बाटो हुँदै दक्षिणतिर गएको थियो। ट्याक्टरमा लासहरु थिए वा मानिसहरु थिए त्यो चाहीं हामीलाई थाहा भएन।

टोलीले यस बाहेक अन्य स्थानीय महिला तथा पुरुषहरुसँग भेटघाट गर्दा उनीहरुले पनि दिनेश चौधरी र बमबहादुर चौधरीको जस्तै धारणा व्यक्त गरे।

इलाका प्रहरी कार्यालय लमही :

माओवादीहरुले छाडेर गएका सकेट बमहरु यत्रतत्र फालिएको थियो। भवन तोडफोड गरिएको थियो। भवनको पछाडीतिरबाट रकेट लन्चर जस्तै कुनै हतियार प्रहार गरिएजस्तै देखिने ठूलो प्वाल परेको थियो। जलाइएका गाडीहरु त्यसै रहेका थिए। माओवादीका व्यानर तथा पर्चाहरु फालिएका थिए।

सो आक्रमणको घटनापछि इलाका प्रहरी कार्यालय लमहीलाई जिल्ला प्रहरी कार्यलयमा र सशस्त्र प्रहरी क्याम्प सतबरियालाई शसस्त्र प्रहरी तालिम केन्द्र भालुवाङमा गाभिएकोले दुवै ठाउँमा प्रहरीहरु थिएनन्।

प्रमुख जिल्ला अधिकारी माथुरप्रसाद यादव र जिल्ला प्रहरी कार्यालयका प्रमुख (एसपी) भक्तिनाथ माझीको भनाई यस्तो रह्यो :-

त्यो घटनामा प्रहरी तर्फ त क्षति भयो नै, माओवादी तर्फ पनि ठूलो क्षति भएको तथा सयौंको संख्यामा हताहत भयो। माओवादीहरुले तुल्सीपुर, घोराही र भालुवाङमा पनि सोही राती आक्रमण गर्दा त्यसलाई सुरक्षाकर्मीले विफल तुल्याइदिएको, माओवादीहरुले बाटोमा रुख काटेर लडाईदिएका कारण थप मद्दत घटनास्थलमा जान सकेन। माओवादीहरुले हजारौं स्थानीय जनतालाई मानवढालको रुपमा प्रयोग गरेको प्रशासनको दावी थियो। लासहरु त्यसरी फाल्दा संक्रामक रोगहरु फैलन सक्ने अवगत गराएपछि प्रशासनद्वारा लासहरु जलाउने, गाड्ने काम भोलिपल्ट नै गरियो।

सतवरिया गाविस नजिक रहेका गढवा र राजपुर गाविसबाट माओवादीहरुले स्थानीय बासिन्दाहरुलाई आक्रमणका क्रममा ल्याएका थिए। ती मध्ये कतिपय व्यक्तिहरु अझै घर फर्किएका छैनन्। (मारिएको हुन सक्ने आशंका) भन्ने सूचनाको आधारमा हाम्रो टोली राजपुर गाविसका केही गाउँहरुमा समेत पुगेको थियो। स्थानीय बासिन्दाहरु त्रास र भयको वातवरणमा थिए। उनीहरुले आफन्तहरु हराएको कुरा हामीलाई बताएनन्, शायद बताउन नचाहेको पनि हुन सक्छ।

घटनापछि दाङको स्थिति :

जिल्ला सदरमुकाममा आक्रमणको पीडा भोगी सकेका दाङवासीहरु अर्को भीषण आक्रमणको घटना भएकोमा र त्यसमा धेरैलाई मानवढाल बनाइएकोमा अत्यन्त त्रासको मानसिकतामा छन। कुन दिन अर्को ठाउँमा माओवादीले आक्रमण गर्दा आफू मानवढाल बन्नु पर्ने हो कि भन्ने डर जनमानसमा व्याप्त छ। गाउँबाट युवाहरु पलायन हुँदैछन। जिल्ला प्रशासन कार्यालयमा पासपोर्ट बनाउनेहरुको भीड हुन्छ। वैदेशिक रोजगारीमा विभिन्न मुलुकहरुमा जानका लागी काठमाडौं जानेहरुको भीड बसहरुमा देखिन्छ। कति भारततिर पसे।

अहिले जिल्लामा रहेकाहरु शहरी क्षेत्रका काठमाडौंतिर जाने र गाउँतिरका युवाहरु घोराही, तुल्सीपुरमा बस्न थालेका छन। केही रात बिताउन मात्र भए पनि ती बजार क्षेत्रमा जाने गर्दछन्। ३९ गाविस र २ वटा नगरपालिका भएको दाङ जिल्लाको सदरमुकाम आसपासको क्षेत्रमा ०५८ मंसिर ११ गतेपछि लगातार कर्फ्यू लाग्दै आएको छ। लमही सतबरियाको घटनापछि ३० वटा गाविस र २ वटा नगरपालिका क्षेत्रमा कर्फ्यू आदेश गरिदै आएको छ।

लमही र सतबरियाको घटनापछि २ हप्तासम्म सुरक्षाकर्मीविहिन भएको देउखुरी क्षेत्रको लमही नजिक सैनिक चेकपोष्ट राखिएको छ।

निष्कर्ष :

- गृहमन्त्रीले आङ्नो घरको सुरक्षाका लागि सतबरियामा सशस्त्र प्रहरी बल राखिएको पाइयो। किन भने सतबरिया कुनै पनि हिसाबले केन्द्र भागमा पर्दैन।
- माओवादीहरुद्वारा सो घटनामा सयौंको संख्यामा सर्वसाधारणहरुको प्रयोग गरिएको र ती मध्ये केहीले ज्यान समेत गुमाए।
- आक्रमणको पूर्वसूचना प्राप्त हुँदा समेत सम्बन्धित निकायले आवश्यक थप फोर्स घटनास्थलमा नपठाउनु र आक्रमणको समयमा समेत थप सहयोग नहुनुले सुरक्षा निकायहरुको समन्वयमा अभाव भएको स्थिति देखा पऱ्यो।
- मुठभेडमा मारिएकाहरुको लास कानून अनुसार पोष्टमार्टम, सनाखत नगर्नु, लासको सद्गत नगरी राज्यले आफ्नो जिम्मेवारी पुरा नगरेको पाइयो।
- माओवादीहरुले आफ्नो पक्षमा मारिएका मानिसहरुको टाउको काटी लाने, चिन्नै नसक्ने गरी अनुहार जलाउने जस्ता अमानवीय व्यवहार गरेको पाइयो, जसले गर्दा मृतकहरुको सनाखत भई सम्बन्धित घरपरिवारले आफ्नो परिवारको सदस्य मारिएको समेत थाहा पाउन नसक्ने परिस्थिति उत्पन्न भयो।

माओवादीहरूद्वारा आक्रमणको क्रममा निशस्त्र भई सकेका सुरक्षाकर्मीहरूलाई निर्मम ढंगले हत्या गरिनुले अन्तर्राष्ट्रिय मानवीय कानून र मानवअधिकारको गंभीर उल्लंघन गरेको पाइयो।

प्राचीको यो अंक
कस्तो लाग्यो ?
अनुरोध छ-
सुझाव पठाउनु हुन ।

लेन्स र लाश

–विमलचन्द्रं शर्मा

सतबरियामा माओवादीहरुद्वारा आक्रमण गरिएको पाँचौ दिन हामी घटनास्थल पुग्यौं। मध्यान्हको चर्को घाममा हिँड्दा दिउँसै त सास फुलिरहेको थियो, त्यसमाथि दुर्गन्धले गर्दा सासै फेर्न गाह्रो भयो। आफ्नो गर्धनमा झुण्डिएका जुम लेन्स सहितको क्यामरा र भिडियो क्यामरा सयौंकिलो बोझ बोकेको भान् भएको बखत, कृष्ण गौतमजीले क्यामराको झोला बोकि दिँदा ठूलो राहत पाएको थिएँ।

०५८ चैत २९ गते राति नेकपा माओवादीहरुद्वारा आक्रमण गरिएको सतबरिया गाविसको गोझेनास्थित सशस्त्र प्रहरी आधार शिविरको झण्डै ५०० मिटर पश्चिमतिर सुख्खा खोल्सामा लाशहरु छरिएका थिए। धेरै जसो लाशहरुको अनुहार जलाइएकोले झन विभत्स देखिन्थे। ती मध्ये एउटा लाशको कम्मर मुनिको भाग बालुवामा गाडिएको थियो, माथिल्लो भागमा डडाल्नुको लामो हाड बाहेक केही थिएन। कुनै लाशमा हात थिएनन् त कुनैमा खुट्टा। कुनैको त टाउंको समेत थिएन। क्यामराको लेन्सबाट लाशहरुमा स्याउँ स्याउँती सेता किराहरु सल्बलाएको देख्दा जिउनै सिरीङ्ग गर्दथ्यो। सबै मिलेर निरीक्षण गर्दा त्यहाँ १७ वटा लाश भेटिए।

मैले फोटोग्राफी शुरु गरेको १३-१४ वर्ष भयो। त्यसदिन कल्पना नै नगरेको दृश्यहरुलाई क्यामरा मार्फत बटुल्ने काम शुरु गरें। लाशहरु कुहिएर गन्हाउन थालेका थिए। मानवीय जीवनको त्यस्तो विभत्स अन्त्यको दृश्य र तीव्र दुर्गन्ध। एउटा हातले नाक थुन्यो भने फोटोग्राफी गर्न नसकिने। दुर्गन्धित हावा आफू भित्र पन्साउँदै फोटो खिच्न थालें। मैले फोटो खिचुन्जेल, आफ्नो काम सिध्याएँ र साथीहरु निकै पर पुगिसक्नु भएको रहेछ। भिडियोग्राफीको काम त अझै बाँकी नै थियो।

भिडियो खिच्दा, दुवै हातले क्यामरा थामी, नहल्लिने गरी धेरै बेर सम्म खिचिरहनु पर्ने हुन्छ। दुर्गन्धित हावालाई आफूभित्र निर्वाधरुपले प्रवेश गराउनु बाहेकको मसंग एउटा मात्र विकल्प थियो-जिम्मेवारीबाट पन्छिनु। त्यो मलाई स्वीकार्य थिएन। मैले त्यस स्थानमा झण्डै १ घण्टा बिताएँ। मैले ठुलो यन्त्रणा सहनु पर्‍यो जस्तो लागेको थियो। त्यही छेउ छाउका गाउँलेहरुले सहनु परेको दुःख र त्रासको अनुमान गरेपछि म सामान्य र सहज भएँ- उनीहरुको दुःखको अगाडी मेरो दुःखको कुनै हैसियत छैन।

घटनास्थल जानु पर्दा खेतै खेत भएर जानु पर्दथ्यो। बाटोमा जिउँदै गोलीहरु र सकेट बमहरु भेटिन्थे। झन लमही इलाका प्रहरी कार्यालय परिसरमा विभिन्न प्रकारका बमहरु यत्र-तत्र थिए। फोटो खिच्दा कहिले अघि त कहिले पछि गर्दा, कुनै बममा टेकिंदा त विस्फोट हुने हो कि भन्ने डर रहिरहन्थ्यो।

स्थलगत निरीक्षण गरी काठमाडौं फकेर्को दुइ-तीन दिनपछि मात्र ती लाशहरु गाविसको पहलमा पुरपार गरिएको समाचार पढ्दा मनमा प्रश्न उठ्यो- ती १७ जनाको पहिचान कुनै दिन खुल्छ कि सँधै अज्ञात नै रहने हो ?

मानवअधिकार संकटमा

– एमनेस्टी इन्टरनेशनल

मानवअधिकारवादी अन्तर्राष्ट्रिय संस्था एमनेस्टी इन्टरनेशनलले माओवादी र सरकार दुवै पक्षबाट गैरकानूनी हत्या, अपहरण, यातना, दुर्व्यवहार र स्वेच्छचारी गिरफ्तारीका घटना हुने गरेको जनाउँदै नेपालको मानवअधिकार संकटमा रहेको उल्लेख गरेको छ । एमनेस्टी स्थापना दिवसको अवसरमा जेठ १५ गते सार्वजनिक गरिएको वार्षिक प्रतिवेदन-२००२ मा आतंककारी तथा विध्वंसात्मक नियन्त्रण कार्य तथा सजाय ऐन अन्तरगत ५ हजार भन्दा बढी व्यक्तिहरुलाई अनधिकृत थुनामा राख्ने काम गरेको बताइएको छ । दाङ्ग जिल्लाको गरगदीमा २२ नोभेम्बरमा मारिएका ११ जना कृषकहरु माओवादी प्रति सहानुभूति राख्ने भए पनि उनीहरु सशस्त्र नभएको र उनीहरुलाई सेनाले जानी-जानी मारेको कुरा उक्त प्रतिवेदनमा जनाइएको छ ।

माओवादी पक्षबाट गरिएको मानवअधिकार उल्लंघनका घटनाहरुको पनि प्रतिवेदनमा उल्लेख गरिएको छ । नेपाली कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ताहरु माओवादीद्वारा मारिएको उल्लेख गर्नुका साथै आत्मसमर्पण गरेका २८ जना प्रहरीहरु मध्ये ८ जनाको घटनास्थलमै हत्या गरेको, १८ अक्टुवरमा एक पत्रकार सम्मेलनमा नेकपा माओवादीका नेताले ११ जना बन्धकहरुको हत्या गरिएको स्वीकार गरेको घटनालाई नेकपा माओवादीबाट भएको मानवअधिकारहरुको ज्यादतिको संज्ञा दिइएको छ ।

संकटकालको प्रभाव निर्भिक जनसमुदायमा बढी परेको छ

- सुशील प्याकुरेल
सदस्य, राष्ट्रिय मानवअधिकार आयोग

० मुलुकमा लागू भएको संकटकालको समग्रतामा कसरी मूल्यांकन गर्नुहुन्छ ?

- श्री ५ को सरकारको सिफारिसमा राजाद्वारा संविधानका धारा अन्तरगत रहेर लागू गरिएको संकटकालको मूल्यांकन गर्दा संकटकाल किन लागू गरियो भन्ने बारे बुझ्नु आवश्यक छ। संकटकालको कारण के हो भने नेकपा (माओवादी) द्वारा शुरु गरिएको "जनयुद्ध" ले देशमा जुन एउटा हिंसात्मक क्रियाकलाप अघि बढ्यो र त्यो हिंसा यति बढेर गयो कि सरकारले सामान्य विद्यमान कानुनहरु र सुरक्षा निकायलाई दिइएको दायित्वहरु जुन थिए, त्यसबाट हिंसात्मक गतिविधि नियन्त्रण हुन नसकेपछि संकटकाल लागू गरिएको हो भन्ने हामी सबैले बुझेका छौं। त्यसपछि बारम्बार यो संकटकाल माओवादी अथवा सरकारले भन्ने गरेको 'आतंककारी' का लागि हो भन्ने अभिव्यक्ति प्रधानमन्त्रीको आएको छ। त्यस्तै सेना प्रमुखले पनि संकटकालको दुईवटा उद्देश्य छन् भनेका हुन्। एउटा उनीहरुलाई निशस्त्र गर्ने, अर्को वार्तामा ल्याउने। यसरी लागू गरिएको संकटकाल हो यो।

तर, यस बीचमा जनताका मौलिक हक अधिकारहरुमा ठूलो कटौति भएको छ। त्यो मौलिक हकहरुको कटौतिबाट एउटा यस्तो समुदाय, जो शान्तिपूर्ण ढंगबाट राजनीतिक क्रियाकलापहरु अगाडि बढाउन चाहन्छ, त्यो समुदाय सबैभन्दा बढी पीडित भएको छ। किनभने माओवादीलाई संकटकाल लाग्नु र नलाग्नुले कुनै फरक पार्दैन, उनीहरु जंगलमा बसेर क्रियाकलाप गरी राखेका छन्।

उनीहरु वर्तमान संविधान र कानुनलाई कहिले पनि नमान्ने भएकाले संविधान र कानुनका केही अधिकार खोस्दा समेत उनीहरुलाई केही पनि असर परेको छैन। त्यस्तै, जहिले पनि हक र अधिकार विहिन अवस्थामा रहेका आधारभूत तहका जनतालाई पनि संकटकालले खासै असर पार्दैन। त्यसकारण अधिकार विहिनहरुका लागि बोल्ने देशमा जुन एउटा ठूलो जनसमुदाय छ त्यो समुदायले सबभन्दा बढी संकटकालको पीडा भित्र बस्नु परेको छ। संकटकाल माओवादीहरुका लागि लागू गरिएको जतिसुकै भनिए पनि यसको वास्तविक पीडा भने देशका सचेत, निर्भिक, केही गर्न खोज्ने, सक्रिय तर निःशस्त्र समुदाय माथि परेको छ, जुन समुदायले नै देशको भाग्य निर्माण गर्दछ।

संकटकालले माओवादी क्रियाकलापलाई कति नियन्त्रण गऱ्यो भनेर हेर्ने हो भने हिजो जुन तौरतरिका उनीहरुले अपनाएका थिए- विशेषगरी राति आक्रमण गर्ने, सेना र प्रहरीका व्यारेकहरुमा आक्रमण गर्ने, विभिन्न निहुँमा 'सुराकी', 'गद्दार' भनेर आफ्ना विरोधीहरुको हत्या गर्ने क्रियाकलाप यो अवधिमा पनि हामीले उत्तिकै देखेका छौं। अझ यसमा बढोत्तरी भएको छ। हिजो प्रहरीले गर्ने क्रियाकलापबाट सामान्य जनतामा परेको पीडा संचारमाध्यमहरुको स्वतन्त्रताका कारण जनतासमक्ष आउँथ्यो। तर, आज संचारमाध्यमहरुमाथि लगाइएको रोक, जनताको हिंडडुलमा लगाइएको रोक र जनताको अभिव्यक्ति स्वतन्त्रतामा लगाइएको रोकले गर्दा सुरक्षाकर्मीहरुले गरेका गतिविधिहरु पर्याप्त रुपमा बाहिर आइरहेका छैनन्। जसरी दिनहुँ सयौंको संख्यामा मान्छे मारिएको कुराहरु आउँछ त्यो मान्छेहरु को हुन् भन्ने कुरा न त सरकारले जवाफदेहीपूर्ण ढंगले भनेको छ, न संचारकर्मीले गएर त्यसलाई हेरेका छन्, न मानवअधिकारकर्मीले त्यस बारेमा खोजतलास गरेका छन्। यसबाट सामान्य जनता मरेका छैनन् भन्न सकिदैन। एम्नेष्टी इन्टरनेशनलको हालै प्रकाशित प्रेस नोट र राष्ट्रिय मानवअधिकार आयोगद्वारा बीच-बीचमा निकालिएका विज्ञप्तिहरु तपाईले हेर्नु भयो भने के पुष्टि भएको देखिन्छ भने जुन जुन ठाउँमा सुरक्षा कारवाही भएका छन् त्यहाँ सामान्य, निशस्त्र मान्छेहरु परेका छैनन् भन्न सक्ने अवस्था रहेको छैन। एकदिन ५० जना, अर्को दिन १ सय जना, त्यसको भोलिपल्ट ६ सय जना भन्ने खालका अहिले जुन समाचारहरु आउँछन् त्यसलाई सरकारले राम्ररी बताउन सकिरहेको छैन। कति महिला मरे, कति पुरुष मरे, कति कुन उमेरका मानिस मरे भनेर सरकारले भिडियो रिर्कड गरेर जनसमक्ष देखाउँदैन भने जनताले सामान्य नागरिकहरु पनि प्रशस्त मारिएका छन् भन्ने शंका गर्ने ठाउँ व्यापक रहन्छ।

० सारमा मानवअधिकारको क्षेत्रमा संकटकालको प्रभाव यो अवधिमा कस्तो रह्यो ?

- मैले जति कुरा भनें यसबाट तपाईले सहज रुपमा संकटकाल बारे अनुमान गर्न सक्नु हुन्छ। संकटकालको प्रभाव नेपालको एउटा निर्भिक जनसमुदाय माथि सबभन्दा गम्भीर र ठूलो रुपमा परेको छ। र, त्यो नै नेपालको प्रजातन्त्रलाई सही रुपमा अगाडि बढाउन सक्ने जनसमुदाय हो। अझ यसको अर्को पक्ष के हो भने, दुई वटा सशस्त्र गुटको कुराहरु सुनिने र निशस्त्र समुदायको आवाजहरु दबिने स्थिति देखियो। यो अवधिमा संसदमा भएका सबै पार्टीहरुको आवाजलाई कसैले नसुन्ने र अरु सशस्त्र बलमा काम गर्नेहरुको आवाज बढी चर्चित हुने अवस्था पनि देखियो। अहिले सरकार र सत्ताधारी दलबीच पनि कुरा मिलिरहेको छैन। सत्ताधारी दलले भनेको कुरा एउटा हुन्छ सरकार अर्को कुरा भन्छ। सत्ताधारी दलले बोलेको र प्रतिपक्षी दलले बोल्ने गरेका कुराहरुमा तपाईले केही फरक पाउनु हुन्न। सरकारले सत्ताधारी दलका नेताहरुको टिप्पणी गरिरहेको हुन्छ, यस्तो गर्ने शक्ति उसले संकटकालबाट पाएको हो। त्यो नै सशस्त्र शक्ति हो। पार्टीले कारवाही गरेका मान्छेलाई सरकार प्रवक्ता बनाएर राख्छ। अनुशासनका दायराहरु यसरी फरक भएको छ। संसदमा प्रतिनिधित्व गर्ने जनताका सार्वभौम प्रतिनिधिहरु वार्ता गर्नु पर्छ भनेर भनिरहेका छन्, राजनीतिक दलहरु भनिरहेका छन् तर प्रधानमन्त्री 'म वार्ता गर्दिन' भनेर ढिपी गरेर बस्नु भएको छ। त्यसैगरी माओवादीले हामी जितिरहेका छौं, वार्ता गर्दैनौं पनि भन्न पाइरहेका छन्। यो परिस्थितिको उत्पत्ति संकटकालमा भएको छ। संकटकालबाट

देशमा सैन्यीकरण हावी भएर गएको छ। यो संकटकालले ल्याएको कुरा हो। यसले विस्तारै विस्तारै हतियार नहुनेहरुको यहाँ कुनै मूल्य छैन भन्ने खालको सोंच अगाडि आएको छ। र, यो देशका लागि साह्रै ठूलो दूर्भाग्यको कुरा हो।

० तपाईको विचारमा आखिर वर्तमान संकटको निकास के होला त ?

- कानुनी ढंगले यो संकटकाललाई घटाउने हो भने पनि यो छिट्टै टुंगिन्छ भन्ने मलाई लाग्दैन। दीर्घकालीन र अल्पकालीन रुपमा मुलुकको संकटको निकास खोज्नु पर्छ। अल्पकालीन रुपमा संकटकाललाई संविधानको जुन धाराले लागू गरेको थियो, त्यो अनुसार नै यो संकटकाललाई नलम्ब्याउने हो। मिडियाले पाएको स्वतन्त्रता, सामान्य जनताले पाएका हक अधिकारको पुनर्स्थापना गर्ने हो। यो एउटा निकासलाई कुनै पनि बेला कार्यान्वयन गर्न सकिन्छ। दीर्घकालीन रुपमा माओवादी समस्याको हल गर्ने तिर नलाग्ने हो भने मुलुकको संकटले निकास पाउन सक्दैन। संकटको निकास माओवादी क्रियाकलापले ल्याएको हिंसाको अन्त्य नै हो।

जबसम्म जनताको आर्थिक, सामाजिक विकासतिर सरकार स्पष्टताका साथ व्यावहारिक कदम चाल्न अग्रसर हुँदैन, तबसम्म माओवादीहरुले हतियार विसाउँदैनन् र जबसम्म हतियारको खेल र होडबाजीलाई समाप्त पारिदैन तबसम्म मुलुकको यो समस्या समाधान हुँदैन भन्ने मेरो ठहर छ। आर्थिक, सामाजिक र सांस्कृतिक भेदहरुको बीचबाट माओवादी समस्या उत्पन्न भएको र त्यसलाई माओवादीले दुरुपयोग गरेका हुन्। आफ्नै देशका एकथरि नागरिकहरुले हतियार उठाएर आतंक मच्चाइ रहेका छन्। त्यसलाई निशस्त्र पार्ने उपायहरु के के छन् भन्ने बारेमा जुन गम्भीरताका साथ सोचिनु पर्थ्यो त्यस्तो देखिएन। जुन गम्भीरता राजनीतिक दलहरुमा हुन आवश्यक थियो, विशेष गरी माओवादीमा हुनुपर्ने थियो त्यो देखिएन। यसले संकटको निवारणका लागि समस्या खडा गरेको छ।

सरकारले हठ लिनु हुँदैन

सुदिप पाठक

अध्यक्ष, नेपाल मानवअधिकार संगठन

० तपाईले मुलुकमा लागू भएको संकटकालको समग्रमा कसरी मूल्यांकन गर्नु भएको छ ?

- संकटकाल आफैमा पनि एउटा पीडादायक र धेरै विषयहरुमा अत्यन्तै कहाली लादो परिस्थितिको उपज हो। जब मुलुकमा सामान्य परिस्थिति नरहेको ठहर राज्यले गर्छ त्यसपछि राज्यले हाम्रो संविधान अनुरुप संकटकाल लगाउने प्रावधान छ। संकटकाल भन्नासाथ प्रजातान्त्रिक राज्य व्यवस्थामा नागरिकहरुका लागि जुन अधिकार संविधानद्वारा प्राप्त भएको हुन्छ ती अधिकारहरुको प्रयोगमा रोक लगाइएको हुन्छ। संकटकाललाई एउटा अत्यन्त दुःखद् रुपमा लिने प्रचलन छ। राज्यले भरसक संकटकाललाई टार्नु पर्छ, लगाउनु हुँदैन या लगाउँदा पनि कम समयसम्म यसको प्रयोग गर्नुपर्छ भन्ने अर्को प्रचलन छ। जहाँसम्म संकटकाललाई समग्रतामा कसरी हेर्ने भन्ने सवाल तपाईले उठाउनु भयो, यो गम्भीर सवाल हो।

विद्रोहमा लागेका माओवादीहरु निहत्था मानिसहरु, सर्वसाधारण मानिसहरु माथि जाइ लागे, मुलुकको भौतिक संरचना माथि प्रहार गरे, आफ्नो आन्दोलनको नाउँमा अन्तर्राष्ट्रिय मानवीय कानुन या जेनेभा महासन्धिलाई पनि नाघेर आफ्ना गतिविधि बढाए। त्यो गतिविधिलाई हेर्दा संकटकालमा सामाजिक रीतिथिति र प्रचलनलाई नाघेको नमिठो अनुभव भयो। मुलुकका मानिसहरुको आशा, भरोसा र शान्ति सुरक्षा मुलुकले प्राप्त गर्ला भन्ने चाहना थियो त्यसलाई पनि डरलाग्दो र हिंस्रक प्रकारले तोड्ने काम विद्रोहीका पक्षबाट यो संकटकालको अवधिमा भयो। त्यसैगरी सरकारले जस्तोसुकै परिस्थितिमा निहत्था मानिसहरुको जीवनको सुरक्षा गर्नु पर्छ भन्ने जुन मान्यता छ, त्यसलाई पनि यदाकदा पूरा गर्न नसकेको देखियो। संकटकालले समष्टिमा हिंसा सदाका लागि समाप्त गर्न सक्छ या हुन्छ भन्ने स्वरहरु कम देखिएको पाइयो। त्यसकारण मलाई के लाग्यो भने संकटकाल यस अर्थमा राम्रो होइन, संकटकालमा यसै पनि मुलुकवासीले धेरै कुराहरु थप व्यहोर्नु परेकोले आगामी समयमा यसको औचित्य छैन जस्तो मलाई लाग्छ।

० खासगरी मानवअधिकारको क्षेत्रमा संकटकालको प्रभाव कस्तो रह्यो ?

- मानवअधिकारको कुरा गर्दा प्रजातन्त्रलाई गाँस्नु पर्छ। प्रजातन्त्र विना मानवअधिकार अघि बढ्न सक्दैन भन्ने मलाई लाग्छ। प्रजातन्त्र र मानवअधिकार बीच अन्योन्याश्रित सम्बन्ध छ। संकटकालमा मान्छेका धेरै अधिकारलाई सीमित गरिन्छ। त्यो राज्यले लिने गर्छ विशेष कामको लागि। त्यसैले मानवअधिकारको अवस्था निश्चित रुपमा संकटकालमा रुन्चे अवस्थामा रह्यो।

मानिसहरुले निर्वाध रुपले मानवअधिकारको उपभोग गर्ने वातावरण जुन थियो, त्यसलाई संकटकालले संकुचित पारेको छ। र, दुवै पक्ष अर्थात् माओवादी र सरकारले यदाकदा मानवअधिकार उल्लंघन गरेका घटनाहरु पनि संकटकालमा छन्। मानवअधिकारको अवस्था संकटकालमा उपयुक्त भएको जस्तो मलाई लाग्दैन।

० तपाईको विचारमा मुलुकले अहिले भोग्दै आएको संकटको निकास के होला त ?

- हामीले लामो समयदेखि मुलुकको संकटको निकासको बारेमा बोल्दै, लेख्दै र काम गर्दै आएका छौं। यसरी हेर्दा निकासका निमित्त राज्य एउटा ढंगले लागेको देखिएको छ। शान्ति सुरक्षाका सबै निकायलाई परिचालन गरेर मुलुकलाई निकास दिने सन्दर्भमा राज्य लागेको देखिएको छ। त्यो अनुभवको पनि ६ महिना भइसकेको छ।

अर्को प्रयास मुलुकको लागि निकास दिने भनेको- विद्रोहमा लागेकाहरुले राजनीतिक मागका लागि विद्रोहमा लागेका हुन भन्ने हामीलाई लागेको छ, राजनीतिक मागका लागि विद्रोह गरेका कारणले उनीहरुसँग कुराकानी, छलफल र वार्ता हुनु पर्छ। वार्ताको माध्यमबाट मुलुकले समग्रतामा निकास पाउनु पर्छ। र, माओवादीहरु पनि यसका निमित्त तयार भएर आउनु पर्छ, लाग्नु पर्छ भन्ने हामीलाई लागेको छ।

अहिले पनि निकास भनेको शान्ति वार्ता नै हो। त्यसको भूमिका तयार हुन नसकेकोमा भने हामीलाई दुःख लागेको छ।

० सरकारले हतियार बुझाएपछि मात्र वार्ता गर्न सकिने बताइरहेको बेला कसरी शान्ति वार्ता सम्भव देख्नु हुन्छ ?

- मलाई के लाग्छ भने द्वन्द्वका दुईवटा पक्षले वार्तामा बस्नु अगाडि आफ्ना दृष्टिकोणहरु सार्वजनिक गर्ने प्रचलन दुनियाँमा छ। र, हामीकहाँ पनि त्यही भइरहेको छ। उनीहरुले

वार्तामा बस्नु अघि कठोर र कडा मागहरु राख्ने चलन छ। यसै सन्दर्भमा नेपालमा पनि ती मागहरु आइरहेका छन्। सरकारले हतियार बुझाउने कुरा गरिरहेको छ। र, माओवादीहरुले संकटकालको समाप्ति, बन्दीहरुको रिहाईका कुराहरुलाई अगाडि ल्याएका छन्। यी दुवै कुरा स्वभाविक हुन्। म यसलाई अन्यथा ठान्दिन।

प्रश्न के छ भने यी दुवै कुरालाई व्यवहारिक कसीमा ल्याउने प्रयासका निमित्त नै वार्तामा सहयोग गर्ने मान्छेहरुको भूमिका हुन्छ। एक दिन त्यो वातावरण आउँछ। हामीले अहिले तीन कुरालाई अघि बढाएका छौं। सरकारलाई भनेका छौं र माओवादीलाई पनि भनेका छौं कि वार्ताका निमित्त माओवादीहरुले हतियार स्थगित गर्नु पर्छ, हिंसात्मक गतिविधि त्याग्नु पर्छ र निष्ठाकासाथ वार्तामा बस्ने विश्वास नागरिक समाज र मानवअधिकार-वादीलाई दिनु पर्छ। यी तीन वटा कुरा माओवादी समक्ष राखेका छौं- त्यसैगरी सरकारलाई भनेका छौं वार्ताका निम्ति सरकार लचिलो हुनुपर्छ, उदार हृदयकासाथ बस्नु पर्छ र सरकार कानुन र संविधान अनुरुप चलेको अभिभावक भएको हुनाले विद्रोहमा लाग्ने मानिसहरुका बारे सदा सतर्ग र सजर्कता अपनाउनु पर्छ। वार्ता भन्ने कुरा एक दिन टुट्दैमा सदा टुट्दैन। वार्ता टुट्ने र जुट्ने प्रक्रिया हो। जिहजो टुट्यो भने आज जुट्छ। नयाँ सिलसिलाबाट वार्ता हुन सक्छ। सरकारले यी सबै कुरामा हठ लिनु हुँदैन। हतियार स्थगित गरेपछि राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा मनिटर गर्ने पद्दति हामीले विकास गर्न सक्छौं, अनुगमन हुन सक्छ, त्यो अनुगमनको आधारमा शान्तिपूर्ण वातावरण मुलुकमा बन्छ। सरकारले तमाम नयाँ र नव कौशलताहरु देखाएर उनीहरुलाई वार्तामा राख्नु पर्छ।

- बैशाख २०५९

प्रस्तुति : बाबुराम विश्वकर्मा

अन्तर्राष्ट्रिय फौज्दारी अदालत : एक दरिलो निकाय

- रञ्जना थापा

२०५८ चैत २९ गते (११ अप्रिल २००२) सम्ममा संयुक्त राष्ट्र संघको मुख्यालय न्यूयोर्कमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनाको लागि हस्ताक्षर गर्ने राष्ट्रको संख्या ६६ पुगेको छ। जबकि उक्त अदालतको स्थापना हुनको लागि जम्मा ६० वटा राष्ट्रको अनुमोदन आवश्यक थियो। यसरी ६६ राष्ट्रले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको अनुमोदन गरिसकेपछि ICC को विधिवत् रुपमा स्थापना भएको छ। अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना हुनु स्वागतयोग्य कुरा यस अर्थमा पनि छ कि यसले मानव संहारक, युद्ध अपराध, बाह्य आक्रमण लगायत दण्डहीनताको विरुद्धमा कार्य गर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालत (ICC) को स्थापनाले विश्वका प्राय: विकासशील राष्ट्रमा विद्यमान रहेको साझा चरित्र दण्डहीनताको संस्कार (Culture of Impunity) लाई अन्त्य गर्न विश्वव्यापी रुपमा प्रयास गर्दछ।

ICC को स्थापनाको पछाडि दण्डहीनतालाई उखेलेर फाल्ने विश्वव्यापी प्रयासको आवश्यकता थियो। विश्वका विकासशील राष्ट्र र ती मध्ये पनि जहाँ प्रजातान्त्रिक व्यवस्था पूर्ण सुदृढ हुन सकेको छैन ती राष्ट्रहरुमा नै कुनै न कुनै तह र कुनै न कुनै रुपमा विद्यमान रहेको दण्डहीताको कारणले गम्भीर अपराधका अपराधीहरु पनि सजायको घेराभित्र पर्न नसकेका उदाहरणहरु धेरै नै छन्। त्यस्ता अपराधीहरु आफ्नो पदीय लाभ, राज्यको संरक्षण वा अनुचित प्रभावका कारण सजायबाट उन्मुक्ति पाउँदै आइरेका छन्। जसको फलस्वरुप त्यस्ता (लाभ, शक्ति, प्रभाव) को आडमा अपराध गर्नेहरुको मनोवल घट्न जानुको साटो झनै निर्धक्क भई अपराध गरिरहेको उदाहरण विश्वमा पाउन सकिन्छ। ती मध्ये केही अपराधीलाई मात्र उनीहरुले गरेका गम्भीर अपराध र सो अपराधबाट गम्भीर रुपमा पर्न गएको असर प्रति जवाफदेही बनाउदै मुद्दा लगाइएको छ। यसको उदाहरणमा रुवाण्डा ट्राइबुनल र पूर्व युगोस्लाभिया ट्राइबुनलद्वारा दण्डित अपराधीहरुलाई लिन सकिन्छ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले मुख्यतया चार अपराध हेर्दछ। आम नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध र बाह्य आक्रमण। यी चार अपराध त्यस्ता अपराधहरु हुन् जसले प्रत्यक्षत: मानवअधिकारको व्यापक उल्लंघन गर्दछ र जसको जन्म दण्डहीनताको उपज नै भने पनि हुन्छ। जबसम्म कुनै पनि व्यक्ति, निकाय वा संस्थालाई उसले गरेको कार्य क्षतिप्रति जिम्मेवार ठहऱ्याई कडा सजायको व्यवस्था हुँदैन तबसम्म त्यस्ता अपराधहरु घट्नुको अलावा कायम नै रहन्छन्। यसको लागि ICC नै एक मात्र विकल्प देखिन आएको छ। ICC को विषय राष्ट्र नभएर व्यक्ति रहन्छ। यसले राज्यलाई मात्र प्राथमिकता नदिई व्यक्तिलाई प्राथमिकता दिएको छ जसको कारणले कुनै एक व्यक्तिको उजुरी मार्फत पनि यो आकर्षित हुन सक्दछ। अर्को उल्लेखनीय कुरा के पनि हो भने, जुन व्यक्ति विरुद्ध उजुर लागेको छ सो अभियुक्त व्यक्ति जुनै राष्ट्रमा गई सजायबाट उन्मुक्ति हुन खोजेमा पनि ICC को प्रावधान अन्तरगत अभियुक्तले उन्मुक्ति पाउन सक्दैन। कारण ICC को विधानमा उल्लेखित सजायको प्रावधानहरु अत्यन्तै प्रभावकारी रहेको छ र यो ICS जस्तो नभई एक स्वायत्त संस्था हो। र यसले गर्ने निर्णयमा कुनै पनि शक्तिशाली राष्ट्रको प्रभाव हुने छैन।

दक्षिण एशियाका ७ वटै राष्ट्र दण्डको शून्य अवस्थाबाट गुज्रिरहेका छन्। त्यसकारण यी देशहरुमा बढ्दो राजनीतिक अपराधीकरण, अपराधमा राजनीतिकरण, सशस्त्र संघर्ष, आतंकवाद जस्ता गम्भीर अपराध गरे तापनि राज्यबाट संरक्षण पाइरहेका छन्। यसकै फलस्वरुप यो क्षेत्रका देशहरुमा आर्थिक विषमता, बढ्दो भ्रष्टाचार, राजनीतिक विचलन देखा परिरहेका छन्। नेपाल एक विकासशील तथा प्रजातान्त्रिक राष्ट्र भइकन पनि दण्डहीनताको अवस्था यहाँ चर्को रुपमा विद्यमान रहेको छ। भ्रष्टाचार, राजनीतिक अपराधीकरण, अपराधमा राजनीतिकरण, मूल चरित्र रहन गएको छ। यसको अलावा, हाल जनयुद्धको नाममा जसरी सरकार र माओवादी दुवै पक्षबाट व्यापक रुपमा निर्दोष जनताको ज्यान गइरहेको छ त्यसको मूल्य उनीहरुले कुनै न कुनै रुपमा चुकाउनु पर्ने नै हुन्छ। यसका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालत (ICC) एक त्यस्तो संस्था हो जसको कडा प्रावधानभित्र ती अपराधीहरुलाई बाध्न सकियो भने मात्र पनि फेरि अर्को पटक जनयुद्धको नाममा वा आतंककारी मार्ने निहुँमा भएका जथाभावी मान्छे मार्ने प्रक्रियामा रोक लाग्न सक्दछ। तर त्यसका लागि नेपालले सर्वप्रथम अन्तर्राष्ट्रिय फौज्दारी अदालतको अनुमोदन नै गर्नु आवश्यक छ। अन्तर्राष्ट्रिय फौज्दारी अदालतले आफ्नो कार्य १ जुलाई २००२ देखि गर्न थाल्ने छ, एकजना मात्र अपराधीलाई दण्डित गर्न सक्यो भने मात्र पनि संसारमा विद्यमान दण्डहीनताको श्रृंखला टुट्न जान सक्दछ।

यही मुद्दालाई मध्यनजर गर्दै मानवअधिकारका विभिन्न सरोकारका विषयहरुमा कार्य गर्दै आइरहेको संस्था इन्सेकले दण्डहीताको अन्त्य र मानवअधिकारको रक्षा एवं प्रत्याभूतिको लागि जोड दिंदै नेपालले अन्तर्राष्ट्रिय फौज्दारी अदालतलाई अनुमोदन गर्नुपर्छ भन्दै चार दिने कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रममा CICC - Coliation for International Criminal Court का सदस्यहरु नेपालमा आई विभिन्न मन्त्रालयका मन्त्रीहरु, प्रतिनिधि, सत्ताशीन पार्टीका पदाधिकारीहरु, विपक्षी दलका नेता लगायत कुटनीतिक नियोग, मानवअधिकार आयोग, मानवअधिकारवादी संघ संस्था, कानुन विद्, शिक्षक, विद्यार्थी एवं नागरिक समाजसँग भेटघाट गरी नेपालमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको महत्व बारे छलफल गर्दै अन्तर्राष्ट्रिय फौज्दारी अदालतलाई नेपालले अनुमोदन गर्नै पर्ने कुरामा जोड दिएका थिए। अन्तर्राष्ट्रिय फौज्दारी अदालतका लागि इन्सेक राष्ट्रिय समूहको संयोजक रहेको छ। सो भेटघाटको दौरानमा सबै पक्षका पदाधिकारीहरुद्वारा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको अनुमोदनमा आफू सकारात्मक रहेको कुरा व्यक्त गरिएको थियो।

सूचनाको हक: सिद्धान्त र व्यवहार

– सूर्यप्रकाश भट्टराई

आधुनिक विश्वमा सूचना पाउनु नागरिकको आधारभूत अधिकार हो। विश्व प्रजातान्त्रिक परिपाटी अनुसार अगाडि बढिरहेको वर्तमान समयमा सूचनाको हक अझ बढी महत्वपूर्ण भएको छ। प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रता प्रजातन्त्रका मर्म हुन्। सूचनाको अभावमा स्वतन्त्र प्रेसको कल्पना गर्न सकिदैन। त्यसैले प्रजातन्त्रलाई जीवन्त बनाउन र प्रेसका माध्यमबाट नागरिकका जिज्ञासा शान्त पार्न सूचनाको हक प्रत्याभूत गरिनु आवश्यक छ।

कानूनी राज्यमा सरकारका हरेक नीति, कार्यक्रम र क्रियाकलाप जनता समक्ष प्रस्तुत गरिनु जरुरी ठानिन्छ। यसरी सरकारका नीति, कार्यक्रम र क्रियाकलापको पारदर्शिताका लागि सूचनाको हकलाई संचार माध्यम वा संचारकर्मीका लागि मात्र होइन आमनागरिकका लागि पनि सहज-सुलभ बनाउनु जरुरी हुन्छ। नागरिकलाई सूचना दिनु सरकारको दायित्व हो।

सूचनाको हक सम्बन्धी सिद्धान्तहरु

सूचनाको हकलाई प्रभावकारी बनाउन र त्यसलाई कार्यान्वयन गर्ने सम्बन्धमा दुई तरीका छन् :

- कुनै पनि व्यक्तिले माग गरे बिना नै महत्वपूर्ण सूचनाहरु प्रकाशन गर्ने
- कुनै नागरिक वा व्यक्तिले आफूलाई आवश्यक पर्ने सार्वजनिक महत्वको वा आफूसँग सम्बन्धित व्यक्ति वा संस्थासँग सम्बन्धित आफ्नो निजी महत्वको सूचना सम्बन्धित व्यक्ति वा संस्थासँग मागे पछि कानून बमोजिम पाउने

नमागिकनै सूचना प्रकाशित गर्ने शैलीलाई सक्रिय प्रकाशन भनिन्छ र मागेर मात्र सूचना पाउने तरीकालाई निश्क्रिय प्रकाशन भनिन्छ। जुनसुकै प्रजातान्त्रिक देशमा यी दुवै व्यवस्था विद्यमान हुन्छन्। व्यापक सूचना प्रवाहको दृष्टिकोणले पहिलो तरीका बढी प्रभावकारी हुने देखिन्छ। जुन देश जति बढी प्रजातान्त्रिक, खुला र उत्तरदायी छ, त्यति नै बढी सक्रिय प्रकाशनको मान्यता पाएको हुन्छ।

सूचना कोसँग माग गर्ने भन्ने सम्बन्धमा विचार गर्दा सूचनाको हकले केवल सार्वजनिक महत्वका सूचनासँग सम्बन्ध राख्दछ। निजी सूचनाको सम्बन्धमा यसले केवल सरोकारवाला व्यक्तिको पहुँचलाई सुनिश्चितता प्रदान गर्दछ। यस सम्बन्धमा सरकारी सूचनामा मात्र पहुँच दिलाउने हो कि अन्य आवश्यक सूचनामा पनि पहुँच सुनिश्चित गर्ने हो भन्ने कुरा महत्वपूर्ण छ।

सूचनाको हक भित्र सूचना पाउने हक मात्र रहन्छ भन्ने कुरा अर्को महत्वपूर्ण पक्ष हो। केवल सूचना मात्र दिएर पुग्दैन त्यो सूचना रहेको कागजात वा लिखतको प्रतिलिपि दिन मिल्ने स्थिति भएमा सो पनि दिनु पर्दछ भन्ने आधुनिक सोचाई रहेको देखिन्छ। यसै गरी सूचनाको हक तथ्यसँग मात्र सीमित छ वा तथ्यको व्याख्या गरिएको विषय वा निर्णयसँग पनि सम्बन्धित छ भन्ने प्रश्न वेला वेलामा उठ्ने गरेको पाइन्छ। सूचनाको हकले तथ्य र सो तथ्यको आधारमा गरिएको व्याख्या वा निर्णय दुवै पाउने अधिकार प्रदान गर्दछ।

अन्तर्राष्ट्रिय स्तरमा सूचनाको हक सम्बन्धी व्यवस्था

अमेरिकामा सूचनाको स्वतन्त्रता सम्बन्धी ऐन, १८६६को संशोधन १९७४ ले सरकारी लिखतहरु सार्वजनिक जानकारीका लागि प्रकाशित गर्न र सूचनाको प्रवाह गर्न सरकार माथि विशेष दायित्व निर्धारण गरेको छ।

स्वीडेनमा संवैधानिक पद्धतिमा गोप्य राखिनु पर्ने सरकारी कागजातहरुको सूची तोकी त्यसदेखि बाहेकका विषयहरुमा पूर्ण खुलापन हुने व्यवस्था गरी सूचनाको हकलाई प्रत्याभूत गरिएको छ। अधिकांश मुलुकहरुमा कानूनले सूचनाको हकको स्पष्ट प्रत्याभूति नगरेको भए पनि न्यायालयहरुले यसलाई आधारभूत हक सरह मान्यता दिई सोही अनुरुप कानूनी संरक्षण प्रदान गर्दै आएको देखिन्छ।

प्रजातन्त्रको जननी तथा प्रेस स्वतन्त्रताको उदाहरण मानिने वेलायतमा अमेरिका र केही युरोपेली मुलुकहरुमा जस्तो सूचना स्वतन्त्रताको स्पष्ट संवैधानिक प्रावधान देखिदैन। त्यहाँ यस सम्बन्धी अलग अलग नियम कानून र विधानहरुको क्षेत्रमा सरकारी अभिलेखहरुमाथि जनताको पहुँचको अवसर प्रदान गरेको पाइन्छ।

एसियाको विकसित मुलुक जापानमा सन् १९४६ मा संवैधानिक रुपले वाक तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति दिइएको छ। त्यस्तै, दक्षिण एसियामा छिमेकी देश भारतमा संविधानको धारा १९(१) अन्तर्गत व्यवस्था गरिएको वाक तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र धारा २१ मा गरिएको व्यक्तिगत स्वतन्त्रताको अधिकार अन्तर्गत सूचना सम्बन्धी अधिकारलाई समेटेर भारतीय अदालतहरुले न्यायिक सिद्धान्तहरु प्रतिपादन गर्दै सूचना सम्बन्धी हकलाई संरक्षण गरिएको छ।

सूचना प्राप्तिको हकका सम्बन्धमा विश्व संस्थाहरुवाट पनि प्रयास भएका छन्। अमेरिकाको सिकागो नगरमा सन् १९९३ मा सम्पन्न पहिलो प्रेस काँग्रेस र त्यही काँग्रेसको निर्णयवाट वेल्जियममा स्थापित इन्टरनेशनल युनियन अफ प्रेस एसोसिएसनले सूचना स्वतन्त्रताको पक्षमा केही काम गरेको मानिन्छ। यसै क्रममा सन् १९४८ मार्चमा जेनेभामा आयोजित सूचना स्वतन्त्रता सम्बन्धी राष्ट्रसंघीय सम्मेलन र संयुक्त राष्ट्रसंघको प्रथम महासभाले सूचनाको स्वतन्त्रतालाई अधारभूत मानवअधिकार घोषित गऱ्यो। सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणपत्रले मानवअधिकार अन्तर्गत सूचनाको हक सम्बन्धी स्वतन्त्रतालाई समावेश गरेको छ।

नेपालको सन्दर्भमा सूचनाको हक

ऐतिहासिक जनआन्दोलनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ मानवअधिकार र प्रजातन्त्र प्रति प्रतिबद्ध छ। प्रजातन्त्रको उपभोग गर्ने क्रममा १२ वर्ष व्यतित भयो। यो अवधिमा सूचना सम्बन्धी छुट्टै कानून नेपाली जनताले पाउन सकेनन्। बहुदलीय व्यवस्थाको स्थापना पछि अहिलेसम्म संसदका २१ वटा अधिवेशन सम्पन्न भएका छन्। ती मध्ये एउटा पनि अधिवेशन यस्तो रहेको छैन, जसमा सूचनाको हक सम्बन्धी चर्चा नभएको होस्। तर पनि कानून बन्न सकेन।

हाम्रो देशको वर्तमान संविधानले नागरिकका मौलिक हक-अधिकारका बारेमा स्पष्ट रुपमा व्यवस्था गरेको छ। प्रजातान्त्रिक शासन व्यवस्थामा नागरिकहरुका यस्ता मौलिक हक-अधिकारको व्यवस्था गरिएको हुन्छ। जनताका यस्ता मौलिक हकहरु मध्ये सूचनाको हक र अभिव्यक्ति स्वतन्त्रताको हक पनि महत्वपूर्ण छन्। प्रजातान्त्रिक राज्यमा सरकारी काम-कारवाहीसँग सम्बन्धित सार्वजनिक महत्वका विषयहरुमा नागरिकहरुले सूचना पाउने अधिकार हुन्छ।

२०४७ सालको संविधानको भाग ३ को धारा १६ मा भनिएको छ :- "प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर यस धारामा लेखिएको कुनै कुराले कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना दिन कसैलाई कर लगाएको मानिने छैन।"

सूचना पाउनु पर्ने विषयहरु

प्रत्येक नागरिकले सार्वजनिक अधिकारीका सार्वजनिक कामको जानकारी राख्न पाउँछ। यसैगरी व्यक्तिले आफूसँग सम्बन्धित व्यक्तिगत सूचना निजको माग अनुसार पाउनु पर्दछ। त्यसै पाइने र मागेर मात्र पाइने विषयमा स्पष्टता हुनु पर्छ। स्वत: पाइने सूचनामा श्री ५ को सरकारका सार्वजनिक महत्वका महत्वपूर्ण नीति, नियम र निर्णयहरु पर्दछन्। सो वाहेक, व्यक्तिले जान्न चाहेका अन्य महत्वपूर्ण कुरा

सूचना सम्बन्धि कानूनको अधिनमा रही पाउने व्यवस्था रहन्छ। समग्रमा भन्नु पर्दा सूचनामा नपाइने भनी तोकिएको स्पष्ट सूचना बाहेक अन्य सबै सार्वजनिक महत्वका सूचनामा सूचनाको हक प्रयोग गर्न पाउनु पर्दछ।

सूचना दिन कर नलाग्ने विषयहरु

खुला र सूचनामूलक समाज भनेको नाँ तथा विकृत समाज होइन। पारदर्शिता र नग्नतामा फरक छ। पारदर्शी समाजले निर्णय प्रक्रियालाई सरल, सक्षम र भरपर्दो बनाउन आवश्यक सूचनाको माग गर्दछ। उत्तरदायी राज्य व्यवस्थाले देशमा भएका महत्वपूर्ण सार्वजनिक घटनाको सही र तथ्ययुक्त जानकारी समयमै जनतालाई गराउँछ। सार्वजनिक महत्वका सूचनामा सर्वसाधारणको पहुँच सुनिश्चित गराउनु सूचनाको हकको मूख्य उद्देश्य हो।

यसैगरी, सार्वजनिक हितको रक्षार्थ केही सूचनाहरुलाई सँधैको लागि वा केही समयको लागि गोप्य बनाइनु जरुरी हुन्छ। त्यस्ता गोप्यताका सूचनाको प्रकाशनले व्यापक राष्ट्रिय हित वा कसैको कानून प्रदत्त निजी हकमा आघात पुग्न सक्दछ। सक्षम निर्णय गर्न कतिपय अवस्थामा केही गोपनियताको आवश्यकता पनि पर्न सक्दछ।

सामान्यत: निम्न विषय सम्बन्धी सूचनाहरुलाई सूचनाको हकको दायरा भन्दा बाहिर पार्ने गरिएको पाइन्छ। राष्ट्रिय सुरक्षा वा सामरिक महत्व सम्बन्धी विषय, विदेशी मित्र राष्ट्रसँगको सम्बन्ध, कानून लागू र कार्यान्वयन सम्बन्धी सूचना, आर्थिक तथा वाणिज्य सम्बन्धी सूचना, आन्तरिक छलफलका अपरिपक्व सूचना, मन्त्रीपरिषदका निर्णयहरु, कुनै व्यक्तिको गोपनियता सम्बन्धी सूचना, अन्य कानूनद्वारा सूचना दिन बन्देज गरिएका कुराहरु र विशेष कुराको संरक्षण गर्न- आदि छन्।

उपरोक्त अपवादहरु सामान्य किसिमका छन्। यस्ता विषयका सूचना गोप्य राखिने भए पनि सूचनाको हकले केवल विषयलाई हेरेर सूचना दिन अस्वीकार गर्दैन। ती सूचनाका प्रकृतिले राष्ट्रलाई गम्भीर रुपमा अर्को पक्षलाई वा सार्वजनिक हक वा हितलाई असर पार्ने रहेछ भने मात्र दिन अस्वीकार गर्न सकिन्छ।

कुनै सूचना गोप्य नभए पनि उक्त सूचना दिंदा खास कुनै उद्देश्य पूर्ति पनि हुँदैन, सूचना दिंदा बढी खर्च र समय लागेर राष्ट्रको ठूलो क्षति हुन्छ भने निकट भविष्यमा कानूनको व्यवस्था मुताबिक सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्ने किसिमको छ भने त्यस्तोमा सूचनाको माग गर्ने व्यक्तिका माग बमोजिम सूचना दिइरहनु पर्दैन।

सार्वजनिक हित रक्षार्थ सूचनाको प्रकाशन

माथि उल्लेख भएका विषयमा सूचनाको हकको अपवादको रुपमा रहेका सूचनामा समेत त्यस्ता सूचना प्रकाशन गर्दा सार्वजनिक हितको संरक्षण हुने रहेछ भने त्यस्ता सूचना प्रकाशन गर्न हकले बन्देज लाग्दैन।

कुनै सार्वजनिक अधिकारीले आफ्नो अधिकार प्रयोग नगरेको वा अधिकारको दुरुपयोग गरेको, सार्वजनिक कोषको दुरुपयोग गरेको, गैरकानूनी कार्यमा संलग्न रहेको, आफ्नो कर्तव्य पालन नगरेको, व्यक्ति वा सार्वजनिक सुरक्षा, वातावरण वा सार्वजनिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने कुरा गरेकोमा खुला र पारदर्शी समाजको मान्यताको कदर गर्न त्यस्तो सूचना प्रकाशन गर्न सकिन्छ।

नेपालमा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान २०४७ बनेपछि नेपालमा सूचनाको हक प्रत्याभूत भएको हो। त्यसभन्दा अगाडि केवल सरकारी कागज लिने सम्बन्धमा केही कानूनी व्यवस्था गरिएका थिए। जस अनुसार मुलुकी ऐन अदालती बन्दोबस्तको २११ नं. मा मुद्दा हेर्ने अड्डामा रहेको मिसिल कागजपत्रको नक्कल सरोकारवाला जो सुकैले मागे पनि दिनु पर्छ भन्ने व्यवस्था र कागज जाँचको महल १७ नं.मा "अड्डामा रहेको सरकारी कागजपत्रहरुको नक्कल सरोकार परेका जोसुकैले पनि लिन पाउँछ" भन्ने कानूनी व्यवस्थाका आधारमा अड्डामा रहेका कागजातहरुको नक्कल लिन सकिने व्यवस्था गरिएको देखिन्छ।

यसैगरी नेपालको सुरक्षा, शान्ति तथा व्यवस्था कायम राख्नका लागि सरकारी तथा सार्वजनिक कार्यालयको महत्वपूर्ण कागजातहरु, अभिलेखहरु, सन्धिपत्रहरु जस्ता संरक्षणीय लिखतहरुको गोप्यता सम्बन्धी ऐन, २०३९ जारी गरियो, तर यो ऐन लागू हुन सकेन। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रतिनिधिमूलक र जनउत्तरदायी सरकारको अवधारणालाई आत्मसात गरेकोले त्यस्तो सरकारको काम कारवाहीमा पारदर्शिता हुनु आवश्यक छ भन्ने मान्यताका आधारमा सूचनाको हकलाई सुनिश्चितता प्रदान गरेको छ।

संविधानमा भाग ३ को धारा १६ मा रहेको व्यवस्थाले अपेक्षा गरे अनुरुप सूचनाको हकलाई प्रत्याभूति गर्ने क्रममा रहेको देखिन्छ। मुलुकी ऐन कागज जाँचको महल, सर्वोच्च अदालत, पुनरावेदन अदालत तथा जिल्ला अदालत नियमावलीहरुमा र अन्य यस्तै ऐन नियममा नक्कल दिने व्यवस्था रहे पनि ती व्यवस्थाहरु सार्वजनिक महत्वका विषयमा जो सुकैलाई नक्कल दिन सक्ने हदसम्म व्यापक र विस्तृत नभई कागजसँग सरोकार राख्ने सरोकारवालासँग मात्र सीमित रहेका छन्।

मूल रुपमा भन्ने हो भने हाम्रो देशमा सूचना सम्बन्धी हकलाई साङ्गोपाङ्गो रुपमा संरक्षण गर्ने प्रयास नेपाल अधिराज्यको संविधान २०४७ बाट नै भएको मान्नु पर्ने हुन्छ। सर्वोच्च अदालतद्वारा सूचनाको हक सम्बन्धमा प्रतिपादित सिद्धान्तहरुको पनि महत्वपूर्ण भूमिका रहेको छ।

संविधानले सूचनाको हकलाई आधारभूत मौलिक हकको रुपमा स्वीकार गरी गोप्यताको पक्षलाई राष्ट्रहीत र जनहीतका निम्ति अपवादको रुपमा स्वीकार गरेको छ। यस व्यवस्था अनुसार कानूनले गोप्य राख्नु पर्ने भनि स्पष्ट रुपमा किटानी बाहेकका अन्य सबै विषयहरु सर्वसाधारणका लागि खुलै हुन्छन् र हुनु पर्छ।

तर सन्धि ऐन, २०४७ को धारा ९ (२) ले गरेको संसदबाट अनुमोदन वा सम्मिलन भएका सन्धिहरु कानून सरह लागू हुने व्यवस्थाबाट नेपाल पक्षधर भैसकेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धको धारा १९(२) मा गरिएको व्यवस्था पनि नेपालको कानून सरह लागू हुन सक्ने देखिन्छ।

सूचनाको हक र कार्यान्वयनको सवाल

सर्वप्रथम, नेपाल अधिराज्यको संविधान २०४७ द्वारा प्राप्त सो हक र प्रेस तथा छापाखाना सम्बन्धी स्वतन्त्रतालाई हाम्रो संविधानको विशेषता मान्नु पर्दछ। व्यवहारमा यसको प्रयोग हेर्ने हो भने सूचनाको हक लागू गराउन धेरै पटक सर्वोच्च अदालतमा रिट हाल्नु परेको छ। ऐन बन्न नसकेको कारणले पटक पटक सर्वोच्चले गरेको फैसलालाई कानून सरह मानेर सार्वजनिक महत्वका विषयमा नेपाली जनताले सूचनाको हकको उपभोग गरिरहेका छन्।

अब बन्ने सूचनाको हक कस्तो हुनु पर्दछ भनेर यस सम्बन्धी गृहकार्य पनि नभएका होइनन्। संसदमा पटक-पटक ऐन बनाउन माग भएको छ। तर अहिलेसम्म श्री ५ को सरकार सूचनाको हक सम्बन्धी ऐन बनाउन तयार देखिएको छैन्। जुनसुकै पार्टी सरकारमा गए पनि बोलाई र गराइमा फरक पर्ने गरेको छ। सरकार जनतालाई साँचो अर्थमा सूचनाको हक दिने र नागरिकको अभिव्यक्ति स्वतन्त्रताको ग्यारेन्टी गर्ने काममा पछि परेको छ।

सूचनाको हक सम्बन्धी मूलभूत समस्याहरुमा ऐन-नियम सम्बन्धी समस्या छ, कार्यालय संस्कृति सम्बन्धी समस्या छ, संचार क्षेत्रका समस्या छन र अन्य समस्याहरु छन्। यी समस्या समाधान गर्न सर्वप्रथम संविधानमा व्यवस्थित मौलिक हकको रुपमा रहेको सूचनाको हकलाई व्यवहारमा उतार्न छुट्टै कानून बनाएर सूचना माग्ने र पाउने तरीकाको व्यवस्था गर्नु पर्दछ।

जनतालाई सार्वजनिक महत्वको विषयमा सूचना दिने नीतिगत उपाय अवलम्बन गर्नु पर्दछ। प्रतिपक्षी राजनीतिक पार्टीहरुले दह्रोसँग यस विषयलाई उठाउनु पर्छ। त्यस्तै, प्रजातन्त्रमा नागरिक समाजको महत्वपूर्ण भूमिका हुन्छ, त्यसैले उनीहरुले सार्वजनिक सवालमा बढी चासो देखाउनु जरुरी छ।

संकटकालले बालबालिकामा पारेको असर

कविता अर्याल

"सबै युद्ध बालबालिका र महिला विरुद्धका युद्ध हुन" सन् १९१८ ताका प्रथम विश्व युद्धबाट प्रभावित महिला र बालबालिकाको अवस्था देखेर मर्माहत भएकी वेलायतकी फोटोग्राफर एग्लाइनटाइन जेवले व्यक्त गरेकी यो उद्गार एकाइसौं शताब्दीमा नेपालमा आएर पनि त्यतिकै सान्दर्भिक भएको छ। मूलत: नेपालमा २०५२ फागुन १ गते बाट शुरुभएको हिंसात्मक आन्दोलनले सातौं वर्षमा प्रवेश गरिसकेको छ। यस अवधीमा शान्ति क्षेत्रको नामले चिनिएको नेपालमा धेरै यस्ता घट्नाहरु भए जसलाई इतिहासले संधै सम्झि रहनेछ। हालसम्म हजारौं मानिस मृत्युको शिकार बनिसके भने लाखौं मानिस घर छोडी विस्थापित वन्न पुगेका छन्।

वहुदलीय प्रजातन्त्रको प्राप्ति पछि सुदिनको प्रतिक्षामा वसेका नेपाली जनतामा आशाको किरण अव विस्तारै धमिलिदै गएको छ। श्री ५ को सरकार र नेकपा माओवादी वीचको तेस्रो चरणको बार्ताको वेला सवैमा झिनो आशा बांकि नै थियो तर उक्त वार्ता, विना कुनै निस्कर्ष टुंगियो। त्यसको दुई दिन पछि नै माओवादीका अध्यक्ष प्रचण्डले शान्तिवार्ताको औचित्य समाप्त भएको विज्ञप्ति सार्वजनिक गरे। विज्ञप्ति सार्वजनिक गरेको दुई दिन पनि बित्न नपाउँदै ०५८ मंसिर ८ गतेका दिन दाङ्गमा सेनामाथि माओवादीद्वारा भीषण आक्रमण भयो। यसको लगत्तै मंसिर ११ गतेका दिन श्री ५ द्वारा मुलुकभर संकटकालीन अवस्था लागू भएको घोषणा गरियो। यसरी संकटकालीन अवस्था लागू गरी आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश जारी गरी देश भर शाही सेनाको परिचालन गरिएको पनि अब पूरा ६ महिना बितिसकेको छ। यस ६ महिनाको अवधिमा यो समस्या घट्नुको साटो झन-झन विकराल हुँदैछ। दाङ्गको घोराहीमा भएका जस्ता घटना अन्य धेरै जिल्लामा भैसकेका छन्। हजारौं नेपाली जनता कहिले प्रहरी, कहिले सुरक्षाकर्मी, कहिले सुराकी र कहिले आतंककारीको नाममा मारिदैछन्। माओवादी र सरकार दुवै पक्षको शिकार हुनबाट कोही पनि अछुतो रहन सकेको छैन्।

देशमा विद्यमान वढ्दो हत्या र हिंसाको यस श्रृंखलामा बालबालिकालाई पूर्ण रुपमा अलग राखेर हेर्न सकिदैन। बालबालिका भनेका अति नै संवेदनशील, उमेर र अनुभवका आधारमा अपरिपक्व मानिस हुन्। यो अवस्था त्यस्तो अवस्था हो जुन अवस्थामा उसमा परेको असरले बालकको जीवन भरि नै छाप छोडेको हुन्छ। जनयुद्ध शुरु भए यता कैयौं बालबालिकाले वेकसुर आफ्नो ज्यान गुमाइसकेका छन् भने हजारौं बालबालिका आफ्नो बाबु-आमा गुमाएर अनाथ बन्न पुगेका छन्। भर्खरै मात्र सार्वजनिक गरिएको वाल मजदुर सरोकार केन्द्रको एक प्रतिवेदन अनुसार बिचुतीय धरापमा परी ०५२ साल देखी हालसम्म ७८ बालबालिकाले ज्यान गुमाइसकेका छन्, ५२ जना घाइते भएका छन् भने ३० जना बालबालिकाको अपहरण गरिएको छ भने राज्य पक्षबाट ८३ जना बालबालिकालाई गिरफ्तार गरिएको छ।

संकटकाल लागू गरिएको पाँचौ दिनमै रोल्पा जिल्लाको खुमेल गा.वि.स-४ को मेलधारामा वराह पूजा गरिरहेको अवस्थामा सुरक्षा वलले हेलिकप्टरवाट गोली चलाउँदा १२ वर्षीय बालिकाको मृत्यु भएको थियो। यसै गरी ०५८ फागुनमा माओवादीद्वारा गरिएको बन्दको आह्वानमा गाडी चलाएको निहुँमा चितवनको भण्डारामा वस जलाउँदा ९ वर्षीय काजोल खातुन जिउँदै जल्न पुगिन्। यी दुई उदाहरण मात्र हुन। शिक्षा-दिक्षा र पालन- पोषणको मलजलमा हुर्कनु पर्ने बेलामा कयौं बालबालिका माओवादीको कथित आन्दोलनमा होम्मिनुपर्ने बाध्यता बेग्लै छ। यसैगरी माओवादीद्वारा बालबालिकालाई युद्धमा प्रयोग गरिएको कुरा बारम्बार पत्र-पत्रिकामा प्रकाशित हुने गरेको छ। वास्तवमा अहिले विश्वकै परिवेशमा हेर्ने हो भने पनि द्वन्द्वको अवस्थामा रहेका देशहरुमा बाल सैनिकको प्रयोग भएको हामी पाउँछौं। र यस अवस्थावाट नेपाल पनि अछुतो रहन सकेको छैन। नेपालमा भैरहेको द्वन्द्वमा अध्ययन-अनुसन्धान गरी वाल सैनिक प्रयोगको बारेमा कुनै त्यस्तो आधिकारिक जानकारी प्राप्त नभए तापनि माओवादीद्वारा गरिएका आक्रमणहरुको प्रत्यक्षदर्शीहरुका अनुसार १०-१२ वर्ष देखिका बालबालिकाहरुलाई माओवादीहरुले विभिन्न खाले काममा लगाएको पाइएको छ। यस कुरालाई पुष्टि गर्ने काम ०५८ चैत सम्म पवर्त

हालसालै इन्सेकले संकटकालीन अवस्थाले रात्री वसमा कार्यरत मजदुरहरुमा पारेको प्रभाववारे गरेको अध्ययन अनुसार:

- ८१.८ % ले विद्यालयमा शुल्क तिर्न कठिनाई परेको बताए।
- ९.१ % ले आफ्ना छोरा छोरीलाई प्राइभेट विद्यालयबाट सरकारी विद्यालयमा भर्ना गर्नु परेको बताए।
- ९.१ % ले ट्यूशन (अतिरिक्त कक्षा) छुटाउनु परेको बताए।

२०५८ चैत्र ३० गते माओवादीद्वारा संखुवासभाको आख्री भुई स्थित मूल गाउँमा राखिएको वम खेलाउँदा सो वम पड्किएर दुई जना नाबालक ४ वर्षीय दिनेश अधिकारी र ८ वर्षीय निर्मल अधिकारीको मृत्यु भएको थियो भने १० वर्षीय शेखर सो घटनामा परि गम्भिर घाइते भएका थिए।

जिल्लामा माओवादीबाट आत्मसमर्पण गर्ने २ सय ६२ जनामध्ये ६९.४६ प्रतिशत व्यक्तिहरु १८ वर्ष मुनिका भएबाट हुन्छ । जसमध्ये १२ वर्षीय गोपाल पाठक एक हुन्। संकटकाल लागू भएयता बालबालिकाहरुमा नराम्रो असर परेको छ। मानव जीवनको सवैभन्दा महत्वपूर्ण अधिकार मान्छेको बाँच्न पाउने अधिकार हो। यस सवालमा हजारौं बालबालिका प्रभावित भएका छन्। यसैगरी दिनहुँ जसो भैरहेको हत्याबाट अनाथ हुन पुगेका बालबालिकाको सुरक्षाको कुरा कतैबाट उठेको छैन्।

अन्तर्राष्ट्रिय मानवीय कानुनको पक्ष राष्ट्र नेपाल खोई त्यस प्रति संवेदनशील बन्न सकेको? यस कानुनमा भनिएको छ- "१५ वर्ष मुनिका बालबालिकालाई युद्धमा प्रत्यक्षरुपमा भाग लिनबाट रोक्नको निम्ति सबै किसिमको उपाय गर्नु पर्दछ र यदि युद्धको कारणले उनीहरु अनाथ वा टुहुरा भएका र परिवारबाट छुट्टिएका छन् भने उनीहरुलाई आ-आफ्नै ढंगले [illegible]व भनेर वेवारिसे अवस्थामा छोड्नु हुँदैन।" तर, यसरी ती बालबालिकालाई संरक्षण दिने कुरा त परै जाओस् त्यस्ता बालबालिकाको चर्चा समेत सम्बन्धित निकायबाट हुन सकेको छैन। यसैगरी माओवादी समूहले आफूलाई गरीव र निमुखाको हीतको लागि काम गरिरहेको कुरा बारम्बार गर्दै आए पनि, त्यही पक्षबाट नै जेनेभा महासन्धिको साझा धारा ३ को बारम्बार उल्लंघन हुँदै आएको छ। बालबालिकाको भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकार, वालापनमा रमाउन पाउने अधिकार लगायत शिक्षाको अधिकार समेतलाई ठाडो चुनौती दिदै विद्यालय बन्द गराउने, आगजनी गर्ने जस्ता अमानवीय कार्य गर्दै आएको छ। त्यस्मा पनि अनाथ बालबालिकाको आश्रयस्थल एसओएस वालग्राम जस्ता स्थानहरुमा समेत आक्रमण [illegible]रेर भावि पुस्तामा कहिले नमेटिन दुःखद छाप छोडेका छन्।

यसैगरी, सरकारी पक्षबाट पनि संकटकाल लागू गरिए यता विकास खर्च कटौती गरेपछि गाविस अनुदान सहयोगमा सञ्चालित विद्यालयहरुलाई नराम्रो असर परेको छ। यसको प्रत्यक्ष मारमा पनि बालबालिका नै [illegible]रेका छन्। ०५८ माघ २२ गते गाउँ विकास [illegible]ति राष्ट्रिय महासंघ नेपालद्वारा सञ्चालन [illegible]रिएको विचार गोष्ठीका अनुसार सरकारले प्रत्येक गाविसमा उपलब्ध गराउँदै आएको अनुदान रकममा ५० प्रतिशत कटौती गर्ने निर्णय गरेपछि ३५ हजार शिक्षक बेरोजगार हुने विचार सहभागीद्वारा व्यक्त गरियो, जसले गर्दा प्रति शिक्षक ५० विद्यार्थीको दरले मात्र हेर्ने हो भने पनि १७,५०,००० बालबालिका शिक्षाको अधिकारबाट वञ्चित हुने अवस्था सृजना हुन सक्दछ। संकटकालको यस ६ महिने अवधिमा यस्ता घटना यति धेरै भए कि मानिसलाई यो सब सामान्य बनिसकेको छ। अबका बालबालिका, जो यस अवस्थाको प्रत्यक्ष मारबाट टाढा रहेका छन्, त्यस्ता बालबालिका पनि सञ्चार माध्यमबाट फैलिएको वास्तविक स्थितिबाट नजिकिदै बिस्तारै नजानिदो पारामा आफ्नो परम्परागत खेललाई बिर्सदै प्रहरी र माओवादीका खेल खेल्न थालेका छन्। खेलकै क्रममा उनीहरु आफ्नो साथीलाई "मार्दै" दङ्ग पर्दछन्। यसरी कलिलो मस्तिष्कमा परेको हत्या हिंसाको यो खेलले हाम्रो राष्ट्रका सन्तती र भोलिका राष्ट्र हाँक्ने सम्वाहकमा के असर परेको होला सबैले मनन गर्नुपर्ने बेला आएको छ। वैशाख २५ देखि २७ अर्थात मे ८ देखि १० गतेसम्म संयुक्त राष्ट्रसंघमा बालबालिकाको लागि भएको विश्व सम्मेलनमा भाग लिएर प्रधानमन्त्री शेरबहादुर देउवा फर्कनु भएको छ, जस्मा सर्वसम्मतिले २१ बुँदे कार्ययोजना पारित गरी बालबालिकाको लागि सुहाउँदो विश्व नामक २४ पृष्ठको दस्तावेज, समेत पारित गरिएको छ। उक्त दस्तावेजमा आगामी १० वर्षको लागि कार्ययोजना तय गर्दै बालबालिकाको स्वस्थ्य जीवन, सबैका लागि गुणस्तरीय शिक्षा, दुर्व्यवहार, पीडा तथा हिंसाबाट सुरक्षा जस्ता विषयलाई प्राथमिकताको रुपमा तोकेको छ। तसर्थ, अझै बेला छ विगतबाट पाठ सिकेर वर्तमानलाई सपार्नु बुद्धिमानी हुनेछ। राज्य र माओवादी दुवै पक्षबाट बालबालिका गम्भीर मारमा परेका छन भन्ने कुरालाई मनन् गरी दुवै पक्षले बेलैमा सोचि आफूले गर्ने व्यवहारमा परिवर्तन नगर्ने हो भने आजका बालबालिकाले हामीलाई कहिल्यै माफ गर्ने छैनन्।

हार्दिक समवेदना

इन्सेक आवद्ध संस्था मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र (ह्युपेक), कञ्चनपुर मा कार्यरत कार्यालय सहायक **वृच्छा राना**को ०५९ बैशाख २० गते असामयिक निधन भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

महासचिव

सुबोधराज प्याकुरेल तथा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) परिवार

मानवअधिकार रक्षकहरू स्वयं संकटकालको शिकार

– प्रेक्षा ओझा

कुनै समय थियो- श्रीलंका, पाकिस्तान, इजराईल जस्ता देशहरुमा दिनानुदिन बम पड्केका, मान्छे मारेका खबर रेडियोबाट सुन्दा र टेलिभिजनबाट हेर्दा हामीलाई अचम्म लाग्थ्यो अनि ढुक्क र गर्व लाग्थ्यो- हाम्रो देश शान्तिमय छ। आजको यस्तो स्थितिको कुनै नेपालीले कल्पनासम्म पनि गर्दैनथ्यो। तर, त्यसको ठीक विपरित भएको छ अहिले। देशमा अशान्ति फैलिएको छ। जनतामा त्रास र भयको वातावरण छ। कुनै पनि व्यक्तिले ढुक्क भएर स्वतन्त्रतापूर्वक आफ्ना क्रियाकलापहरु अगाडि बढाउन सक्ने अवस्था छैन। दिनहुँ बम पड्किने र मान्छे मर्ने र मार्ने कुरा अब हाम्रा लागि नौलो रहेन।

प्रजातन्त्र प्राप्ति पछि मानवअधिकारको स्थापना, सम्मुनत समाज र सामाजिक न्यायका लागि मानवअधिकार रक्षकहरु हरसम्भव अझ बढी प्रयासरत छन्। त्यसका लागि विभिन्न किसिमका चुनौतीहरुको सामना गरिरहेका छन। देशमा संकटकाल लागेयता विभिन्न बिध्वशंकारी घट्नाहरु घटिरहेका छन्। मानवअधिकार रक्षकहरुका लागि अप्ठ्यारा दिनहरु शुरु भएका छन। अहिलेको अवस्थामा उनीहरुको काँधमा जिम्मेवारी झन बढेको छ। तर, के जो मानवअधिकार रक्षाका लागि संघर्ष गर्दैछन उनीहरु सुरक्षित छन त? मानवअधिकारको संरक्षण र सम्वर्द्धनका लागि लड्न सकिरहेका छन् त ? सोच्नु पर्ने अवस्था छ।

मानवअधिकार रक्षकहरुले अग्रपंक्तिमा उभिएर आम नागरिकका निम्ति आवाज उठाउनु परिरहेको छ। संघर्षका क्रममा अनेक बाधा र अड्चनको सामना गर्नु परिरहेको छ।

मानवअधिकार उल्लंघनका विरुद्ध आवाज उठाउँदा विभिन्न किसिमका दुःख दिने कार्यहरु भैरहेका छन। पक्राउ गर्ने, यातना दिने, जथाभावी व्यवहार गर्ने कार्यहरुमा कमी आएको छैन। संकटकालीन अवस्थाले जनतामा त्रासको वातावरण फैलिएको छ। तर मानवअधिकार रक्षकहरुलाई यसो भनेर चुप रहन उनीहरुको दायित्वले दिंदैन। जनताका हकअधिकार स्थापनाका लागि जस्तोसुकै परिस्थितिमा पनि उनीहरुले अगाडि बढ्न सक्नु पर्छ।

पहिलो पटक देशमा संकटकाल लागेको लगत्तै मानवअधिकार संरक्षण मंचका अध्यक्ष एवं सरकार-माओवादी वार्ताका सहजकर्ता पद्मरत्न तुलाधरलाई मुटु सम्बन्धी रोगको उपचार गर्न भारतको दिल्लीतर्फ जानलाग्दा त्रिभुवन विमानस्थलबाट गिरफ्तार गरिएको थियो। दिउँसो २ बजे बोर्डिङ्ग पास समेत लिएर सामान चेक गराउँदै विमानस्थल तर्फ लाग्ने क्रममा तुलाधरलाई जिल्ला प्रहरी कार्यलय हनुमानढोकाबाट आएका प्रहरीहरुले गिरफ्तार गरी ३.३० बजेतिर छोडिदिएका थिए।

यस्तो स्थितिमा संकटकाल लागू भएको एक हप्ता मै मानवअधिकार शिक्षा रेडियो श्रोता क्लव जिल्ला समिति, धादिङ्गका पूर्व सचिव शिव सुवेदीलाई माओवादी कार्यकर्ताको आशंकामा पीडा-२, घाटवेशी, धादिङ्गबाट गिरफ्तार गरियो। तीन बर्ष पहिले नै माओवादी पार्टीको साधारण सदस्यता समेत त्यागेर स्वतन्त्र बामपन्थी कार्यकर्ताको रुपमा रहिरहेका शिव सुवेदीलाई गिरफ्तार गरिएको तीन दिन पछि तारेखमा छोडिएको थियो।

यसैगरी धादिङ्गकै मानवअधिकार शिक्षा रेडियो श्रोता क्लव, मुरलिभञ्ज्याङ्ग-३ का सदस्य श्याम श्रेष्ठलाई गत बैशाख १६ गते दिउँसो ४ बजे घरबाट नै गिरफ्तार गरियो। सुरक्षाकर्मीहरुले माओवादीको शैलीमा आई खाना खान र सहयोग मागेका थिए। माओवादी हुनसक्ने डरले उनीहरुलाई खाना खुवाउन तयारी गरिरहेको बेला सुरक्षा कर्मीको गस्ति टोलीबाट गिरफ्तार गरिएको थियो। श्यामलाई गिरफ्तार गर्नु भन्दा दुई दिन अघि उनको काका शिक्षक भिम श्रेष्ठ माओवादीद्वारा मारिएका थियो। र, उनलाई आफ्नो काकाको हत्यामा संलग्न भएकाहरुलाई सहयोग गरेको भनी गिरफ्तार गरियो।

नेकपा मसाल समर्थक राजनैतिक दल राष्ट्रिय जनमोर्चा एवं श्रोता क्लवका सदस्य रहेका श्यामलाई एक हप्तासम्म सुरक्षा सेनाको कब्जामा राखियो। थुनामा रहँदा बाहिरी व्यक्तिहरुसँग भेटघाट गर्न नदिई नङमा पिनले घोच्नेदेखि लिएर विभिन्न किसिमको यातना दिइयो।

राष्ट्रिय समितिका कोषाध्यक्ष एवं मानवअधिकार शिक्षा रेडियो श्रोता क्लव जिल्ला समिति धादिङ्गका अध्यक्ष केशव अधिकारी[illegible] मानवअधिकार शिक्षा रेडियो श्रोता क्लवहरुको मुखपत्र प्रकाशन गर्ने सामाग्रीहरु- श्रोता क्लवका क्षेत्रीय प्रतिवेदनहरु, विभिन्न लेख रचनाहरु धादिङ्गबाट काठमाण्डौ ल्याउने क्रममा गत ०५८ फागुनको दोस्रो हप्तामा काठमाण्डौको नागढुंगामा सुरक्षा सेनाबाट खोसियो। र, ती सबै सामाग्री उक्त मुखपत्रमा छाप्न सकिएन।

संकटकालकै अवस्थामा इन्सेक संखुवासभाका जिल्ला प्रतिनिधि विष्णु पोखरेललाई पनि यातना पीडितहरुसँग जानकारी लिएका कारण प्रहरी र सुरक्षा निकायद्वारा नराम्रो व्यवहार गरी यातना दिइयो। सोधपुछका लागि भनेर पक्राउ गरी उहाँलाई बाटोमा सहन नसक्ने गरी पिटियो, शरीरलाई थिलथिलो बनाइयो अनि पछि हामीले उहाँला[illegible] यस्तो गर्न हाम्रा साथीहरुलाई अह्राएका त थिएनौं भनेर प्रहरी प्रशासनबाट पन्छिने काम भयो। यस्तै अनेकौं घटनाहरु मानवअधिकार कर्मीहरुमाथि बज्रिएको हामीले देखे, सुनेका छौं।

संकटकालले मानवअधिकार रक्षकहरुमा पारेको असरका सम्बन्धमा नवअभिया[illegible] मानवअधिकार शिक्षा रेडियो श्रोता [illegible] सिर्थोली सिन्धुलीका अध्यक्ष नानीबाबु घिमिर[illegible] भन्नु हुन्छ- अहिलेको अवस्थामा सर्वसाधारण र सोझा जनतामाथि अत्याचार गर्ने काम भैरहेको छ। यसका विरुद्ध आवाज उठाउँदा प्रहरी प्रशासनले हामीमाथि नै अत्याचार गर्ने पकडिने

गर्छन्, त्यसकारण हामीलाई निर्भिक रुपमा मानवअधिकार अभियान संचालन गर्न गाह्रो भएको छ। त्यसकारण मानवअधिकार रक्षकहरुको अधिकारलाई स्थापित गरिनु अत्यन्त आवश्यक छ।

प्रहरी प्रशासनबाट एक्सन एडको सिराहा स्थित आवद्ध संस्था सरस्वती सामूदायिक विकास मंचका कार्यकर्ताहरुलाई माओवादीलाई सहयोग गरेको आशंकामा पक्राउ गरी अफिसमा तालाबन्दी गर्ने र बैंक खाता समेत रोक्का गरिदिने जस्ता कार्यहरु भएका छन।

संकटकालको समय भनेको आफ्नै राज्य हो, हामीले जे गरे पनि हुन्छ भन्ने सोचाई सुरक्षा फौजमा परेको छ। कसैलाई पक्राउ गर्दा किन पक्राउ गरिएको हो भन्ने कुरा स्पष्ट नखुलाउने, परिवारलाई समेत जानकारी र लिखिएको र भेट गर्न नदिने र कहाँ भन्नेसम्म पनि जानकारी सार्वजनिक गरिदैन। यस्तै घटना केही मानवअधिकारकर्मीहरुले पनि भोग्नु पर्‍यो। मूल्याङ्कनका प्रधान सम्पादक तथा प्रजातान्त्रिक आन्दोलनका सचिव श्याम श्रेष्ठ, त्रि.वि. शिक्षण अस्पतालका प्राध्यापक तथा नेपालको प्रजातान्त्रिक आन्दोलनका एक सक्रिय बौद्धिक व्यक्तित्व डा. महेश मास्के र मानवअधिकार संस्था अन्तराष्ट्रिय ऐक्यवद्धता समूह (ग्रिन्सो) का अध्यक्ष प्रमोद काफ्लेलाई भारतमा केही बौद्धिक व्यक्तित्वहरुको आयोजनामा हुने एक अन्तरक्रिया कार्यक्रममा भाग लिन जान लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट नै अपहरण गरियो। सरकारले अपहरण गरेको कुरा पहिला स्वीकारेन। पछि मानवअधिकारवादीहरु, विभिन्न राजनैतिक दलका नेताहरुको दबाब परेपछि उहाँहरुलाई अपहरण गरिएको कुरा खुलाइयो।

यो भन्दा केही समय अगाडि साँघु साप्ताहिकका सम्पादक गोपाल बुढाथोकी, प्राध्यापक डा. प्रकाशमान श्रेष्ठ, अधिवक्ता रामनाथ मैनालीलगायत संचारकर्मी र बौद्धिक व्यक्तित्वहरुलाई पनि यसैगरी पक्राउ गरिएको थियो।

अहिले विश्वभरी नै मानवअधिकार रक्षकहरु मारमा पर्न थालेका छन। मानवअधिकार कार्यकर्ताहरु अप्ठ्यारो स्थितिमा पर्न थालेपछि उनीहरुको सुरक्षाकालागि मानवअधिकार रक्षकहरुको अधिकारको कुरा उठाइन थालिएको हो। मानवअधिकारहरुको विश्वव्यापी घोषणापत्र जारी भएको ५० औं बार्षिकोत्सवका अवसरमा फ्रान्सको राजधानी पेरिसमा सन् १९९८ मा भएको मानवअधिकार रक्षकहरुको, सम्मेलनमा विश्वभरका १०० राष्ट्रका ५०० भन्दा बढी मानवअधिकार रक्षकहरुले हामीहरु आफ्ना दैनिक जीवनमा मानवअधिकारको संरक्षणको निम्ति अन्तर्राष्ट्रिय र क्षेत्रीय संयन्त्रहरुमा प्रत्याभूत गरिएका अधिकारहरुको भावना विश्वभरी नै व्यवहारमा लागू गरिएको सुनिश्चित गर्न कटिबद्ध छौं भन्दै पेरिस घोषणा पत्र जारी गरेका थिए।

संयुक्त राष्ट्रसंघको साधारण सभाले सन् १९९८ को १० डिसेम्बरका दिन मानवअधिकार रक्षकहरुको अधिकार सम्बन्धी घोषणापत्र पारित गरेको छ जसलाई "विश्वव्यापी रुपमा स्थापित भएको मानवअधिकार र आधारभूत अधिकारहरुको संरक्षण र सम्बर्द्धनको लागि कुनै व्यक्ति, समूह र समाजका अंगहरुको अधिकार र दायित्व विषयक घोषणापत्र" भनी नामाकरण गरिएको छ। यस घोषणा पत्रले मानवअधिकारको सम्बर्द्धन र संरक्षणकालगि कार्य गर्ने कुनै पनि व्यक्ति मानवअधिकार कार्यकर्ता हो भनी परिभाषित गरेको छ। यो संयुक्त राष्ट्रसंघको पहिलो दस्तावेज हो जसले मानवअधिकार रक्षकहरुको कामलाई महत्व र वैधानिकता प्रदान गर्छ। साथै रक्षकहरुको आवश्यक संरक्षणको पनि यसले व्यवस्था गरेको छ। नेपाल संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्र भएकोले यस घोषणा पत्रमा उल्लेखित अधिकारहरु पालना गर्न सरकारको नैतिक बाध्यता छ। तर, नेपाल सरकारले यसलाई नैतिकताकासाथ पालना नगरेको माथिका उदाहरणले प्रष्ट्याउँछ।

विश्वव्यापी रुपमै उठिरहेको मानवअधिकार रक्षकहरुको अधिकारको कुरा गरिए पनि नेपालमा मानवअधिकार कार्यकर्ताहरुको मानवअधिकार माओवादी र सुरक्षा फौज दुवै तर्फबाट उल्लंघन भइरहेको छ। दुवै पक्षवाट मानवीय कानूनको पालना गर्ने कुरा व्यक्त गरिए पनि त्यसको पालना हुन सकेको छैन। जनयुद्धका नाममा मानवअधिकारको उल्लंघन प्रष्ट रुपमा भइरहेको छ। माओवादीका तर्फबाट आफुलाई आतंककारीको संज्ञा प्राप्त हुने खालका क्रियाकलापहरु भइरहेका छन। माओवादीद्वारा लमजुङ्गका शिक्षक मुक्तिनाथ अधिकारीलाई रुखमा हात पछाडि बाँधेर निर्ममतापूर्वक गोली ठोकि मारियो। माओवादी आतंकका शिकार भएका शिक्षक अधिकारी एमनेष्टी इन्टरनेशनलको ग्रुप ७८ मा आवद्ध हुनुहुन्थ्यो। माओवादीहरुले अछाम लगायत कैयन ठाउँमा सुरक्षाकर्मीहरुलाई नृशंश र अमानवीय ढंगले मारे।

अहिले देश अनि सम्पूर्ण नागरिकहरु नै संकटको स्थितिमा छन्। मानवअधिकार रक्षकहरुको संयुक्त राष्ट्रसंघीय घोषणा पत्रले उल्लेख गरे अनुसार मानव न्यायका लागि काम गर्ने कुनै पनि व्यक्ति आज गृहयुद्धको चेपमा परेको छ। आफ्नो क्रियाकलाप स्वतन्त्र र निर्भिक रुपमा अगाडि बढाउन नसकेको यस अवस्थामा विश्वव्यापी रुपमै उठेको मानवअधिकार रक्षकहरुको अधिकार सुनिश्चित हुन नसकेका कारण ढुक्क भएर मानवअधिकार उल्लंघनका घटनाहरुमा औंला ठड्याउन अप्ठ्यारो परेको छ। यसरी मानवअधिकार रक्षकहरु नै संकटकालको शिकार हुन थालेपछि अन्य नागरिकहरुमाथि परेको मानवअधिकार उल्लंघनका घटनाहरुप्रति कसले आवाज उठाउने ?

जटिलताका बाबजुद जस्तो सुकै प्रतिकुल अबस्थामा पनि मानवअधिकार रक्षकहरु मानवअधिकारको रक्षा गर्न पछि पर्नु हुँदैन। असजिलो र अप्ठ्यारो अवस्थामा नै उनीहरुको परिचय खुल्न सक्नु पर्छ। नेपाल गृहयुद्धमा होमिनु अघि नै युद्धका कारक तत्वहरु पहिल्याई तिनको उचित व्यवस्थापन सहित शान्ति स्थापनामा लाग्नु मानवअधिकार रक्षकहरु तथा संस्थाहरुको पहिलो दायित्व हुन पुगेको छ।

मानवअधिकारका सम्बन्धमा तथ्यपरक जानकारी तथा विचारका लागि नियमित रुपमा पढ्ने गरौं ।

प्राची द्वैमासिक

टाउकोको विवाद

नेकपा माओवादीद्वारा घोषणा गरिएको नेपाल बन्दको पहिलो दिन ०५९ वैशाख १० गते सरकारले नेकपा माओवादीका नेताहरुको जीवित या मृत टाउको बुझाउनेलाई १० लाख देखि ५० लाखसम्म वा उनीहरुको सुराक दिने व्यक्तिलाई त्यसको आधा रकम पुरस्कार दिने घोषणा गऱ्यो। त्यसको भोलिपल्ट गृह राज्यमन्त्री देवेन्द्रराज कँडेलले सार्वजनिक रुपमा "जो सुकैले पनि मारेर तिनको टाउको ल्याएर बुझाए हुन्छ र त्यही झोलामा इनाम लिएर गए हुन्छ" समेत भने।

नेपालको संविधान ०४७ मा मृत्यु दण्ड दिने कानून बनाउन नपाउने व्यवस्था हुँदा हुँदै त्यही संविधान अनुसार बनेको सरकारको निर्णय र गृहराज्य मन्त्री कँडेलको उपरोक्त भनाई प्रति राजैतिक दलहरु, मानवअधिकारकर्मी र नागरिक समाजको ध्यानाकर्षण हुनुका साथै त्यस बिरुद्ध प्रतिकृया जनाईयो। सत्तारुढ नेपाली काँग्रेसका सभापति गिरीजाप्रसाद कोईरालाले वैशाख १५ गते विराटनगरमा पत्रकारहरुसंगको भेटघाटमा सरकारको त्यो निर्णयलाई पूर्णतया दुर्भाग्यपूर्ण बताउँदै भन्नु भयो "माओवादीले हतियार बुझाएर वार्तामा आउनु भनेको आत्मसमर्पण गर्नु हो। आत्मसमर्पण नै गरेपछि केको वार्ता? वार्ताको लागि वातावरण बनाउनु पनि आवश्यक छैन। विना वातावरण वार्तामा जान सकिन्छ।" नेकपा एमालेका महासचिव एवं प्रमुख विपक्षी नेता माधवकुमार नेपालले सो निर्णयलाई संविधान बिपरीत, अमर्यादित र मानवअधिकार विरोधी बताउँदै यो घोषणाका कारण समस्या झन् जटिल भएको कुरा व्यक्त गर्नु भयो।

वैशाख १५ गते नेकपा एमालेले स्थायी समितिको बैठक पश्चात जारी गरिएको प्रेस व्यक्तव्यमा सरकारको निर्णय प्रति गम्भीर असहमति जाहेर गर्दै वर्तमान सरकार समस्यालाई राजनीतिक ढंगबाट हल गर्न चाहँदैन भन्ने कुरा प्रष्ट भएको उल्लेख गरिएको थियो। यस बाहेक राप्रपा, नेकपा एकता केन्द्र, नेपाल सद्भावना पार्टी, नेकपा मसाल, नेमकिपाले सरकारले त्यो घोषणा फिर्ता लिनु पर्छ भन्ने माग राखे। यही विषयमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा वैशाख १७ गते जारी विज्ञप्तिमा, सरकारको घोषणाले हत्या र हिंसालाई बढावा दिने र मानवअधिकार सम्बन्धी मान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य-मान्यता र अभ्यासलाई समेत निरुत्साहित पार्ने कुरा उल्लेख गर्दै "नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि सन् १९६६- जसमा नेपाल पक्ष राष्ट्र भइसकेको छ, को धारा ४ ले व्यवस्था गरेको कुनै पनि अवस्थामा अहरणीय हकहरुको हरण पनि हुन सक्दछ" भन्ने विचार व्यक्त गरिएको थियो।

मानवअधिकारको मर्म, कानूनको शासन र संविधानको बिरुद्ध गई आतंककारी घोषित नेकपा (माओवादी) का नेताहरुलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत रुपमा सुरक्षाकर्मीलाई बुझाउने व्यक्तिलाई पुरस्कार स्वरुप रकम उपलबध गराउने सरकारी निर्णय वदर गर्ने माग गर्दै मिति ०५९ जेठ ३ गते सर्वोच्चमा रीट निवेदन दायर गरिएको छ।

सरकारले गरेको उक्त निर्णय नेपालले अनुमोदन गरेका विभिन्न अन्तर्राष्ट्रिय कानून, सन्धि-सम्झौता, मानवअधिकारको मूलभूत सिद्धान्त तथा न्यायको बिरुद्ध रहेको कुरा उक्त रीट निवेदनमा जिकिर गरिएको छ। नेपालले मृत्युदण्ड उन्मूलन गरिसकेको, कुनै काम-कारवाही एवं सजाय समेत कानूनमा तोकिएको प्रावधान अनुसार गरिनुपर्ने (Rule of Law) व्यवस्था रहेकोमा सरकारले पूर्णतया गैर प्रजातान्त्रिक, गैर कानूनी एवं स्वेच्छाचारी रुपमा गरेको उक्त निर्णयलाई बदर गराउन माग गरिएको छ। यस सम्बन्धमा सर्वोच्च अदालतले जेठ १३ गते सरकारलाई कारण देखाउ आदेश जारी गरेको छ।

कुनै पनि व्यक्ति (चाहे त्यो आतंककारी नै किन नहोस्) लाई नियन्त्रणमा लिई जीउँदो वा मृत रुपमा बुझाउने र झोलामा टाउको लिएर आई झोलामा नै पैसा लिएर जाने भन्ने जस्ता अत्यन्त गैर न्यायिक निर्णय प्रति विरोध जनाउँदै उक्त निर्णय जेनेभा अभिसन्धिको साझा धारा ३, नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६(१), उक्त प्रतिज्ञापत्रको प्रोटोकल, मानवअधिकारको विश्वव्यापी घोषणापत्र र नेपाल अधिराज्यको संविधानको धारा ११, १२(१),१४ र प्रस्तावनाको बिरुद्ध रहेको जनाउँदै उक्त निर्णय बदर गर्न माग गरिएको छ। उक्त रीट मानवअधिकार तथा सामाजिक न्यायमञ्च (एलायन्स्)को तर्फबाट संयोजक रघुनाथ अधिकारीको तर्फबाट दायर गरिएको छ भने श्री ५ को सरकार मन्त्रीपरिषद सचिवालय, प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्रालय, गृहमन्त्री खुमबहादु खड्का, गृह राज्य मन्त्री देवेन्द्रराज कँडेल र प्रहरी प्रधान कार्यालय, नक्सालालाई विपक्ष बनाइएको छ।

प्रस्तुति : रञ्जना थापा

श्री ५ को सरकार

गृह मन्त्रालय

प्रहरी प्रधान कार्यालयको

सूचना

आतंककारी क्रियाकलाप नियन्त्रण गर्ने क्रममा श्री ५ को सरकारले देहाय बमोजिम गर्ने निर्णय गरेको हुँदा सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. आतंककारीहरुका मुख्य नाइकेहरु डा. बाबुराम भट्टराई, पुष्पकमल दाहाल (प्रचण्ड), मोहन बैद्य (किरण) लाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत रुपमा सुरक्षाकर्मीहरुलाई बुझाउने व्यक्तिलाई पुरस्कार स्वरुप रु. ५० लाख दिने। यस्तो कार्यका लागि सुराक दिई पक्राउ परेमा सुराक दिनेलाई सो रकमको ५० प्रतिशत पुरस्कार उपलब्ध गराउने।

२. आतंककारीहरुका नाइकेहरु पोष्टबहादुर बोगटी, नन्द किशोर पुन, कृष्ण बहादुर महरा, सी. पी. गजुरेल र निजहरुको स्तरका व्यक्तिहरुलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत रुपमा सुरक्षाकर्मीहरुलाई बुझाउने व्यक्तिलाई रु. ३५ लाख दिने। यस्तो कार्यका लागि सुराक दिई पक्राउ परेमा सुराक दिनेलाई सो रकमको ५० प्रतिशत पुरस्कार उपलब्ध गराउने।

३. कथित सेन्ट्रल कमिटीका सदस्यहरुलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई जीवित वा मृत रुपमा सुरक्षाकर्मीहरुलाई बुझाउने व्यक्तिलाई रु. २५ लाख दिने। यस्तो कार्यका लागि सुराक दिई पक्राउ परेमा सुराक दिनेलाई सो रकमको ५० प्रतिशत पुरस्कार उपलब्ध गराउने।

४. कथित ब्यूरो इन्चार्ज र प्लाटुन कमान्डरलाई पक्राउ गर्ने वा नियन्त्रणमा लिई सुरक्षाकर्मीहरुलाई जीवित वा मृत रुपमा बुझाउने व्यक्तिलाई रु. १० लाख दिने। यस्तो कार्यका लागि सुराक दिई पक्राउ परेमा सुराक दिनेलाई सो रकमको ५० प्रतिशत पुरस्कार उपलब्ध गराउने।

५. आतंककारीहरुसँग भएको देहायका हतियार बरामद गर्न सुराक दिने वा बुझाउन ल्याउने व्यक्तिलाई देहाय बमोजिम रकम पुरस्कार स्वरुप उपलब्ध गराउने।

(क) जी. पी. एम. जी/४० एम. एम. रकेट लन्चर, ८१ एम. एम. मोर्टार- रु. ४ लाख

(ख) एम. एम. जी. - रु. ३ लाख

(ग) एस. एल. आर. - रु. १ लाख

(घ) ३०३ राईफल/ एस. एम. जी. - रु. ७५ हजार

(ङ) फ्याक्ट्री मेड पिस्तोल/ रिभल्वर - रु. २५ हजार

६. उपरोक्त आर्थिक पुरस्कारका अतिरिक्त उक्त कार्य गर्ने व्यक्तिलाई सुरक्षा प्रदान गर्ने, रोजगारीको व्यवस्था गर्ने एवं सूचना र आर्थिक स्रोत गोप्य राख्ने।

- गोरखापत्र, ११ वैशाख २०५९

संकटकाल र मानवअधिकार

अन्तरक्रिया कार्यक्रम

पृष्ठभूमि

०५२ साल देखि नेकपा माओवादीद्वारा शुरु गरिएको सशस्त्र आन्दोलको कारणले जन्मिएका विभिन्न समस्या समाधान गर्ने उद्देश्य लिई ०५८ मंसिर ११ गते मुलुकमा संकटकालीन अवस्था घोषणा गरियो। सरकारद्वारा माओवादीको लागि मात्र संकटकाल लागू गरिएको बताइयो। विना कुनै गृहकार्य र पूर्व तयारी शाही नेपाली सेना शान्ति सुरक्षा कायम गर्न परिचालित भयो। संकटकाल लागू भएको केही दिन भित्रै, सत्तारुढ दल लगायतका राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मीहरुबाट राज्य र माओवादी पक्षद्वारा आन्तरिक संघर्षमा पालना गरिनु पर्ने मानवीय कानून, जस्तोसुकै अवस्थामा पनि हरण गर्न नहुने अधिकार प्रति बेवास्ता भएको अनुभवको व्यक्ति सार्वजनिक हुन थाल्यो। यहाँ सम्म कि, संकटकालीन अवस्थाको घोषणाको औचित्य पुष्टि गर्न सरकार समक्ष विभिन्न क्षेत्रबाट बारम्बार माग राखियो भने माओवादी पक्षलाई हत्या, हिंसा र आतंक छाडी वार्तामा आउन आग्रह गरियो। तर, दुवै पक्षले ती माग र आग्रहलाई गम्भीरतापूर्वक नलिएकोले मुलुकमा मानवअधिकारको उल्लघंनका घटनाहरुको तथ्याङ्क उकालो चढ्न थाल्यो।

परिचय

मानवअधिकार हनन्को कहाली लाग्दो परिस्थितिलाई केन्द्र विन्दूमा राखेर अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा पूर्वाञ्चलका ७, पश्चिमाञ्चलका ४, मध्यपश्चिमाञ्चलका ३ र सुदूर पश्चिमाञ्चलका १ गरी १५ जिल्लामा संकटकाल र मानवअधिकारका विषयमा अन्तरक्रिया र गोष्ठी सम्पन्न गरियो। ती कार्यक्रमहरु इन्सेक केन्द्रीय कार्यालयका प्रेम पराजुली, शरद बुढाथोकी र जगदिश दाहालको संयोजन र उपस्थितिमा सम्पन्न गरिएका थिए।

उद्देश्य

विभिन्न क्षेत्रका व्यक्तित्वलाई संटकाल र मानवअधिकारका विषयमा आफ्नो धारणा, अनुभव र सुझाव राख्ने साझा थलो प्रदान गर्नु बाहेक ती कार्यक्रमको उद्देश्य थियो :

- ❖ मानवअधिकार उल्लंघन न्यूनीकरण
- ❖ मानवअधिकार रक्षकहरुलाई मानवअधिकारको संरक्षण र सम्वर्धनका लागि हौसला प्रदान गर्नु।
- ❖ मानवअधिकार उल्लंघनमा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनु।
- ❖ संघर्षरत पक्षहरुलाई अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गराउन जनमत बनाउनु,
- ❖ नागरिक समाजलाई सक्रिय गराई सर्वसाधारणलाई अहरणीय हक प्रति सचेत गराउनु र,
- ❖ कार्यक्रमबाट प्राप्त सुझावलाई आगामी दिनको लागि मार्ग निर्देशकको रुपमा ग्रहण गर्नु।

इन्सेक क्षेत्रीय कार्यालयहरु तथा जिल्लामा रहेका इन्सेक आवद्ध संस्थाहरु र मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको सहयोगमा सम्पन्न ती कार्यक्रमहरुमा न्यायाधीश, जिल्ला प्रहरी कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारी, शाही नेपाली सेनाका प्रतिनिधि, कानून व्यवसायी, पत्रकार, मानवअधिकारकर्मी र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुले संकटकाल र मानवअधिकारका विषयमा केन्द्रित भई आ-आफ्नो धारणा व्यक्त गरेका थिए। कार्य क्षेत्रलाई आधार बनाएर ती कार्यक्रममा व्यक्त अभिमतको सारांश प्रस्तुत गरिएको छ :

न्यायिक क्षेत्र

नेपाल अधिराज्यको संविधान ०४७ ले मावनअधिकारको पूर्ण प्रत्याभूत गरेको र ती अधिकारलाई कुण्ठित हुन नदिनु राज्यको दायित्व रहेको एवं नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर गरेको अन्तर्राष्ट्रिय अभिसन्धिमा निहित अधिकारको पूर्ण

पालना र कार्यान्वयन गर्न राज्य बाध्यकारी हुने न्यायाधीशहरुको स्पष्टोक्ति रहेको थियो। साथै, निलम्बन नभएका हकहरु राज्यका अंगहरुबाट वञ्चित गराइएको स्थितिमा अदालतबाट न्याय पाइने विश्वास दिलाइयो। वर्तमान समस्या उत्पन्न हुनाको कारण समेत न्यायाधीशहरुबाट लक्षित गरिएको थियो। यस विषयमा, पुनरावेदन अदालत नवलपरासीका मुख्य न्यायाधीश ध्रुवनाथ उपाध्यायले स्पष्ट एंव दृढताका साथ वर्तमान परिस्थिति सृजना हुनुको मुख्य कारण मुलुकमा व्याप्त भ्रष्टाचार, कमिसनखोरी र राजनीतिक दलहरुको सत्तामुखी प्रवृत्ति रहेको विचार व्यक्त गर्नु भयो।

सुरक्षाकर्मीहरुको दृष्टिकोण

मानवअधिकारको बारेमा सुरक्षाकर्मीहरुलाई समय-समयमा शिक्षा दिइएको तर पनि कारवाहीका क्रममा त्रुटी हुन सक्ने भएकोले त्यस्ता कमजोरी औंल्याई दिए त्यो नदोहऱ्याउने वचनबद्धता प्रकट गरियो। कास्की जिल्लाको पोखरामा सम्पन्न कार्यक्रममा ३ नं बाहिनीपति प्रकाशबहादुर बस्नेतले निर्दोषलाई कारवाही नगरेको र अहिलेको स्थितिमा जेनेभा महासन्धि लागू हुन नसक्ने बताउनु भयो। यसको पुष्टि गर्न बाहिनीपतिले माओवादीले युद्ध विरामको अर्थ बुझेका छैनन् भन्दै निहत्था सुरक्षाकर्मी लगायत सर्वसाधारणलाई मार्ने यो कस्तो युद्ध हो ? भनी प्रश्न गर्नु भयो ? बाहिनीपतिले सरकार र प्रतिपक्षीबाट पाएको म्याण्डेट अनुसार काम भइरहेको जानकारी गराउनु भयो।

मोरङका प्रहरी निरीक्षक छोक्पा शेर्पाले आम नागरिकहरु मानवअधिकारबारे प्रष्ट नभएको बताउँदै सकभर निर्दोष मानिसहरु कारवाहीमा नपरुन् भन्ने कुरामा सचेत रहेको जानकारी गराउँदै, "हल्ट" भनेको रोकिनु हो तर जनता भाग्छन् र सुरक्षाकर्मीको कारवाहीमा पर्न पुग्छन् भन्नु भयो।

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रमुख हरिभक्त प्रजापतिले आत्मसमर्पण गर्नेहरुलाई प्रायश्चित गर्ने अवसर दिएको बताउँदै, आफ्नो कार्यक्षेत्रमा प्राकृतिक न्यायको सिद्धान्त अनुरुप काम भइराखेको जानकारी गराउनु भयो। झापाका प्र.उ. केदारप्रसाद साउदले जस्तोसुकै सूचना दिन नमिल्ने र कस्टडी विलाशिताको स्थान होइन भन्दै संकटकालमा मानवअधिकार स्वभाविक रुपले संकुचित हुने भएकोले सीमित अधिकारलाई कसरी व्यवस्थित गर्ने भन्ने सम्म मात्र केन्द्रित हुनु पर्ने बताउनु भयो।

संखुवासभाका प्रहरी निरीक्षक कृष्ण कोइरालाले मकै पिस्दा घुन पनि पिसिन्छ भन्दै अप्रत्यक्ष रुपमा सर्वसाधारण जनता पनि कारवाहीमा परेको बताउनु भयो। हतियार नबोकेर संगठन सुदृढ गर्न लागेका माओवादीले पनि हिंसा र हत्यालाई प्रोत्साहित गर्ने भएकोले त्यस्तालाई कारवाही गरेको स्वीकार्दै र आत्मसमर्पण गर्नेलाई माफी दिनु नपर्ने, उनीहरुलाई विगतका कार्यका प्रकृति अनुसार कारवाही गरिएको र गर्नु पर्ने विचार प्रकट गर्नु भयो। संसारमा आतङ्कवाद निर्मूल पार्न कहीं पनि प्रहरीको प्रयोग गर्ने चलन छैन, नेपालमा किन यस्तो गरियो आफूले बुझ्न नसकेको गुनासो पोख्नु भयो। माओवादी विरुद्धको कारवाहीमा राजनीतिक पार्टीहरु तथा नागरिक समाजबाट सहयोगको कमी भएको गुनासो सुरक्षाकर्मीहरुको थियो।

नागरिक समाज

नागरिक समाजका प्रतिनिधिहरु गरीबी, अशिक्षा र सुशासनको अभावले गर्दा वर्तमान परिस्थिति उत्पन्न भएकोमा एक मत रहे। राजनीतिक पार्टीहरुको भूमिका जस्तो हुनु पर्ने थियो, त्यस्तो नभएको कारण राज्य कमजोर भएको निक्यौंल नागरिक समाजको थियो। संकटकालीन अवस्था घोषणा भए पश्चात राज्य र माओवादी दुवै पक्षले व्यापक रुपमा मानवअधिकार उल्लंघन गर्दै आए पनि मानवअधिकार वहाल गराउनमा राज्यपक्षको गुरुत्तर दायित्व हुने भएकोले सो अनुरुप निर्वाह हुन नसकेकोमा उनीहरुले चिन्ता व्यक्त गरे। राज्यले पक्राउ परेका, नजरबन्दमा रहेका र मारिएका व्यक्तिहरुका सम्वन्धमा सत्य-तथ्य

सार्वजनिक गरिनु पर्ने, संविधान र अन्तर्राष्ट्रिय मानवीय कानूनको पूर्ण पालना गरिनु पर्ने माग नागरिक समाजको थियो। आम जनता राज्य र माओवादी दुवै पक्षबाट पीडित हुनु परेको उल्लेख गर्दै माओवादीहरुले धम्क्याएर खाने-बस्ने गरेको र त्यसपछि सुरक्षाकर्मीले माओवादीको नाममा आम जनतालाई कारवाही गरिएका उदाहरणहरु प्रस्तुत गरियो। कोठामा बसेर गरिने छलफल र पत्रिकामा प्रकाशित विज्ञप्तिको भरमा शान्ति स्थापना हुन नसक्ने निष्कर्ष निकाल्दै, कुनै माध्यम वा विना माध्यम भए पनि वार्ताद्वारा समस्या समाधान गर्नु पर्ने नागरिक समाजको राय थियो।

स्थानीय प्रशासन

अधिकांश प्रशासकहरुले संकटकाल संविधान मान्नेहरुका लागि नभई संविधान विरोधीहरुका लागि लगाइएको बताए।

रुपन्देही जिल्लाका प्रजिअ स्थानेश्वर देवकोटाले अहिले नेपालीको बाँच्ने अधिकारको हनन्को काम माओवादी पक्षबाट शुरु भएको बताउनु भयो। प्रशासकहरुले राजनीतिक दलको भूमिका फितलो भएको र आमजनतामा पार्टीहरु आ-आफ्नो राजनीति लिएर जान नसकेको अवस्था ईंगित गर्नुका साथै निर्दोष व्यक्तिहरु पनि कारवाहीमा परेको हुन सक्ने बताए। यस प्रसंगमा गोरखाका प्रजिअ भोलाप्रसाद शिवाकोटीले राजनीतिक दलहरुले विभिन्न कार्यक्रम लिएर गाउँ- गाउँ जानु पर्ने र शस्त्र त्यागेर माओवादीले वार्तामा आउनु पर्ने धारणा राख्नु भयो। पाँचथरका प्रजिअ जीवनप्रसाद ओलीले वार्ताद्वारा समाधान गर्न मध्यस्थकर्ताको रुपमा श्री ५ वा अन्य व्यक्ति वा संगठन तयार हुनु पर्ने आवश्यकता औंल्याउनु भयो।

नेपाली कांग्रेस

वर्तमान समस्या उत्पन्न गर्न नेपाली कांग्रेस मात्र नभई प्रतिपक्षी दलहरु पनि उत्तिकै जिम्मेवार रहेको बताउँदै, राजनीतिक दलहरुमा अनुशासन नरहेको र राजनीतिक क्षेत्र विकृत हुँदै गएको धारणा नेपाली कांग्रेसका नेताहरुले व्यक्त गरे। वर्तमान समस्याको समाधान वार्ताबाट नै हुनु पर्ने र निर्दोष व्यक्ति पनि सुरक्षाकर्मीको कारवाहीमा परेकोमा त्यस्तो हुन नदिन सबैको प्रयास जरुरी रहेको उनीहरुले ठहराए। माओवादीका कारणले विभिन्न जिल्लामा हजारौं परिवार विस्थापित भएकोमा समेत चिन्ता व्यक्त गरियो। नेपाली काँग्रेस झापा जिल्लाका सभापति सुधीर शिवाकोटीको विचार यस सन्दर्भमा केही फरक देखियो। भारतमा ५० वर्ष बित्दा समेत प्रजातन्त्र परिपक्व नभएको र नेपालमा प्रजातन्त्र आएको १० वर्ष मात्र भएको तर्क प्रस्तुत गर्दै संकटकालमा पूर्णरुपले मानवअधिकार संरक्षण संभव नरहेको बताउनु भयो।

मानवअधिकारकर्मीका कार्यका सम्बन्धमा नेकां गोरखाका सभापतिले विगतमा मानवअधिकारवादीहरु पनि माओवादीका प्रवक्ता भएर बोलेको भनी गुनासो पोख्नु भयो। समग्रमा नेकांका प्रतिनिधिहरुले माओवादीहरु हतियार बुझाई वार्तामा आउनु नै मुलुकको लागि हितकर हुने कुरा प्रकट गरे।

विपक्षी दलहरुको धारणा

विपक्षी दलहरु मध्ये नेकपा (एमाले) का प्रतिनिधिहरु सबै कार्यक्रममा उपस्थित थिए। सद्भावना पार्टीका प्रतिनिधिहरुको उपस्थिति रहेन भने राप्रपा र संयुक्त जनमोर्चाका प्रतिनिधिहरुको सहभागिता न्यून रहेको थियो। माओवादी गतिविधिका कारण नै मुलुकमा संकटकाल लागू भएको प्रतिनिधिहरुले बताए। मुलुकलाई यो अवस्थामा पुऱ्याउन सरकार जिम्मेवार रहेको समेत ठहऱ्याइयो। यस प्रसंगमा नेकपा (एमाले) संखुवासभा जिल्लाका सचिव डेढराज खड्काले १२ वर्ष सत्तामा बस्नेहरुको कार्य शैलीको परिणामबाट माओवादी जन्मिएको प्रष्ट्याउनु भयो। अर्को पट्टि हिंसा र आतङ्कमा ओर्लिएको माओवादीको दलगत चरित्र नभएको र सुरक्षा निकायले तिनको पहिचान गर्न नसकेकाले निर्दोष व्यक्तिहरु कारवाहीमा परिरहेको तर्फ ध्यानाकर्षण गराउनु भयो। सुरक्षा निकायको कमजोरी तर्फ ईंगित गर्दै नेकपा (एमाले) ताप्लेजुङ जिल्लाका सचिव डिल्लीप्रसादले संकटकालमा सुरक्षा निकायको कारवाही एमाले कार्यकर्ता प्रति लक्षित रहेको आशंका व्यक्त गर्नु भयो। ताप्लेजुङका राप्रपा प्रतिनिधि तिलबिक्रम थेवेले सरकार र माओवादी दुवै पक्षबाट मानवअधिकारको व्यापक उल्लंघन भइरहेको विचार व्यक्त गर्नु भयो।

उल्लेख्य उपस्थिति

०५८ पुस ९ गते नेपालगञ्जमा सम्पन्न कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयेगका सदस्यद्वय माननीय सुशील प्याकुरेल र कपिल श्रेष्ठको समेत उपस्थिति रहेको थियो। ०५८ चैत ५ गते इलाममा आयोजित कार्यक्रम राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। त्यस अवसरमा उहाँले भन्नुभयो- "गैर राज्य पक्षबाट पनि मानवअधिकारको हनन् हुन सक्छ त्यस्तो अवस्थामा समेत मानवअधिकारको रक्षा गर्न मानवअधिकार आयोग गठन गरिएको हो।" हिजो गरिएको गतिविधिका कारण आज कानून बनाएर सजाय पाइरहेको वर्तमान स्थितिको उल्लेख गर्दै उहाँले जुन दिन कानून बन्छ त्यस दिनपछिको गतिविधिमा मात्रै त्यो कानून लागू हुन्छ भन्नुभयो।

अन्तरक्रिया कार्यक्रमका संयोजकर्ता एवं मानवअधिकार शिक्षा केन्द्र इन्सेकका प्रमुख दशरथ बुढाथोकीद्वारा प्रस्तुत निष्कर्ष र सुझाव बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ :

निष्कर्ष :

आत्मसमर्पण बारे कुनै निश्चित नीति नभएको। आ-आफ्नै तरिकाबाट कारवाही चलाएको।

- राज्य र माओवादी दुवै पक्षबाट सर्वसाधारण व्यक्तिहरु पीडित भएका छन्।
- अनुसन्धानका लागि हिरासतमा राखिएका व्यक्तिहरु निर्मम यातनाका शिकार भएका छन्।
- पक्राउ परेका केही व्यक्तिहरुको सुरक्षाकर्मीहरुले केहि दिनपछि हत्या गरी दोहोरो भिडन्तमा मारिएको भनी संचार माध्यमबाट सार्वजनिक गर्ने गरिएको।
- माओवादीहरुद्वारा ठाउँ-ठाउँमा लुटपाट, व्यक्ति हत्या, अपहरण, भौतिक सम्पत्ती (पुल, गाविस भवन, विद्यालय, गाडीहरु, प्रहरी चौकी, टेलिफोन टावर आदी)।नष्ट गर्ने गरेको।
- माओवादी आशंकामा पक्राउ परेका व्यक्तिहरुको स्थितिको बारेमा परिवारका सदस्यहरुलाई सम्बन्धित निकायले जानकारी नदिएको।
- आत्मसर्मपण गर्ने र गराउने व्यक्तिहरुलाई माओवादीहरुले धम्की दिने गरेको।
- आत्मसर्मपण गरेका केही व्यक्तिहरुको राज्यपक्षले हत्या गरेको बुझिएको।

सुझाव

- मुठभेड भएको भनिएका स्थानहरुमा मानवअधिकारकर्मी लगायत नागरिक समाजको पहुँच पुऱ्याई प्रतिनिधिहरुद्वारा सत्य-तथ्य पत्ता लगाई सार्वजनिक गर्ने।
- अहरणीय हक वञ्चित भएको अवस्था कानून व्यवसायीहरु स्वस्फूर्त रुपमा न्याय दिलाउन सक्रिय हुनु पर्ने।
- माओवादी गतिविधिको वस्तुगत अध्यनको आधारमा अल्पकालीन एवं दीर्घकालीन योजना बनाई तत्कालै रोजगारी उपलब्ध गराइनु पर्ने।
- सुरक्षाकर्मीहरुलाई जेनेभा महासन्धिको आधारभूत नियम र साझा धारा ३ बारे अभिमुखीकरण कार्यक्रम मार्फत सचेतन गराएपछि मात्र सशस्त्र संघर्ष स्थलमा सरकारले पठाउनु पर्ने।
- संकटकाल र कर्फ्यूको समयमा के गर्न हुन्छ के गर्न हुन्न भन्ने विषयमा ग्रामीण तहका जनतालाई जानकारी गराउन संयन्त्र निमार्ण गर्नु पर्ने।

क्षेत्र	जिल्ला	उपस्थित संख्या	सहभागी समुदाय
पूर्वाञ्चल	झापा, इलाम, पाँचथर, ताप्लेजुङ, मोरङ, उदयपुर, संखुवासभा	४१८	जन प्रतिनिधि, न्यायाधीश, सुरक्षाकर्मी, जिल्ला प्रशासक, राजनीतिक दलका प्रतिनिधि, कानून व्यवसायी, उद्योगपति, व्यापारी, पत्रकार, मानवअधिकारकर्मी, सामाजिक संघ-संस्थाका प्रतिनिधि, पेशागत संगठनका प्रतिनिधि
पश्चिमाञ्चल	रुपन्देही, गोरखा, गुल्मी र कास्की	२०५	
मध्यपश्चिमाञ्चल	रोल्पा, बाँके र सुर्खेत	१६०	
सुदुरपश्चिमाञ्चल	कञ्चनपुर	४९	

इन्सेकद्वारा २०५९ जेठ १ र २ गते काठमाण्डौमा आयोजित बालअधिकार संरक्षक शिक्षकहरुको राष्ट्रिय भेलाले पारित गरेको

काठमाण्डौ घोषणा-पत्र

- मानवअधिकारको विश्वव्यापी घोषणा सन् १९४८ को धारा २५ र २६ को मनन गर्दै बालबालिकाको विशेष हेरचाह तथा शिक्षाको अधिकारमा जोड दिंदै,
- नेपालले अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धि सन् १९८९ ले प्रदत्त गरेका मान्यतालाई हृदयंगम गर्दै, बालबालिकाको बचावट, विकास र संरक्षण सम्बन्धी कार्य योजना र विश्व घोषणापत्र सन् १९९० लाई आत्मसात गर्दै,
- बालश्रम उन्मूलन सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम सन् १९९४ ले लक्षित गरेका बुंदाहरुलाई ध्यानमा राख्दै, समाज विकास सम्बन्धी कोपनहेगन घोषणा पत्र सन् १९९५ ले बालहित र विकासका लागि जाहेर गरेको प्रतिबद्धतालाई ध्यानमा राख्दै,
- अन्तर्राष्ट्रिय श्रम संगठनका अत्यन्त खराब अवस्थाका बालश्रम सम्बन्धी महासन्धि न. १८२ लाई मनन गर्दै, सशस्त्र संघर्षमा बालबालिकाको प्रयोग सम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक प्रलेख सन् २००० लाई सान्दर्भिक र समयानुकूल रुपमा ध्यान दिंदै,
- बालबालिकालाई वेश्यावृत्ति गराउने, अश्लिल चित्रण सम्बन्धी बालअधिकार महासन्धिको ऐच्छिक प्रलेख सन् २००० लाई आत्मसात गर्दै,
- यसैगरी बालश्रम सम्बन्धी विभिन्न घोषणा पत्रहरुको अध्ययन मनन गर्दै,

श्री ५ को सरकारले अनुमोदन गरेका माथि उल्लेखित अभिसन्धिहरु ऐच्छिक प्रलेख, घोषणा पत्र र प्रतिबद्धतालाई कार्यान्वयन गर्न बनेका राष्ट्रिय कानुनका आधारमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बालबालिकाको हक हित संरक्षण गर्ने र बालअधिकारको प्रत्याभूति दिलाउन संचालन गरेका कार्यक्रम र क्रियाकलापमा आफ्नो प्रतिबद्धता जाहेर गर्दै हामी यस भेलामा सहभागी भएका ४० भन्दा बढी जिल्लाका संरक्षक शिक्षकहरु, इन्सेक आबद्ध संस्थाका प्रतिनिधिहरु र इन्सेक परिवार समेतको संयुक्त घोषणाको रुपमा "**बालबालिका र हाम्रो दायित्व**" भन्ने काठमाण्डौ घोषणा पत्र जारी गरेका छौं।

हाम्रो प्रतिबद्धता

- हामी बालबालिकाहरुलाई बाल सैन्यको रुपमा प्रयोग हुन दिंदै छैनौं।
- बालबालिकालाई श्रमिकको रुपमा प्रयोग गर्न गराउने र उनीहरुको विकासमा अवरोध हुने काम हुन दिंदै छैनौं।
- सबै बालबालिकाका लागि शिक्षाको पहुंच समान हुनु पर्छ भन्ने हाम्रो दृष्टिकोण अनुरुप निःशुल्क शिक्षा र अनिवार्य शिक्षाका लागि कार्य गर्ने छौं।
- बालबालिकाको बेचबिखन र यौन शोषणको स्थितिलाई अन्त्य गर्न प्रयासरत रहने छौं।
- बालबालिकाको स्वास्थ्य रक्षा र आधारभूत आवश्यकता परिपूर्तिका लागि सदैव कार्यरत हुने छौं।

हाम्रो दायित्व

- "**सबैका लागि शिक्षा**" भन्ने नाराका साथ बालबालिकाको शिक्षाको अधिकारलाई ने.चा.व्यक्त गर्ने गराउने । शिक्षा सर्वसुलभ र गुणस्तरयुक्त हुनु पर्ने कुरामा जोड दिने। छोरीलाई छोरा सरह पढाउनु पर्ने भन्ने आस्थालाई व्यापक गराउने ।
- बालश्रमको अन्त्यका लागि बालश्रम विरुद्ध अभियानहरु संचालन गर्ने। बालबालिकालाई जोखिमयुक्त क्षेत्रमा काम गरेका भए उद्धार गर्ने र पुनर्स्थापना गर्ने।
- बालबालिका बेचबिखन एक जघन्य अपराध भएकाले यसका विरुद्ध व्यापक जागरण पैदा गर्ने र त्यस्तो अपराध-प्रसार गर्ने व्यक्तिलाई कानुनको तहसम्म कारवाहीका लागि सुम्पिने।
- वर्तमान सन्दर्भमा बाल सैन्य प्रयोग हुने खतरा रहेकाले त्यस प्रवृत्ति विरुद्ध कार्यहरु गर्ने र सोको जानकारी सार्वजनिक गर्ने, गराउने।
- बालबालिकाको स्वास्थ्य सेवाको विस्तारका लागि दबाब सिर्जना गर्ने। उनीहरुलाई खान र बस्ने व्यवस्था जस्ता आधारभूत तहका आवश्यकता पूरा गर्नका लागि प्रत्येक जिल्लामा बालबालिका गृह स्थापना गर्न माग गर्ने ।
- बालबालिकालाई अन्य अपराधी सरह जेलमा राख्ने व्यवस्था विरुद्ध आवाज उठाउने र सोको सार्वजनिक जानकारी गराउने। बाल इजलासलाई प्रभावकारी पार्न दबावमूलक अभियानहरु संचालन गर्ने।
- बालबालिकालाई गरिने घरेलु हिंसा, जातीय भेदभाव र अमानवीय व्यवहार गर्नेहरुको विरुद्धमा कार्यहरु गर्ने ।
- बालबालिकाको सम्मान र प्रतिष्ठा बढाउन मायालु वातावरण दिने कार्यमा अभिप्रेरित गर्ने, बालबालिकाको संरक्षण, विकास र सामुहिक सहभागितामा कार्यहरु गर्ने।

यस घोषणा पत्रमा उल्लेखित बालबालिकाहरु प्रतिको हाम्रो प्रतिबद्धता र दायित्वलाई आ-आफ्नो कार्यक्षेत्रमा सफलतापूर्वक सम्पन्न गर्ने दृढताका साथ यो घोषणा पत्र पारित गरेका छौं।